ISSN 2705-4454
9 772705 445004

३३९

# भक्तपुर मासिक

Bhaktapur Monthly
भदौ २०८१



# सापारु पर्व २०८१

- 'भक्तपुर काण्ड' को रहस्यबारे जनता सचेत हुनैपर्छ
- सांसद र उच्चपदस्थ कर्मचारीहरूको ठुला ठुला महल र प्राडो-पजेरो गाडी कहाँबाट आयो ?
- संविधान र कानूनमा सङ्घीयता लेखियो तर व्यवहारमा सबै अधिकारहरु सिंहदरबारतिरै केन्द्रित गर्दैछ
- ख्वप विश्वविद्यालयको विधेयक
- मेरो छोरीको 'बेबी स्कुल'
- सिम्रौनगढ र रानीबास राममन्दिरको घण्ट
- ओटो भोन ग्वरिके
- The City of the Yellow Devil
- प्यालेस्टिनी समूहहरूबिच 'राष्ट्रिय एकता' का लागि सम्झौता
- भक्तपुर नपाका गतिविधि




भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा 'सङ्घीय शासन व्यवस्थामा स्थानीय तहहरूका असल अभ्यास, समस्याहरू तथा आगामी कार्यदिशा' विषयक कार्यक्रममा । साउन २४ गते




भक्तपुर नपाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयमा शैक्षिक वर्ष २०७९/८० मा भर्ना भई कक्षा १२ को परीक्षा दिएर बसेका '२०८० भर्ना समूह' का विद्यार्थीहरूको बिदाइ कार्यक्रम । साउन १९ गते

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

jÌ{$! ✯ cÆ !) ✯ g}; ≢!$$ ✯ lj=; ≢@)*!efb| ✯ A.D.2024

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३


email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी
सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार
डेस्कटप : धनलक्ष्मी त्यात
आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


सन् ७० को दसकमा भक्तपुरको लायकू, तौमढीलगायतको दृश्य।
चित्र : फेसबुक

'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

‘मस्तिष्कको निमित्त अध्ययनको त्यतिनै आवश्यकता छ जति शरीरको निमित्त ब्यायामको ।’– एडिसन

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | ‘भक्तपुर काण्ड’ को रहस्यबारे जनता सचेत हुनैपर्छ | नारायणमान बिजुक्छेँ (रोहित) | ३ |
| २) | ‘संविधान र कानूनमा सङ्घीयता लेखियो तर व्यवहारमा सबै अधिकारहरू सिंहदरबारतिरै केन्द्रित गर्दैछ’ | सुनिल प्रजापति | ६ |
| ३) | सांसद र उच्चपदस्थ कर्मचारीहरूको ठुला ठुला महल र प्राडो–पजेरो गाडी कहाँबाट आयो ? | प्रेम सुवाल | ११ |
| ४) | स्थानीय सङ्गठन निर्माणमा महिलाको भूमिका | विवेक | १३ |
| ५) | ख्वप विश्वविद्यालयको विधेयक अविलम्ब स्वीकृत होस् | ई.राजेन्द्र हाडा | १५ |
| ६) | ख्वप विश्वविद्यालय : शिक्षाको नयाँ अध्याय | रवीन्द्र कसजु | १७ |
| ७) | कानुनको विद्यार्थीको आँखामा भक्तपुर काण्ड र स्वच्छ सुनुवाई | सलिना ज्याखो | १९ |
| ८) | सिम्रौनगढ र रानीबास राममन्दिरको घण्ट | गौरीबहादुर कार्की | २३ |
| ९) | लिच्छवि : कताबाट आए ? कतातिर गए ? | गोपीकृष्ण ढुंगाना | २६ |
| १०) | लिच्छविकाल अभिलेख सुरक्षित एक ‘स्वर्ण युग’ | प्रा.डा.सोमप्रसाद खतिवडा | ३१ |
| ११) | मेरी छोरीको ‘बेबी स्कुल’ | चाँदनी कायस्थ | ३५ |
| १२) | मोहनी नखः | डा.वीरेन्द्रप्रसाद कायस्थ | ३७ |
| १३) | पुस्तकालय, पठन संस्कृति र पुस्तकालयकर्मीप्रतिको धारणा | सरला प्रधान कायष्ठ | ४१ |
| १४) | हाम्रो संस्कृति | न्हुछेरत्न बुद्धाचार्य | ४३ |
| १५) | ओटो भोन ग्वरिके | राजेन्द्र बहादुर कायष्ठ | ४५ |
| १६) | हिमनदी | विष्णुभक्त राजचल | ४९ |
| १७) | The City of the Yellow Devil | Maxim Gorky | ५५ |
| १८) | ‘भक्तपुर नगरपालिका, बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०७९’ – एक चर्चा | डा.हरिराम सुवाल | ५७ |
| १९) | स्क्रब टाइफस | डा.रत्नसुन्दर लासिवा | ५९ |
| २०) | भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय | – | ६० |
| २१) | भक्तपुर नगरपालिका गतिविधि | – | ७० |
| | क) सापारु पर्व २०८१ | – | ७९ |
| | ख) शैक्षिक गतिविधि | – | ८४ |
| | ग) भेटघाट | – | ८७ |
| | घ) स्वास्थ्य सेवा | – | ८८ |
| | ङ) सङ्क्षेपमा | – | ९२ |
| २२) | विविध समाचार | – | ९३ |
| २३) | हदम्यादले चिथोरेको अठोट (सम्पादकको पृष्ठ) | – | ११२ |

**साथमा** :

चीनका प्राचीन नीति कथा – ५/ जीवन–आचरण – १६/ प्रेरणीय – ३४/ यता–उताबाट–३६/ हाम्रो स्थानीय तह–४४/हाम्रा पुराना मूर्ति – ४८/ Word Searh – ४८/बसिबियाँलो – ५४/ थाहा पाइराखौं – ५४/ ख्वप अस्पतालको प्रगति–९१/पेरिस ओलम्पिकको पदक तालिका–१०९/ हाम्रो स्वास्थ्य – ११०/ पर्यटक तथ्याङ्क – १११/ रङ्गीन पृष्ठ – क–घ ।

# ‘भक्तपुर काण्ड’ को रहस्यबारे जनता सचेत हुनैपर्छ



- नारायणमान बिजुक्छेँ (रोहित)
**अध्यक्ष, नेमकिपा**

**अध्यक्षज्यू, २०४५ भदौ ५ गते विनाशकारी भूकम्प गयो । नेमकिपाविरुद्ध भदौ ९ गते पञ्चायती राज्यस्तरको षड्यन्त्रसहितको दमनचक्र चलाइयो र धेरै पक्राउ परे । यसबारे अझै प्रस्ट पारिदिनुहुन्छ कि ?**

षड्यन्त्रको तानाबाना केही वर्ष पहिलेदेखि नै बुनेको हाम्रो अनुमान छ । केही निहुँको खोजी थियो र सम्पूर्ण जनताको ध्यान तथा पिर आ आफ्नै घरपरिवारतिर केन्द्रित हुने समयलाई प्रयोग गरेको देखिन्छ । भक्तपुरका जनतालाई दुःख दिने बेला काठमाडौँकै गृहमन्त्री हुने गर्थे; ठूलो माछा समात्न ठूलै जाल बुनेको अनुभव हुन्छ ।

एक पूर्वराजदूतमार्फत दरबारमा राजासँग भेटको कार्यक्रम बनाइएको थियो तर दरबारमा सल्लाह हुँदा सेना, प्रहरी, गुप्तचर विभाग र अन्य दरबारियाहरूसमेत भेटघाटको विपक्षमा भएको हुँदा त्यो कार्यक्रम स्थगित गरिएको थियो । दरबारमा हामीमाथि बम र पेस्तोल लिएर हिँड्ने अराजकतावादीजस्ता आरोपहरू लगाइएका थिए ।

हामीलाई प्राप्त रिपोर्टअनुसार हरेक दिन निश्चित व्यक्तिहरूले तत्कालीन कमान्डर इन-चिफ, आइजी एवम् गुप्तचर विभागका प्रमुखहरूकहाँ गएर हाम्रै विरोधमा झूटा कुरा लगाउने पेसा नै अपनाएका थिए । आज ती व्यक्ति र परिवारका सदस्यहरू नेपाली काङ्ग्रेस, एमाले, माओवादी केन्द्र (प्रचण्ड) आदि राजनैतिक दलहरूमा छन् । तिनीहरू दरबारमा नेका वा एमाओवादीजस्तै भारत सरकारको सहयोगमा हामी त्यहाँ रहेको प्रचार गर्थे भने भारतमा हामी भारतविरोधी र चीन ‘समर्थक’ भनी कुरा लाउँथे । हामी भारतमा १० वर्षसम्म बस्दा आफूलाई कम्युनिस्ट, मार्क्सवादी र लेनिनवादी हौँ भनी प्रस्टै भन्थ्यौँ । यसकारण, त्यहाँको डेरामा पनि बारम्बार भारतीय प्रहरीबाट खानतलासी लिइएको थियो । हामी कहिल्यै पनि भारतीय जनताको विरोधमा थिएनौँ बरु नेपालप्रति भारतीय शासकहरूको नीतिको विरोधमा थियौँ ।

यस हिसाबले विदेशीहरूको चलखेल दरबारमा समेत हुनुपर्छ भन्ने हाम्रो अनुमान थियो । त्यस्ता षड्यन्त्रकारी सूचनाकै कारणबाट पनि हामी पीडित थियौँ । कोही आफ्नै स्वार्थले गर्थे होलान्; कोही बाहिरी षड्यन्त्रकारीहरू सहयोगी थिए होलान् ! यसबारे हामीले एक दुई पटक सदनमा पनि व्यक्त गरेका थियौँ । मुख्य कुरो हामीले कुनै कुरा लुकाएका थिएनौँ; देश र जनताप्रति समर्पित थियौँ; सँगै हामी आफ्नो उद्देश्यमा प्रस्ट थियौँ । निःस्वार्थरूपले देश र जनताको सेवा गर्ने हाम्रो अडान नै तिनीहरूको निम्ति हाम्रो दोष र विराम थियो ।

**त्यही वर्ष फागुनमा भारतीय विस्तारवादले नेपालविरुद्ध नाकाबन्दी लाद्यो । के यसलाई संयोगमात्र मान्न सकिन्छ र ?**

कुनै शक्तिले कमजोर देशलाई उसको अप्ठेरो समयमै दबाब दिने गर्छ । यो नयाँ विषय भएन । विदेशी शक्तिको सेवा गर्ने तत्त्वहरू पनि दरबारमा थिए होलान् ! अन्य देशमा जस्तै ! यसबारे सदनमा पनि उल्लेख गरेका थियौँ ।

**यहाँले २०२६ सालदेखि २०३६ सालसम्म दस वर्ष भारत प्रवासमा बिताउनुभयो । नेपाल फर्केको दस वर्ष पनि नपुग्दै पञ्चायती शासकले यहाँको “फाँसी” को माग गरे । “फाँसी दे !” भन्दै पञ्चायती प्रधानमन्त्री र मन्त्रीहरू सडकमै निस्के । भारत प्रवास, भक्तपुर काण्डको षड्यन्त्र र “फाँसी” को मागको कहीँकतै “कनेक्सन” (अन्तरसम्बन्ध) देख्नुहुन्छ ?**

यसबारे पछि राजासँगको पहिलो भेटमै जिज्ञासा राखेको

थिएँ, 'हाम्रो विरोधमा फाँसीको माग नै गराउनुपर्ने गरी देश र जनताको अहित गर्ने कुन अपराध हामीले गऱ्यौं ?' सरकारको विरोध हुनु त राजनैतिक दृष्टिकोणमा सामान्य विषय हो। तर, देश र जनताको हितको विरोधमा कहिल्यै कसैले हामीलाई विचलित गर्न सकेका थिएनन्। यस अर्थमा हाम्रो विरोधमा गरिएका ती सबै षड्यन्त्र, प्रचार र सूचना कुटिल चालहरू हुनुपर्छ र ती हिस्सेदारहरूमाथि आज पनि छानबिनको आवश्यकता छ। तर, तीमध्ये केही बितिसकेका छन्।

यतिका वर्ष बितिसक्दा पनि केही प्रतिगामीहरू आज पनि 'भक्तपुर काण्ड' मा हामीलाई दोषी देखाउँदै छन्। विशेष अदालतमा वरिष्ठ कानुन व्यवसायीहरूका बहस, सरकारी वकिलको आरोपले पञ्चायती षड्यन्त्र अस्वीकार गर्ने तर्क प्रस्तुत गर्न सकेनन्। त्यसबारे हाम्रै तर्फबाट ३०-३५ वर्ष पहिले नै २-४ ओटा पुस्तकसमेत प्रकाशित भइसकेका छन्। तर, तथ्य र वास्तविकताभन्दा झूटा हल्लाको पछि लाग्ने तत्त्वहरूले पनि काम गर्दै छन्।

**"नेपाल-भारत सम्बन्ध र भारत" पुस्तकको प्रथम संस्करण वि.सं. २०४२ असारमा प्रकाशन भइसकेको थियो। यसबारे फुटकर रचनाहरू त्योभन्दा पनि अगाडि नै प्रकाशित भए। "आत्मनिर्भरताको प्रश्न (नेपालको परिप्रेक्ष्यमा)" पुस्तक पनि वि.सं. २०४५ भन्दा अगाडि नै प्रकाशित भयो। यहाँको विचार प्रस्ट हुँदाहुँदै फेरि किन षड्यन्त्र भयो र "भारतपरस्त" को आरोप लगाइयो ?**

मैले प्राप्त गरेको जानकारीअनुसार हाम्रो 'नेपाल-भारत सम्बन्ध र भारत' भन्ने पुस्तक एवम् 'नेपालको परिप्रेक्षमा आत्म-निर्भरताको प्रश्न' भन्ने पुस्तिकाले दरबारलाई आश्चर्यमा पारेको थियो। तत्पश्चात् तत्कालीन प्रधानमन्त्री मरिचमानलाई दरबारमा बोलावट भएको थियो। ती पुस्तकहरू केही बुद्धिजीवीहरूले हामीबाट प्राप्त गरी दरबारमा पुऱ्याएका थिए। राजदरबार र सिंहदरबार पनि षड्यन्त्रकारीहरूबाट घेरिएको प्रस्ट भयो।

**सुरुदेखि नै यहाँले "व्यक्ति हत्या" को विरोध गर्नुभयो। अराजकतावादको सैद्धान्तिक विरोध गर्नुभयो। पार्टीभित्रै पनि "अराजकतावादी विचार" लाई आलोचना गर्नुभयो र विफल पार्नुभयो। यी सबै जगजाहेर भएर पनि पञ्चायती शासकले त्यही आरोप किन लगायो ? पञ्चायती शासकले त्यस्तो निकृष्टता किन देखायो ?**

सरकारको महत्त्वपूर्ण पदमा देशविरोधी तत्त्वहरू थिए र छन् भन्ने आरोप छ। हामीले देश र जनताको माझमा प्रस्तुत गरेका कुनै पनि विषयमा हामी अस्पष्ट छैनौँ र हाम्रो भनाइका कुनै प्रकारको दुई अर्थ लाग्दैन। हामीले सैद्धान्तिकरूपले सुरुदेखि नै 'व्यक्तिहत्या' र 'अराजकतावादी दृष्टिकोण' को खण्डन गर्दै आएका छौँ। यसबारे हामीमा कुनै द्विविधा छैन। दुष्टहरूबाट राम्रो र स्वस्थ विषयको आशा गर्न सकिन्न। जसरी सोभियत कम्युनिस्ट पार्टी (बोल्शेविक) मा त्रोत्स्की, कामेनेभ, जिनोजित् र बुखारिनजस्ता विदेशभक्त एवम् षड्यन्त्रकारीहरू 'कम्युनिस्ट' को नाममा सक्रिय थिए; देश एवम् समाजवादलाई घात गर्दै थिए।

**भक्तपुर काण्डको षड्यन्त्रलगत्तै यहाँसमेत नेता-कार्यकर्ताहरू २० महिना जेल र भूमिगत हुनुभयो। यहाँको साङ्गठनिक क्षतिसमेत हुँदा देशका अवसरवादी र देशघातीहरूलाई मलजल पुग्यो। त्यो षड्यन्त्रको फाइदा पञ्चायतले भन्दा पनि "वामपन्थी" हरूले कसरी लिए ? यसको विश्लेषण कसरी गर्नुहुन्छ ?**

समयले ती वामपन्थीहरू 'पुँजीवादी' र प्रतिक्रियावादी साबित भए। हामीले पनि थाहा पायौँ- तिनीहरूको उद्देश्य नै रातो झन्डाको विरोध गर्न रातो झन्डा माथि उचाल्नु थियो। जुनसुकै उद्देश्यले हामीलाई क्षति पुऱ्याउने काम गरेको भए तापनि त्यसले सबभन्दा बढी देश र जनताकै अहित भएको छ। हाम्रो सङ्गठनलाई निर्ममतापूर्वक क्षति हुने काम गरिएको हुँदा देश र जनताको सेवा गर्ने हाम्रो पाइलामा अवरोध भयो। नत्र हामीले शिक्षाको प्रचार, भ्रष्टाचारको विरोध, स्वास्थ्य सेवा, कला संस्कृति र राजनैतिक क्षेत्रमा निःस्वार्थरूपले थप धेरै योगदान पुऱ्याउने थियौँ। सङ्गठन कमजोर बनाउने र भत्काउने - बिगार्ने कामबाट देश र जनताको सेवामा बाधा व्यवधान खडा भयो।

निश्चय पनि हाम्रो विरोधमा गएका सरल मानिसहरूलाई 'न्याउरी मारी पछुतो' भयो होला ! नियतवश देश र जनतालाई विश्वासघात गरी सूचना दिने र गतिविधि गर्ने देशद्रोहीहरू कतिपय त पश्चाताप गर्दै मरे होलान्; कतिपयलाई अहिले पनि पछुतो होला; कतिपयले हामीसँग माफी मागेर आफ्नो अपराध कबुल पनि गरे।

राजनैतिक सङ्घर्षमा हामीमाथि विश्वासघात गर्ने

तथाकथित वामपन्थीहरूले अहिले भोग्दै छन् – परिणाम। हामीले खुला मनले भनेकै थियौँ– 'जो आगोसँग खेल्छ, आगोमै मर्छ; जो पानीसँग खेल्छ पानीमै मर्छ'; र 'सिस्नो रोपेर तुलसी उम्रन्न' ! हाम्रो सङ्गठनलाई भाँड्नेहरू र हामीलाई झूटा मुद्दामा फसाउनेहरू आफै अरूको प्रहारबाट आज पीडाबोधको अनुभव गर्दै छन्।

**पञ्चायती राज्यस्तरको षड्यन्त्र तथा दमनविरुद्धको सङ्घर्षमा वकिल, पत्रकार, बुद्धिजीवी, मानव अधिकारकर्मीहरूको विशेष भूमिका रह्यो। पञ्चायत इतर शक्तिबिच अभूतपूर्व एकता कायम भयो। यसको मूल्याङ्कन कसरी गर्नुहुन्छ ?**

पञ्चायती राज्यस्तरको षड्यन्त्र र दमनको विरोधको सङ्घर्षमा वरिष्ठ र इमानदार कानुन व्यवसायी, पत्रकार, बुद्धिजीवी एवम् मानवअधिकारकर्मीहरूको निश्चय पनि विशेष भूमिका र योगदान रह्यो। पञ्चायतइतर शक्तिबिच अभूतपूर्व एकता पनि कायम रह्यो तर सत्तामा सहभागी हुने र ठूलो भाग खाने लोभलालच तथा महत्त्वाकाङ्क्षाले कतिपय देशभक्त र निःस्वार्थरूपले जनताको सेवा गर्न चाहने सबै पक्ष विशृङ्खलित भए; यो दुःखको विषय हो। विदेशी र प्रतिगामी तत्त्वहरूले चाहेकै यही थियो। यसबारे सबै इमानदार पक्षले आत्मसमीक्षा गर्नु आवश्यक छ; आत्मश्लाघा यसको बाधक हो। 'वाममोर्चा नै एमाले हो' र 'एमाले नै वाममोर्चा हो' भन्ने जस्ता भ्रम तथा भँडुवा प्रवृत्तिले एमाले आज त्यसकै दुष्परिणाम भोग्दै छ।

देशमा त्यसबेला सबभन्दा बढी वरिष्ठ कानुन व्यवसायीहरू र बुद्धिजीवी तथा इमानदार जनताको सहभागिता एवम् सहानुभूति भएको पञ्चायतविरोधी मुद्दा सारमा प्रजातन्त्रप्रति जनताको सङ्घर्ष र समर्पणको एक उदाहरण हो। यस अर्थमा हामी सबै सहयोगी एवम् सहानुभूति राख्ने साथीहरूप्रति आभारी छौँ।

**महिला र पुरुषलाई एउटै रथको दुई पाङ्ग्रा मानिन्छ। अध्यक्षज्यूको राजनीतिक रथ अगाडि बढाउन यहाँकी जीवनसाथी शोभा प्रधानको योगदान के कस्तो पाउनुभयो ?**

मलाई अहिले पनि उहाँलाई अस्पतालकै शय्यामा उपचार गराइरहेको अनुभूत हुन्छ। निश्चय पनि शारीरिक र मानसिकरूपले महत्त्वपूर्ण विषय र काम बिर्सेको, केही छुटेको र केही भन्नुपर्ने काम कुरा अधुरो भएको अनुभव गर्दै छु का. शोभाको अभावमा !

**अन्त्यमा ...?**

प्रजातन्त्रको पुनःस्थापनापछिको मात्र होइन, गणतन्त्रका सरकारहरूबाट पनि साँचो अर्थमा निःस्वार्थरूपले देश र जनताको सेवा भइरहेको छैन भन्नेबारे दृढ अडान राख्छु। स्वास्थ्य सेवालाई समेत 'शुभलाभ' को क्षेत्र बनाइयो। किटेर भन्नुपर्दा सरकारको औषधी व्यवस्था विभाग स्वयम् जनताको अकाल मृत्युको कारकमध्ये एक हो भनेमा अत्युक्ति हुनेछैन। स्वास्थ्य र शिक्षा मन्त्रालय एवम् मन्त्रीहरू अकाल मृत्युका जिम्मेवारमध्येमा पर्छन्। मैले जनताले बुझ्ने भाषा बोल्दै छु; व्यक्तिगतरूपले कसैसँग मेरो शत्रुता छैन; बरु व्यवस्थामा पूर्ण परिवर्तनको आवश्यकता छ।

नेपाली आमा बाबुको काख रित्याउने गरी लाखौँ लाख युवाहरूलाई विदेशमा सस्तो दासको रूपमा पुऱ्याएर नेपालको कृषि, उद्योग र निर्माणदेखि सयौँ कलेजहरू रित्याउने तथा परचक्रीहरूलाई खुसी पार्ने र देशको जलविद्युत्लाई भारत अनि अमेरिकी साम्राज्यवादलाई सुम्पेर देशलाई कङ्गाल बनाउने काममा सबै शासकहरू जिम्मेवार छन्। यो दुर्गतिबाट देशलाई जोगाउन दोषीहरूलाई छिट्टै कारबाहीको खाँचो छ; नत्र देशले योभन्दा ठूलो दुर्दशा भोग्नुपर्ने स्थितिको सम्भावना म देख्छु। तर, हामी त्यसको विरोधमा सङ्घर्ष गर्न छोड्ने छैनौँ।

धन्यवाद !

स्रोतः '**केटीहरू**' बुलेटिन, अङ्क १७, भाद्र २०८१

## चीनका प्राचीन नीतिकथा

### hQfsf] gfk

एक जना मानिस नयाँ जुत्ता किन्न मेलामा गयो। बजारमा पुगेर उसले जुत्ताको नाप घरमै छुटेको थाहा पायो। ऊ दगुर्दै घर गयो र नाप लिएर आयो। तर, त्यति बेलासम्म मेलाको बजार उठिसकेको थियो। यसैले उसले जुत्ता किन्न पाएन।

उसको गुनासो सुनेर कसैले ऊसँग सोध्यो, 'तिमीले कसको लागि जुत्ता किन खोजेका थियौ ?'

'मैरै लागि किन्न खोजेको हो।' उसले जवाफ दियो।

'त्यसो भए जुत्ताको नाप लिन घर जानु किन पऱ्यो ? जुत्ता पसलमै जुत्ता लाएर हेरे हुन्नथ्यो ?'

'हो त नि !' त्यो मानिसको बुद्धि बल्ल फिऱ्यो।

अनुवादः विनय कसजू

# ‘संविधान र कानूनमा सङ्घीयता लेखियो तर व्यवहारमा सबै अधिकारहरू सिंहदरबारतिरै केन्द्रित गर्दैछ’

- सुनिल प्रजापति

मेयर, भक्तपुर नगरपालिका

(संविधानले परिकल्पना गरेको स्थानीय शासनको राम्ररी अभ्यास गरिरहेका थोरै स्थानीय सरकारहरूमध्येमा सबैभन्दा अग्रपङ्क्तिमा नाम आउँछ भक्तपुर नगरपालिका । अरूको सहयोग र अनुदानमा भन्दा आफ्नै आत्मनिर्भर सोच र कार्यक्रमहरूका साथ अघि बढिरहेको यस नगरपालिकालाई नेपालकै नमुना नगरपालिकाको रूपमा पनि लिइने गरिन्छ । सङ्घीयताको राज्य संरचनामा स्थानीय सरकारको अभ्यास गरिरहेको भक्तपुर नगरपालिकाले सङ्घीय शासनप्रणालीबारे कसरी सोच्छ ? यसले देखे–भोगेका जटीलताहरू के हुन् ? लगायतका सवालहरूको सेरोफेरोमा केन्द्रित रहेर **दायित्वबोध**ले भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिसँग कुराकानी गरेको थियो । प्रस्तुत छ– सोही कुराकानीको सम्पादित उतार ।)




**स्थानीय तह सञ्चालनका बारेमा तपाईंहरूको आफ्नै र पृथक खालको इतिहास र अनुभव छ । त्यसबारे केही बताइदिनोस् न ?**

नेपालमा सङ्घीयता लागू भइसकेपछि तीन तहको सरकार गठन भयो । नेपालको संविधानले स्थानीय तहलाई २२ ओटा एकल अधिकार दिएको छ । ती अधिकारहरूको प्रयोग गर्दै भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, खेलकूदलगायतका क्षेत्रहरूमा काम गर्दै आएको छ । अरूले जसरी गरिरहेका छन्, हामीले पनि त्यही कामहरू गरिरहेका छौँ ।

कानूनहरू आफै कार्यान्वयनमा आउने होइन, मानिसले कार्यान्वयन गर्ने हो । कानुनमा भएका अधिकारहरू हामीले आवश्यकताअनुसारका कानुनहरू निर्माण गरी काम गरिरहेका छौँ ।

**नेपालमा सङ्घीयताको अभ्यास सुरू भएको करिब १९ वर्ष भयो । यस दौरानमा सङ्घीयताको अभ्यासबारे तपाईंहरूको अनुभव के रह्यो ?**

विकेन्द्रीकरण र स्वायत्तता राम्ररी कार्यान्वयन भयो भने नेपालजस्तो सानो देशमा सङ्घीयताको आवश्यकता छैन भनेर नेपाल मजदुर किसान पार्टीले त्यतिबेलै स्पष्ट पारिसकेको विषय हो । २०७२ सालमा नेपालको संविधान जारी भएपछि संविधानले दिएको अधिकारहरूको प्रयोग गर्दै जनताको सेवा गर्दै छौँ । संविधान कार्यान्वयनमा आएको ७–८ वर्ष भयो । यो छोटो समय हो । अन्तरिम संविधानमै सङ्घीयता राखिए पनि नयाँ संविधानले त्यसलाई संस्थागत गऱ्यो । केन्द्र, प्रदेश र स्थानीय तहको निर्वाचन पछिमात्र त्यो कार्यान्वयनमा आएको हो । त्यसैले छोटो समयमै सङ्घीयता ठीक वा बेठीक भनेर मूल्याङ्कन गर्ने बेला भयो जस्तो लाग्दैन ।

सोभियत सङ्घ, अमेरिका, स्वीटजरल्याण्ड भारतलगायत थुप्रै देशहरूले सङ्घीयताबाट पनि विकास सम्भव छ भन्ने देखाए । त्यसकारण सङ्घीयता एक प्रकारले राज्य संरचना मात्रै हो । सङ्घीयता हुँदैमा देश विकास हुन्छ र नहुँदैमा देशै समाप्त हुन्छ भन्ने कुरा होइन । त्यसको कार्यान्वय महत्त्वपूर्ण कुरा हो । सोभियत सङ्घमा समाजवादको विघटनसँगै देश पनि टुक्रा टुक्रा भयो ।

**नेपालमा सङ्घीयताको सही ढङ्गले कार्यान्वयन हुन सकेन र सेतो हात्ती भएको अनुभव गरिँदै छ । उदाहरणको लागि, केन्द्रमा सरकार हेरफेर हुनेबित्तिकै प्रदेशमा पनि सरकार परिवर्तन हुन्छ । मन्त्रीहरूको सेवा सुविधामै धेरै आर्थिक भार पऱ्यो । यो अहिले आलोचनाको विषय बनेको छ ।**

**यसबारे के भन्नुहुन्छ ?**

यसमा राज्य संरचनाभन्दा पनि सञ्चालकहरू दोषी छन् । पाँच वर्षका लागि निर्वाचित भएको सरकार तीन चार महिनामा परिवर्तन हुने, डेढ वर्षमा पाँच पटकसम्म सङ्घीय सरकार परिवर्तन हुने, प्रदेशमा २०–२२ पटक मन्त्रीहरू परिवर्तन हुने, त्यसले गर्दा आएको समस्या हो । त्यसकारण सङ्घीयता स्वयं समस्याभन्दा पनि त्यो सङ्घीयतालाई सञ्चालन गर्नेहरूको चिन्तन र इमानदारीको समस्या हो । संविधान र कानूनमा सङ्घीयता लेखियो तर व्यवहारमा सबै अधिकारहरू सिंहदरबारतिरै केन्द्रित गर्दै छ । प्रधानमन्त्री र मुख्यमन्त्रीहरूले समेत स्थानीय तह केन्द्रको इकाइमात्र हो भन्ने जस्तो अभिव्यक्ति दिन्छन् ।

**सङ्घीयता एक प्रकारले राज्य संरचना मात्रै हो । सङ्घीयता हुँदैमा देश विकास हुन्छ र नहुँदैमा देशै समाप्त हुन्छ भन्ने कुरा होइन । त्यसको कार्यान्वय महत्त्वपूर्ण कुरा हो ।**

संविधानले नै १२ कक्षासम्म स्थानीय तहको एकल अधिकार दिएको छ । भूमिसुधार, नगर विकास, पशु चिकित्साजस्ता जिल्लास्तरीय सबै संरचना यथावत छन् । संविधानमा लेख्नुमात्रै होइन कार्यान्वयन सबभन्दा महत्त्वपूर्ण कुरा हो । शासक दलहरूले त्यसलाई राम्रोसँग कार्यान्वयन गर्नै चाहेनन् ।

**सिद्धान्ततः सङ्घीयता खराब शासन व्यवस्था होइन । के नेपालमा चाहिँ यो राजनीतिक दलका नेताहरूको बुझाइभन्दा परको विषय बनेको हो ?**

सङ्घीयता संविधानमा लेखिनु अघि व्यापक छलफल हुनुपर्थ्यो । हामी कुन मोडेलमा जाने ? भारतको जस्तो अर्धसङ्घीयता वा सोभियत सङ्घको जस्तो राज्य नै अलग गर्न सकिने आत्मनिर्णयसहितको सङ्घीयता भन्नेबारे व्यापक छलफल भएको भए देशले आजको जस्तो दुर्दशा भोग्नुपर्ने थिएन ।

विकेन्द्रीकरण र स्वायतत्ताको राम्रो कार्यान्वयन भएको भए नेपालमा सङ्घीयताको कुरा नै आउने थिएन । अहिले विश्वविद्यालय, अस्पतालहरू सञ्चालनको जिम्मेवारी पनि स्थानीय तहहरूलाई दिनु उचित हुन्छ । सङ्घीयताको विश्वव्यापी मान्यताअनुरूप केन्द्रले मुद्रा वा बैङ्किङ, परराष्ट्र, ठूल्ठूला उद्योगधन्दा, सीमा सुरक्षाजस्ता कार्यहरू; प्रदेशले मध्यमस्तरका कामहरू र अरू स्थानीय तहहरूलाई दिए सहज हुन्छ । स्थानीय सरकार भनेको जनताको सबैभन्दा नजिकको सरकार हो । जन्मदर्ता, मृत्युदर्तादेखि जनतासँग प्रत्यक्ष जोडिएको विषय स्थानीय तहबाटै हुन्छ । जति बढी अधिकार स्थानीय तहलाई दिइन्छ, त्यति नै प्रजातन्त्र बलियो हुन्छ ।

**नेपाल जस्तो देशमा अधिकारलाई विकेन्द्रीकरण गरी स्थानीय तहलाई बलियो बनायो भने सङ्घीयतामा नगइकनै पनि अधिकारहरूको उपभोग र प्रत्यायोजन गर्न सक्ने सम्भावना हुन्छ ?**

तत्काल त्यसो नभनौँ । यो संविधान आउनुअघि त्यतातिर गएको भए अर्को छुट्टै कुरा हुन्थ्यो । अहिले हामी सङ्घीयतामा गइसकेका छौँ । यसमा धेरै कमीकमजोरीहरू होलान् । ती कमी कमजोरीहरूलाई सुधार गर्न हदैसम्म प्रयास गर्नुपर्छ । सङ्घीयता असफल भएर एकात्मक राज्यमा फर्केका विश्वमा थुप्रै देशहरू पनि छन् ।

**सङ्घीयताको अभ्यासमा केन्द्र, प्रदेश र स्थानीय तीन तह भए । केन्द्रले प्रदेशलाई संविधानतः स्वायत्त प्रदेशको रूपमा नलिइकन मातहतको निकायको रूपमा लिने र प्रदेशको हैसियत चाहिँ बुँख्याचाको जस्तो बनाइएको छ भन्ने भनाइ पनि छ । तपाईंहरूको आफ्नो भोगाइ चाहिँ के हो ?**

आफ्नो औचित्य जनताको सेवा गरेर आफैले पुष्टि गर्ने हो । स्थानीय वा केन्द्रले प्रदेशको औचित्य पुष्टि गर्ने भन्ने हुँदैन । काम गरेर देखाउने हो । उदाहरणको लागि, वाग्मती प्रदेशकै कुरा गर्ने हो भने करिब ७० अर्ब बजेट छ । त्यो पैसा जनताको निम्ति काम गरेको भए राम्रो हुने थियो । आर्थिक वर्ष २०८०/८१ मा वाग्मती प्रदेश सरकारले भक्तपुर नगरपालिकालाई कानून बमोजिम दिनुपर्ने पैसा पनि दिएन । प्रदेश आफैले आवश्यकताअनुसार ठूला ठूला कल कारखाना, अस्पताल, कलेज, विश्वविद्यालय बनाई दिए हुन्थ्यो । हामीलाई कुनै आपत्तिको विषय होइन ।

प्रदेश सरकारहरूले जुन हिसाबले काम गर्नुपर्ने हो त्यो काम गर्न सकेनन् । गर्न सकोस् पनि कसरी ? जम्मा ६ महिना पनि मुख्यमन्त्री टिक्दैन । चार चार महिनामा मन्त्रीहरू फेरिइरहन्छन् । राजनीतिक अस्थिरता नै विकासको मुख्य बाधक हो ।

**प्रदेशले आफ्नो औचित्य पुष्टि गर्न नसक्नुको कारण फेरि पनि केन्द्रीकृत शासन प्रणालीको स्वरूपले नै हो । प्रदेशलाई पनि पार्टीको केन्द्रले निर्देशित गर्ने, प्रशासनिक रूपमा पनि केन्द्रले नै निर्देशित गर्ने ! गडबडी त त्यता पो छ कि ? के लाग्छ तपाईंलाई ?**

पार्टीले निर्देशित गर्ने कुरामा कुनै शङ्का गर्नुपर्ने कारण छैन । दलीय व्यवस्थामा केन्द्र होस् या प्रदेश पार्टी निर्देशनमा चल्छ र चल्नु पनि पर्छ । अहिले शासक दलहरूले सरकारको निम्ति अनैतिक गठबन्धन गर्नु नै समस्याको मुख्य कारण हो ।

**पार्टीभित्र केन्द्रीय नेतृत्वको अति देवत्वकरण गरिएको स्थिति छ । प्रदेशमा कुनै न कुनै पार्टीले त नेतृत्व गर्छ । यो स्थितिमा स्वायत्त ढङ्गले सोच्न सक्छ जस्तो लाग्छ ?**

फेरि पनि भन्छु, पार्टी प्रणालीमा नेतृत्व पार्टीले नै गर्छ । चाहे सङ्घ, प्रदेश वा स्थानीय सरकार होस्, एउटै विचारधाराले निर्देशित गर्छ । आफूले जितेको प्रदेशलाई कसरी परिचालन गर्ने भन्ने कुरा पनि पार्टीले नै निर्णय गर्छ ।

**यसको अर्थ प्रदेशहरू पङ्गु देखिनुको दोष राजनीतिक दलहरूमै जान्छ ?**

एकदमै सही कुरा । संविधानले नै तोकेर प्रदेशहरूलाई अधिकार दिएको छ । स्थानीय तहको हकमा धेरै विषयहरूमा कानून बनाउने अधिकार प्रदेशलाई दिइएको छ । तर प्रदेशले कानून नै बनाइदिँदैन । भक्तपुर नगरपालिकाले ६६-६७ ओटा कानूनहरू बनाइसक्यो । त्यसको आधारमा नगरपालिका चलिरहेको छ । केन्द्र वा प्रदेशले बनाइदिएन भनेर पर्खिबस्नु परेन । कतिपय साझा अधिकारको सुचिमा परेका विषयहरू अलि समस्या छ । एकल अधिकारका विषयमा त कानुन बनाएर कार्यान्वयन गर्दै छौँ । त्यसले गर्दा हामी कुनै पनि कुरामा द्विविधामा पर्नुपर्ने अवस्था छैन ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा केही अपूर्णता छ कि ? यसबारेमा तपाईंहरूको अनुभव के छ ?**

जिल्लास्तरीय संरचनाहरू स्थानीय सरकारहरूले नै चलाउन सक्छन् । पशु चिकित्सा, जिल्ला शिक्षा समन्वय इकाइ, नगर विकास, खेलकूद समितिहरू खारेज गरी स्थानीय तहको मातहतमा ल्याउनु पर्छ । कुनै काम नै नभएको जिल्ला समन्वय समितिहरू आवश्यक छैन । कार्यकर्ताहरू पाल्नबाहेक त्यसको कुनै औचित्य नै छैन । यस्ता विषयहरू स्थानीय सरकार सञ्चालन ऐनमा संशोधन गर्न आवश्यक छन् ।

**संविधान, कानूनले स्थानीय तहलाई निकै बलियो बनाएको छ । अहिलेको संविधान तथा कानुनले स्थानीय तहलाई निकै शक्तिशाली बनाएको छ । यस अर्थमा "सिंहदरबार घर घरमा" भन्ने भाष्य पनि चलेको छ । के साँच्चै नै सिंहदरबार घर घरमा पुगेको अनुभव जनताले गर्न सकेका छन् ?**

सिंहदरबार गाउँगाउँमा पुग्नुपर्नेमा भ्रष्टाचार गाउँगाउँमा पुग्यो भनेर जनता व्यङ्ग्य गर्दै छन् । सिंहदरबारको अर्थ शक्ति र अधिकार हो । शक्ति वा अधिकार गाउँ गाउँमा पुऱ्याउने भनिएको हो ।

दलहरूले राजनीतिक कार्यकर्ताहरूलाई राम्ररी प्रशिक्षित नगरेको कारण धेरै ठाउँमा भ्रष्टाचार र अनियमितता भएको पनि सत्य हो । जहाँ अनियमितता त्याहाँ कारबाही हुनु पर्छ । भ्रष्टाचारलाई बहाना बनाएर स्थानीय तहको अधिकार खोस्न पाइँदैन । स्थानीय तहहरूलाई आवश्यक तालिमहरू दिएर सक्षम बनाउँदै लानुपर्छ ।

नगरपालिकाले एसईई परीक्षा चलाउनै सक्दैन, १२ कक्षासम्म त कहाँ सम्भव छ र भन्ने सोच सिंहदरबार चलाउनेहरूको छ । भक्तपुर नगरपालिकाले ५, ८ र १० कक्षाको परीक्षा पनि लिइरहेको छ । त्यसको लागि परीक्षा बोर्ड नै छ हाम्रो । एसईईको परीक्षा नै दिन्छ भने त्यो पनि लिन तयार छौँ ।

भक्तपुर नगरपालिकाले दुई ओटा इन्जिनियरिङ कलेजसहित उच्च शिक्षा प्रदान गर्ने ७ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको छ । जहाँ ७७ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् । विश्वविद्यालय चलाउने सोचका साथ हामी अगाडि बढ्दै छौँ । अरू नगरपालिकाहरूलाई पनि क्रमशः सक्षम बनाउँदै लानुपर्छ । सबै कुरा केन्द्र वा प्रदेशले किन बोकिराख्ने ?

**संविधानले नै तोकेर प्रदेशहरूलाई अधिकार दिएको छ । स्थानीय तहको हकमा धेरै विषयहरूमा कानून बनाउने अधिकार प्रदेशलाई दिइएको छ । तर प्रदेशले कानून नै बनाइदिँदैन ।**

**स्थानीय तह बलियो हुँदा जनताका काम कारबाहीहरू छिटो छरितो हुने अवस्था त पैदा भएको छ तर साथसाथै स्थानीय तहबाट ससाना कामहरू गराउनुपर्दा तथा सिफारिसहरू लिनुपर्दा पनि तिर्नुपर्ने शुल्क चाहिँ निक्कै चर्को, महँगो भएको गुनासो पनि सुन्नमा आउँछ । यसबारे के भन्नुहुन्छ ?**

कतिपय पालिकामा त्यो पनि भएको होलान् तर सबै ठाउँमा त्यो होइन । भक्तपुर नगरपालिकाले कर बढाउनुभन्दा करको दायरा बढायो । घरबहाल कर पहिले १२ प्रतिशत थियो । हामीले १० प्रतिशतमा झार्‍यौँ । औद्योगिक/संस्थागत र सामान्य नागरिक बस्ने गरी दुई प्रकारमा विभाजन गर्‍यौँ । नागरिक बस्नेलाई ५ प्रतिशतमा झार्‍यौँ र संस्थागतलाई १० प्रतिशत नै कायम गर्‍यौँ ।

**भ्रष्टाचारलाई बहाना बनाएर स्थानीय तहको अधिकार खोस्न पाइँदैन ।**

सरसफाइका लागि करिब १५० कर्मचारीहरू छन् । पहिले महिनाको रु. ३० मात्र सफाइ शुल्क लिन्थ्यौँ । अहिले मासिक ७५ रुपियाँ गरेका छौँ । मुख्य बजारमा टिपनटापनको व्यवस्था गरेका छौँ । सफाइमा मात्रै हाम्रो १२ देखि १३ करोड रुपियाँ खर्च हुन्छ ।

**भक्तपुर नगरपालिकाले पहिलेदेखि नै आत्मनिर्भर विकासको मोडेल अपनाएको देखिन्छ । ७२ सालको भूकम्पपछि पनि तपाईंहरूले विदेशी बजेटहरू अस्वीकार गर्नुभयो । यो कसरी सम्भव भइरहेको छ । यस कुरालाई नेपालभरिका नगरपालिकाहरूमा मोडेलका रूपमा लान सकिन्छ कि सकिँदैन ?**

सकिन्छ, त्यो त्यति गाह्रो विषय होइन । हामीले अरूसँग लिएर बाँच्ने सोच र चिन्तन त्याग्नु पर्छ । स्कुलको छाना छाउन, धारा राख्न, बगैँचा बनाउन एनजीओ खोज्ने, स्कुल भवन बनाउन आइएनजीओ खोज्ने ! आफूले केही नगर्ने, अरूले गरिदिए हुन्छ भन्ने मानसिकता नै अहिलेको समस्या हो ।

अरूसँग मागेर बाँच्नेहरूको इज्जत हुँदैन । २०७२ सालको भूकम्पबाट भक्तपुरमा धेरै क्षति भयो । नेपाल सरकार र



जर्मन विकास बैङ्कमार्फत जर्मन सरकारले १ करोड युरो (१ अर्ब २० करोड रुपैयाँ) भक्तपुरको सम्पदा पुनःनिर्माणको लागि सम्झौता भयो । हाम्रो स्वाभिमानमा आँच पुग्ने भएकोले त्यो रकम हामीले फिर्ता गर्‍यौँ । हामीले जनताको बिचमा गयौँ र भन्यौँ– 'सयौँ वर्ष अगाडि हाम्रो पुर्खाले पाँच तले मन्दिर, ५५ झ्याले दरबार, सुनढोका बनाउँदा कसैको सहयोग लिनु भएन । आज हरेक वर्ष ४३२ जना विभिन्न विषयका इन्जिनियर उत्पादन गर्ने, नर्सहरू उत्पादन गर्ने, धेरै विषयमा स्नातक र स्नातकोत्तर पढाउन सक्षम नगरपालिकाले केही रकमको लागि विदेशी सामु झुक्दा हाम्रो इज्जत रहँदैन । बरु सहयोग गर्नुहोस ।' जनताले सहयोग गरे । एउटै सम्पदा निर्माणमा पनि करोडभन्दा बढी चन्दा उठ्यो । हजारौँले जनश्रमदान गरे । सेवामा प्रतिस्पर्धा भइरहेको छ ।

अहिले पनि जतिपनि कामहरू हुन्छन्, उपभोक्ता समितिबाट सहयोग, श्रमदान प्रशस्त हुन्छ । त्यसले गर्दा एकातिर गुणस्तर कायम हुनेभयो । अर्को, स्थानीय जनता आफैले काम पाउने भए । तेस्रो कुरा, आफ्नो सीप, श्रम र साधनहरू पनि प्रयोग हुनेभयो । त्यसपछि नगरपालिकाको पैसा नगरपालिकाकै जनताहरूमाझ घुमिरहने भयो ।

**यसको अर्थ तपाईंहरूले माथिको मुख ताक्नेभन्दा पनि जनसहभागितालाई बढी जोड दिनुभयो ?**

एकदमै सही ।

**यो अवधारणा चाहिँ कसरी विकसित भयो ?**

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँज्यूले धेरै पहिलेदेखि नै अरूको भरमा बाँच्ने हैन, आत्मनिर्भर हुनुपर्छ भनेर निर्देशन दिँदै आउनुभएको हो । भक्तपुर नगरपालिकाले आत्मनिर्भरताको अभ्यास गर्दै आयो । २०५९ देखि २०७४ सालसम्म १५ वर्ष स्थानीय तह

जनप्रतिनिधिविहीन हुँदा कर्मचारीले चलाउने अवस्थाले समस्या भयो। भक्तपुर विकासको दृष्टिले धेरै पछि पऱ्यो। हामी निर्वाचित भएर आएपछि हरेक सम्पदा पुनःनिर्माण र विकासमा जनसहभागितालाई प्राथमिकता दिएर काम गर्दै आयौँ ।

**यतिबेला केही स्वतन्त्र मेयरहरूको कार्यशैली बारे सर्वत्र चासो रहेको छ । के स्थानीय सरकार सञ्चालन गर्न यसरी जोसँग पनि झगडा गरिरहनुपर्छ र ?**

त्यो उहाँहरूको कुरा हो। हाम्रो त्यसमा केही भन्नु छैन।

## भक्तपुर नपाले किन मेडिकल कलेज चलाउने

■ मेडिकल शिक्षाका लागि विदेशमा कति लिन्छ, हाम्रा भाइबहिनीले कति तिर्छन्, हामी तुलना गरेर हेर्छौं। एमबीबीएस पढ्नका लागि पनि ५०-६० लाख खर्च गर्नुपर्छ। त्यसरी पास गरेर आउनेहरूको तलब भने ३०-४० हजारमात्र छ। एमडी गर्न थप ४०-५० लाख खर्च गर्नुपर्छ।

■ एकजना विशेषज्ञ डाक्टर तयार गर्नको लागि करोड रुपियाँ नभइकन सम्भव नै छैन। पैसा तिरेर पढ्नका लागि गरिबको निम्ति क्षमता भएर पनि कुनै सम्भावना छैन।

■ नेपाल सरकारले एमबीबीएस पढ्न उपत्यकाभित्र ४२ लाख र बाहिर ४५ लाख तोकेको छ। १०-१२ लाख अतिरिक्त पैसा लिन्छ।

■ देशका सबैले राम्रो कलेज भनेर मानेको हाम्रो दुई ओटा इन्जिनियरिङ कलेजमा पनि शुल्क सस्तो छ। दुवै कलेजबाट वर्षको ४३२ इन्जिनियर उत्पादन हुन्छ। अरू कलेजले ११ देखि १५ लाख लिइरहँदा हामीले ४ लाख ७० हजारमा कानुनमा स्नातक पढाइरहेका छौं।

■ हाम्रै छोराछोरीलाई चिकित्सा शिक्षा पढ्नका लागि ५०-६० लाख शुल्क किन ? यो लुटेको हो। स्वास्थ्य र शिक्षामा राज्यले लगानी गर्नुपर्छ।

■ भक्तपुर नगरपालिकाले सात उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू चलाउन सक्छ भने मेडिकल कलेज चलाउन असम्भव छैन। हामीले भनिरहेको त्यही हो।

■ शिक्षा भनेको सेवा हुनुपर्ने हो। तर त्यसलाई विनिमय (किनबेच)को वस्तु बनाइयो।

■ शिक्षा र स्वास्थ्यमा राम्रोसँग काम गर्न सक्यौं भने जनताका आधा समस्या त्यहीं समाधान हुन्छ भन्ने हामीले ठानेका छौं।

सबैको काम गर्ने आआफ्नो शैली हुन्छ। व्यक्ति फरक भए पछि फरक फरक विचार र सोच हुनुलाई अन्यथा पनि नलिउँ।

**भक्तपुर नगरपालिकाले भोगिरहेका समस्याहरू के के हुन् जसलाई सरकारले सम्बोधन गरोस् भन्ने चाहनुहुन्छ ?**

भक्तपुर नगरपालिकाका मुख्य तीन ओटा समस्याहरू छन्– पहिलो ख्वप विश्वविद्यालय स्थापना हो। यो हाम्रो क्षमता बाहिरको संसद्ले नै विधेयक पारित गर्नुपर्ने विषय हो। पटक पटकको प्रयासपछि पनि त्यो हुन सकिरहेको छैन। यस पटक पनि सरकार परिवर्तन भएपछि सरकारले त्यो विधेयक फिर्ता लिएको सुनेका छौं।

**हरेक वर्ष ४३२ जना विभिन्न विषयका इन्जिनियर उत्पादन गर्ने, नर्सहरू उत्पादन गर्ने, धेरै विषयमा स्नातक र स्नातकोत्तर पढाउन सक्षम नगरपालिकाले केही रकमको लागि विदेशी सामु झुक्दा हाम्रो इज्जत रहँदैन।**

दोस्रो, उत्तरतिर रहेको खासाङखुसुङ खोला र दक्षिणतिर रहेको हनुमन्ते खोला सुधार। ती दुईटै खोलामा सफा पानी बगेको देखाउन चाहन्छौं। विविध कारणले त्यो सम्भव भइरहेको छैन। अहिले खोलाको किनारमा पाइप बिछ्याउने काम करिबकरिब सम्पन्न भइसकेको छ। फोहोर प्रशोधन गरेर मात्रै पानी खोलामा फाल्ने भनेर सल्लाघारीमा ५७ रोपनी र हनुमानघाटमा ७८ रोपनी जग्गामा फोहोर पानी प्रशोधन केन्द्र निर्माण हुँदै छ।

तेस्रो, विश्व सम्पदामा सूचीकृत दरबार क्षेत्रमा अवस्थित कला सङ्ग्रहालय रहेको भवन लाल दरबारसहितको पुनःनिर्माण। हामीले मल्लकालीन स्वरूपमै फर्काउन चाहयौं। मल्लकालमा ५५ झ्यालसँगै एउटै दरबार रहेछ। २०७५ सालमा संस्कृति मन्त्रालयका सचिव, पुरातत्त्व विभागका तत्कालीन डाइरेक्टर भेषनारायण दाहाल र नगरपालिका बिच त्रिपक्षीय छलफलबाट मल्लकालीन शैलीमा बनाउने निर्णय भयो। युनेस्कोको पनि अनुमति लिनुपर्ने प्रावधानको कारण अहिलेसम्म त्यो काम अगाडि बढ्न सकेन। अहिले मर्मतसम्म गर्न पुरातत्त्व विभागले त्यसको डिजाइन तयार गरेको छ। सायद, अब त्यो काम अघि बढ्छ।

स्रोत : दायित्वबोधडटकम

साउन ३०, २०८१

## प्रतिनिधिसभामा नेमकिपा

# सांसद र उच्चपदस्थ कर्मचारीहरूको ठुला ठुला महल र प्राडो-पजेरो गाडी कहाँबाट आयो ?–प्रेम सुवाल



प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकमा भदौ ५ गते छलफल भयो।



छलफलमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले आफ्नो संशोधन पेस गर्दै भन्नुभयो, 'बहुदल र गणतन्त्रको ३० वर्षयता सरकारमा गएका दलहरू नेका, एमाले, माओवादीलगायतले यसअगाडि पञ्चायती सरकारको विदेशीसँग सस्तो ब्याजमा १ अर्ब डलर ऋण ल्याएर महँगो ब्याजमा कर्जा प्रवाह गरी कमिसन खाने १ अर्ब डलरको २०४३ सालको डलर काण्ड, २०४२-४४ सालको जति चाहियो त्यति गोलिया काठ कटान गर्न दिने वन काण्ड, २०३२ सालको गलैँचा निकासी गर्न दिइएबापत बोनस लाइसेन्स पाउने गलैँचा काण्डलगायत भ्रष्टाचारको विरोध गरेका थिए।

'२०४८ सालमा प्रतिनिधिसभाको पहिलो निर्वाचनपछि जनप्रतिनिधि र कर्मचारीहरूको सार्वजनिक सम्पत्ति विवरण र अहिले ३५ वर्षपछिको सम्पत्ति विवरण अध्ययन गर्दा त्यसबेला काठमाडौँ उपत्यकाबाहिरका सांसद र उच्चपदस्थ कर्मचारीहरूको काठमाडौँमा घर थिएनन्। अहिले ठुला ठुला महल र प्राडो-पजेरो गाडी कहाँबाट आयो ? यसको छानबिनसहित भ्रष्टाचार नियन्त्रण गर्ने विधेयकमा व्यवस्था जरुरी छ।'

सांसद सुवालले थप्नुभयो, 'सरकारका मन्त्री, शासक दलका नेता, उच्च प्रशासक र ठुला उद्योगी-व्यापारीबिच अवैध गठबन्धनको कारण भ्रष्टाचार बढेको घामजत्तिकै छर्लङ्ग विषय हो। यसकारण, ठुला निजी क्षेत्रलाई भ्रष्टाचारसम्बन्धी छानबिनको दायरामा ल्याउनुपर्ने हुन्छ। मिलेमतोमा भ्रष्टाचार भएको पुष्टि हुन्छ।'

'पञ्चायतकालमा पनि 'सुनकाण्ड' भएको थियो। त्यसबेलाका एक सांसद 'सुन बुढा' नामले परिचित पनि थिए। २०५४/५५ सालमा पनि सुन तस्करी बढेको खुलासा भएकै हो। अहिले पनि सुन तस्करी भइरहेको छ। यसकारण, पञ्चायत र अहिलेको बहुदल एवम् गणतन्त्रमा सुन तस्करी उस्तै भयो, फरक भएन।' सांसद सुवालले उल्लेख गर्नुभयो।

सांसद सुवालले थप्नुभयो, 'कवि शिरोमणी लेखनाथ पौडेलले भ्रष्टाचारबारे कविता नै लेख्नुभयो, ''*जो जो मिल्छ सुलुक्क निल्छ,'.कहिल्यै खाई अघाउन्न त्यो।*' अहिले पनि भ्रष्टाचारीहरू अघाएका छैनन्। समिति सभापति रामहरि खड्का केही गर्ने अठोटसहित सभापति भएको दाबी गर्नुहुन्छ। यसकारण, भ्रष्टाचार नियन्त्रण गर्न कडा कानुनी व्यवस्था गर्न चुक्नु हुनेछैन।'

भ्रष्टाचार तीन किसिमबाट भइरहेको भुक्तभोगीहरू बताउँछन्- पहिलो, बाखाले अगाडिका दुवै घुँडा पूर्णरूपले खुम्च्याएर पोखरीमा कुनै चिह्न नहुने गरी पानी खाएजस्तै कसैलाई थाहा नहुने गरी भइरहेको भ्रष्टाचार, दोस्रो

गाईले पोखरीमा दुई खुट्टा डुवाएको ख्याल नगरी पानी खाएजस्तै नीतिगत निर्णयबाट हुने भ्रष्टाचार, तेस्रो भैँसीले पोखरीमा पूरै शरीर डुबाएर पानी खाएजस्तै संसारलाई थाहा हुने गरी भएको भ्रष्टाचार ।

'वाइडबडी जहाज खरिद, टेरामक्स खरिद, स्टिकर छपाइ, नक्कली भुटानी शरणार्थी, गिरीबन्धु टी–स्टेट जग्गाको साटफेर, ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा दर्ता, एनसेलको ६० अर्ब बढी पुँजीगत लाभकर चुहावट, पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भएको अर्बौं रुपैयाँको भ्रष्टाचार, डेडिकेटेड तथा ट्रङ्कलाइन विद्युत् महसुल ३०–३५ अर्ब भुक्तानी नगर्नेलाई बिजुली लाइन जडान गरिदिने आदेश, खर्बौं रुपैयाँको सहकारी ठगीलगायत भ्रष्टाचार यी कुन कुन थरीका हुन् ?' सांसद सुवालले जिज्ञासा राख्नुभयो ।

'यी भ्रष्टाचारहरू क–कसको मिलेमतोमा भइरहेको छ ? यी भ्रष्टाचार नियन्त्रण हुने गरी विधेयक बनाउनु जरुरी छ ।' सांसद सुवालले भन्नुभयो ।

'भ्रष्टाचारको कारण नेपालीबिचमा आर्थिक विषमता बढेको हो । अर्थशास्त्री अमर्त्यसेनको आर्थिक विषमता भए विद्रोह हुने भनाइतर्फ समिति सचेत हुनु जरुरी छ । अर्थशास्त्री एवम् समाजशास्त्री गुन्नार माइर्डालको पुराना भ्रष्टाचारीले नयाँ भ्रष्टाचारीलाई दण्ड दिएजस्तो मात्र गर्ने बताएको तर्फ पनि समिति सचेत हुनु आवश्यक छ । अहिले नेपालमा यस्तो भइरहेको त होइन ?', उहाँले भन्नुभयो ।

सांसद सुवालले थप्नुभयो, 'देशको सार्वजनिक ऋण २४ खर्ब क–कसको खल्तीमा गयो ? यो ऋण सदुपयोग भएको भए ८० लाख युवालाई वैदेशिक रोजगारीमा पठाउनुपर्ने थिएन ।'

अख्तियारका एक सहसचिवले दशकअगाडि भ्रष्टाचार कतै देखिँदैन तर व्याप्त भएको र एक सचिवले सिंहदरबार भ्रष्टाचारको अखडा भएको दाबी गरेको र भ्रष्टाचारलाई अनुसन्धानको दायराबाहिर राख्न मन्त्रिपरिषद्बाट नीतिगत निर्णय भइरहेको उल्लेख गर्दै एक प्रधानमन्त्रीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना दिवस कार्यक्रममा त्यहाँ उपस्थित भएकाले भ्रष्टाचार नगरे आधा भ्रष्टाचार नियन्त्रण हुने दाबी गरेको तर त्यहाँ कार्यक्रममा उपस्थित भएका अधिकांश मन्त्री, सचिव, सहसचिव, विभागीय प्रमुखहरू भएको, यसरी भ्रष्टाचार साधारण जनताको कारण नभइरहेको पुष्टि हुने उहाँले बताउनुभयो ।



# स्थानीय सङ्गठन निर्माणमा महिलाको भूमिका

विवेक

समाज महिला र पुरुष मिलेर बनेको छ। त्यसैले महिला र पुरुषलाई एउटा रथको दुई पाङ्ग्रा पनि भनिन्छ। एकको अभावमा अर्को अगाडि बढ्न कठिन हुन्छ। एकजना पुरुषको सफलतामा महिलाको महत्त्वपूर्ण योगदान हुन्छ भने एकजना महिलाको सफलताको पछाडि पनि पुरुषको त्यत्तिकै योगदान रहेको हुन्छ। विश्व सर्वहारा वर्गका महान् गुरु कार्ल मार्क्सको सफलतामा जेनी मार्क्सको अतुलनीय योगदान थियो भने किम इल सङको सफलतामा किम जोङ सुकको महत्त्वपूर्ण योगदान थियो। ती त प्रतिनिधि मुलक मात्रै हुन्। हरेक राजनैतिक कार्यकर्ता अगाडि बढ्न परिवारको अदृश्य सहयोग रहेको हुन्छ। यो विषय महिलाहरूले बिर्सनु हुन्न।

केही दशक अघिसम्म भक्तपुर शिक्षा र सांस्कृतिक रूपमा निकै पछाडि परेको ठाउँ थियो। नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले समाजलाई अगाडि बढाउन रात्री कक्षाहरू सञ्चालन गर्नुभयो। महिला र पुरुष सबैलाई शिक्षा दिन थाल्नुभयो। शोषण, अन्याय र अत्याचारको विरोध गर्न सिकाउनुभयो र एकता नै शक्ति हो भन्ने पाठ घोकाउनुभयो। बदमास र अत्याचारीहरूलाई उल्टो टोपी, जुत्ताको मालालगाइ सहर घुमाउने जस्ता भ्रष्टाचारविरोधी अभियानको नेतृत्व गर्नुभयो। परिणाम अहिले भक्तपुरले देशमा छुट्टै पहिचान कायम गर्न सफल भएको छ। आजको अवस्थासम्म आउन नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले आआफ्नो तर्फबाट योगदान गर्नुभयो। आजका पुस्ताले त्यसको सम्मान गर्न जान्नु पर्छ।

विगतको तुलनामा अहिले शिक्षित महिलाहरू धेरै भए पनि सङ्गठनमा भने कम मात्रै आबद्ध देखिन्छन्। महिला सङ्गठनले यसबारे गम्भीर समीक्षा गर्न आवश्यक छ। २०४५ सालको 'भक्तपुर काण्ड'को बेला अहिले जस्तो पढे लेखेका महिलाहरू धेरै थिएनन् तर पनि राज्यस्तरद्वारा रचिएको त्यस काण्डको विरुद्धमा महिलाहरूले आन्दोलनको नेतृत्व गरेका थिए। आज धेरै किसानका छोरी बुहारीहरूले कलेज र विश्वविद्यालयबाट उच्च शिक्षाको डिग्री हासिल गरे र विभिन्न सरकारी कार्यालयमा जागिर पनि पाएका छन्। तर, तिनीहरू महिला सङ्गठनमा आबद्ध हुन चाहँदैनन्। विगतमा विद्यालय, कलेज नचिनेका महिलाहरू कसरी निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध आन्दोलनमा होमे ? त्यही महिला आन्दोलनको जगमा अहिलेको स्वतन्त्रता र सुविधा प्राप्त भएको हो।

हाम्रा केही दिदीबहिनीहरू अहिलेका शिक्षित महिलाहरूले आफूहरूलाई फरक व्यवहार गरेको भनेर चित्त दुखाउँछन् र पार्टी सङ्गठनको काम पनि उनीहरूले नै गर्छन् भनेर घुर्की देखाउने गर्छन्। वास्तवमा पार्टी सङ्गठनको काम कुनै व्यक्ति विशेषको हित वा फाइदाको निम्ति नभई सिङ्गो समाज र देशको लागि हो। विगतका महिलाहरूको कठोर सङ्घर्षबारे अहिलेको नयाँ पुस्तालाई बुझाउन नसक्दा पनि त्यस्तो भएको हुनसक्छ। यसर्थ, महिला अगुवाहरूको योगदानबारे आजको महिला सङ्गठनले लिपिबद्ध गर्नु आवश्यक छ। यसले नयाँ पुस्ताका महिलाहरूलाई समाज सेवाको लागि ऊर्जा प्रदान गर्ने छ।

हाम्रो समाजमा अहिले पनि सासु बुहारीबिच विभिन्न खालका विवाद वा झैझगडा भएको पाइन्छ। यसको मुख्य कारण एकले अर्कोलाई बुझ्न नसक्नु र समयअनुसार आफूलाई परिवर्तन गर्न नसक्नु हो। शिक्षित महिलाहरू जागिरको सिलसिलामा घर बाहिर वा जिल्ला बाहिर गएर काम गर्नुपर्ने हुन्छ। त्यस्तो अवस्थामा केही सङ्कीर्ण सोच भएका परिवारले अनेकौँ शङ्का गर्ने, जागिर छाड्न दबाब दिने जस्ता व्यवहार गरेको पनि पाइन्छ। अझ कतिले त घरको दबाब सहन नसकेर आफ्नो स्थायी जागिर छोडेर आएको अवस्था पनि छ। महिला सङ्गठनका साथीहरूले त्यस्ता परिवारलाई सम्झाइबुझाइ सही ठाउँमा ल्याउन आवश्यक छ।

पहिले पहिले विवाह गर्नुअघि केटा पक्षको घर, जग्गा र सम्पत्ति हेर्ने चलन थियो। अहिले केटा र केटी दुवैको शैक्षिक योग्यता, ज्ञान वा सीप अर्थात रोजगारी र स्वास्थ्य जाँच गराउनु आवश्यक छ। त्यसैले कुनै पनि महिलाको विवाह गर्नुपूर्व सङ्गठनको अनुमति लिनुपर्ने हुन्छ। कतिले यसलाई आफ्नो व्यक्तिगत स्वतन्त्रतामा सङ्गठनले हस्तक्षेप गरेको अर्थमा पनि बुझ्ने गरेका छन्। वास्तवमा त्यो सत्य होइन। रक्सी खाने, ड्रग्स प्रयोग गर्ने केटासँग हाम्रा छोरी, बहिनीको विवाह भयो भने उसले जिन्दगीभर दुःख पाउँछ। त्यस्तो पछि हुने दुःखबाट बचाउन नै पार्टी विधानमा विवाहपूर्व पार्टी सङ्गठनको अनुमति लिनुपर्ने व्यवस्था गरिएको हो। विनासोधखोज विवाह गर्ने हाम्रा थुप्रै छोरीबहिनीहरूले जीवनभर दुःख पाएका छन्। यसबाट महिला साथीहरूले शिक्षा लिनुपर्छ।

महिला सङ्घमा कुनै बेला सक्रिय भएर लागेकाहरू वर्षौंसम्म हराए। सोधखोज गर्दा विरोधी पार्टीका परिवारसँग विवाह भएको थाहा भयो। दशकौंसम्म पार्टीले सङ्गठनको

भावी नेतृत्वको आशा गरेर तयार गरेका महिलाहरू विवाहपश्चात सङ्गठनबाट टाढा भएका थुप्रै उदाहरणहरू छन्। विवाह गर्दा पनि धेरै कुरामा विचार पुऱ्याउनु पर्ने हुन्छ।

सन् १९१७ मा सोभियत सङ्घमा समाजवादी क्रान्ति भयो। अत्यन्त कडा अनुशासनबिच पार्टी अगाडि बढ्यो। तर, कतिपय गोप्य सूचनाहरू जर्मनीलगायतका विरोधी देशहरूमा निरन्तर गइरहेको पत्ता लाग्यो। लामो अनुसन्धानपछि पार्टी कार्यकर्ताहरूसँग विवाह गर्ने महिलाहरू नै विदेशी गुप्तचर रहेछन् भन्ने थाहा भयो। त्यहाँ धेरैलाई पार्टीले कारबाही गऱ्यो। त्यो हाम्रो महिला सङ्गठनमा पनि हुनसक्छ। पार्टी कार्यकर्ताहरूको जिउभरि आँखा हुनुपर्छ भन्नुको अर्थ यही हो।

कतिपय महिला दिदीबहिनीहरू धर्मको नाउँमा विभिन्न देवी देवताको पूजा गर्न जान्छन्। परम्परादेखि चलिआएको कार्यलाई अहिले पनि निरन्तरता दिइरहेको पाइन्छ। त्यसलाई सकारात्मक पाटोबाट हेर्दा विगतमा पूजाआजाको काम नगरेको भए विभिन्न जिल्लामा हाम्रा महिला दिदीबहिनीहरू पुग्ने पनि थिएनन् कि !

वास्तवमा धर्म भनेको जनताको सेवा हो। जनता स्वयम् इश्वर र भगवान सम्झेर सेवाको भावनाले काम गर्न सके त्यो नै ठूलो धर्म हुने छ। इमानदारीपूर्वक निःस्वार्थी भावनाले जनताको सेवा गर्नु जति ठूलो धर्म अरू के हुनसक्छ ? कोरोनाले विश्व त्राहीमाम भइरहेको र अक्सिजनको अभावमा मान्छेहरू भटाभट मरिरहेको बेला भक्तपुर नगरपालिकाको आह्वानमा अक्सिजन प्लान्ट राख्न सहयोग गर्नेहरूलाई कति धर्म हुन्छ ? त्यो सहयोगले धेरैको ज्यान जोगायो। के यो सत्य होइन ? त्यसैको फलस्वरूप अहिले पनि भक्तपुरवासी जनताले निःशुल्क अक्सिजन पाइरहेका छन्।

दिनभरि जनतालाई शोषण गऱ्यो, मिटरब्याजमा पैसा लगायो र अरूको धनसम्पत्ति खायो। तिनै पाप काट्न त्यस्ता मान्छेहरूले बिहान धर्म कर्म गर्न मठमन्दिरमा पुगेर पुजाआजा गरेको नाटक गर्छन् र सप्ताह गर्छन्। ती मानिसहरूले धर्मको नाउँमा जनतालाई ठगिरहेका हुन्छन्। कतिपय धर्मको प्रचारमा लाग्नेहरू घरजग्गा दलालीहरू छन्। पैसा भएका तर सचेत नभएका जनताबाट धर्मको नाउँमा सम्पत्ति दान लिएर तिनीहरू आफ्नो स्वार्थ सिद्ध गर्छन्। त्यस्ता व्यक्तिहरूलाई समाजले चिन्नुपर्छ। महिला सङ्गठनले गर्नुपर्ने यो अर्को काम हो।

केही महिला साथीहरू बरु धर्ममा जान्छन् महिला सङ्गठनमा आउँदैनन् भनेर चिन्ता व्यक्त गर्छन्। चिन्ता गर्दैमा कोही सङ्गठनमा आउने होइन बरु महिलाहरूलाई परेको हरेक पिर मर्कामा सहयोग गर्ने, रुचि थाहा पाएर त्यहीअनुसार व्यवहार गरेर मित्रता बढाउने र नजिकको विश्वासिलो साथी बन्ने प्रयत्न गर्ने हो। त्यसपछि सकारात्मक भावनाले सँगै काम गर्दै पार्टी साहित्यहरूको अध्ययन, अन्तरक्रिया र छलफल, जुलुस प्रदर्शनजस्ता कार्यक्रमहरूमा सहभागी गराउने हो। सङ्गठनको उद्देश्य बुझेपछि साथ र सहयोग गर्छन्। कोही पनि महिला सङ्गठित कार्यकर्ता भएर जन्मेका हुँदैनन्।

एकजना राजनैतिक कार्यकर्ताले पहिले सामाजिक कार्यकर्ताको रूपमा काम गरेको हुन्छ। बिरामी परेको अवस्थामा, कसैलाई कुनै आपतविपद् पर्दा सहयोग गर्ने, बोलाएको बेला गएर साथ दिने गर्दा ती महिलाहरूको भावना जित्न सकिन्छ। समाज सेवा स्वयम् एकप्रकारको राजनीतिक कार्य हो। राम्रो सामाजिक कार्यकर्ता नै भविष्यको एक राम्रो राजनैतिक कार्यकर्ताको रूपमा विकास हुने हो। सबै राजनैतिक कार्यकर्ता सामाजिक कार्यकर्ता हुन्छन् तर सबै सामाजिक कार्यकर्ता राजनैतिक कार्यकर्ता हुँदैनन्। त्यसैले सबभन्दा पहिले महिला सङ्गठनले महिला साथीहरूलाई सामाजिक कार्यमा लगाउनु उचित हुन्छ। कुनै पनि विकास निर्माणको काममा श्रमदान वा आर्थिक सहयोग गर्ने, स्वास्थ्य शिविरहरूमा स्वयम्‌सेविकाको रूपमा प्रयोग गर्ने र अन्य सामाजिक गतिविधिहरूमा लगाउने गर्नुपर्छ। त्यो उनको एकप्रकारको समाज सेवाको परीक्षण पनि हुने गर्छ।

समाजको दुःख बुझेका, समाज सेवाको भावनाले काम गरेर राजनैतिक कार्यकर्ताको रूपमा विकास भएकाहरूले सङ्गठनलाई धोका दिने कममात्रै सम्भावना हुन्छ। तर एकैचोटि माथिल्लो तहमा पुगेकाहरूले तुलनात्मक रूपमा धोका दिने धेरै सम्भावना हुन्छ। यो महिला सङ्घमा मात्र होइन हरेक क्षेत्रमा लागू हुने विषय हो। धेरै दुःख गर्नेहरूले सङ्गठनलाई धेरै माया गर्छन् र सङ्गठन जोगाउन ज्यान फालेर लाग्छन्।

विद्यालयमा पढुञ्जेलदेखि कहिल्यै दोस्रो पनि नभएका भनी पढाइको घमण्ड गर्नेहरू पनि पार्टी सङ्गठनमा नआएका होइनन् तर तिनीहरू टिकेनन्। तिनीहरू जनताको विश्वविद्यालयमा कठोर सङ्घर्ष गरेर प्राप्त गरेको प्रमाणपत्र कुनै पनि विश्वविद्यालयको प्रमाणपत्रभन्दा जनताको नजरमा कैयौँ गुणा उच्च हुन्छ भन्ने बुझ्दैनन्। गाह्रोफारोदेखि भाग्ने, आफ्नो स्वार्थलाई पहिलो प्राथमिकतामा राख्ने र सङ्गठनलाई भऱ्याङको रूपमा प्रयोग गर्नेहरूको लागि ढोका बन्द गर्दा सङ्गठनलाई कुनै क्षति हुँदैन। यस्ता कतिपय मान्छेहरूले पार्टी सङ्गठन छोडेर गएका पनि छन्।

नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर नगर समितिको सम्मेलन सम्पन्न भयो। सम्मेलनले नयाँ नेतृत्व चयन गऱ्यो। नयाँ निर्वाचित नेतृत्वले घरघरमा गएर महिलाहरूको समस्या बुझ्ने, सबैलाई राजनैतिक रूपले सङ्गठित गर्ने र परिवर्तनको निम्ति लड्ने महिला दस्ता तयार गर्ने अपेक्षा छ।

# ख्वप विश्वविद्यालयको विधेयक अविलम्ब स्वीकृत होस्



ई.राजेन्द्र हाडा

नेपालमा राजनीतिक सरगरमी केही सेलाएको छ । माओवादी नेता 'प्रचण्ड'को बहुमतको सरकार एमालेको समर्थन फिर्तासँगै ढल्यो । एमाले अध्यक्ष केपी ओलीको नेतृत्वमा नयाँ सरकार गठन भएको छ । ओली सरकार गठनको पहिलो बैठकको पहिलो निर्णय नै ख्वप विश्वविद्यालयलगायत ३ अन्य विधेयक फिर्ता गर्ने रह्यो । ख्वप विश्वविद्यालयको विधेयक यसरी फिर्ता भएको यो दोस्रोपटक हो । भक्तपुरलाई शैक्षिक ज्ञान विज्ञानको केन्द्र तथा शैक्षिक हबको रूपमा विकास गर्ने भक्तपुरका जनताको आकाङ्छामाथि असर परेको छ ।

नेपालको राजनीतिक इतिहासमा देशको आमूल परिवर्तनको उद्देश्य बोकेको कम्युनिस्ट भनिने पार्टीहरूले २०४६ सालपछि पटकपटक सरकार सञ्चालन गरे । अझ आमूल परिवर्तनकै लागि भनी बन्दुक उठाउँदा १७ हजारको ज्यान गयो । तर, 'प्रचण्ड' सरकारले पनि सत्ताको भोग गर्नेबाहेक सिन्को भाँचेन । केपी ओलीको पहिलो भाषणमा सबै नगरपालिकाहरूमा सीटीइभिटीअन्तर्गतको प्राविधिक स्कुलहरू खोल्ने विषयमा जोड दिइएको थियो । अर्कोतिर, सरकारले तिलगङ्गा आँखा, ख्वप विश्वविद्यालयको टेबुल हुनै लागेको विधेयक फिर्ता लिने निर्णय गऱ्यो । यो भक्तपुरवासीको लागि दुःखद खबर बन्यो । रास्वपाको तर्फबाट शिक्षामन्त्री बनेका सुमना श्रेष्ठले मन्त्रालय सम्हाल्दा केही मानिस उत्साहित भएका थिए । तर, त्यो उहाँको सत्ताबाट बहिर्गमनसँगै पानीको फोका साबित भयो ।

केही दिन पहिले पुष्पलालको जन्मशताब्दीको अवसरमा आयोजित प्रवचन गोष्ठीमा कसैले नेपालका कम्युनिस्ट पार्टीहरू सत्ताका लागि कल्पना नै गर्न नसकिने गरी गिर्ने गरेको, सत्ता, भत्ता, पैसा र पदलाई साम्यवाद हो भन्ने ठान्ने कामसमेत नेपालका कम्युनिस्ट पार्टीका नेताहरूले गरेको टिप्पणी सो सभाका वक्ताहरूले गरे ।

केही समयपहिले माओवादी नेता 'प्रचण्ड'कै सामुन्ने डा. दीक्षित, डा. युवराज संग्रौलाले नेपालका 'कम्युनिस्टहरू'को नाकामीको खिल्ली उडाए । तर, पनि नेपालका कम्युनिस्ट नेताहरूलाई किन लाज लाग्दैन ? सायद यही कारणले गर्दा कामरेड रोहितले नेपालका अन्य कम्युनिस्टहरू भाइकाङ्ग्रेस नै हो भन्नुभएको होला । केपी ओलीको अघिल्लो प्रधानमन्त्रीको कार्यकालमा 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा दिइएको थियो । तर, उहाँको समृद्ध नेपाल त झापाको भ्युटावरबाट हेर्दा पनि कहीं कतै भेटिएन । ओलीले खोजेको समृद्ध नेपालको सपना के शैक्षिक विकासबिना सम्भव छ ? छैन । विभिन्न देशको विकासको इतिहास पढ्ने हो भने पनि शिक्षामा प्रचुर लगानीपछि मात्र सम्भव भएको हामी देख्छौँ । क्युवा, उत्तर कोरिया तथा चीनको विकास आर्थिक-शैक्षिक क्षेत्रमा प्रचुर मात्रामा लगानी गरेपछिको प्रतिफल नै होभन्दा फरक नपर्ला । देश जल उत्पन्न प्रकोपले आक्रान्त छ । हामी नेपालीहरूले यसबाट मुक्ति पाउन सकेका छैनन् । यसको सही समाधानको उपाय पत्ता लगाउने भनेकै विश्वविद्यालयका डाक्टर, प्रोफेसर र इन्जिनियरहरूको काम हो । भौतिक पूर्वाधार मन्त्रालयमा कार्यरत इन्जिनियरहरूबाटै हुनुपर्ने होइन र ? यसको लागि देशमा भएको विश्वविद्यालयहरूलाई नै परिचालन गर्नुपर्ने थियो । पञ्चायतकालमा त्रिभुवन विश्वविद्यालयमा विभिन्न अनुसन्धान कार्यहरू गर्नका लागि अनुसन्धान केन्द्रहरू खोलिएका छन् । तर, पहिलो जनआन्दोलनका सरकारहरूले सत्ताबाहेक अरू कुनै पनि काममा ध्यान दिएनन् । अहिलेसम्मका सरकारहरूले आफ्नो कार्यकर्ताको व्यवस्थापनमा मात्र ध्यान दिइराखेका छन् । कम्युनिस्ट भन्ने सरकारहरूले सबभन्दा पहिले स्वास्थ्य र शैक्षिक विकासमा नै ध्यान दिनुपर्ने हो । देशको लागि आवश्यक जनशक्ति उत्पादन गर्नको लागि योजनाबद्धरूपमा थप विश्वविद्यालयहरू खोल्दै जानुपर्ने हुन्छ । यस्तोमा सरकारले किन के कति कारणले तिलगङ्गा र ख्वप विश्वविद्यालयको विधेयक फिर्ता लिएको हो ? जनतालाई जवाफ दिनुपर्छ । के भक्तपुरले २०४६ सालको जनआन्दोलन र २०६२ सालको जनआन्दोलनमा दिएको योगदानको मूल्याङ्कन यसैलाई मान्नुपर्ने भयो त अब ?

नेमकिपा र भक्तपुरले पञ्चायतकालदेखि नै शिक्षा

र स्वास्थ्यमा काम गर्दै आएको थियो । त्यतिबेला महिलाहरूको शैक्षिक स्तर उठाउनका लागि रात्रि प्रौढ कक्षाहरू सञ्चालन गरिएको थियो । स्वास्थ्यमा पनि त्यतिबेलादेखि नै काम गरिएको थियो । पञ्चायतकालमा सरकारले निःशुल्क शिक्षा प्रणाली लागु गर्न नसकेको बेला भक्तपुर नपाले निम्न माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गरेको थियो । २०४६ सालको जनआन्दोलनपछिको सरकारले माध्यमिक शिक्षा निःशुल्क गऱ्यो र सो प्रावधानलाई २०७२ सालपछिको गणतान्त्रिक संविधानमै उल्लेख गरियो । यो भक्तपुरवासीको लागि गर्वको कुरा हो । शिक्षा र स्वास्थ्यको क्षेत्रमा भक्तपुरको यो प्रयास चालु नै रहनेछ । भक्तपुर नगरपालिकाले हालसम्म सञ्चालन गरिरहेका कलेजहरूको स्वीकृति पनि सङ्घर्षको प्रतिफल हो । अहिलेसम्म भक्तपुर नगरपालिकाले सञ्चालन गरेका कलेजहरूले प्रदान गर्दै आएको सस्तो र गुणस्तरीय शिक्षाबाट नेपालको ७७ जिल्ला लाभान्वित भइरहेका छन् । यसै सिलसिलामा सस्तो र गुणस्तरीय मेडिकल शिक्षा दिन ख्वप विश्वविद्यालय खोल्नका लागि विधेयक स्वीकृतिको माग गर्नु के अपराध हो ? भक्तपुरबाट निर्वाचित सांसद प्रेम सुवालले संसद्मा प्रस्तुत हुन आउने शिक्षासम्बन्धी कुनै पनि विधेयकको सुझावसहित समर्थन गरेकै छ तर ख्वप विश्वविद्यालयको विधेयकदेखि नेपालका कम्युनिस्ट भनाउँदा शासक वर्ग किन यतिविघ्न डराएको होला ?

भक्तपुरले ख्वप विश्वविद्यालय माग्नु मेडिकल स्कुल खोल्नकै लागि मात्र होइन । भक्तपुरले देशको लागि अत्यावश्यक शैक्षिक जनशक्ति उत्पादन गर्नु नै यसको प्रमुख उद्देश्य हो । नेपालका विश्वविद्यालयहरू यतिसम्म निकृष्ट छन् कि अलि बढी विद्यार्थीले माग गरेका बीबीए/एमबीएजस्तो कोर्स कुनै पनि हालतमा आफ्नै मान्छेहरूले सञ्चालन गरेका निजी कलेजलाई बाहेक अरू कलेजहरूलाई सम्बन्धन नै दिँदैनन् । ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेजले वर्षौंदेखि केही नयाँ कार्यक्रम थप गर्ने आवेदन त्रिभुवन विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयमा पेस गरेकोमा अहिलेसम्म सम्बन्धन प्राप्त गर्न सकेको छैन, मानौं कि त्यो कार्यक्रम उनीहरूकै निजी हो । त्यस्तै ४/५ वर्षमा पूरा हुने कोर्स विश्वविद्यालयको अव्यवस्थितिकै कारणले ५/६/७ वर्षमा पनि पूरा नभएका धेरै उदारहणहरू छन् ।

यसकारण, यी र यस्तै समस्याहरूको समाधानकै लागि ख्वप विश्वविद्यालय विधेयक छिटोभन्दा छिटो स्वीकृति होस् भन्ने भक्तपुरका जनताको चाहना हो । देश र जनताको निःस्वार्थ सेवाबाहेक भक्तपुरको अरू कुनै पनि स्वार्थ छैन । राणा शासनको कालमा मात्र शिक्षामा लगानी नै गरिएन । पद्म शमशेरमात्र शिक्षाप्रति अलि उदार देखिएको थियो । जनताको शिक्षा हासिल गर्ने चाहनालाई थेग्न नसकेर बाध्यताबस खोल्न दिएको त्रिचन्द्र कलेजको शिलान्यास गरेको बेला आफ्नो खुट्टामा आफैले बन्चरोले हानेको चन्द्र शमशेरले दिएको अभिव्यक्ति चर्चाको विषय बनेको थियो । नेपालका कम्युनिस्ट सरकार चन्द्र शमशेरको अर्को अवतार त होइन होला नि ? त्यसैले सरकार मेडिकल माफिया, शैक्षिक बिचौलियाहरूको घेरामा परेर विधेयक स्वीकृति नदिएको भन्ने आरोप लागिरहेको बेलामा ख्वप विश्वविद्यालयको विधेयक पारित गरी उपरोक्त आरोपबाट मुक्त हुने सुअवसर नगुमाउन सल्लाह छ ।

अन्त्यमा केही मननयोग्य उक्तिहरू

१. कुनै देश ध्वस्त पार्न बम नै खसाल्नु पर्दैन, त्यो देशको संस्कृति र शिक्षा व्यवस्थालाई ध्वस्त पारिदिए पुग्छ ।
२. तिमी १ वर्षको लागि सोच्छौ भने व्यापार गर, १० वर्षको लागि सोच्छौ भने रुख रोप, १०० वर्षको लागि सोच्छौ भने शिक्षामा लगानी गर ।

हो, भक्तपुरका जनताले त्यहीं काम गर्न खोजेका हुन् ।

स्रोत : मजदुर दैनिक, भदौ ३ गते

## जीवन–आचरण

## सपना

**शिक्षक** : तिमीहरू भविष्यमा के के बन्छौं ?

**राम** : सर, म डाक्टर बन्ने छु र आफ्नै निजी क्लिनिक खोलेर थुप्रै पैसा कमाउने छु ।

**सूर्य** : सर, म चाहिँ पाइलट बन्छु । आकाशमा मज्जाले उड्दै प्रशस्त सम्पत्ति कमाउने छु ।

**हरि** : सर, म त इन्जिनियर बन्ने छु । देशका ठूला ठूला प्रोजेक्टहरू बनाएर कुस्त पैसा कमाउने छु ।


**गोबिन्द** : सर, म त राजनीतिक दलको नेता बन्ने छु । देशका सबै डाक्टर, इन्जिनियर, पाइलट, ब्यवसायीहरूलाई मेरो नीति निर्देशनमा काम गराउने छु ।

म त राजा जस्तै बाँच्ने छु । मेरा लागि पैसा कमाउने सबै कामहरू यी डाक्टर, इन्जिनियर, पाइलट, ब्यवसायी आदिहरूले गर्ने छन् ।"

# ख्वप विश्वविद्यालय : शिक्षाको नयाँ अध्याय

– रवीन्द्र कसजु

*स्थानीय परम्परागत ज्ञान, सीप र कलाको भण्डार नै छ भक्तपुरमा । प्रस्तावित ख्वप विश्वविद्यालयले स्थानीय र परम्परागत ज्ञान, सीपलाई अध्ययन, अध्यापन र अनुसन्धान गर्ने अवसर जुटाउने छ । यसलाई संरक्षण गर्ने दायित्व उठाउने छ । यसको प्रतिफल पाउने त देशले नै हो ।*




विश्वविद्यालय भन्नाले स्कूल, क्याम्पसलगायत अध्ययन, अध्यापन तथा अनुसन्धान कामको थालनी गर्ने, पद्धति विकास र नियमित अध्ययन अध्यापनको वातावरण तयार गर्ने थलो हो।

सिकेर, पढेर, सुनेर वा अन्य कुनै तरिकाबाट औपचारिक रूपमा शिक्षा प्रदान गर्न यसले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विश्वविद्यालयले प्रदान गर्ने शैक्षिक क्रियाकलाप कुनै विषयमा लुकेको अमूर्त ज्ञानलाई मूर्त रूपमा प्रवाह गर्न आवश्यक हुन्छ ।

यसरी हेर्दा हाम्रो घर, समाज नै एक विश्वविद्यालय हो । हाम्रो दिनचर्यामा पनि धेरै किसिमको ज्ञानवर्धक काम भइरहेको हुन्छ र हाम्रो दैनिक जीवनयापनका लागि चाहिने ज्ञान, सीप र कला आदि सिक्न सकिन्छ । यसैलाई हामीले परम्परागत नीतिको रूपमा अनुसरण गर्दै दैनिकीलाई अगाडि बढाइरहेका हुन्छौं ।

दैनिक जीवनमा हाम्रैसामु ज्ञान, विज्ञान, गणित, सीप, कला, भाषालगायत गतिविधि भइरहेको हुन्छ । यी विषयलाई कतिपयले राम्ररी व्यक्त गर्न सक्छन् भने कसैले त व्यावहारिक रूपान्तरण गरेर प्रयोगमै ल्याउँछन् र सीपमा निपुण बन्छन् । कसैले त सीपमाथि कला जोडेर बेजोड प्रदर्शन गर्न सक्छन् । त्यसैले हाम्रो समाज ज्ञान भण्डारणको संस्था हो ।

अझ यसमा विज्ञान जोडिँदा त सुनमा सुगन्ध नै हुन्छ । यसक्रममा भेटिने त्रुटि कम गर्न, प्राप्त सीप र ज्ञानको जगेर्ना गरिराख्न र चाहेको बेला उपयोग गर्ने प्रक्रिया चलिरहेको हुन्छ । यसमा प्रविधि मिलाएर नयाँ चिजहरूको विकास गराउने काम पनि हुन्छ । यी सबै कामको केन्द्रविन्दु विश्वविद्यालय हुन्छन् । विश्वविद्यालय शिक्षाको मद्दतले हामीभित्र लुकेका ज्ञान, विज्ञान, गणित, सीप र कलालाई उजागर गर्न मद्दत गर्छन् ।

हामी आफैंमा अन्तरनिहित ज्ञान, सीप र कलालाई अध्ययन-अध्यापन गराउनु जरूरी हुन्छ । यसले परम्परागत शैलीबाट हामीमा हस्तान्तरित ज्ञान, सीप र कला थप उजागर हुन्छ । यस्तो शिक्षा नीतिको अध्ययन अध्यापन हाल नेपालमा चलिरहेको कुनै पनि विश्वविद्यालयमा मूलतः नरहेको निष्कर्षसहित ख्वप विश्वविद्यालयको अवधारणा अगाडि सारिएको हो ।

भक्तपुर नगरपालिकाले विद्यालय, महाविद्यालय तथा कलेजहरूको सफल सञ्चालन गर्दै लामो समयदेखि भक्तपुर जिल्लामा राम्रो शैक्षिक नतिजा दिँदै आएको छ । यहाँको शैक्षिक अभ्यासलाई छिमेकीलगायत जिल्लाहरूले नमुनाको रूपमा चर्चा गरिरहेका हुन्छन् ।

यहाँ लगभग देशका ७७ ओटै जिल्लाबाट विद्यार्थी, कर्मचारी, शिक्षकहरू अध्ययन अध्यापन गरिरहेका छन् । विभिन्न विधामा स्नातक, स्नातकोत्तर तहमा अध्ययन अध्यापन भइरहेको छ ।

पङ्क्तिकार भक्तपुरको स्थानीय बासिन्दा हो । काठमाडौं विश्वविद्यालयमा कार्यरत छु । प्राज्ञिक क्षेत्रमा कार्यरत रहेकोले मलाई यहाँको शैक्षिक क्षेत्रप्रति गहिरो रुचि छ । एक दशकभन्दा अघिदेखि परिकल्पना गरिएको र बहसमा रहेको ख्वप विश्वविद्यालय अझै पनि प्रतीक्षाकै विषय रहेको छ । हामीले अझै कति कुर्नुपर्ने ? यसको जवाफ खोज्ने क्रममा सँगालेका अनुभूति यहाँ राख्दैछु ।

**"विश्वविद्यालयले सहज रूपमा विद्यार्थीलाई उत्तीर्ण गराउने मात्रै होइन, ती विद्यार्थीलाई आफैंमा सबल, सुयोग्य, स्वरोजगारमा वृद्धि गर्न सक्ने, आफ्नै स्थान र वातावरणअनुसारको काममा वैज्ञानिक तबरले स्वरोजगार हुनसक्ने गरी क्षमतावान् बनाउनुपर्छ ।"**

सम्भाव्यता र आवश्यकताबारे अध्ययन भइसकेरै होला प्रस्तावित ख्वप विश्वविद्यालय सम्बन्धी विधेयक अगाडि बढाइएको । संसद्मा टेबल भएको पनि । तर यसपछि आएका विश्वविद्यालय संसद्बाट पास भएर सञ्चालनमा आइसकेका छन् । छोटो प्रयासमै नेपाल विश्वविद्यालय विधेयक पारित भएर सञ्चालनमा आउने सम्भावना बलियो हुँदै गएको छ ।

तर, ख्वप विश्वविद्यालय आउने अझै छाँटकाँट देखिएको

छैन। यसो हुनुको मुख्य कारण के हो ? यसमा प्राज्ञिक, राजनीतिक, व्यापारी वर्ग, राजनीतिक नेतृत्व, बुद्धिजीवी, पत्रकार सबैले विचार विमर्श गर्नुपर्ने भएको छ।

नेपालमा धेरै विश्वविद्यालय स्थापना भइसकेको हुनाले, देशलाई चाहिने दक्ष जनशक्ति उत्पादन वृद्धि हुँदै गएको र भविष्यमा उत्पादित दक्ष जनशक्तिका लागि व्यवस्थापन गर्न गाह्रो पर्ने भएर हो कि ? कि हाल सञ्चालित विश्वविद्यालयले पढाउने विधाहरू र यस प्रस्तावित ख्वप विश्वविद्यालयले प्रदान गरिने विधाहरूको पढाइको अन्तर नहुने भएर हो ? कि छिमेकमै थुप्रै विश्वविद्यालय, बग्रेल्ती आंशिक क्याम्पस भएकोले हो ? अन्यथा ख्वप विश्वविद्यालयप्रति सांसदहरू नकारात्मक हुनुपर्ने किन हो ?

स्थानीय परम्परागत ज्ञान, सीप र कलाको भण्डार नै छ भक्तपुरमा। प्रस्तावित ख्वप विश्वविद्यालयले स्थानीय र परम्परागत ज्ञान, सीपलाई अध्ययन, अध्यापन र अनुसन्धान गर्ने अवसर जुटाउने छ। यसलाई संरक्षण गर्ने दायित्व उठाउने छ। यसलाई अनुसन्धानको माध्यमबाट प्रवर्द्धन गरी विश्वबजारमा प्रकाशमा ल्याउनेछ। यसको प्रतिफल पाउने त देशले नै हो।

हाम्रा पुर्खाले सिर्जना गरेका अमूल्य प्रविधिहरूलाई हालको एआई प्रविधिमा समायोजन गरेर प्रविधि विकास गर्ने मौका पनि ख्वप विश्वविद्यालयले गर्नेछ। त्यसैले संसद्‌बाट यसलाई पारित गर्न निकै ढिला भइसक्यो। संसद्‌को यो ढिलाइ स्थानीय परम्परागत शैली लिपिबद्ध गर्न ढिलाइ गर्नु हो। यसलाई लोप हुनबाट जोगाउन ढिलाइ गर्नु हो।

विश्वविद्यालय सञ्चालनमा ल्याउन भक्तपुर नगरलाई कठिन पनि छैन। जनशक्ति आपूर्ति पनि अहिले नगरबाट सञ्चालित विभिन्न क्याम्पसबाट गर्न सकिन्छ। ख्वप कलेज इन्जिनियरिङले समय-समयमा गर्ने सम्मेलन र अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता र यसका नतिजाले पनि यसको योग्यता परीक्षित भइसकेको छ।

चाहे आर्थिक दृष्टिकोण होस् वा भौतिक संरचना, भक्तपुर नगर व्यवस्थापनमा सक्षम छ। यसले स्रोत वृद्धि र व्यवस्थापन वैज्ञानिक ढङ्गले गर्न सक्नेछ।

अरू विश्वविद्यालयभन्दा फरक विधामा काम गर्न पनि ख्वप विश्वविद्यालय तयार छ। अहिले धेरैजसो अभिभावक आधुनिक शिक्षामा पनि इन्जिनियरिङ, डाक्टर्स, प्राविधिक शिक्षामा बढी रुचि देखाइरहेका छन्। ख्वपले यसलाई प्राथमिकतामा राख्नेछ।

बरु, यसलाई परम्परागत ज्ञान, सीप र शैलीसँग जोडेर आधुनिकीकरण गर्न मिहिनेत गर्नेछ। यस किसिमको विधाहरूबाट उत्पादित स्नातक तथा स्नातकोत्तरहरूलाई व्यवस्थापन गर्नमा पनि विचार गर्नुपर्ने त छँदैछ। स्वदेशी तथा विदेशी विद्यार्थी भित्र्याउने र कम्तीमा १० प्रतिशत अन्तर्राष्ट्रिय विद्यार्थी भित्र्याउने गरी योजना बनाउनुपर्छ।

हामीकहाँ भएका अधिकांश विश्वविद्यालय चारवर्षे स्नातक तहबाट सञ्चालित छन्। जुन बाहिरी विश्वविद्यालयसँग मिल्दोजुल्दो देखिन्छ। यी विश्वविद्यालयबाट उत्पादित अधिकांश विद्यार्थीको गन्तव्य विदेश नै हुने गरेको छ। हाम्रो लगानी विदेशिने विद्यार्थी उत्पादनका लागि जस्तो भइरहेको छ। यसरी हाम्रा अधिकांश विश्वविद्यालय अरू देशको लागि जनशक्ति पठाउने 'म्यानपावर कम्पनी'को रूपमा स्थापित भएको जस्तो लाग्नु स्वाभाविक हो।

विश्वविद्यालयले सहज रूपमा विद्यार्थीलाई उत्तीर्ण गराउने मात्रै होइन, ती विद्यार्थीलाई आफैमा सबल, सुयोग्य, स्वरोजगारमा वृद्धि गर्न सक्ने, आफ्नै स्थान र वातावरणअनुसारको काममा वैज्ञानिक तवरले स्वरोजगार हुनसक्ने गरी क्षमतावान् बनाउनुपर्छ। पढाइमा अब्बल तर, काम गर्ने शैली र सीपमा कमसल हुँदा उनीहरूले विश्वबजारमा आफूलाई प्रतिस्पर्धीका रूपमा उभ्याउन सक्दैनन्। सीप र क्षमता भएकासँग पनि अनुभव नहुन सक्छ।

यसबाट पैदा हुने हीनताबोधको क्षति समाजले नै चुक्ता गर्नुपर्छ। यस्तो किसिमको विद्यार्थीलाई समतामूलक ढङ्गले व्यवहार गर्ने र अवसरको सिर्जना गर्ने दायित्व विश्वविद्यालयकै हुनआउँछ। अनि मात्र विश्वविद्यालय स्थापना गर्नुको औचित्य सिद्ध हुन्छ। यी उद्देश्यमा चुकेर केवल विद्यार्थी उत्तीर्ण गर्ने दौडमा लाग्ने हो भने कुनै पनि विश्वविद्यालयले आफ्नो औचित्य स्थापित गर्न सक्दैनन्। ख्वप विश्वविद्यालय यसमा अब्बल उत्रनेछ।

## जीवनोपयोगी शिक्षा

सरकारले लिने शैक्षिक नीतिको प्रभाव शैक्षिक क्षेत्रमा प्रत्यक्ष पर्छ। राजनीतिक अस्थिरताले त विश्वविद्यालयको अध्ययन, अध्यापन र अनुसन्धानमा धेरै असर नै पारिरहेको छ।

पछिल्लो समय धेरैजसो विश्वविद्यालयको शिक्षा प्राविधिकभन्दा रोजगारमूलक र रोजगारोन्मुख कार्यक्रमहरूमा आकर्षित भएर आएको पाइन्छ। शिक्षाको उद्देश्य दक्ष युवा पुस्तालाई आफ्नै स्थानमा रोजगारमूलक कामको सिर्जना गर्न सक्ने क्षमता प्रदान गर्नु हो। यसले विश्वविद्यालयको स्नातकको मूल्य र मान्यतालाई कायम गर्दछ। अनि विश्वविद्यालयको साख बढाउने काम गर्दछ।

यो उद्देश्यमा आफूलाई अब्बल राख्न ख्वप विश्वविद्यालयले विभिन्न सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्नुपर्नेछ। यो काममा सफलता हासिल गर्न सकेमा विदेशिने विद्यार्थीको सङ्ख्या रोक्न सकिन्छ। आफूले चाहेको विषय पढ्न नपाइनु, विषय भए पनि स्तरीय शिक्षा नपाउनु, भौतिक पूर्वाधार कमजोर हुनु जस्ता समस्या पनि छन्।

नेपालका भन्दा विदेशी विश्वविद्यालयबाट उत्पादित जनशक्तिहरू हाम्रो स्थानीय तहदेखिका निकायहरूले रुचाइएको पाइन्छ। त्यसैले नयाँ पुस्ताको बढी ध्यान विदेशी विश्वविद्यालयतिर गएको हुनुपर्छ। अहिलेसम्म यस्तो विषयमा निकै कम छलफल तथा विचार-विमर्श भएको छ। सबै विश्वविद्यालयहरूले चासो राखे पनि यस विषयमा कुनै अनुसन्धान भने भएको छैन।

(लेखक काठमाडौं विश्वविद्यालयमा प्राध्यापन गर्छन्।)

स्रोत : अनलाइनखबर, २०८१ भदौ १३ गते

# कानुनको विद्यार्थीको आँखामा भक्तपुर काण्ड र स्वच्छ सुनुवाई



सलिना ज्याख्व

## भक्तपुर काण्डको घटना विवरण

सधैं भैँ यो पाली पनि भित्तेपात्रोमा भाद्र ९ गतेलाई कालो देख्दा मलाई यो दिनको इतिहास बुझ्न कौतुहलता जाग्यो। यही सिलसिलामा मैले विभिन्न व्यक्ति, किताव तथा पत्रपत्रिका अध्ययन गर्ने मौका पाएँ। २०४५ भाद्र ५ गते गएको भूकम्पबाट भक्तपुरमा धेरै जनाको घर भत्किएर खाने एउटा अनाज पनि नबचेको अवस्थामा सरकारले भक्तपुरमा राहतको कुपन बाँड्ने तथा सो बमोजिम राहत बाँड्ने क्रममा धाँधली भएको थियो। सो धाँधलीको कारणले भक्तपुरमा वास्तविक भूकम्पका पीडितहरू राहतबाट वञ्चित हुन पुगे र उक्त विषयलाई लिएर आक्रोशित जनताहरू र कुपन वितरक कर्ण ह्योजू र उत्तम श्रेष्ठ बिच ठुलो विवाद पनि उत्पन्न भएको रहेछ।

आक्रोशित जनताहरूको भीडमा बिस्तारै शङ्कास्पद रूपमा अपरिचित व्यक्तिहरूको बाहुल्य बढ्दै गएपछि राजनैतिक रूपमा सतर्क व्यक्तिहरूले भीडलाई नियन्त्रण गर्दै र ह्योजूको संरक्षण गर्दै उसलाई प्रहरी भ्यानसम्म राखेर पठाएका थिए। तर प्रहरीको जिम्मामा लगाइएको व्यक्ति ह्योजूलाई प्रहरीले नियोजित तरिकाले पुनः गोलमढीमा छोडी गएको थियो। प्रहरीको यस कार्यबाट पनि यो काण्ड षड्यन्त्र हो भन्ने प्रमाणित हुन्छ।

यसरी ह्योजूलाई प्रहरीले बाटैमा छोडेपछि त्यहाँ अपरिचितहरूको बाहुल्य रहेको भीडबाट ह्योजूलाई लात–मुक्का बर्साइयो। अवस्था निकै नाजुक भइसकेको ह्योजूलाई भक्तपुर अस्पताल हुँदै वीर अस्पतालमा लगियो। तर उपचारमा अस्पतालले नियोजित रूपमा ढिलाई गऱ्यो *(सिन्जाली, वि.सं. २०७०)*। समयमै उपचार नपाएको ह्योजूको मृत्युको घोषणा भाद्र ९ गतेको राति ११:४५ मा भएको थियो। तर उसको मृत्युको घोषणा र जाहेरी दर्ता हुनुभन्दा अगावै भाद्र ९ गतेको रातिको ११–१२ बजेको समयपछि का. रोहित, गोविन्द दुवाल, आशाकाजी बासुकला, चैत्यराज शाक्य, ज्ञानबहादुर न्याइच्याई लगायतलाई पक्राउ गरिसकेका थिए *(सिन्जाली, वि.सं. २०७०)*। कर्ण ह्योजूको हत्यामा ५३ व्यक्तिहरू विरुद्ध मृत्युदण्डको सजाय माग गरी सम्भवतः भाद्र १० गते जाहेरी दिइएको थियो *(सिन्जाली, वि.सं. २०७०)*।

## स्वच्छ सुनुवाईको आधारशीला

*स्वच्छ सुनुवाईको अधिकार लोकतान्त्रिक समाजको आधारभूत स्तम्भहरू मध्ये एक हो।'*

-Inter-American Commission on Human Rights

स्वच्छ सुनुवाई भन्नाले निष्पक्ष न्यायाधीश र जुरीको उपस्थितिमा हुने सुनुवाई भन्ने बुझिन्छ *(ब्ल्याक ल डिक्सनरी, १२औँ संस्करण)*। स्वच्छ सुनुवाईको अधिकार स्वतन्त्र र सक्षम फौजदारी न्याय प्रणालीसँग सम्बन्धित रहेको एक आधारभूत मानव अधिकार हो। सामान्यतया, हामीले स्वच्छ सुनुवाईको अधिकारको बारेमा अध्ययन गर्दा पूर्व सुनुवाईको अधिकार, सुनवाईको अधिकार र सुनुवाई पश्चातको अधिकार गरी तीन भागमा अध्ययन गर्छौं *(राष्ट्रिय न्यायिक प्रतिष्ठान, वि.सं. २०६९)*।

तसर्थ स्वच्छ सुनवाईको अधिकारले अदालतमा मुद्दाको काम कारबाहीमा निष्पक्षता र स्वच्छताको सुनिश्चितता गरे सँगसँगै मुद्दा अदालतमा पस्नुभन्दा अघि र अदालतबाट फैसला भइसकेपछि पनि निष्पक्षता र स्वच्छताको सुनिश्चितता गर्छ। यसैले स्वच्छ सुनुवाईलाई न्यायप्रणालीको आत्मा, प्राकृतिक न्यायको सिद्धान्तसँग आबद्ध र आधारभूत मानव अधिकारको रूपमा लिइन्छ *(राष्ट्रिय न्यायिक प्रतिष्ठान, वि.सं. २०६९)*।

भक्तपुर काण्ड घटेको समयमा स्वच्छ सुनवाई सम्बन्धित अधिकारको व्यवस्था नेपालको संविधान, २०१९ को धारा ११ (३),(४),(५),(६),(७) मा उल्लेख गरिएको थियो। उक्त धाराहरूले कुनै पनि व्यक्तिलाई तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेबापत कुनै किसिमको सजाय दिने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन, कुनै पनि व्यक्तिविरुद्ध अदालतमा एकै कसुरमा एकपटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन, कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन, कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन र साथै पक्राउमा परेका व्यक्तिलाई आफूले रोजेको

कानुन व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानुन व्यवसायीद्वारा पूर्पक्ष गर्न पाउने हकबाट वञ्चित गरिने छैन, पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक २४ घण्टाभित्र न्यायिक निकाय समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन भनी मौलिक हकको व्यवस्था गरेको थियो *(नेपालको संविधान, २०१९)* ।

यी मौलिक अधिकारहरू बाहेक स्वच्छ सुनवाई सम्बन्धित अधिकारको व्यवस्था विभिन्न कानुनहरू जस्तै नागरिक अधिकार ऐन २०१२, सरकारी मुद्दा सम्बन्धित ऐन, २०१७, कारागार नियमावली,२०२० लगायतका ऐन नियममा पनि गरिएको थियो ।

त्यस्तै गरी अन्तर्राष्ट्रिय स्तरमा स्वच्छ सुनवाईको अधिकारको संरक्षण र सम्वर्द्धन गर्नको निमित्त विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धित दस्तावेजहरू जारी भइसकेका थिए । जसभित्र मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धित अनुबन्ध, १९६६, आर्थिक सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १० डिसेम्बर, १९८४ आदि पर्दछन् ।

अन्तर्राष्ट्रिय स्तरमा स्वच्छ सुनुवाईको अधिकार सम्बन्धी यस्ता विभिन्न अन्तर्राष्ट्रिय लिखतहरू जारी भइसकेको भएता पनि यी दस्तावेजहरू भने सन् १९९१ अघि अर्थात् भक्तपुर काण्डको सुनुवाई जारी रहँदाका बखत नेपालले अनुमोदन गरिसकेका थिएनन् ।

## पूर्पक्षपूर्व सुनुवाईको कडीमा भक्तपुर काण्ड

भक्तपुर काण्ड घटेको समयमा नेपालको संविधान, २०१९ सँगसँगै अन्य विभिन्न कानुनहरू जस्तै, नागरिक अधिकार ऐन, २०१२, सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७, प्रमाण ऐन, २०३१ आदि कार्यान्वयनमा थिए । यी विभिन्न कानुनहरूमा नेपाल सरकारले स्वच्छ सुनवाई सम्बन्धित अधिकारहरूको सुनिश्चितता गरेको थियो र जतिसुकै गम्भीर आरोप लागेको भएता पनि यस्ता अधिकारहरूको संरक्षण गर्दै आरोपित व्यक्तिको जीवन र स्वतन्त्रतालाई संरक्षण गर्नु राज्यको प्रमुख जिम्मेवारी हुन जान्छ *(घिमिरे, वि.सं. २०७८)* ।

भक्तपुर काण्डको सन्दर्भमा हेर्ने हो भने आरोपितहरूको पूर्पक्षपूर्व सुनवाई सम्बन्धित अधिकारहरूको स्पष्ट उल्लङ्घन भएको देखिन्छ । जसले राज्यको मात्र नभएर हाम्रो फौजदारी न्याय प्रणालीकै सिद्धान्तमाथि ठूलो प्रश्न चिह्न खडा गरेको थियो ।

नेपालको संविधान, २०१९ को भाग ३ अन्तर्गतको धारा ११ (५) ले स्वतन्त्रताको हक अन्तर्गत 'कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने' अधिकारको सुनिश्चितता गरेको छ । तर, उक्त मौलिक हकको विपरीत कर्ण ह्योजूको हत्यामा पक्राउ परेका बन्दीहरूलाई अमानवीय यातना दिएर साविती बयानमा जबरजस्ती सही गर्न दबाब दिइयो *(भक्तपुर काण्ड विशेषाङ्क)* ।

ओमचरण अमात्यलाई 'यातनाले लत्रेनौ र सही गरेनौ भने खल्तीमा लागूपदार्थ राखेर ३३ वर्ष जेलमा राखिदिउँला', ज्ञानबहादुर न्याइच्याइलाई 'तिमीहरू निर्दोष छौ भन्ने कुरा हामीलाई थाहा छ तर पनि हामी बाध्य छौं', गणेशबहादुर खत्रीले 'हामीले भनेको कागजमा सही गर्‍यौं भने सजाय घटाइदिउँला' *(सिन्जाली, वि.सं. २०७०)* भनेको तथ्यले पनि डर, धम्की र यातनाको प्रयोग गरेर बन्दीहरूलाई आफूले गर्दै नगरेको कसुर पनि स्वीकार गर्न दबाब दिइयो भन्ने कुरा स्पष्ट छ ।

सोही संविधानको धारा ११ (६) ले 'कुनै पनि व्यक्तिलाई आफूले रोजेको कानुनी सल्लाहकारसँग सल्लाह लिन तथा कानुन व्यवसायीद्वारा पूर्पक्ष गर्न पाउने हकबाट वञ्चित गरिने छैन' भनी मौलिक हक प्रदान गरेको थियो ।

तर, उक्त मुद्दाका बन्दीहरूलाई वकिलहरूसँग भेट गर्न दिइएको थिएन र साथसाथै उनीहरूका कानुन व्यवसायीहरूलाई सरजमिन स्थलमा प्रवेशसम्म पनि गर्न दिइएको थिएन *( सिन्जाली, वि.सं. २०७०)* ।

त्यस्तै गरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ ले उक्त ऐन बमोजिमको मुद्दा चलाउनको निमित्त नजिकको प्रहरी चौकीमा लिखित सूचना वा मौखिक प्रतिवेदन बुझाउनुपर्ने मापदण्डको व्यवस्था गरेको छ । तर, यस मुद्दामा जाहेरी नपर्दै नागरिकहरूलाई धमाधम घर, बजार, खेत, विद्यालय र काम गरिरहेको ठाउँबाट पक्राउ गरियो ।

कर्ण ह्योजूका दाजु गोविन्द ह्योजू र भाइ भवानी ह्योजूले प्रहरी कार्यालयमा सम्भवत भदौ १० गतेपछि जाहेरी दिएका थिए तर त्यस अगावै भदौ ९ गते बेलुका ११:३० देखि १० गते झिसमिसेसम्ममा सयौं नागरिकहरू लगायत कामरेड रोहित, माननीय गोविन्द दुवाल, प्रधानपञ्च आशाकाजी

बासुकला, उपप्रधानपञ्च चैत्यराज शाक्य, भू.पु. प्रधानपञ्च ज्ञानबहादुर न्याइच्याइं लाई ओछ्यान ओछ्यानबाट पक्राउ गरेर लगिएको थियो *(सिन्जाली, वि.सं. २०७०)*। यसले पनि भक्तपुर काण्ड समग्र रूपमा एउटा षड्यन्त्र थियो भन्ने शङ्कालाई बलियो आधार प्रदान गर्छ।

सामान्यतया फौजदारी कानुनको सिद्धान्त र २००७ सालपछि नेपाली कानुनी प्रणालीले अपनाएको कमन ल प्रणालीले 'अभियोग लाग्नु र प्रहरीको हिरासतमा लिनु नै अपराधी घोषित हुनु होइन' भनेर भन्छ। तर भदौ १० गते प्रधानमन्त्री मरिचमान सिंह, राष्ट्रिय पञ्चायत एवं पञ्चायत नीति तथा जाँचबुझ समितिका अध्यक्ष नवराज सुवेदी, परराष्ट्रमन्त्री शैलेन्द्रकुमार उपाध्याय, गृहमन्त्री निरञ्जन थापालगायत भू.पू. सम्माननीयहरू, थुप्रै माननीयहरू, प.नी.जाँ.बु.स. का पदाधिकारीहरू, भुपुमन्त्री जोगमेहर श्रेष्ठ र मण्डलेहरूले 'हत्यारा रोहितलाई फाँसी दे', 'हत्यारा गोविन्द दुवाललाई फाँसी दे' भन्दै सडकमा जुलुस र नाराहरू लगाए *(सिन्जाली, वि.सं. २०७०)*।

नेपालमा यातनाविरुद्ध स्पष्ट मौलिक अधिकार, २०४७ को संविधानपछि मात्र आएको थियो। तसर्थ यातनाविरुद्धको अधिकार प्रदान गर्ने उचित कानुनी प्रावधानको अभावमा यस काण्डमा आरोपित व्यक्तिहरूलाई प्रहरीले उच्चतम यातना दिएको थियो।

घरघरबाटै घेरा हालेर मुड्की र लाठी हान्दै पक्राउ गरेका बन्दीहरूलाई प्रहरीले बर्बर तवरले कुटपिट र यातना दियो। झूटो साविती बयान र कीर्ते कागजमा सही गराउन बन्दीहरुलाई पैतलामा कुट्ने, चुरोटले पोल्ने, उल्टो लट्काएर कुटपिट गर्ने, करेन्ट लगाउने, औंलाको कापमा लठ्ठी र डटपेन राखेर बेसरी च्याप्ने गरेको थियो।

शारीरिक यातना सँगसँगै बन्दीहरूलाई एक्लै राखेर मानसिक यातना पनि दिने गरेको थियो। जाहेरी दर्ता नपर्दै फाँसी र आजीवन कैदको धम्की दिने, परिवारलाई टोल समाजले कुटपिट गरेको, नाङ्गो घुमाएको र श्रीमती पोइला गएको जस्तो भ्रामक खबर दिएर बन्दीहरूको मनोबललाई कमजोर पार्ने रणनीति अपनाइएको थियो *(भक्तपुर काण्ड विशेषाङ्क)*। तसर्थ बन्दी बनाइएका व्यक्तिहरूले यसरी मध्ययुगीन बर्बरता सम्झाउने प्रहरीको यातना सहनुपरेको थियो *(सिन्जाली, वि.सं. २०७०)*।

यी पूर्वसुनवाई सम्बन्धित अधिकारहरूको उल्लङ्घनका अतिरिक्त बन्दीहरूका अन्य विभिन्न अधिकारहरू पनि उल्लङ्घन भएका थिए। उनीहरूलाई आफ्नो परिवार र आफन्तहरूसँग समेत भेट गर्न नदिएको, घरबाट पुर्‍याउन लगिएको खाना नदिएको अथवा समयमै नदिएको, ओढ्ने, ओछ्याउने र आधारभूत आवश्यकताका वस्तुहरू उपलब्ध नगराएको र पत्रपत्रिका र समाचारबाट पनि वञ्चित गरिएको थियो *(भक्तपुर काण्ड विशेषाङ्क)*।

यस काण्डले बन्दीहरूको मात्र नभएर अन्य सर्वसाधारण जनताहरूको समेत जीवनमा आँधिबेहरी निम्त्याएको थियो। जनताहरू न त आफ्नै घरमा सुरक्षित रहे न त आफ्नै नगरमा। नागरिक अधिकार ऐन, २०१२ ले अनधिकृत प्रवेशलाई निषेध गरेको भएता पनि यस मुद्दाको सिलसिलामा प्रहरीहरूले आफ्नो अख्तियारको दुरुपयोग गर्दै ५०० भन्दा बढी घरहरूमा बिनाकारण खानतलासी गरे र यसरी खानतलासी लिंदा प्रहरीबाट डकैती सरहको व्यवहार पनि भयो *(सिन्जाली, वि.स २०७०)*।

प्रहरीको आतङ्क मचेपछि जनताहरूको स्वतन्त्रताको हक पनि केही हदसम्म हनन हुन पुग्यो। प्रहरीले जो कोहीलाई सोधपुछको नाउँमा हिरासतमा राख्न थालेपछि शारीरिक र मानसिक यातनाबाट जोगिन युवाहरू नगरबाट टाढा गाउँ र उपत्यका बाहिर बाध्यताले विस्थापित भए। स्वतन्त्र तवरले भक्तपुरका जनता बाहिर हिंडडुल समेत गर्न छोडे *(भक्तपुर काण्ड विशेषाङ्क)*।

नेपालको संविधान, २०१९ को भाग ३ अन्तर्गतको धारा १५ ले सुनिश्चितता गरेको सम्पत्ति सम्बन्धि हकका विरुद्ध प्रहरीहरूले जनताका घरहरूमा अनधिकृत प्रवेश गरी घरका झ्यालढोका र सामानहरू तोडफोड गरी सम्पत्ति विनाश गरे र गैरकानुनी तवरले यस्ता सम्पत्तिहरू जफत पनि गरे *(सिन्जाली, वि.सं. २०७०)*। त्यस्तैगरी, तलासीमा प्रहरीहले प्रज्ञा प्रतिष्ठान पुस्तकालय र खुला बिक्री भएका पुस्तक पत्रपत्रिका पनि अवैध ठहर्‍याउँदै लगे *(सिन्जाली, वि.सं. २०७०)*।

## स्वच्छ सुनवाई सम्बन्धती हामीले जान्नुपर्ने मौजुदा कानुनहरू

हाल नेपालमा स्वच्छ सुनवाई सम्बन्धि अधिकारहरूको व्यवस्था मुख्यतः नेपालको संविधान (२०७२) को धारा २० र मुलुकी फौजदारी संहिता, २०७४ को परिच्छेद २ को दफा १० ले गरेको छ।

नेपालको संविधानको धारा २० ले न्याय सम्बन्धी हक अन्तर्गत कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन, पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानुन व्यवसायीद्वारा पूर्पक्ष गर्ने हक

हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ, पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनुपर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन, तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानुनमा तोकिए भन्दा बढी सजाय दिइने छैन, कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन, कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकपटक भन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन, कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन, प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ, प्रत्येक व्यक्तिलाई स्वतन्त्र निष्पक्ष र सक्षम अदालतमा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुनेछ, असमर्थ पक्षलाई कानुनबमोजिम निःशुल्क कानुनी सहायता पाउने हक हुनेछ भनी स्वच्छ सुनुवाई सम्बन्धि मौलिक हकको सुनिश्चितता गरेको छ *(नेपालको संविधान)*।

त्यस्तै गरी मुलुकी फौजदारी संहिता, २०७४ को परिच्छेद २ को दफा १० मा कानुनबमोजिम बाहेक सजाय नहुने, एउटै कसुरमा दोहोरो सजाय नहुने, स्वच्छ सुनवाईबाट वञ्चित नहुने, आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने, कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने जस्ता स्वच्छ सुनुवाई सम्बन्धी कानुनी अधिकारको सुनिश्चितता गरेको छ।

यी राष्ट्रिय कानुनहरू सँगसँगै नेपालले मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६, आर्थिक सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १० डिसेम्बर, १९८४ लगायतका अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई पनि अनुमोदन गरिसकेको छ।

## निष्कर्ष

भक्तपुर काण्डमा भए सरहको कानुन प्रदत्त अधिकारहरूको उल्लङ्घन फेरि पनि नहोस् भनेर सुनिश्चित गर्नका निम्ति हरेक नागरिक कानुनी रूपमा सचेत हुन अपरिहार्य छ। यसका साथै राज्यले पनि हरेक आरोपित व्यक्तिको स्वच्छ सुनवाई सम्बन्धी अधिकारहरूको सम्मान र संरक्षण गर्न दायित्व बोध गर्न आवश्यक छ। स्वच्छ सुनुवाई न्यायप्रणालीको आत्मा हो र यसलाई सफल तवरले कार्यान्वयन गर्नको निम्ति संविधान, कानुन तथा अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धित दस्तावेजहरूको प्रावधानहरूलाई सही रूपमा पालना गराउनु पर्दछ *(राष्ट्रिय न्यायिक प्रतिष्ठान, वि.सं. २०६९)*। स्वच्छ सुनुवाई सुनिश्चित भए मात्र पीडित, पीडक तथा आम जनमानस न्यायप्रति विश्वस्त हुन्छ। यस अध्ययनले जनतालाई कानुनी, राजनीतिक तथा सामाजिक ज्ञान दिन नेतृत्व सधैँ अग्रसर रहनुपर्ने र हामी युवा सतर्क र संवेदनशील रहनुपर्ने आवश्यकता देखिन्छ।

(लेखिका ख्वप कलेज अफ लका BALLB पहिलो वर्षको विद्यार्थी हुनुहुन्छ।)

**अज्ञानीहरू रोगदेखि डराउँछन्**
**मूर्खहरू रोगलाई बेवास्ता गर्छन्**
**बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्**
**सफा गर्ने बानी बसालौं**
**रोगदेखि टाढा बसौं।**

# हार्दिक श्रद्धाञ्जली



**स्व. सेलबहादुर गोरा**

जन्म : १९९९ चैत्र १३ | निधन : २०८१ भाद्र १६

भक्तपुर नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष राजकृष्ण गोराका पूजनीय पिता **सेलबहादुर गोरा** को दुःखद निधन भएकोमा मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका परिवार**

# सिम्रौनगढ र रानीबास राममन्दिरको घण्ट



गौरीबहादुर कार्की
पूर्वअध्यक्ष, विशेष अदालत

प्राचीन इतिहासले भरिएको सिम्रौनगढ अहिले बारा जिल्लाको सिम्रौनगढ नगरपालिकाको क्षेत्रमा पर्दछ ।यहाँ कंकाली माताको मन्दिर र अन्य मन्दिरहरू रहेका छन् । हिन्दु धर्मावलम्बीको शक्तिपीठको नामले परिचित कंकाली मन्दिरमा बलि भने नचढाइने रहेछ ।

२२ बिघामा फैलिएको सुन्दर इसरा पोखरी पूर्वतर्फ रहेकोछ ।प्राचीन मूर्तिहरू मन्दिर परिसरमा संरक्षण गरी राखिएका छन् । त्यहीँबाट तुलजा भवानीलाइ तत्कालीन नेपालमण्डलमा ल्याइएको थियो । हनुमान ढोका भित्र रहेको तिनै तुलजा भवानीको अग्लो र ठूलो मन्दिर नवरात्रीको नवमीको दिनमात्र सर्वसाधारणको लागि खुला गरिन्छ । स्थितिमल्लको नामले प्रसिध्द भएका भक्तपुरका राजा जयस्थिति मल्ल सिम्रौनगढका हरिसिंहदेवकै सन्तान अशोकका छोरा थिए । भक्तपुरका राजाकी छोरी बिबाह गरेकामा राजा नि:सन्तान भएपछि मल्लमा थर परिवर्तन गराएर छोरी ज्वाइँ नै राजा भएका थिए । यिनै जयस्थिति मल्लले नेपालको इतिहासमा धेरै सुधारका काम गरे । जयस्थिति मल्ल नेपालको इतिहासमा कानून बनाउने सुधारक राजाको नाममा प्रसिद्धछ । उनले न्यायविकासिनी (मानव न्यायशास्त्र) नामको कानुन नेपाल संवत् ५०० (विसं १४३६, सन् १३८०)मा जारी गरेका थिए ।

भक्तपुरका राजा जयरुद्रदेव मल्ल पछि रानी देवलदेवीको हातमा शासन गयो । यिनकी छोरी राजकुमारी नायकदेवीको बिबाह काशीका राजवंशका हरिश्चन्द्रसँग भएको थियो । उनको चाँडै मृत्यु भएपछि राजकुमार जगतसिंहसँग दोस्रो बिबाह गरिन् । जगत सिंहबाट छोरी राजल्ल देवीको जन्म भयो । राजल्ल देवीको बिबाह जयस्थिति मल्लसँग भयो । देवलदेवीले नातिनी राजल्ल देवीलाई शासन सुम्पिइन् । पत्नी राजल्ल देवीबाट जयस्थिति मल्लले शासन चलाउन थाले । त्यतिबेला बिधवा बिबाह पनि चल्दो रहेछ । अनि गोत्र परिवर्तन गरेर ज्वाइँ जयस्थिति मल्ललाइनै शासन सुम्पेको पनि देखिन आयो ।



रानीबास राम मन्दिर सिम्रौनगढ

नान्यदेवले सिम्रौनगढलाई मिथिलाको राजधानी बनाए । सन् १०९७ देखि सन् १३२७ सम्म कर्नाटक वंशले यहाँ अभेद्य शासन गरेको थियो । नान्यदेवपछि गंगासिंहदेव, नरसिंहदेव, रामसिंह देव, शक्तिसिंह देव, भूपालसिंह देव र अन्तिम राजाको रूपमा हरिसिंह देवले शासन गरेका थिए ।

नान्यदेवको छैटौँ वंशजका हरिसिंह देव (इसं १२९५–१३२४) तिरहुत साम्राज्यमाथि शासन गरिरहेका बेला अनिष्ट हुन पुग्यो । त्यसैबेला दिल्लीमा तुगलक वंश सत्तामा आयो । जसले दिल्ली र पूरै भारतभर सन् १३२० देखि १४१३ सम्म शासन गरे । सन् १३२४ अर्थात् १३८१ सालमा तुगलक वंशका संस्थापक दिल्लीका सुल्तान गयासुद्दीन तुगलकको ध्यान बंगालतिर गयो । तुगलकका सेनाले बंगालमाथि आक्रमण गरे । दिल्ली फर्केपछि सुल्तान तुगलकले सिमराँव गढको बारेमा सुने ।

गयासुद्दिनको आक्रमणसँग राजा हरिसिंह देवले प्रतिरोध गर्न सकेनन् । राज्य छाडेर सिन्धुली गढी भई नेपाल मण्डलतिर लागे । सिन्धुलीको तीनपाटनमा बस्ने क्रममै राजा हरसिंहदेवको देहान्त भयो । त्यसपछि उनकी श्रीमती देवलदेवी, छोरा

जगतसिंह देव, सेना, मन्त्रीलगायत टोली देवलदेवीको माइती नेपाल उपत्यका (भक्तपुर) तर्फ लागे । भक्तपुरसँग पहिलेदेखिनै सिम्रौनगढको राम्रो सम्बन्ध थियो ।

सिमरौनगढको हालको रानीबास मन्दिर क्षेत्रनै राजा हरिसिंह देवको पालाभन्दा अगाडिदेखिनै सुरक्षित र बलियो किल्लाको रूपमा रहेको थियो । जो जङ्गलको बिचमा वैभवशाली र सम्पन्न राजधानी थियो । यही मन्दिर वरिपरि एघारौँ शताब्दीमा तिरहुतको राजधानी रहेको सिमरौनगढ दरबारका भग्नावशेष अझै छन् । गयासुद्दीन तुगलकका सेनाले सिम्रौनका गढ र मन्दिरहरू ध्वस्त नै बनाए । सम्पत्ति लुटेर लगे । आजभन्दा ७०० वर्ष अगाडि आक्रमण भएर भारतीय सिमाना नजिक रहेको सिम्रौनगढलाई मुसलमानी आतङ्ककारीले ध्वस्तनै पारे । पुरातत्त्व विभागले ३ वर्ष अध्ययन र उत्खनन गर्दा प्राचीन खण्डित शिलालेखलगायत पुरातात्त्विक वस्तुहरू फेला पारेको थियो । तथापि भग्नावशेषहरूको पूर्णरूपमा अझै उत्खनन हुन सकेको छैन । स्थानीयले माछा पोखरी, खेत बारी खन्दा पुराना मूर्तिहरू फेला परिरहेका छन् । सिम्रौन गढको १ किमि पश्चिमतर्फ रानीबास रहेकोछ । १२ औँ शताब्दीमा तत्कालीन राजा शिवसिंहद्वारा निर्माण गरिएको महत्त्वपूर्ण राष्ट्रिय सम्पदा रानीबास मन्दिरको नामले परिचित राममन्दिरले पनि आफ्नो छुट्टै पहिचान बोकेको छ । जहाँ पुरानो रानीबास मन्दिरलाई नेपालका प्रधानमन्त्री श्री ३ जंगबहादुर राणाको नाममा उनैको धर्मपत्नी हिरण्यगर्भ कुमारीको आदेशमा माहिला छोरा जितजंगले १९३५ सालमा पुनर्निर्माण गराए । यसै क्षेत्रको पत्थरघट्टामा जंगबहादुरको १९३३ सालमा देहान्त भएको थियो । जंगबहादुरको नाममा राममन्दिर बनाई जंगबहादुरका पत्नी र छोराले मन्दिरको पेटीको दोस्रो तहका दायाँ बायाँ २०० धार्नीका दुईटा ठूला घण्ट राखे । जो अद्यापि बज्ने गरेको पाइन्छ ।

मन्दिरको सिँढी दायाँ र बायाँ दुवैतर्फ एक एक ओटा ठूला घण्ट रहेका छन् । घण्ट मीठो आवाजका रहेको पाइयो । भक्तपुरको सूर्यविनायक र भक्तपुर दरबार परिसरको वत्सला मन्दिरको घण्ट जस्तै घण्ट बजाउँदा कुकुर रुने खालको तीखो आवाज पाइयो ।

त्यति ठूलो २०० धार्नीको दुई ओटा घण्ट त्यतिबेला १९३५ सालमा कसरी पुऱ्याइयो होला ? धार्नीलाइ केजीमा परिणत गरी हिसाब गर्दा (एक धार्नी १२ पाउ वा २४०० ग्राम हुन्छ । २४०० ग्राम गुना २०० धार्नी २८०००० ग्राम लाई १००० ले भाग गर्दा २८० किलोग्राम हुन्छ ।) यसरी एउटा घण्टको तौल २८० केजी हुन आउँछ ।

शैली र बनोट हेर्दा त्यतिबेला त्यो घण्ट काठमाडौँतिर बनाइएको हुनु पर्दछ । २८० किलोग्राम तौलको दुईओटा घण्ट काठमाडौँमा बनाएर मानिसद्वारा बोकाएर सिन्धुलीको बाटो गरी लगिएको हुनु पर्दछ । तराई झरेपछिमात्र गाडामा ढुवानी सम्भव हुन्छ । नत्रत मानिसद्वारा नै बोकाएर लगिनु पर्ने हुन्छ ।

## पहिलो घण्ट



मन्दिरमा माथि उक्लँदा बायाँ हातपट्टि अर्थात् मन्दिरबाट झर्दा दायाँपट्टिको पहिलो पेटीमा रहेको घण्टमा भएको लेखाइ यस प्रकारछ :

*स्वस्तिश्री मदति प्रचण्ड भुज दण्डेत्यादि श्री श्री श्री महाराज जङ्गबहादुर राणाजी सिवि यान्ड जिसि यस आङ थोङ लिन पिग्माको काङवाङ स्यान् प्राइम मिनिष्टर यान्ड कम्याण्डर इन चीफ १९३३ साल फाल्गुण सुदि गोविन्द द्वादशी रोज १ का दिन पत्थरघट्टामा मुक्त होइ बक्सदाँ निजका बिबाहिता श्री ३ वडा महारानी हिरण्यगर्भ कुमारी देवी सहगामिनी होइ बक्सन्या बेलामा गढ सिम्रौनमा श्री रामचन्द्रजिको मन्दिर श्री ३ महाराजको नाउँमा स्थापना गरी नीज मन्दिरमा श्रीरामचन्द्र प्रीति गरी घण्ट चढाउनु भनी हुकुम बक्सदाँ नीजका माहिला छोरा श्री दक्षिणतर्फका कम्यांडिङ जनरल जीत जङ्बाहादुर राणा मार्फत बनी चढाको धार्नी (खाली)को घण्टा १ इति सम्वत् १९३५ साल मिति माघ सुदी ५ रोज २ शुभ्मं: ॥ नागको चित्र कोरेको ।*

## दोस्रो घण्ट



मन्दिरमा माथि उक्लँदा दायाँ हातपट्टि अर्थात् मन्दिरबाट झर्दा बायाँपट्टिको पहिलो पेटीमा रहेको घण्टमा भएको लेखाइ यस प्रकारछ :

*स्वस्तिश्री मदति प्रचण्ड भुज दण्डेत्यादि श्री श्री श्री महाराज जङ्गबहादुर राणाजी सिवि यान्ड जिसि*

*यस आङ थोङ लिन पिम्माको काङवाङ स्यान् प्राइम मिनिष्टर यान्ड कम्याण्डर इन चीफ १९३३ साल फाल्गुण सुदि गोविन्द द्वादशी रोज १ का दिन पत्थरघट्टामा मुक्त होइ बक्सँदा नीजका बिबाहिता श्री ३ वडा महारानी हिरण्यगर्भ कुमारी देवी सहगामिनी होइ बक्सन्या बेलामा गढ सिम्रौनमा श्री रामचन्द्रजिको मन्दिर श्री ३ महाराजको नाउँमा स्थापना गरी नीज मन्दिरमा श्रीरामचन्द्र प्रीति गरी घण्ट १ चढाउनु भनी हुकुम बक्सँदा नीजका माहिला छोरा श्री दक्षिणतर्फका कम्याण्डिङ जनरल जीत जङ्गबहादुर राणा मार्फत बनि चढ्याको धार्नी २०० को घण्टा १ इति सम्वत् १९३५ साल मिति माघ सुदी ५ रोज २ शुभम् ॥ नागको चित्र कोरेको । घण्टामा धार्नीको २ पछि दुई ओटा शून्य केही मेटेको देखिन्छ ।*



मन्दिरमा राम, सीता र लक्ष्मणको मूर्तिलाइ जङ्गबहादुर उनकी रानी र दुई छोरा समेत पाँच जनाले पलेटी आसनमा बसेर प्रणाम गरिरहेको शीला मूर्ति राखिएको छ ।

प्राचीन रानीबास किल्लाको यो राममन्दिर श्री ३ जङ्गबहादुर राणाले पुनर्निर्माण गराउन लगाएका थिए । बारा,पर्सा, सर्लाही, रौतहट आदि त्यतिबेला शिकार खेल्ने केन्द्रनै थिए । अहिलेको सर्लाहीको पत्थरघट्टामा शिकारमा जाँदा नै जङ्गबहादुरको देहान्त भएको थियो । शिकारमा आवत जावत गर्दा नै ऐतिहासिक थलो सिम्रौनगढको रानीबासमा राममन्दिर बनाउन लगाएका थिए । राममन्दिरको ढाँचा भारततिरको जस्तै शिखर शैलीको भए तापनि मन्दिरको तहतह पेटी तीन तहको छ । नेपालको राजधानी उपत्यकाका अन्य मन्दिरको जस्तै पेटी रहेकोछ । शिखरशैलीकै कङकालिनी मन्दिरमा पेटीको एक तहमात्र रहेकोछ । भारतीय मन्दिर र शिवालयहरूमा पनि भूइँमा एक तहमात्र पेटी रहेको पाइन्छ । काठमाडौँ उपत्यकाका मन्दिर र शिवालयहरूमा भने पेटीको पाँच तहसम्म रहेको पाइन्छ ।



## लिच्छविका इतिहास

# लिच्छवि:कताबाट आए ? कतातिर गए ?



गोपीकृष्ण ढुंगाना

पशुपति क्षेत्रमा लामा र ठूला जति पनि शिलालेख छन्, ती अधिकांश लिच्छवि कालकै छन् भनी धनबज्र बज्राचार्यले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । जुन प्राज्ञिक र ज्ञानी भनी उल्लेख गरिएको समुदाय हो । यतिमात्र होइन, कुनै समयमा नेपालमा साढे तीन सय वर्ष शासन गरेको लिच्छवि समुदाय आज अस्तित्वमा छैन । अझ मूल कुरो त लिच्छविहरूले नेपालमा शासन गरेका थिए जसलाई स्वर्ण युगले चिनिन्थ्यो । तिनले त्यसबेला गरेका अनेक कामको चर्चा आजसम्म भइरहेकै छ ।

यसरी रजगज गरी बसेका लिच्छविहरू कहाँ पुगे आज ? किन अस्तित्वमा छैनन् ? वा, उनीहरू कुन जातिमा रूपान्तरण भए ? सर्वसाधारणदेखि विद्वत्जनमा उठिरहेको प्रश्न हो यो ।

**लिच्छवि काल नेपालको स्वर्णयुग** : शिलालेख, मुद्रा र चाँगुनारायण मन्दिर परिसरका केही अभिलेखबाट स्पष्ट हुन्छ कि मानदेव लिच्छवि वंशका प्रथम ऐतिहासिक राजा थिए । सुपुष्प र अंशुवर्मा लिच्छवि कालका नाम चलेका शासक हुन् । कतिपयले राजा सुपुष्पलाई नै नेपालका प्रथम लिच्छवि राजाको रूपमा मान्ने गरेको पाइन्छ ।

इतिहासकार **जगदीशचन्द्र रेग्मी**ले पनि २०२६ सालमा प्रकाशित पुस्तक *'लिच्छवि संस्कृति'*मा **बालचन्द्र शर्मा**को तर्कमा जोड दिँदै लिच्छवि काललाई नेपालको स्वर्णयुग भनेका छन् (लिच्छवि संस्कृति, २०२६ : ४७१)। लिच्छवि कालमा नेपालको वैदेशिक सम्बन्ध बढेर विश्वजगत्मा नेपाली सभ्यताको क्षितिज उघारिएकाले यस काललाई स्वर्णयुग भन्नुपर्ने उनको धारणा छ ।

विद्वान् **सूर्यविक्रम ज्ञवाली**ले पनि यस युगलाई स्वर्ण युग मानेको पाइन्छ । उनको *'नेपाल उपत्यकाको मध्यकालीन इतिहास'* नामक किताबको पृष्ठ ३१-३२ मा लिच्छवि वंशलाई समकालीन भारतीय शासक गुप्तवंशसँग जोडेर लिच्छवि सभ्यतालाई स्वर्णयुग भनेको पाइन्छ । **ढुण्डीराज भण्डारी**ले पनि लिच्छवि कालको सांस्कृतिक वैभवका आधारमा यो काल नेपाली सभ्यताको इतिहासमा स्वर्णिम युग थियो भन्न सकिने तर्क गरेका छन् (**नेपालको आलोचनात्मक इतिहास**, ८६-८७) ।




कुनै बेला रजगज गरी बसेका लिच्छविहरू कहाँ पुगे आज ? किन अस्तित्वमा छैनन् ? वा, उनीहरू कुन जातिमा रूपान्तरण भए ? सर्वसाधारणदेखि विद्वत्जनमा उठिरहेको प्रश्न हो यो ।

'राजनीतिक, आर्थिक, धार्मिक, सामाजिक र सांस्कृतिक दृष्टिकोणले लिच्छवि काल उन्नत अवस्थामा भएकाले स्वर्णयुग भन्नुपर्छ' (भण्डारी, *नेपालको उद्भव तथा विकासको विश्लेषणात्मक इतिहास* : ११६) । इतिहासविद् **दिनेशराज पन्त**को मतमा लिच्छवि काल प्रामाणिक काल हो । 'लिच्छवि कालमा मुद्रामा संस्कृत र किराँत भाषाका शब्दहरूको उल्लेख पाइन्छ, तर आफूलाई लिच्छवि भनेर दाबी गर्ने कुनै जाति फेला पर्दैनन् ।' उनले गोपाल राज वंशावली र भाषा वंशावलीको चर्चा गरेका छन् ।

'जुन किराँत काल थियो भन्ने प्रस्ट हुन्छ, गोपाल राज वंशावलीले भने काल दिएको छैन' पन्तले भनेका छन्, 'हामीले भाषा वंशावलीका आधारमा भन्न सक्छौँ । जति माथि गयो, उनीहरूको कुरा अर्धसत्य, कतै पूर्ण असत्य, कतै असत्य लाग्छन् ।' यसकारण यी विषयमा थप खोज, अध्ययन र अनुसन्धान आवश्यक देखिन्छ ।

**जाति भएको भए लिच्छवि भेटिन्थे : दिवाकर आचार्य**को बुझाइमा लिच्छविहरू जाति होइनन् । लिच्छविलगायतका केही समुदाय नेपालमा भए पनि वर्तमान समयमा भिन्न अस्तित्वमा नरहेको र तिनीहरू नेवार समुदायमै मिसिएको भन्दै मूलत : लिच्छविहरू जाति नभएकाले नेपालमा हाल नभेटिएको तर्क उनको छ । 'लिच्छवि, कोली, मल्ल, शाक्य, बृजी, आदि कुनै समय नेपालमा रहेका समुदायको आज भिन्न अस्तित्व देखिँदैन । सायद तिनीहरू नेवार समुदायका सङ्घटक तत्व बनिसकेका छन् । जाति भएका भए लिच्छविहरू

अवश्य भेटिन्थे' (आचार्य, *नीपजन र नेपाल : एउटा छोटो आध्य परिचय* : २०७४ पृ. ३०)। आचार्यले गरेको खोजपछि लेखिएको पुस्तक नीपजन र नेपाललाई मात्र आधार मान्ने हो भने लिच्छविहरू जाति होइनन्। तर हुन् भन्ने तर्क गर्नेहरूको सङ्ख्या बढी छ।

**वैशालीबाट आए मल्लपछि हराए** : इतिहासविद् एवं प्राज्ञ प्राध्यापक दिनेशराज पन्त भारतको विहारमा रहेको बसाल (पछि वैशाली भनिएको) भन्ने ठाउँबाट आएका मानिस लिच्छविहरू मल्लहरू आएपछि बिस्तारै हराउन थालेको बताउँछन्।

'मानदेवका पालादेखि द्वितीय जयदेवका पालासम्म लिच्छवि नेपालमा भएको बुझिन्छ। अझ त्यसभन्दा एक डेढ सय वर्षअघि र पछिसम्म पनि सानो सङ्ख्यामा रहेको बुझिन्छ', पन्त अन्नपूर्ण पोस्टसँग बताउँछन्, 'मल्लहरूले अछूत जातमा राखिदिए। लडाइँमा हारेपछि पोडे बनाई दिएछन्। शासकहरू अधिकांश ठूलै ठान्छन् आफूलाई तर यसरी सानो हुनु परेपछि त्यही पीडा र लाजले हीनताबोध भएको महसुस गरी विलिन हुँदै गएको हुनुपर्छ।' मानसिक रूपमा कमजोर हुन थालेपछि लिच्छविहरू समयक्रमसँगै ओझेल पर्न थालेको उनको तर्क छ।

**सत्ताबाट च्यूत भएपछि लिच्छवि भन्न रुचाएनन्** : इतिहासविद् प्रा.डा. **त्रिरत्न मानन्धर** पनि भारतको वैशालीबाट नेपाल आएर कालान्तरमा नेपालमै शासन गरेको बताउँछन्। 'केहीले वैशालीबाट आएका होइनन् भन्ने पनि तर्क गरेका छन्। हिस्टोरियन पाराडाइज अर्थात् इतिहासका यस्ता ठोस प्रमाण नभेटिएका विषयमा जसले जे बोल्छ त्यही सही भन्ने अवस्था छ अहिले लिच्छविका बारेमा पनि', उनी भन्छन्।

उनका अनुसार लिच्छविसम्बन्धी मात्र नेपालमा २ सय ५० भन्दा बढी शिलालेख छन्, त्यसैले खोज अनुसन्धान गर्न सके कतै न कतै यिनको खास तथ्य फेला पर्छ। 'वैशालीमा अजात शत्रुले आक्रमण गरेपछि ध्वस्त बनेका लिच्छविहरू छरिएर चारैतिर पुगे भन्ने छ' मानन्धर अन्नपूर्णसँग भन्छन्, 'एकथरी नेपाल प्रवेश गरेको पाइन्छ। त्यतिबेला नेपालमा बुद्धकालीन समय थियो। सयौँ वर्षपछि नेपालको सत्तामा पुगेको भनिन्छ जसले आठौँ शताब्दीसम्म शासन चलाए।'

डा. मानन्धरका अनुसार, डा. **बाबुराम आचार्य** भन्छन्– 'शासनसत्ताबाट जब लिच्छविहरू च्यूत भए तब तिनले आफूलाई लिच्छवि भन्न नै मन पराएनन् र जनतामा मिसिए। भनेको ज्याप् समुदायमा मिसिए।' डा. मानन्धर थप्छन्– 'कसरी यो कुरो पुष्टि हुन्छ भने लिच्छवि कालमा हु याङ सेनले लेखेका छन्– जसरी ज्याप् हृष्टपुष्ट देखिन्छन्, खेतीमा काम गर्न सक्छन्, तिनी पनि त्यस्तै थिए र त्यसरी नै काम गर्थे। दोस्रो, लिच्छविले घुँडासम्म जुन लुगा जसरी लाउँथे, ज्यापूले पनि त्यस्तै लुगा त्यसरी नै लगाएका छन्। तेस्रो, दुवैले प्रयोग गर्ने कपडा बुट्टे छ। चौथो, ज्यापूहरूमा देवाली गुठी छ जुन किसिमले लिच्छविले गर्दै आएका थिए।'

**अनि गुमनाम बने** : संस्कृतिविद् एवं इतिहास अध्येता **तेजेश्वरबाबु ग्वंगः** ले नेपाल प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको *'नेपालका जातीय संस्कार'* नामक पुस्तकमा 'सामाजिक संस्कारका परिवेशमा च्यामे, च्यामाखल, द्यौला, पोडे' शीर्षकको लेखमा लेखेका छन्, 'लिच्छवि शासनलाई अवशान गरिसकेपछि अवशानित वर्गलाई निम्नस्तरमा झारेर यस अवस्थासम्म पुऱ्याएथे भन्ने अमूर्त कथन पनि गाइँगुइँ रहे भएको पाइन्छ।'

वर्ण र वर्गविशेषलाई यो तहसम्म पुऱ्याउन मध्यकालीन राजकीय संस्कृतिले बलवान् भूमिका निर्वाह भए गरिएको झिनामसिना आशङ्का गन्ध पाइएको पनि उनले उल्लेख गरेका छन्। 'राजनीति दाउपेचका कठोरतम साधन भएकाले यसमा प्रचुर समय साधन लगाएर धैर्यपूर्ण खोजनीति हुनुपर्ने विषय बनेको छ', ग्वंग:ले लेखेका छन्, 'द्यौला, पोडे, च्यामेहरू नेवार समुदायका अन्य वर्णहरूलाई 'नेवात' अर्थात् नेवार भन्ने गरिएको पाइन्छ।'

**किलागलतिर छन् तर चिनिँदैनन्** : लिच्छविहरूका सम्बन्धमा **बालचन्द्र शर्मा**ले लेखेका छन्, 'भारतका सुदूर प्रान्तका र हिमालयको उत्तराखण्डका व्यापारीहरूको समागम नेपालमा हुन थाल्यो। पर्वत खण्डमा शाक्यहरू प्रवेश गर्दा स्त्री जातिको सङ्ख्या थोरै भएकाले नेपालकै आदिजातिसँग वैवाहिक सम्बन्ध स्थापित गरे' (बालचन्द्र शर्मा, *नेपालको ऐतिहासिक रूपरेखा* : २०३७, पृ. ७६)। यसलाई पुष्टि गर्ने तथ्य छन्– 'किलागल, नरदेवी भेगमा अहिर (अभीर)हरूको बस्ती रहेकाले तिनीहरूको सम्बन्ध लिच्छवि कालमा आभीर गुप्ताहरूसँग रहेको मान्न सकिन्छ, तिनै अभीरहरू हाल ज्यापू कहिन्छन्' (प्रा.डा. जगदीशचन्द्र रेग्मी, *लिच्छवि इतिहास* : २०७६, पृ. २५)।

**लिच्छवि किराँतकै एउटा समूह** : 'लिच्छवि पनि किराँतकै एउटा समूह हो' (**इमानसिंह चेम्जोङ**, *किराँत इतिहास र संस्कृति* : २०५१, पृ. ५)। चेम्जोङले लिच्छविहरू किराँतकै एक समूह भनेपछि किराँतका सम्बन्धमा नेपाल सरकारका पूर्वसचिव खेमराज नेपालले किराँती नेपालका आदिवासी भएको जुन वर्ग मध्य एसियाबाट विभिन्न स्थान हुँदै नेपाल प्रवेश गरेको बताउँछन्। पुस्तकमा लेखेका छन्,

'किराँत मध्य एसियाबाट पूर्वोत्तर सर्दै सयौँ वर्षपछि नेपाल आइपुगेको निचोड निकालेको पाइन्छ । किराँतीहरू नेपालका आदिवासी हुन् । किराँत भनेको एउटा वर्ग हो । त्यसभित्र अन्यान्य जाति पनि समाविष्ट थिए' (नेपाल, *मिश्रित जातजाति हामी नेपाली* : २०७९, पृ. २९ र ३०) ।

**पहिचान लुकाए लिच्छविले :** डा. **दयाराम श्रेष्ठ सम्भव** लिच्छविहरू भारतको वैशालीबाट आएको बताउँछन् । '**धनबज्र बज्राचार्य** र **जगदीशचन्द्र रेग्मी** अनि **हरेराम जोशी**को पुस्तकमा लिच्छविहरू भारतको वैशालीबाट आएको पढेको छु', उनी भन्छन्, 'तर पनि लिच्छवि अहिले कहाँ छन् ? भन्न कठिन छ, सवाल गम्भीर छ । नेपालमा शासन चलाएरै बसेको ठूलो जमात लखेटिएकै भए वा हत्या गरिएकै भए पनि तिनको केही अंश त हुनुपर्ने हो ।'

उनका अनुसार लिच्छविहरूले समयक्रमसँगै कारणवश आफूलाई लिच्छवि भनाउन संकोच मान्दै पहिचान लुकाएका हुन सक्छन् । उनी थप्छन्, 'खासमा लिच्छवि कसरी कहिले कहाँ गए ? भन्नेबारे गहन अनुसन्धान नै जरुरी भएको छ । सर्भे चाहिएला । वंशावली खोतल्नु पर्ला । किनकि तिनको अस्तित्व कुनै न कुनै रूपमा पक्कै कहीँ त होला । छद्म भेषमा रहेका हुन सक्छन् ।' इतिहासविद् डा. **सुरेन्द्र केसी**ले लिच्छवि, गोपाल र किराँतको समूल र विकसित रूप नेवार समुदाय भएको बताएका छन् ।

**युद्धसँगै बोली, वचनले पनि परास्त पारिए :** किराँतहरूका सम्बन्धमा पनि विद्वानका बुझाइ आआफ्नै छन् । वंशावली एवं पुराणहरू हेर्ने हो भने सूर्यवंशी क्षेत्रीयहरूले किराँतहरूलाई परास्त गरेको पाइन्छ ।

उनीहरूले किराँतलाई जितेपछि नयाँ शासन व्यवस्था कायम गरेको ती ग्रन्थमा उल्लेख गरेको पाइन्छ । *गोपाल राजवंशावली*लाई आधार मान्ने हो भने यसरी बुझ्न सकिन्छ, 'अनि सूर्यवंशको प्रभावले नेपालमा किराँत राजालाई जितेर लिच्छवि राजवंश चल्यो ।' पशुपति पुराणमा भने युद्धमा



चाँगुनारायणको गरूडस्तम्भ स्थापनामा मानदेव : भक्तपुरस्थित चाँगुनारायण मन्दिर काठमाडौं' उपत्यकाको प्राचीन पुरातात्विक मन्दिर हो । मन्दिरको पश्चिमपट्टिको विशाल प्रस्तरस्तम्भमा रहेको शिलालेख नेपालको सबैभन्दा पुरानो प्रामाणिक अभिलेख मानिन्छ । यो शिलालेख प्रसिद्ध लिच्छवि राजा मानदेवको राज्यकालमा कुँदिएको थियो । यस प्रस्तुत चित्रकलामा मल्लपुरीका सामन्तहरू विभिन्न उपहार लिएर मानदेवतर्फ अघि बढ्दैछन् । पञ्चकन्याहरू अतिथिहरूलाई स्वागत गर्न लहरै बसेका छन् । ब्राह्मणहरूबाट सम्पन्न भइरहेको यज्ञ तथा गौदानको वैदिकविधिमा राजमाता राज्यवती श्वेतवस्त्रमा सहभागी छन् । सत्तलमा त्रिविक्रमवामन र शंखचक्रधर नारायणका कलापूर्ण प्रस्तरमूर्ति पनि देखिन्छन् । विभिन्न साङ्गीतिक प्रस्तुति, धार्मिक अनुष्ठान, ठूलो सङ्ख्यामा आएका जनसाधारणको उपस्थितिले समारोहमा भव्यता थपेको छ । तस्बिर सौजन्य : हरिप्रसाद शर्मा

मात्र नभई बोलीवचनले पनि परास्त पारेको पढ्न पाइन्छ। जसमा लेखिएको छ, 'किराँतहरूलाई बोली, वचनले विश्वासमा पारेर तथा युद्धमा परास्त गरेर वैशालीका स्वामी वा पतिहरूले आफ्नो शासनसत्ता कायम गरेका थिए।'

गोपाल वंशावलीलाई अध्ययन गर्ने हो भने अलिकति फरक विषय थाहा हुन्छ। जसअनुसार अन्तिम किराँती राजा 'खिगु', भाषा वंशावलीका अनुसार 'गालिज', राइट वंशावलीका अनुसार किराँत राजा 'गस्ती'लाई परास्त गरेर (धपाएर) लिच्छवि राजवंशले नेपालमा शासन सुरु गरेको पाइन्छ। जसमा लिच्छवि राजवंशको थालनी कुन समयदेखि भएको थियो, भन्नेबारे चाहिँ यकिन गरिएको छैन।

**लिच्छविले ईस्वी संवत् २५० तिर राज्य स्थापना गरे :** इतिहासविद् **बाबुराम आचार्य**का अनुसार त्यसबेलाको किराँत राज्यलाई भङ्ग गरी आफ्नो स्वतन्त्र लिच्छवि राज्य स्थापना गर्न ईस्वी संवत् २५० तिरको समयमा लिच्छविहरू समर्थ भएको पाइन्छ। लिच्छविहरू नेपालमा आउनुभन्दा अगाडि भारतको मुजफ्फरपुर नगरको बसाढ भन्ने वैशालीमा स्वतन्त्र गणतन्त्रात्मक शासन प्रणालीअनुसार शासन चलाउने गरेको तर्क आचार्यको छ।

लिच्छवि शासनकालअन्तर्गत फेला परेको पहिलो प्रमाणित अभिलेख भनेकै राजा मानदेवको हो। जुन सन् ४६४ को चाँगुनारायणको अभिलेख हो। उक्त शिलालेखमा मानदेवभन्दा अगाडिका तीन पुस्ताको विवरण दिइएको पाइन्छ। जसमा यसबाहेक पशुपति अभिलेखमा लिच्छवि वंशका आठौँ शताब्दीतिरका राजा जयदेवको सन्दर्भ छ। जसमा लिच्छवि राजाहरूको सुरुदेखिकै वंशावली लेखिएको छ।

**लिच्छविहरू सूर्यवंशी हुन् :** वंशावलीहरूको अध्ययन गर्ने हो भने लिच्छवि राजाहरूको नामको सट्टा क्रमाङ्कमात्र लेखिएको पाइन्छ। सन् ४६४ मा चाँगु अभिलेख स्थापना गर्ने राजा हुन् मानदेव। जो लिच्छवि वंशका ३९औँ राजाको रूपमा परिचित छन्। मानदेवअघिको सन्दर्भ पनि पाइन्छ। ईसापूर्व २९६ मा लिच्छवि शासन नेपालमा सुरु भएको देखिन्छ। मानदेवअघि राजाको सालाखाला शासन २० वर्ष मान्ने हो भने मानदेवभन्दा ७६० वर्षअघिको इतिहास पाइन्छ।

प्रसिद्ध लिच्छवि कालीन शासकहरू या भनौँ लिच्छविहरू मूलतः सूर्यवंशी मानिन्छन् भनी अभिलेखहरूबाट स्पष्ट हुन्छ। जुन विषयलाई ग्रन्थ र पुस्तकहरूमा पनि लेखिएको छ। अयोध्याका सूर्यवंशी राजा दशरथ भनी लेखिएको पाइन्छ। जसलाई आठौँ पुस्तामा लिच्छवि भएको मानिँदै आएको छ। सुपुष्प नाम चलेका राजा हुन्, लिच्छवि वंशमा। जसलाई लिच्छवि राजवंशका संस्थापक र आदि पुरुष पनि मानिन्छ।

**सन्दर्भ राजा सुपुष्पको :** राजा सुपुष्पलाई नै कतिपयले नेपालका पहिलो लिच्छवि राजा भनेका छन्। तर वंशावलीमा भने उनलाई चौथो लिच्छवि राजा भनी उल्लेख गरिएको छ। जयदेव द्वितीयको पशुपति अभिलेखलाई आधार मान्ने हो भने उत्कीर्ण वंशावलीमा लिच्छवि नाम गरेका राजापछि तेह्रौँ पुस्तामा कामदेवजस्ता राम्रो रूपरंग भएका राजा नै सुपुष्प भएको उल्लेख छ। गोपाल राजवंशावलीमा उनै सुपुष्पलाई सुपुष्पदेव भनिएको छ भने भाषा वंशावलीमा पशुपुष्पवर्मा भनिएको छ। तर राइट वंशावलीमा पशुप्रेखदेव भनेर नामकरण गरिएको पाइन्छ।

**राजा मानदेव र मानगृह :** मानदेव लिच्छवि कालका सर्वाधिक चर्चित राजा हुन्। उनकै समयदेखि प्राचीन नेपालको इतिहास स्पष्ट र भरपर्दो भएको पाइन्छ। यिनै विविध कारणले प्रथम प्रमाणित महाराजा भनेर मानदेवलाई मानिन्छ। जसले आफ्नो राज्यकालमा मुद्राको व्यवस्था पनि गरे। 'श्री मानांक' र 'श्री भोगिनी' अङ्कित नेपालको प्रथम मुद्रा यिनकै पालामा चलाइएको थियो। यस अतिरिक्त उनले दिएको योगदान कला र विद्या क्षेत्रमा हो। यी दुवैको विकास गरेर उनले राष्ट्रलाई गुन लगाएका थिए।

प्रथम राजदरबार भनेर मानिने मानगृह जस्तो भव्य भवन पनि उनको पालामा बनाइएको थियो। मानदेव शासन सञ्चालनमा समेत कुशल राजा कहलिए। मानदेव प्रथमको शासनकालमा आएर नेपाल राज्य अझ व्यवस्थित, विकसित र बलियो बनेको इतिहास पाइन्छ। यी राजालाई शास्त्र जान्ने, जनतालाई परिवार ठान्नेजस्ता गुण पाइन्छन्। यस्ता अनेक गुणले युक्त राजा मानदेवले राज्यमा आर्थिक उन्नति गरेका थिए। उनको शासन व्यवस्था पनि शान्त थियो भनिन्छ।

**कैलाशकुट भवन र अंशुबर्माको चर्चा :** लिच्छवि कालका अर्का चर्चित राजा हुन् अंशुबर्मा। जसको शासनकाल ईस्वी संवत् ६०५-६२१ सम्म चलेको इतिहास पाइन्छ। अंशुबर्माकै पालामा नेपालमा खेती परम्परा सुरुआत भयो भने पशुपालन र व्यापार गर्ने कामको थालनी भएको थियो। यतिमात्र होइन, परराष्ट्र सम्बन्ध र रक्षा व्यवस्थाका काम पनि भए। यसरी चौतर्फी विकासका कार्यहरू उनी राजा हुँदा भएको पाइन्छ। कैलाशकुट भवन नामक दरबार लिच्छवि कालको ठूलो उपलब्धि हो। जुन दरबार अत्यन्त कलात्मक भव्य र प्रशंसनीय तवरले बनाएको पाइन्छ।

अंशुबर्माले चीन र तिब्बतको परराष्ट्र नीति तय गरी सफलतापूर्वक सञ्चालन गरेका थिए। भारतमा हर्षवर्द्धन र तिब्बतमा स्रोङचङ गम्पोले शक्तिशाली साम्राज्य उनको समयमा खडा गरेको पाइन्छ। त्यसैले सायद तिब्बतसँग उनले साँठगाँठ गरी तिब्बती राजा गम्पोसँग राजकुमारी भृकुटीको विवाह गराएका थिए।

**भृकुटी :** भृकुटी राष्ट्रिय विभूति हुन्। उनले नेपालको सम्बन्ध तिब्बतसम्म विस्तार गरिन् र एउटा कोशेढुङ्गा बनिन्। नेपालकी राजकुमारी उनी राजकाजका सन्दर्भमा तिब्बतसँगको सम्बन्ध विस्तार गर्न त्यहाँकी रानी बनिन्। त्यसपछि उनले नेपाली कलाकौशललाई त्यहाँसम्म पुऱ्याइन् र प्रसिद्ध बनाइन्। लिच्छविकालीन राजा अंशुबर्माकी छोरी उनले इतिहासमा अमर छाप छोड्न सफल भइन्।

**अरनिको :** प्रसिद्ध कलाकार अरनिको नेपालका राष्ट्रिय विभूति हुन्। उनको उपनाम बलबाहु हो। राजा अभय मल्लको समयमा चीनमा गएर उनले वास्तुकला देखाए। अरनिको चिनिएका भनेकै प्यागोडा शैलीको मन्दिरहरू निर्माण गर्ने दक्ष कलाकार बनेर हो। भनिन्छ, इतिहासविद् **बाबुराम आचार्य**ले गरेको गल्तीका कारण उनको संस्कृत नाम बालबाहु रहन गयो। अरनिकोले निर्माण गरेको स्वेत चैत्य चीनको बेइजिङमा छ जुन पर्यटकको आकर्षणाको केन्द्रका रूपमा छ।

**सन्दर्भ लिच्छवि संवत्को :** नेपालको हालको राजधानी काठमाडौंमा लिच्छविहरूले शासन गर्थे। सन् ४०० देखि ७५० सम्म चलेको पाइन्छ। कौटिल्यको अर्थशास्त्र र चिनियाँ यात्री हुएन साङको यात्रा वृत्तान्तलाई आधार मान्ने हो भने भारतको वैशालीबाट भागेर आएका पुरुषले किराँतलाई खेदेर लिच्छवि वंशको स्थापना गरेको इतिहास पाइन्छ।

लिच्छवि संवत्का विषयमा अनेक तथ्य र तर्क छन्। यस सम्बन्धमा नेपाल प्रज्ञा प्रतिष्ठानबाट २०७६ सालमा प्रकाशित **भुवनलाल प्रधान**को पुस्तक *'नेपालको इतिहास र संस्कृतिका केही पक्ष'* मा लेखिएको छ, 'जहाँसम्म माथि सुरुमा उल्लेख गरिएको तथाकथित 'लिच्छवि संवत्को निष्कर्ष' भन्ने पुस्तिका छ, त्यसको मूल बुनियावादी आधार नै गलत भएकाले त्यो ऐतिहासिक तवरले गलत छ भनेर मैले २०३३ सालमै 'नेपाली' अङ्क ६१ मा र २०३३-१-९ को गोरखापत्रमा प्रकाशित गरेको छु।' प्रधानले पुस्तिकाका तथ्यलाई गलत प्रमाणित गरेको पाइन्छ।

'त्यसमा थप तथा कथित निष्कर्ष ज्योतिषी तवरले पनि गलत छ भनेर पूर्णिमा अङ्क ३८-३९ मा विस्तृत रूपले प्रमाणित गरिएको छ। स्रङचन गम्पोको राज्यको अन्तकाल इ. सन् ६३८ साल भनेर २०३१ सालमा लेखेको कुरालाई अहिले २०३५ सालमा आएर मेरो कथनानुसार इ. सन् ६५० भनेर मान्नु परेबाट उपर्युक्त निष्कर्ष पूर्ण रूपेण गलत छ भनेर सिद्ध भएको छ। त्यसका लेखकले ढिलै भए पनि मेरो भनाइ अहिले सकार्नु भएको छ।

तर उहाँको कात्तिक ४ गतेको गोरखापत्रको लेखमा स्रङचन गम्पोको राज्याभिषेक इ. सन् ५८१ सालमा भएको भन्ने बाबुराम आचार्यको विचारबारे उहाँले केही लेख्नु नभएकाले गम्पोको राज्यकाल ई. सन् ५८१ देखि ६५० सम्म मान्नु भएको ठहरिन्छ। गम्पोले के ६९ वर्ष राज्य गरे त ?', प्रधानले उक्त पुस्तकमा प्रश्न गरेका छन्।

**किराँतकालपछि लिच्छवि काल :** नेपालमा लिच्छवि कालअघि किराँतकाल थियो। शैव धर्म विकास गर्ने मुख्य श्रेय लिच्छवि काललाई जान्छ। डा. **गोविन्द टण्डन**को पुस्तक *'पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन'* (२०५३) अनुसार लिच्छवि राजा मानदेव (वि.सं. ५२२-५६३) प्रथमभन्दा अगाडिको लिच्छवि इतिहास स्पष्ट छैन। 'लिच्छविहरूको नेपाल आगमनको साथ उनीहरूले आफ्नो प्रचलित संस्कृति र मान्यतालाई पनि साथमा ल्याएका थिए भन्ने कुरा अनुमानगम्य छ', टण्डनले लेखेका छन्, 'लिच्छविहरूको आगमनपूर्व प्रचलित परम्परा र लिच्छविहरू आएपछि शैव धर्ममा निश्चित रूपमा केही न केही परिवर्तन आएको हुनुपर्छ।'

'त्यसबेला स्थापना गरिएका केही शिवलिंगहरूमा शिलालेखसमेत अङ्कित गरिएको पाइएको छ। प्रतिमा लक्षणअनुसार तिनको अध्ययन हुन सके लिच्छवि कालको शैव धर्मको बारेमा थुप्रै कुरा बुझ्न मद्दत पुग्ने थियो' (टण्डन, २०५३ : ३३)। यसरी ती शिलालेखको अध्ययनले लिच्छविबारे पनि केही यथार्थ जानकारी पाउन सकिने अनुमान गर्न सकिन्छ। उनका अनुसार, लिच्छवि कालमा वैष्णव, शैव, बौद्ध आदि विभिन्न धार्मिक सम्प्रदाय प्रचलित थिए। ती सबै सम्प्रदायप्रति राजाको सद्भाव र आस्था राम्ररी देख्न पाइन्छ।

**लिच्छवि शासक, नेपाली समाज र पशुपतिनाथः** *नेपाल परिचय* (२०७९) मा लिच्छवि कालभन्दा अघिको प्राचीन इतिहास भरपर्दो स्रोतहरूको अभावमा नेपालको परिचयसमेत स्पष्ट हुन सकेको पाइँदैन। लिच्छवि कालका सबैभन्दा महत्त्वपूर्ण राजा भनेका अंशुवर्मा हुन्।

'लिच्छवि कालदेखि भने अभिलेख, शिलालेख र वंशावलीहरूमा लिखित सामग्री पाइन्छ। लिच्छवि कालीन

अभिलेखहरूमा त्यस कालको सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक र भौगोलिक पक्षमा केही मात्रामा सङ्केत गरिएको पाइन्छ। ईस्वी संवत्को थालनीसँगै लिच्छवि काल सुरुआत भएको मानिन्छ।

विभिन्न प्रमाणलाई आधार मान्ने हो भने ईस्वीको पाँचौँ शताब्दीदेखि मात्र प्राचीन नेपालको इतिहास विश्वासिलो भएको आभास हुन्छ' (**गोपीकृष्ण ढुंगाना**, *पशुपतिनाथ एज एन आइकन अफ टाइम बायोस्ड कम्युनिकेसन*, २०८०: त्रिभुवन विश्वविद्यालयका लागि दर्शनाचार्यको अनुसन्धान शोधबाट)।

नेपालका एक राष्ट्रिय विभूतिसमेत रहेका अंशुबर्माले पशुपतिनाथलाई प्रमुख आराध्यदेव भगवानका रूपमा पूजा गर्ने गरेको कुरा नेपालका प्राचीन अभिलेखहरूमा उल्लेख भएको पाइन्छ। एक वंशावलीमा सुपुष्पदेवले नेपालमा वर्णव्यवस्था चलाएको, पशुपतिनाथको देवालय बनाएको कुरा पाइन्छ। अझ पशुपतिनाथलाई इष्टदेवता मानेका अंशुबर्माका पालाका सबैजसो अभिलेखमै पशुपतिनाथको ठूलो महिमा भेटिन्छ।

'सुरुआतदेखि नै अर्थात् लिच्छवि कालका चर्चित राजा अंशुबर्मादेखि नै पशुपतिनाथको चर्चा गरेको पाइन्छ। त्यसपछिका सबैजसो शासन व्यवस्थाका शासकले पशुपतिनाथप्रति देखाएको भक्तिभाव र यसबारे बोलेगरेका सन्दर्भ र गतिविधिले विश्वमा नेपाललाई एक हदसम्म चिनाएको आभास स्पष्ट रूपमा देखिन्छ। लिच्छवि कालमा पशुपतिनाथको महिमा ठूलो थियो भन्ने यथार्थ त इतिहासमा छरपष्ट छ' (ढुंगाना, दर्शनाचार्य शोध : २०८०)।

'भगवान् पशुपतिनाथको मन्दिर रहेकाले त्यसले चर्चेको ठाउँलाई पशुपति क्षेत्र नामबाट सम्बोधन गरिएको पाइन्छ। लिच्छवि कालमा पनि यहाँको केही क्षेत्रलाई 'पशुपति क्षेत्र' भनिन्थ्यो भन्ने कुरा संवत् ४५५ (५९० साल) को भष्मेश्वरस्थित ध्रुवसंघको शिलालेखबाट थाहा हुन्छ' (बज्राचार्य, २०३० : १५५)।

'हालसम्मको अभिलेखअनुसार लिच्छवि कालदेखिको मात्र स्रोतहरू आधिकारिक रूपमा पाइएका छन्। त्यसअघिको नेपालको सन्दर्भ स्पष्ट रूपमा पाइँदैन। लिच्छवि कालअघि जसरी पशुपतिनाथबारे खासै अभिलेख पाइँदैन, त्यसरी नै प्राचीन इतिहास पनि भरपर्दो ढङ्गले पाइँदैन। वंशावली र पुराणहरूमा रहेका नेपाल उपत्यकाको उत्पत्तिका कथाहरूबाटै थाहा पाउनुपर्ने अवस्था छ' (ढुंगाना, दर्शनाचार्य शोध : २०८०)।

स्रोत : अन्नपूर्ण पोस्ट, २०८१ जेठ १२ गते

# लिच्छविकाल अभिलेख सुरक्षित एक 'स्वर्ण युग'




हाम्रा पुराण, किम्वदन्ती र विभिन्न समयमा भएका भौगोर्भिक अनुसन्धानले काठमाडौँ उपत्यका जलमग्न थियो भन्ने पुष्टि गरिसकेका छन्। तर, काठमाडौँ उपत्यका जलमग्न हुँदा पनि यसआसपास मानवबस्ती रहेको हुन सक्ने प्रमाण भेटिएका छन्। रुसको लेलिनग्राद विश्वविद्यालयका प्रोफेसर **सेटेन्को**ले अनुसन्धान गर्दा बुढानीलकण्ठ, धोवीखोला किनारमा हातेबन्चरो र स्क्रेपर फेला पारेका थिए। यी उपकरणले ढुङ्गेयुग अर्थात् आजभन्दा करिब ३५-४० हजार वर्ष पहिले पनि उपत्यकाआसपास मानव बस्ती रहेको सङ्केत गर्छ। सायद उनीहरूआसपासका डाँडामा बस्थे होलान्। सिकार खेल्थे होलान्।

काठमाडौँमा पहिले गोपाल वंशले पाँच सय वर्षजति, आभिर वा महिषपालले झन्डै डेढ सय वर्ष र किराँतहरूले एक हजार वर्षसम्म शासन गरेको मानिन्छ। किंवदन्ती र पुराणमा उल्लेख गरिए पनि यसलाई पुष्टि गर्ने अभिलेखहरू अहिले भेटिन्नन्।

*लिच्छविकाल त्यस्तो विशेष समय हो, जतिबेला भएका उपलब्धि अहिले पनि विभिन्न अभिलेखमा सुरक्षित छन्*

तर, यसपछि सुरु भएको लिच्छविकाल त्यस्तो विशेष समय हो, जतिबेला भएका उपलब्धि अहिले पनि विभिन्न अभिलेखमा सुरक्षित छन्। त्यहीकारण, लिच्छविकाललाई नेपालको 'स्वर्णयुग' नै मानिन्छ। यस समय विभिन्न राजनीतिक तथा सामाजिक सुधारका काम भएको अभिलेखबाट थाहा हुन्छ।

लिच्छविकालका झन्डै दुई सय अभिलेख भेटिएका छन्। अझै कति उत्खनन हुन बाँकी नै छ। जय बर्माको

विसंअनुसार दोस्रो शताब्दी (शक संवत् १ सय ७) को अभिलेख र शिलास्तम्भ अहिले पनि छाउनीस्थित राष्ट्रिय सङ्ग्रहालयमा सुरक्षित छ। मानदेवकालीन (विक्रम संवत्अनुसार पाँचौं शताब्दी : शक संवत् ३८१, ३८६) स्तम्भ र अभिलेखहरू छन्। यसरी लिच्छविकाल स्पष्ट छ।

यसकालमा राजाज्ञा पनि शिलालेख राखेर जारी हुने गरेको देखिन्छ। कँही प्रशस्ती गर्नुपर्‍यो, गुणगान गाउनुपर्‍यो भने पनि शिलालेख नै लेख्ने चलन रहेछ।

कर पनि शिलालेखमै लेखिएको हुन्थ्यो। बिर्ता दिँदा पनि शिलालेख राखिन्थ्यो। काठमाडौँको बलम्बुमा भेटिएको शिलालेखमा विभिन्न करको चर्चा छ। त्यस्तै, थानकोटको अभिलेखमा राजा वसन्त देवले बहिनी जय सुन्दरीलाई उक्त स्थान बिर्तामा दिएको र त्यहाँका मानिसलाई करछुट दिइएको उल्लेख छ। पशुपतिमा एउटा अभिलेख छ, जयदेव द्वितीयको त्यहाँ लिच्छविकालको वंशावली छ।

## लिच्छविकालीन दरबार

लिच्छविकालमा धेरै दरबारहरू बने। त्यसमध्ये मानगृह, कैलाशकुट र भद्राधिवास भव्य दरबार थिए। मानगृह राजा मानदेवको समयमा अर्थात् विक्रम संवत्को पाँचौं शताब्दीतिर बनेको थियो। यसको वर्णन मानदेवका करिब २२ ओटाजति अभिलेखमा पाइएको छ। उक्त दरबारबाट राजाज्ञा गरिएको अभिलेख पाइन्छ।

बौद्ध धर्म प्रचारका क्रममा भारत हुँदै बुद्ध जन्मभूमि नेपाल घुम्न आएका चिनियाँ यात्री फाहियान (सन् ४ सय ३ ताका) र ह्वेन साङ (सन् ६ सय ३६) ताकाले कैलाशकुट दरबारको बयान गरेका छन्। भारत, बर्मा, श्रीलंकालगायत धेरै ठाउँ घुमेर ४० वर्षपछि चीन फर्किएर ह्वेन साङले त्यहाँको तान वंशीयहरूको वंशावलीमा लेखेका छन्, 'केही समयअघि नेपालमा अंशु फामो नाम गरेका विद्वान् राजा थिए। उनी विद्वान् थिए। उनले शब्द विद्या लेखेका छन्।'

अंशु फामो भनेर उनले अंशु बर्मालाई चित्रण गरेका हुन्। शब्द विद्या भनेको व्याकरण हो। ह्वेन साङले लेखेका छन्, 'उनको सातलले दरबार थियो। त्यसमा तामाको छानो हालिएको थियो। बुर्जा निकालिएको थियो। बुर्जाबाट गोहीका मुखाकृति तामाकै निकालिएका थिए। गोहीका मुखाकृतिबाट फोहोरा झर्दा निकै आकर्षक देखिन्थे।'

यस्तो भव्य वास्तुकला चिनियाँ दरबारमा समेत नरहेको ह्वेन साङको वर्णन छ। भनिन्छ, त्यस दरबारमा सहजै १० हजार मानिस अट्सक्ने भव्य सभाहल थियो।

यसपछि राजा नरेन्द्र देवको पालामा भद्राधिभास बनेको अभिलेख छ। अभिलेखका आधारमा कैलाशकुट भवन कसैले हनुमानढोका त कसैले हाँडीगाउँ हुनसक्ने चर्चा गरेका छन्। हाँडीगाउँको डबलीमा कैलाशकुट भवनको चर्चा गरिएका दुईओटा अभिलेख पनि छन्।

हनुमानढोका दरबारको एउटा अंशुवर्माकालीन अभिलेखमा भनिएको छ, 'अघि भएका यहाँका मन्दिर र दरबार सबै जीर्ण भएकाले, त्यसका काठका खापाहरू चरा र किराले खाएकाले जीर्णोद्धार गरियो।' तसर्थ यो दरबार हनुमानढोकामै रहेको हुन सक्छ।

आजका दिनमा यी दरबार अभिलेखमा रहे पनि अस्तित्वमा देखिँदैनन्। हामीले त्यसको खोजीकार्य पनि गर्न सकेका छैनौँ। सभ्यता निश्चित कारणले उत्पत्ति र पतन हुन्छन्। पतन भएपछि उत्खनन गरेर लामो समयपछि पनि पत्ता लाग्न सक्छ। जस्तो, कपिलवस्तु १२औँ शताब्दीदेखि लामो समय गायब थियो। १८औँ शताब्दीको अन्त्य (सन् १८९६) मा ब्रिटिसले यसलाई पत्ता लगाए। त्यहाँ उत्खनन गर्दा अशोक स्तम्भ, मायादेवी मन्दिरलगायत सम्पदा भेटिए।

तर, काठमाडौँमा निरन्तर सहरीकरण भयो। कहीं घर बने, कहीं दरबार नै ठडिए। यहाँका पुराना सम्पदाको उत्खनन गर्न जटिल छ।

## पैसा र व्यापार

पहिले प्राचीन भारत वर्षभर चाँदीका टुक्रालाई मुद्राका रूपमा प्रयोग गरिन्थ्यो। नेपालमा मानदेवले निष्कासन गरेको 'मानाङ्क' पहिलो मुद्रा हो। त्यस मुद्राको अगाडिपट्टि 'मानाङ्क' र पछाडि 'श्री भोगिनी' लेखिएको छ। भोगिनी उनकी रानीको नाम हो।

यसपछि विभिन्न गुणांक, विष्णुगुप्तस्व, श्री अंशुलगायत गरेर लिच्छविकालमा सातओटा मुद्रा निष्कासन भएको अहिलेसम्मको अध्ययनले देखाउँछ।

व्यापार-व्यवसायमा पनि यस युगमा राम्रै थियो। तेलमा कर लाएको भन्ने कुरा आउँछ। सायद, तेल बनाउने कारखाना थिए होलान्। सिन्कर भनेपछि काठमा कर लाग्यो, सायद काठ उद्योग हुन सक्छ। चोइलकर, यसको अर्थ कपडा उद्योग हुन सक्छ।

नेपालको कपडा लिच्छविकाल सुरु हुनअघि नै भारतसम्म पनि प्रख्यात थियो। ईसापूर्वमै कौटिल्यको अर्थशास्त्रमा यसको चर्चा पाइन्छ। किराँतकालमा सुरु भएको भारतसँगको व्यापार लिच्छविकालमा थप विस्तार भएको देखिन्छ। अर्कोतर्फ, यही कालमा नेपालले तिब्बतसँग पनि व्यापार थाल्यो।

भृकुटीले बिहे गरेर तिब्बत जाँदा मैत्रेय बुद्धका मूर्ति लगिन्। धातुका मूर्ति लगिन्। नेपालबाट बौद्ध धर्म भित्र्याइयो। तिब्बतमा पनि नेपालकै बज्रयान बुद्ध धर्म मानिन्छ। संसारका

अन्य बौद्ध धर्मभन्दा यो पृथक छ। यो तान्त्रिक बौद्ध धर्म हो। यसमा हिन्दू देवीदेवताको पनि पूजा हुन्छ। यसरी धर्म प्रचार र कूटनीतिको काम पनि भएको देखिन्छ।

यसले व्यापारबाट पनि राम्रै गरेको थियो। नेपालले खाद्यान्न, मसाला, भाँडावर्तन तिब्बतमा बेच्थ्यो। खुर्सानी, धर्मग्रन्थ यहाँबाट किनेर लैजान्थे। नेपालबाट विद्वान्हरू धर्मग्रन्थ लेख्न र व्याख्या गर्न तिब्बत जान्थे। उताबाट, चमर, नुन, सुन आदि आउँथ्यो।

भारतमा पनि भाँडाकुँडा, मूर्ति, जडीबुटी जान्थे। चित्र र कागजपत्र बनाइयो। भारतमा लिच्छविहरूको पहिल्यैदेखि वैवाहिक सम्बन्ध थियो। भृकुटी विवाह भएर तिब्बत गएपछि त्यहाँ पनि लिच्छविहरूको सम्बन्ध बन्यो।

## लिच्छविकालीन कृषि

कृषिको विकासमा लिच्छविकालमा पर्याप्त ध्यान दिइएको थियो। त्यतिवेला सिँचाइका लागि तिलमक (राजकुलो) निर्माण गरिएको थियो। 'ढल्पा' अर्थात् कर्मचारी त्यसको रेखदेखमा खटिएका हुन्थे। राजकुलो बनाउने र त्यहाँको पानी सिँचाइ र ढुङ्गेधारामा प्रयोग गर्ने गरिन्थ्यो।

लिच्छविकालमा धेरै ढुङ्गेधारा बने। ढुङ्गेधारा निर्माण मध्यकाल र मल्लकालमा पनि जारी रह्यो। तर, लिच्छविकालमा बनेका ढुङ्गेधारामा बुट्टा कम छन्। डुड हेरेरै अनुमान लगाउन सकिन्छ। पशुपतिनाथ (भुवनेश्वरी मन्दिर छेउ)को वरुणधारा, हाँडीगाउँको ढुङ्गेधारा लिच्छविकालीन हुन्। सुन्धारा पनि लिच्छविकालमै बनेको हुन सक्छ। लिच्छविकालीन ढुङ्गेधाराको विशेष, कम बुट्टा अलंकार हो। सम्भवतः यतिवेलाका धेरै ढुङ्गेधारा पुरिए। कतिपय ढुङ्गेधारा मध्यकाल र मल्लकालमा पुनर्निर्माण पनि भए।

## स्वर्ण पत्र

चाँगुनारायण मानदेवभन्दा पनि अघि नै निर्माण भएको हो। त्यहाँ रहेको एउटा अभिलेखमा पूर्वका सामन्त र पश्चिमका सामन्तहरूले शिर उठाएको हुनाले उनीहरूलाई दबाएर, त्यहाँ यज्ञ गरिएको र गरुडध्वज स्थापना गरेको चर्चा छ। चाँगुमा मानदेवले आमालाई पुण्य प्राप्तिका लागि यज्ञ गरिदिनु र गरुडध्वज चढाउनुले यसको अवस्थिति पहिलेदेखि थियो भन्ने पुष्टि गर्छ। मानदेव वा त्यसभन्दा अघि नै यहाँ सुनको कवच चढाइएको थियो।

मानदेवभन्दा करिब दुई सय वर्षपछि अंशुवर्माले त्यसलाई मर्मत गरेको अभिलेख छ। लिच्छविकालमा यस्ता धेरै स्वर्णपत्र, ताम्रपत्रमा अभिलेख लेखिएको हुन सक्छ। जसको अनुसन्धान अझै हुन बाँकी छ।

## लिच्छविकालीन मूर्ति

लिच्छविकालको पहिलो ढुङ्गेमूर्ति च्यासलहितिको गजलक्ष्मी हो। प्रथम शताब्दीतिर यो मूर्ति बनेको मानिन्छ। पशुपतिको आर्यघाटमा विरूपाक्षको मूर्ति चौथो शताब्दीमा बनेको हो।

पाँचौँ शताब्दीमा मानदेवको पालामा लाजिम्पाट र तिलगंगामा विष्णुविक्रान्तका मूर्तिहरू बनाइएको पनि अभिलेख भेटिन्छ। लाजिम्पाटको मूर्ति राष्ट्रिय सङ्ग्रहालय छाउनीमा राखिएको छ। यो पनि अत्यन्तै सुन्दर छ। तिलगंगाको मूर्ति त्यहीँ नै छ। त्यहाँ मानदेवको पालामा मन्दिर पनि थियो भन्ने विभिन्न अध्ययनले देखाउँछ।

लिच्छविकालमा ढुङ्गाका मूर्ति धेरै बने। सबैभन्दा महत्त्वपूर्ण मूर्ति कालिया दमनको मूर्ति हो। यसलाई हनुमानढोकाको मोहनचोकमा राखिएको छ। बालकृष्णले कालीनागलाई दबाउँदै गरेको नेपालको एउटा मात्रै अत्यन्तै सुन्दर मूर्ति हो। त्यो सातौँ शताब्दीतिरको हो।

बुढानीलकण्ठको मूर्ति विष्णु गुप्तको पालामा बनेको हो। यो सातौँ शताब्दीकै हो। हनुमानढोका दक्षिणतिरबाट ढुङ्गा तानेर लगेर त्यहाँ मन्दिर बनाएको हो। त्यो मूर्ति बनाउन ढुङ्गा तानेर लगेबापत यताका मानिसलाई करछुट दिइएको अभिलेख पनि पाइन्छ।

अहिले १० रुपैयाँको नोटमा अङ्कित गरुडासन पनि लिच्छविकालको सुन्दर सिर्जना हो। यो मूर्ति चाँगुनारायण मन्दिर परिसरमै छ। लिच्छविकालमा यस्ता सयौँ मूर्ति, शिललिंग बनेको अभिलेखमा उल्लेख छ। ती अति आकर्षक छन्। कालीगडहरूले निकै मिहिनेत गरेर खोपेका थिए। यसले हामी मूर्तिकलामा निकै पारंगत थियौँ भन्ने देखाउँछ।

हुन त कतिपयले लिच्छविकालमा भारतको गुप्तकालीन शैलीको प्रभाव परेको पनि भन्छन्। किनकि, भारतमा गुप्त साम्राज्य कला र संस्कृतिका लागि विशेष थियो।

लिच्छविकालमा नेपालमा बनेका र भारतमा बनेका मूर्तिहरू उस्तैउस्तै छन्। किनकि धर्म मिल्थ्यो, लिच्छवि र त्यहाँका गुप्तहरूबिच बिहेबारी चल्थ्यो। तर, नेपालीले गुप्तहरूबाट सिकेको नभएर नेपालबाट गुप्तहरूले सिकेको पनि हुन सक्छ। यसबारे अध्ययन जरुरी छ।

## लिच्छविकालीन सिमाना

पाँचौँ शताब्दीमा भारतका गुप्त राजा समुद्र गुप्तको प्रयाग अभिलेखमा नेपाललाई 'कामरूपा नेपाल कर्तिपुर' भनेर उल्लेख गरिएको छ। कामरूपा भनेको अहिलेको आसाम र कर्तिपुर भन्नाले कुमाउ हो। यसले नेपालको भूभाग लिच्छविकालमा ठूलै थियो भन्ने सङ्केत गर्छ।

केन्द्र काठमाडौँ भए पनि गाउँगाउँमा छोटे राजा थिए, जसलाई सामन्त भनिन्थ्यो । सामन्तलाई सबै अधिकार दिइएको हुन्थ्यो र उनीहरूले केन्द्रलाई स्वीकारेर कर बुझाउनुपर्ने हुन्थ्यो । केन्द्र कमजोर भएको वेलामा ती सामन्तले आफै राजा घोषणा गर्थे अनि केन्द्रले पनि मौका ढुकेर उनीहरूलाई दबाउँथ्यो ।

राजा धर्मदेवको मृत्यु हुँदाको अस्थिर परिस्थितिमा पूर्व र पश्चिमतर्फका सामन्तले शिर उठाएको भन्ने चर्चा छ । पूर्व (कोशी) र पश्चिम (मल्लपुरी) हुन सक्छ । मल्लपुरी भन्नाले अहिलेको स्याङ्जा भन्ने सङ्केत मिल्छ किनकि स्याङ्जामा उत्खनन गर्दा ठूलो परिमाणमा मल्लकालको सिक्का भेटिएको छ ।

बाबुको मृत्युको समयमा शिर उठाउने सामन्तलाई मानदेवले दलबलसहित गएर दबाएका थिए । पश्चिमतर्फ मामाको सहयोगले मानदेव विजयी भएको चाँगुनारायणको ६४ लाइनको स्तम्भ अभिलेखमा उल्लेख छ ।

लिच्छविकालमा राजाहरूलाई गुप्तले केन्द्रमा हस्तक्षेप गर्ने गरेका थिए । गुप्तहरूको हस्तक्षेप अति नै भएपछि राजा शिवदेवले अंशुबर्मालाई सहयोगीका रूपमा लिएको इतिहासमा उल्लेख छ । पछि उनले सबै अधिकार नै अंशुबर्मालाई दिए । अंशुबर्माले कैलाशकुट भवन बनाए, मुद्रा चलाए, सुधारका धेरै काम गरे । अंशुबर्मा शक्तिमा छँदासम्म गुप्तहरू राजनीतिमा हाबी भएको देखिँदैन । तर, अंशुबर्माको अन्त्यपछि राजा शिवदेवका छोरा उदयदेवको पालामा फेरि गुप्तहरू शक्तिमा आए । त्यसपछि उनीहरूले उदयदेवलाई नै हस्तक्षेप गर्न थाले । जसकारण, उदयदेव भागेर तिब्बत गएर बसे । यता, विष्णु गुप्त र भिमार्जुन देवले शासन गरिरहेका थिए । कालान्तरमा उदय देवका छोरा नरेन्द्र देवले तिब्बतको सहयोगमा उनीहरूलाई दबाएर आफ्नो शासन फर्काए ।

आन्तरिक राजनीतिका यस्ता धेरै घटनाक्रम पनि अभिलेखमा सुरक्षित रहनु लिच्छविकालको सुन्दरता हो । लिच्छविहरूको पतन हुनेबित्तिकै नेपालमा विभिन्न राज्यहरू खडा भए । पश्चिमतर्फ बलियो खस मल्ल राज्य देखापर्‍यो । मध्यकालमा यो राज्य कैलाश मानसरोवर, तिब्बत, गण्डकी, कुमाउ गढवाल, सतलजसम्म फैलिएको थियो । अफगानिस्तानसम्म नेपालको सिमाना थियो ।

बारा जिल्लामा सिम्रौनगढ राज्य लिच्छविकालको पतनलगत्तै उदायो । तर, यी दुवै राज्य धेरै समय शक्तिशाली रहेनन् । खस मल्ल राज्य फुटेर बाइसे–चौबिसे बने ।

*(त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपाली संस्कृति, इतिहास र पुरातत्त्व विभागका पूर्वप्रमुख प्रा.डा. सोमप्रसाद खतिवडासँग अन्वेषण अधिकारीले गरेको कुराकानीमा आधारित ।)*

स्रोत : नयाँ पत्रिका, २०८१ असार ८

# प्रेरणीय

## ईश्वरको डर

शान्त वातावरणमा प्रार्थना गर्ने सोचले रुसी साहित्यकार टाल्सटोय बिहान पाँच नबज्दै चर्च पुगे । तर, उनीभन्दा अगाडि नै अर्को एक व्यक्ति भगवानसामु भन्दै थियो– हे भगवान्, मैले धेरै पाप गरेको छु । त्यो सम्झिँदा मलाई लज्जाबोध भइरहेको छ । मलाई माफ गर्नुहोस् ।

टाल्सटोयलाई त्यसरी आफ्नो अपराध स्वीकार्ने मान्छे महान् लाग्यो । उनलाई गल्ती स्वीकारेर क्षमायाचना गर्नु महान् कर्म लाग्यो । नजिक पुगेपछि उनले अपराध स्वीकार्ने मानिसलाई चिने । उनी सहरका ठूला व्यापारी थिए । टाल्सटोयलाई देख्नासाथ ती व्यापारी आत्तिए । उनले सोधे– मैले ईश्वरसामु भनेका कुरा तिमीले त सुनेनौ नि ? टाल्सटोयले मुसुक्क मुस्कुराउँदै जवाफ दिए– सुन्न त मैले तपाईँका सबै कुरा सुनेँ । तर, तपाईँको स्वीकारोक्ति मलाई असाध्यै मन पर्‍यो । आखिर अपराध स्वीकार्नु महान् कर्म पनि त हो नि !

व्यापारीले भने– त्यो त ठिक छ, तर तिमीले यी कुरा कसैलाई नबताउन् नि ! यो मेरो र भगवानबिचको मात्र कुरा हो । म यी कुरा संसारलाई होइन, केवल भगवानलाई सुनाउन चाहन्थेँ । तिमीले यी कुरा अरूलाई सुनायौ भने राम्रो हुनेछैन बुझ्यौ ? उनको धम्की सुनेर टाल्सटोय छक्क परे । उनले व्यापारीलाई प्रश्न गरे– तपाईँ भर्खरै त भन्दै हुनुहुन्थ्यो ... । उनको भनाइ बिचमै काट्दै व्यापारीले भने– हो, मैले जे भनेँ, त्यो भगवानका लागि मात्र हो, संसारका लागि होइन ।

टाल्सटोयले मनमनै सोचे– यो संसार कति मूर्ख छ । भगवानसित भन्दा मानिससित डराउँछ । समाजसामु गल्ती स्वीकार्न नसक्ने मानिसले कसरी भगवानसामु गल्ती स्वीकार्ला ?

**भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौँ ।**

# मेरी छोरीको 'बेबी स्कुल'



चाँदनी कायस्थ

महामारीको समयमा मैले मेरो तीन वर्षीय छोराको विद्यालय गतिविधिमा नजिकबाट संलग्न हुने मौका पाएँ। कक्षाहरू virtual रूपमा सञ्चालन हुने गर्थ्यो र दुई जना शिक्षकहरूको उपस्थितिको साथसाथै मैले पनि छोरालाई दुई घण्टाको अनलाइन कक्षामा सहजीकरण गर्नुपर्ने हुन्थ्यो। यो नयाँ र चुनौतीपूर्ण अनुभव थियो, केवल उसको लागि होइन, मेरो लागि पनि। दिनहरू हप्ता बने, हप्ता महिना बने र मैले उसको विद्यालयले अपनाएको शिक्षण विधिहरूलाई राम्रोसँग नियाल्ने अवसर पाएँ।

एक दिन, एक विशेष घटनाले मलाई गहिरो रूपमा प्रभावित गऱ्यो। मैले उसको शिक्षकले तीन दिनदेखि एउटा विद्यार्थीलाई धेरै चकचक नगर्नु है फेरि चकलेट पाउँदैनौ भन्दै गरेको सुनेँ। कक्षापछि, मेरो छोराले उक्त विद्यार्थीसँग आफूलाई तुलना गर्न थाल्यो। उसले भन्यो, 'म ऊजस्तो बदमास केटा नहुने मामु, मलाई चकलेट कस्तो मनपर्छ।' यो झट्ट सुन्दा सामान्य कुरा होला तर एउटा विद्यार्थीलाई शिक्षकले यस्तै सामान्य रूपमा केही भन्दा बच्चाहरूमा नकारात्मक असर पर्न सक्ने ठुलो सम्भावना मैले देखेँ। मैले देखेँ कि ती शिक्षकले प्रायः जस्तो यस्तो व्यवहार देखाइराख्नु हुन्थ्यो र यसले मेरो छोरामा नकारात्मक असर पर्नगयो किनकि उसले आफ्ना साथीहरूसँग आफूलाई तुलना गर्न थाल्यो, उनीहरूलाई समेत नकारात्मक दृष्टिले हेर्न थाल्यो। उसलाई मात्र हैन कि अन्य बालबालिकाहरूमा पनि पक्कै यस्तो प्रभाव परेको होला। शिक्षक र प्रशिक्षण पेशामा लामो समयदेखि आवद्ध भएको कारणले होला मलाई नेपालको प्रारम्भिक बाल शिक्षा कहाँ जाँदैछ भन्ने बारेमा चिन्तित बनाउन थाल्यो। म त्यतिखेर चिन्तित थिएँ, र अहिले पनि चिन्तित छु, किनकि अब मेरो दोस्रो सन्तानको प्रारम्भिक बाल शिक्षाको पालो थियो।

विसं २०८० को वैशाख ६ गते हामीले भक्तपुर नगरपालिकाले दुई वर्षदेखि सञ्चालन गर्दै आएको वडा नं. १ को बाल स्याहार तथा विकास केन्द्रमा छोरीलाई भर्ना गऱ्यौं। सुरुमा त केवल एक वर्षकी छोरीलाई यस बाल स्याहार भर्ना गर्न म धेरै हिच्किचाएँ किनभने यो स्थानीय सरकारद्वारा सञ्चालित थियो र मासिक शुल्क केवल रु.१०००।- थियो। मेरो मनमा प्रश्नहरू उठ्न थाले : के तिनले आवश्यक हेरचाह र माया पाउँछ होला ? के सुविधाहरू पर्याप्त हुनेछन् ? यस्ता कयौँ प्रश्नको माझमा पनि मेरो घरकै छेउमा भएको कारणले मात्र मैले छोरीलाई वडा नं. १ को बाल स्याहार तथा विकास केन्द्रमा पठाएँ।

मेरी छोरीलाई एक सामान्य सरकारी बाल स्याहार तथा विकास केन्द्रमा भर्ना गर्दा, जहाँ करिब ४० जना बालबालिकाहरू जो विभिन्न सामाजिक-आर्थिक पृष्ठभूमिबाट आउँछन्, मलाई जहिलेनि डर हुन्थ्यो कि मेरी छोरीको साथी संगत कस्तो हुने होला भनेर। मेरो यो शङ्काले मैले करिब दुई महिनासम्म स्याहार केन्द्रको हरेक गतिविधिलाई ध्यान दिएर नियालेँ। प्रत्येक दिन मेरी छोरी खुसी, सुरक्षित र सकारात्मक तरिकामा सिक्दैछिन् कि छैनन् भन्ने डरले मैले केन्द्रको वातावरणलाई ध्यानपूर्वक अवलोकन गरेँ।

पहिलो सकारात्मक प्रभाव 'आया दिदीहरू' बाट आयो – दुई जना सहायक दिदीहरूले बालबालिकाको हेरचाह गर्नुहुँदोरहेछ। दिदीहरू असाध्यै सहयोगी हुनुहुन्थ्यो। म आफै पनि बालबालिकालाई रुचाउने मान्छे भएको हुँदा मैले यी दुई दिदीहरूबाट पनि त्यही व्यवहार पाएँ। उहाँहरूले बालबालिकालाई काखमा राख्ने, अनुहार पुछ्ने, र रुँदा सान्त्वना दिने तरिकाले उनीहरूलाई हरेक बालबालिकाको दोस्रो आमा जस्तै बनिसकेका थिए। जब मैले यी सहायक दिदीहरूलाई मेरी छोरीलाई निष्पक्ष माया र हेरचाह गर्दै गरेको देखेँ, मेरो शङ्का हट्यो। छोरी विद्यालय पुग्दा खुसी हुँदै आया दिदीको हात समातेको देख्दा मलाई राहत महसुस भयो।



दोस्रो सुखद आश्चर्य केन्द्रको आहार तालिका थियो। राम्रोसँग योजना गरिएको पोषणयुक्त आहार थियो, जसमा कर्नफ्लेक्स, चोकोस् वा ब्रेडको सत्तामा जाउलो, दूध, अण्डा, खीर र फलफूल समावेश थियो। प्रत्येक दिन मेरी छोरी मुस्कानसहित घर फर्किन्थी, उनले विद्यालयमा आफूले मिठो खानेकुरा खाएको कुरा व्यक्त गर्थी। उनले विद्यालयमा स्वस्थ, सन्तुलित आहार खाएको थाहा पाउँदा म पनि खुशी हुन्थें। यसले मलाई उसको शारीरिक विकासको हेरचाह गरिएको छ भन्ने आत्मविश्वास दिएको थियो।

अन्तमा, म शिक्षिकाहरूलाई धेरै सम्मान गर्छु। दुवै शिक्षिका राम्रोसँग प्रशिक्षित थिए, न केवल मान्टेसरी प्रविधिहरूमा, तर प्रभावकारी प्रारम्भिक बाल शिक्षाको साँचो अभ्यासकर्ताको रूपमा पनि मैले उहाँहरूलाई पाएँ। छोरीलाई विद्यालयमा छोड्ने बेला कहिलेकाहिँ झ्यालबाट लुकेर हेर्दा दुवै शिक्षिका सबै ४० जना बालबालिकासँग ध्यानपूर्वक संलग्न रहन्थे, विद्यालयका गतिविधिहरूमा पूर्णरूपमा भाग लिँदै। यद्यपि, मलाई मुख्य शिक्षिकाको नाम थाहा छैन, उनको उत्साह र हरेक बालबालिकाको गतिविधिहरूप्रति समर्पण स्पष्ट थियो। यस्ता उत्साही र लगनशील शिक्षिकाहरू प्रारम्भिक बाल शिक्षामा दुर्लभ र अमूल्य छन्। एक दिन, मैले देखें कि उहाँले मेरी छोरीलाई puzzle खेल्न धैर्यपूर्वक मद्दत गरिरहेकी थिइन्, उसलाई सफल नहुन्जेलसम्म सौम्य रूपमा प्रोत्साहित गरिरहेकी थिइन्। यस्तै क्षणहरूले मैले यस बाल स्याहार केन्द्रमा छोरीलाई राख्न पाएको कुराले गर्व महसुस गर्न थालें।

वडा न. १ को बाल स्याहार तथा विकास केन्द्र भक्तपुरको भाज्यापुखू पोखरीको छेउमा खुला र उज्यालो स्थानमा सुन्दर रूपमा अवस्थित छ। शान्त वातावरणले खेल्न र सिक्नको लागि उपयुक्त वातावरण यस केन्द्रमा पाइन्छ। साथै, केन्द्रले विभिन्न सामाजिक-आर्थिक पृष्ठभूमिका बालबालिकाहरूलाई सँगै सिक्न र खेल्न दिने समावेशी र समान वातावरणलाई पनि सहजीकरण गरेको छ। केही बालबालिकाहरू न्यून आय भएका परिवारहरूबाट आएका थिए, तर यसले उनीहरूको बाल्यकालको सिकाइ, जिज्ञासा र उत्सुकतालाई बाधा पुऱ्याएको थिएन। उनीहरूलाई सँगै खेल्दै, उनीहरूको फरक पृष्ठभूमिले उनीहरूको सिकाइमा केही बाधा नपरेकोले मलाई सन्तुष्टि मिल्यो।

राष्ट्रको शिक्षामा भन्दा राम्रो लगानी अरू कुनै हुन सक्दैन, किनकि यसले सबैभन्दा राम्रो प्रतिफल दिन्छ। भक्तपुर नगरपालिकाको यो बाल स्याहार तथा विकास केन्द्र सुरु गर्ने पहल दूरदर्शी देखिन्छ। नगरपालिकाको शिक्षा प्रतिको रणनीतिलाई प्रशंसा गर्नै पर्छ, किनकि मेरी छोरी र अन्य ३९ जना बालबालिका सुरक्षित वातावरणमा शिक्षा लिन पाएका थिए। तालिम, पाठ्यक्रम, र उपकरणहरू केवल साधन हुन्छ, शिक्षकको दृष्टिकोण नै बालबालिकाको विकासलाई वास्तवमा समृद्ध बनाउँछ तसर्थ शिक्षिकाहरूको व्यक्तित्व र दृष्टिकोण बालबालिकाको समग्र विकासको लागि तालिम र उपकरणहरूभन्दा महत्त्वपूर्ण छ। अहिले चल्दै आएको महँगो र उत्कृष्ट निजी 'kindergarten' विद्यालयहरूको तुलनामा धेरै राम्रो सुविधा दिनसक्ने नगरपालिकालाई मेरो एउटा मात्र अनुरोध के हो भने बाल स्याहार केन्द्रलाई पूर्व प्राथमिक विद्यालयसम्म सञ्चालित गर्नसके अहिले बढ्दै गरेको शिक्षाको व्यापारबाट कति अभिभावकहरू जोगिन सक्थे।



मेरी छोरीको बाल स्याहार केन्द्रको एक वर्षपछिको बसाइ पश्चात अब नर्सरी जानको लागि स्थानान्तरण गर्ने समय आएको छ। न त उनले छोड्न चाहन्थी, न मैले नै छोडाउन। उनलाई त्यहाँबाट छुटाउन पर्दा म भावुक भैसकेको थिएँ तर ममात्र होइन मैले उनको शिक्षिका र सहायिकाहरूमा पनि त्यही भावना महसुस गरें। उनलाई आफ्नो 'बेबी स्कुल' बाट बिदा दिन कठिन थियो। जब मैले मेरी छोरीको हात समातेर अन्तिम पल्ट 'bye bye' गरें, मैले गर्व र दुःखको मिश्रित भावना महसुस गरें। अन्ततः मेरी छोरीले उसको पहिलो र सबैभन्दा राम्रो स्कूललाई विसं २०८१ को चैत २० गते बिदाई गरिन्।

## यता-उताबाट

**Full Forms**

LOVE-Lots of Valuable Emotions
DATE-Day And Time Experience
AIM-Ambition In Mind
JOKE-Joy Of Kids Entertainment
NEWS-North East West South
SMILE-Sweet Memories in Lips

# मोहनी नख:



डा. वीरेन्द्रप्रसाद कायस्थ

ज्योतिष विज्ञानअनुसार शारदीय नवरात्रमा अर्थात् शरद ऋतुमा दिन छोटो हुन थाल्छ र रात लामो। साथसाथै चैतको नवरात्रीमा दिन लामो हुन थाल्दछ र रात घट्छ। यसरी ऋतुहरूको परिवर्तनकालको असर मानव जीवनमा नपरोस्, यसैको लागि साधना, आराधना–उपासना र उपवासको विधान ऋषि–मुनिले गरेका थिए। शरद ऋतुको समयमा प्राकृतिक सौन्दर्य पनि बढ्छ। प्राकृतिक सुन्दरताको साथ–साथै वातावरण सुखद पनि हुन्छ। आश्विन महिनामा मौसममा न अधिक चिसो रहन्छ न त अधिक गर्मी हुन्छ। प्रकृतिको यो रूपले सबैको मनलाई उत्साहित गर्छ। जसले गर्दा शरद ऋतुको समय शक्ति साधकको लागि अनुकूल हुन जान्छ। यस कालमा लौकिक उत्सवको साथै प्राकृतिक रूप सँग ऋतु परिवर्तन हुन्छ। जब शरद ऋतुको सुरुवात हुन्छ, तब वर्षाको मौसम बिदा हुन थाल्छ।

नेवा:हरूमा ऋतुअनुसारको विशिष्ट पहिचान बोकेको संस्कार, सस्कृति र चाडपर्व छन्। यहाँका नेवा:हरू बढीमात्रामा चाडपर्व मनाउने समुदाय हो। यो समुदायले प्रत्येक ऋतु तथा पक्षअनुसारको एक न एक चाडपर्व मनाइरहेकै हुन्छन्। नेवा:हरूले मान्ने चाडपर्वको बेग्लै महत्त्व, अर्थ र रीतिरिवाज छ। चाडपर्व मानव जातिको धर्म संस्कृतिमात्र नभएर जीवन पद्धति पनि हो। यहाँको चाडपर्व किराँत शासनकालदेखि सुरु भएको मानिन्छ। त्यसैले किराँत शासनकाललाई चाडपर्वको युग मानिन्छ। चाडपर्व, संस्कार र संस्कृति मानव जातिका अभिन्न पाटा हुन्। आध्यात्मिक र वैज्ञानिक दृष्टिले संस्कार, संस्कृति र चाडपर्वलाई नै विद्या भनिन्छ। कुनै पनि धारणा, दर्शन, संस्कार, संस्कृति, पर्व तथा सिद्धान्तहरू समय परिस्थितिअनुसार आ–आफ्नो स्थान र तर्कमा बदलिन सक्छन्। समय र स्थान विशेषले जुनसुकै रूप लिए पनि चाडपर्वहरू वैज्ञानिक तथा मानवीय जीवनमा व्यवहारिक देखिन्छ।

नेपाल तन्त्रप्रधान देशको रूपमा किराँतकाल देखि परिचित हुँदै आएको छ। किराँतीहरूको जीवन पद्धति तन्त्रमय थियो। तन्त्र एउटा पुरातन रहस्यात्मक विद्या र विशेष अध्ययन र साधना पद्धति हो। यस साधनाले साधक (योगी) ले मोक्ष प्राप्त गर्न र सिद्धि प्राप्त गर्न सक्ने र जीवजन्तुबाट उन्मुक्ति पनि तन्त्रबाट गर्न सकिन्छ भन्ने विश्वास गरिन्छ। पदार्थहरूको रचना, परिवर्तन र विनाशजस्ता ठुला काम बिना कुनै यन्त्रको सहायता तन्त्रबाटै गर्न सकिन्छ। जस्तै मनुष्यबाट पशु बन्नु, गायब हुनु, एकचोटीमा ५–५ रूप लिनु, समुद्रलाई नाघ्नु, विशाल पर्वतहरूलाई बोक्नु, करोडौं मील टाढाको व्यक्तिलाई देख्नसक्नु तथा उनीहरूसँग कुरा गर्नु जस्ता अनेक कार्य यी सबै तन्त्र विद्याबाट मात्रै सम्भव छ। तन्त्र विद्याबाट नै प्राचीनकालमा घातक किसिमका हतियार जस्तै पाशुपतास्त्र, नागपाश, ब्रह्मास्त्र आदि बनाइन्थ्यो। महाभारतकालमा पाशुपतास्त्र शस्त्र अर्जुनले किराँतीबाट नै प्राप्त गरेका थिए।

किराँतहरू प्रकृतिपूजक हुन्। किराँतीहरूले आराधना त शक्तिकै गरिन्छ, तर कुनै असुरमर्दिनी स्त्री–शक्तिलाई होइन, आफ्नो कर्मशक्तिलाई आराधना गरिन्छ। किराँतीहरूले पूजा गर्ने भनेको आफ्नो बासस्थान वा देशलाई चारैतिरबाट रक्षा गरी राख्ने पीठहरू हुन्।

किराँतकालमा पुजिने हरेक देवीदेवताका आ–आफ्ना गुण र विशेषता छन्। यहाँका ठुला ठुला देवस्थलहरूमा, आगम घरहरूमा, बौद्ध विहारहरूमा पनि तान्त्रिक विधिका पूजा पाठ र तीसँग सम्बन्धित सांस्कृतिक गतिविधिहरू पनि परम्परागत रूपमा जीवितै छन्। पूजा तीन प्रकारका छन् ती हुन्– **सात्विक, राजस र तामस**। चन्दन, अक्षता, फूल, अर्घ, पञ्चामृत र पायसलगायत १६ सामग्रीले पूजा गर्ने विधिलाई सात्विक भनिन्छ। यसलाई षोडषोपचार पूजा पनि भनिन्छ। पशु तथा पंक्षीको रगत र मासु चढाएर देवदेवीलाई सन्तुष्ट गराउने पूजालाई राजस पूजा भनिन्छ। सात्विक र राजस विधिसहित मदिरासमेत चढाएर गरिने पूजा विधिलाई तामस भनिन्छ।



प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदा अर्थात् कौलाथ्व (पारु)कै दिन हिन्दू र बौद्धमार्गी नेवाःहरूले आगम घरमा 'नलाः स्वनेगु' अर्थात् जमरा राख्ने गर्छन्। मोहनी नखःको सुरु यसै दिनबाट हुन्छ। घटस्थापनाको (नलाःस्वनेगु) दिन झिसमिसे बिहानी मै आत्मसुद्धि पश्चात् नदी, खोला वा बगर गई चोखो बालुवा अथवा माटो ल्याई पूजाकोठामा विधिपूर्वक जमरा राख्ने गरिन्छ। वैदिक विधिद्वारा हुने पूजामा जौलाई अनिवार्य अन्नको रूपमा मान्ने गरिएको छ। गहुँ तथा जौको अङ्कुरणसँगै घरमा सुख, शान्ति, समृद्धि र स्वास्थ्य लाभ हुने शास्त्रीय मान्यता छ। आयुर्वेद शास्त्रअनुसार जमरालाई महाऔषधि मानिएको छ।

नेवाःहरूले मनाउने मोहनी तीन दिनको हुन्छ। त्यसमा पुर्खाले सिकाएर गएका जीवनदर्शन लुकेको छ। त्यसलाई क्रमशः हामी कुछि भ्वय्, स्याक्वत्याक्व र चालं भन्छौं। **मोहनी नखः अन्तर्गत सप्तमीका दिन नेवार समुदायमा केही गर्नुपर्दैन।** पृथ्वीनारायण शाहले काठमाडौँमाथि विजय प्राप्त गरेपछि फूलपातीको प्रचलन नेपाल मण्डलमा सुरु भएको हो।



कुछिभ्वय् (आश्विन शुक्ल महाअष्टमी) का दिन घर–घरमा जमरा राखिएको कोठामा कुनै मूर्ति पूजा नगरी शक्तिको कामना गर्दै, खड्ग स्थापना र 'थापिँचा स्वनेगु' गरिन्छ। (माटोको सानो घैँटोमा जाँड अथवा रक्सी र त्यसमाथि सलिँचामा एक टुक्रा राँगाको मासु राख्नुलाई 'थापिँचा स्वनेगु' भनिन्छ) तलेजुआगममा तन्त्रअनुसार खड्गसिद्धिको आराधना गरी विधिपूर्वक देवीको खड्ग स्थापना पनि गरिन्छ र आश्विन शुक्ल महादशमीका दिन पायाः न्ह्याकेगु अर्थात् खड्ग जात्रा गरी नगरपरिक्रमा गराउने चलनसमेत रहेको छ। पायाःन्ह्याकेगु भनेको हतियार प्रदर्शन हो। पायाःन्ह्याकेगु खड्ग जात्राले जनतालाई खड्ग (शस्त्र) ठीक छ भनी देखाएको हो।

## पायाःजात्राको पौराणिक कथा



सत्ययुगमा महिषासुरले स्त्रीबाहेक कसैले पनि मार्न नसक्ने वर ब्रम्हाजीबाट पाएका थिए। जति युद्ध गर्दा पनि देवगणले युद्धमा महिषासुरको वध गर्न नसकेपछि विष्णु, रुद्र र इन्द्रले आफ्ना शक्तियुक्त देवीको स्थापना गरे। तर, अत्यन्त सुमधुर स्वर, सुन्दर शरीर र शालीन व्यवहारले युक्त महिषासुरलाई देखेर देवी आफै मोहित भइन्। त्यही मोहनीले लठ्ठ भएकी देवीले दानवसँग युद्ध गर्न नसकेपछि मधु (मदिरा) को प्रयोग गरेर महिषासुरलाई पराजित गरिन् भन्ने विश्वास छ।

पौराणिक कथाअनुसार मद्यपानपछि महिषासुरको वध गरेर क्रोधित भएकी देवीले हातमा खड्ग लिएर कोही बाँकी छन् कि भनेर असुर सेनाको खोजी गर्दै हिँडेको पौराणिक कथाका आधारमा खड्ग चालन अर्थात् पायाःजात्रा सुरु गरिएको हो। जुन काठमाडौँ र भक्तपुरमा गर्ने गरिन्छ। यो जात्राले ऐतिहासिकता प्रदर्शन गर्ने कोसिस गरेको देखिन्छ। *(मल्लकालीन संस्कृति र ज्योतिष विज्ञान)*

काठमाण्डौँ उपत्यकाका नेवाःहरूले यस पर्वलाई मौलिक पर्वका रूपमा लिने गरिएको पाइन्छ। यस दिन घरपरिवार बसेर भोज खान्छन्, जुन मोहनीको सबैभन्दा महत्त्वपूर्ण दिन हो। पशुबलिमा विश्वास गर्नेहरू पनि यसदिन पशुबलि दिँदैनन्। यस दिन वैदिक वा शाक्त धर्ममा आस्था भएकाले पनि कुनै देवीलाई पूजा गर्ने होइन, न त कुनै असुर मारिएको खुशीयाली नै मनाइने हो।

## स्याक्वत्याक्व

नेवाःहरूले महानवमीको दिनलाई 'स्याक्वत्याक्व' भन्ने गरिन्छ। यस दिन अदुवा र ऊखुसमेत राखेर आफ्नो पेसा–कर्मअनुसारका औजारलाई नै देवदेवी सम्झेर पूजा गर्ने गरिन्छ। जस्तै कृषकले कुटो कोदालोको, व्यापारीले ढक तराजुको, सिकर्मी डकर्मीले त्यसै अनुसारका ज्यावलको र कर्मचारीहरू

कापीकलम पुज्छन् र तिनै औजारको सहायतामा आफ्नो कर्मलाई निरन्तरता दिने सङ्घर्षवादी सिद्धान्तलाई मोहनीको दार्शनिक पक्षको रूपमा बुझ्ने गरिएको छ। स्याक्वत्याक्वलाई बलि दिने दिनको रूपमा पनि लिइन्छ। यस दिन आफूले मानिआएका देवदेवीको पूजाआराधना गरिन्छ र यो दिन पशुबलि दिनेहरूले बलि दिएर पूजा गर्छन्। बलि भनेको पहिला त तान्त्रिक पूजामात्र हुने गर्थ्यो। यो एकदिनमात्र नेवाःहरूको खास गरी पूजा गर्ने दिन हो। यसै दिन कुछि भ्वय्को दिनमा आगम घरमा स्थापना गरिएको 'थापिँचा'लाई पनि विधिपूर्वक पूजा गरिन्छ र तान्त्रिक विधिअनुसार मोहनी सिन्हः (कालो टीका) पनि तयार गरिन्छ। यस दिन नयाँ पालुवाहरू घरमा भित्र्याउँदा घरभित्र रहने रोग वृद्धिकारक जीवांश (भाइरस, ब्याक्टेरिया) र विभिन्न प्रकारका नकारात्मक कीटाणु र जीवाणुहरू औषधीय अदुवाको प्रभावले घरमा रहन सक्दैनन्।

**'चालँ स्वाँ क्वकायेगु'** – यस दिन नेवारहरूको केही खास हुँदैन। नवमीको दिनमा पूजा गरिएका विभिन्न किसिमका औजार तथा ज्यावललाई पुनः पूजा गरी पूजाकोठाबाट झिक्नुलाई चालँ क्वकायेगु भनिन्छ। अर्थात् स्याक्वत्याक्वको दिन पूजा गरेर शक्ति पुनर्जीवित गरेको औजार थापेर वर्षभरि सच्चा र इमानदार भएर जीविकोपार्जन गर्ने प्रण गरिन्छ, अनि कालो टीका थापेर असत्यलाई आफूमाथि हावी हुन नदिन आफ्ना औजारसँग शक्ति माग्छन्।



यस क्रममा कुलमा सबैभन्दा ज्येष्ठ सदस्यले अरू सबै सदस्यलाई निधारमा भुइसिन्हः (सिन्दुरे टीका) र त्योभन्दा माथि मोहनी सिन्हः (कालो टीका) लगाइदिएर नलः स्वाँ र प्रसाद बाँड्ने चलन छ। गलामा 'क्वखा' अर्थात् रातो र सेतो कपडाको धरो पनि पहिरिने चलन छ। अनि थापिँचाको जाँड र मासु पोलेर प्रसादको रूपमा समय्बजि खाने चलन छ। त्यो खाएमा पेटको विकार निको हुन्छ भन्ने विश्वास छ।

यस चाडको महत्त्वपूर्ण पक्ष भनेको मोहनी सिन्हः (कालो टीका) हो। जसको नामबाटै हामी यो चाडलाई मोहनी भन्छौं। बिहान एकपल्ट घरमूलीले सबै सदस्यलाई मोहनी टीका र रातो चामलको टीका लगाइदिए पछि त्यसको काम सकिन्छ। त्यो पनि आफ्नो परिवारजनलाई बाहेक अरूलाई लगाई दिँदैन। आफन्तहरूबिच पनि नबोलाएकाहरूको घरमा टीका थाप्न जाँदैनन्।

आश्विन शुक्ल त्रयोदशीको दिनमा पूजाकोठामा राखिएको नलाः स्वाँ, उखु र अदुवाको बोट आदि र त्यहाँ राखिएका अन्य चिजबिजलाई पनि बाहिर निकालेर पिखालखु (घरको मूलदैलो) मा राखिन्छ। आगमघरमा बलि दिएको पशु वा पन्छीको एक टुक्रा मासु सुकाएर तिहारसम्मका लागि राखिन्छ। त्यसलाई राखेर लक्ष्मीपूजा गरेपछि मोहनी नखः विधिवत सम्पन्न भएको मानिन्छ।

## मोहनी



तन्त्रपूजामा मोहनी साधना गर्ने चलन अत्यन्त पुरानो हो। जुन नेपाल मण्डलमा अत्यन्त व्यापक रूपमा चलेको छ। मोहनीको महाअष्टमी वा महानवमी पूजाको दिनमा तान्त्रिक विधिअनुसार मोहनी सिन्हः (कालो टीका) तयार गरिन्छ। एउटा माटाको पालामा (सलिँचामा) तेल राखी कपडाको बत्ती बाल्ने र त्यसलाई अर्को अर्को सलिँचाले छोपेर मोहनी सिन्हः तयार गरिन्छ। तन्त्रका विविध विधिविधानले विभिन्न क्रिया, साधना र आराधना गरेर बत्ती बाली मोहनी

थाप्ने काम हुन्छ। दीक्षित साधकहरूले मोहनी साधना गर्दा पालामा विभिन्न रूपाकृतिहरू वा गणसहित मूलदेवता नै निस्किन्छन्। यो रूपाकृतिहरू निश्चित भने हुँदैन। रूप र आकृति हेरेर पछि हुने काम कुराहरूको आकलन गर्न सकिन्छ। मोहनी सिन्हः जति कालो रङ्गको हुन्छ, त्यो वर्ष धनलाभ, मान सम्मान पाउने। धुवाँ समान भए परिवारमा कलह र कार्यमा वाधा अडचन आउने गरिन्छ। केही रक्त वर्णले रोगव्याधी वा शत्रु भयको सम्भावना दर्शाउँछ। यदि आधा कालो आधा धुवाँ समान रङ्ग आएमा त्यसवर्ष पहिले काम बन्ने र पछि गएर काममा हानि हुने गर्छ। मोहनी सिन्हः जति बढी हुन्छ त्यो वर्ष धनधान्य वृद्धिको सूचक हो र शुभकारी मान्ने गरिन्छ।

जसले साधकको अभिष्ट सिद्धिको सङ्केत गरिन्छ। यदि पालाको कुनै भागमा कालो वसेन भने त्यो वर्ष जन, धनको क्षय हुन्छ। अकाल मृत्यु हुने वा निर्धनता हुने हुन्छ।

मोहनी सिन्हः (टीका) कसैले दुई आँखीभौँको बिचमा लगाउँछन् भने कसैले कपाल छुने गरी निधारको माथिल्लो भागमा लगाउँछन्। देवीदेवताको आराधना गरी यो टीका लगाउँदा अरूले प्रयोग गरेको मारण, मोहन, वशीकरण, स्तम्भन, विद्वेषण, उच्चाटन आदिले छुन सक्दैन भन्ने मान्यता रही आएको छ। *(मल्लकालीन संस्कृति र ज्योतिष विज्ञान)*

संस्कृतविद् सत्यमोहन जोशीका अनुसार, सली (माटाका सानो पाला) मोहनी सिन्हः सङ्कलन गरी तयार पारिएको एक प्रकारको टीकालाई नेपाल भाषामा मोहनी भन्ने गरिएको र त्यसबाट नै मोहनी भएको हो। मोहनी सिन्हः अरू पूजामा पनि तयार पार्ने गरिएको जानकारी उहाँले दिनुभयो। मोहनी सिन्हः अत्यन्तै महत्त्वपूर्ण भएकाले नेवार समुदायमा निधारमा लगाउँदा रातो र पहेँलो टीकाभन्दा माथि लगाउने चलन भएको उहाँको धारणा छ। यो टीका लगाउँदा अञ्जन सिद्धि प्राप्त हुने विश्वास छ। यही मोहनी सिन्हःकै नाउँमा यो चाडको नाउँ नै मोहनी नखः भएको मानिन्छ। *(थाहा टाइम्स, २०७७ कार्तिक ९ गते)*

## हतियार पूजा गर्नुको कारण

खड्ग एउटा शस्त्र हो। यसको प्रयोग देवताहरूको पालादेखि नै हुँदै आएको छ। घरमा हतियार भए पनि शत्रुलाई मार्नु हुँदैन भन्नेहरू घरमा भएका हतियार अर्थात् खड्ग पुज्छन्। किनभने हतियार अर्थात खड्ग भनेको दुर्गा हो। जसले विपक्ष नाश गर्छन्।

नेपालमा खड्ग विभिन्न जातजातिहरूले आफ्नो संस्कार र संस्कृतिअनुसार कुल पूजा गर्ने गरेको पाइन्छ। यसको पवित्रता रहेसम्म मात्र ती कुलदेवताको बास हुन्छ भन्ने पनि किम्बदन्ती छ। त्यसैकारण नेवाःहरू खड्गको कहिल्यै पनि दुरूपयोग गर्नु हुँदैन भन्ने मान्यता राख्छन्। नयाँ खड्ग किनेर चलनमा ल्याउनुभन्दा अगाडि कुलदेवताका नाममा समर्पण गरी पूजा तथा भोग चढाउनुपर्छ भन्ने पनि मान्यता छ। यदि कुनै कारणबस खड्गमा लाता लाग्यो भने ढोग्ने गरिन्छ। त्यसैगरी खड्ग आफ्नो जातभन्दा बाहिरकालाई अर्थात शत्रुलाई छुन दिनुहुन्न भन्ने पनि भनाइ छ। छुन दिँदा कुलदेवता रिसाउँछन् भनिन्छ। खड्गलाई दापबाट बिनाकाम झिक्न र झिकेर उज्याउन पनि हुन्न भनिन्छ। यसले अनजानमानै खड्गले भोग खाएर छाड्छ भन्ने विश्वास जनमानसमा छ। केही गरी अनजानबस दापबाट खड्ग निकालियो भने खड्गलाई काठ वा भूइँ वा जेमा भएपनि हानेर दोष मेट्नु पर्छ भन्ने गर्छन् ।

खड्ग धार्मिक, राजनैतिक, दार्शनिक तथा सांस्कृतिक दृष्टिकोणबाट पनि आफ्नै किसिमको महत्त्व छ। समाजमा खड्गलाई केवल एउटा शस्त्रको रूपमा मात्र नभई यो शब्दलाई स्थान, वस्तु तथा तत्त्वसित जोडेर हेर्ने गरेको पाइन्छ। त्यसबाहेक खड्गलाई देवदेवीको प्रतीक, विजयको प्रतीक र राजाको प्रतिनिधिको रूपमा पनि लिइन्छ।

प्राचीनकालमा खड्गसिद्धि प्राप्त गरी शत्रुमाथि विजय प्राप्त गर्नुका साथै आफ्नो मनोकाङ्क्षासमेत पूरा हुने शास्त्रीय कथन रहेको छ। त्यसैले राजा महाराजाहरू युद्धमा प्रस्थान गर्दा, एक अर्काले शुभकामना ब्यक्त गर्दा र आशीर्वाद दिँदासमेत खड्गसद्धिरस्तु वा खड्गसिद्धि जयकामनार्थ भन्ने प्रचलन रहेको छ। खड्गसिद्धि लिने परम्परा भगवान् ब्रम्हा स्वयम्बाट भएको बताइन्छ। बौद्ध धर्मग्रन्थमा खड्गको प्रयोग मञ्जुश्रीको समयदेखि भएको वर्णन पाइन्छ।

**सहायक स्रोत**

१) डा.कायस्थ, वीरेन्द्रप्रसाद– मल्लकालीन संस्कृति र ज्योतिष विज्ञान
२) कायस्थ, वीरेन्द्रप्रसाद– दुर्गा पूजा पद्धति
३) प्रा.डा.जोशी मंगलराज र ज्योतिर्विद् शर्मा गिरिन्दराजका प्रशिक्षण र प्रवचनबाट
४) खोपृङ, अङ्क २६
५) नेवारहरूको चाड ‘मोहन’ हो, ‘दशैं’ होइन
६) दसैँकै बेला नेवार समुदायमा यसरी मनाइन्छ मोहनी नखः, आदि।

# पुस्तकालय, पठन संस्कृति र पुस्तकालयकर्मीप्रतिको धारणा



सरला प्रधान कायष्ठ

सामान्य अर्थमा पुस्तकालय भन्नाले पुस्तकहरूको घर अथवा बैङ्क हो। जहाँ पुस्तकहरूलाई भण्डारण गरिन्छ। ज्ञान मूल्यमान्यता दर्शनको थलो हो। भविष्य देखाउने र खोज अनुसन्धानको लागि आवश्यक पर्ने सामग्रीहरूको भण्डार हो। पुस्तकालय विज्ञानका अनुसार पुस्तकालय भनेको वैज्ञानिक वर्गीकरण सूचीकरणबाट हरेक पुस्तकहरूलाई आधुनिकरूपले व्यवस्थित रूपमा राखिएको ठाउँ हो। लाइब्रेरी शब्द ल्याटिन भाषाको लिवर शब्दबाट आएको हो। जसको अर्थ पुस्तक हो। पुस्तकालयमा हामीले विभिन्न पुस्तक, पत्रपत्रिकाका साथै अन्य अडियो, भिडियोजस्ता सामग्रीहरू प्राप्त गर्न सक्दछौँ। नेपालमा पुस्तकालयको जन्म लिच्छविकालमा नै भएको पाइन्छ। बेलायतमा विक्रम संवत् १९०१ मा सर्वप्रथम सार्वजनिक पुस्तकालय विधेयक आएको थियो भने नेपालमा वि.सं. १८६९ साल भदौ १५ गते भएको पाइन्छ। त्यसैले हरेक वर्ष भदौ १५ गते नेपालमा विभिन्न कार्यक्रम गरी पुस्तकालय दिवस मनाउने गरेको छ। सार्वजनिक पुस्तकालय, विशेष पुस्तकालय, संस्थागत पुस्तकालय विभिन्न प्रकारका पुस्तकालयहरू रहेका छन्।

पुस्तकालयको विकाससँगै पुस्तकालयको महत्त्व पनि निकै रहेको पाइन्छ। शिक्षाको प्रचारप्रसार गर्न, बौद्धिक ज्ञान बढाउन, बाहिरी ज्ञान प्राप्त गर्न, देशविदेशका सूचना तथा जानकारीहरू प्राप्त गर्न, अध्ययन अनुसन्धानमा पुस्तकालयले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। डा. रेगनका अनुसार वर्तमान प्रौढहरूको मानसिक उन्नतिको कार्य गर्न पुस्तकालयबिना अरू कुनै साधन छैन। हाम्रोजस्तो विकास उन्मुख राष्ट्रहरूमा पुस्तकालयको महत्त्वपूर्ण भूमिका रहेको छ। आर्थिक अवस्था कमजोर वा कुनै पनि व्यक्तिले आफ्नो अध्ययनको लागि सम्पूर्ण अध्ययन सामग्री खरिद वा पुस्तक खरिद गर्न सम्भव हुँदैन। पुस्तकालयले हामीलाई राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका पुस्तकहरू सजिलैसँग अध्ययन गर्न मौका प्रदान गर्दछ। प्रविधिको विकाससँगै पुस्तकालयको दायरा पनि व्यापक भएको छ। एउटा मोबाइल टेक्नोलोजीबाटै हामी घरमै बसीबसी विभिन्न पुस्तकहरू अध्ययन गर्न सक्छौँ। यसको लागि पुस्तकालय धाइरहन जरूरी छैन।



पुस्तकालयमा धेरै पुस्तक छन्, तर पढ्ने पाठकहरू छैनन् भने त्यसको कुनै महत्त्व रहँदैन। नेपालमा थुप्रै पुस्तकालयहरू छन् र त्यहाँ थुप्रै राष्ट्रिय, अन्तर्राष्ट्रिय पुस्तकहरू जसको उपयोग हामी पाठकहरूले गर्न सकिरहेका छैनौँ। यसको लागि हामीले पठन संस्कृतिको विकास गर्न आवश्यक देखिन्छ। पठन संस्कृति, पुस्तक र पुस्तकालय एक आपसमा सम्बन्धित छन्। पुस्तक ज्ञान र सीप आर्जन गर्ने स्रोत हो भने पुस्तकालय पठन संस्कृतिको आधार स्तम्भ हो। पठन संस्कृतिले हरेक पाठकहरूको चेतना, कल्पना शक्ति र आलोचना गर्ने क्षमताको विकासमा सहयोग गर्दछ। पठन संस्कृतिको विकास गर्नको निमित्त स्थानीय स्तरमा पुस्तकालयको व्यवस्था, पुस्तकालयमा आवश्यक भौतिक पूर्वाधारहरू सबै लक्षित वर्गहरूको निमित्त उपयुक्त र राम्रा पुस्तक, पत्रिकाहरूका साथै पुस्तक र पुस्तकालय डिजिटलाइजेसन गर्नु अति आवश्यक पर्दछ। पठन संस्कृतिलाई बढावा दिन समय-समयमा विभिन्न अन्तरक्रिया, छलफलहरूलाई अगाडि बढाउन सकेको खण्डमा अझ उपलब्धिपूर्ण रहन्छ। पुस्तकालयहरूमा पढ्नका लागि पठनमैत्री वातावरणको व्यवस्था गरिदिएको खण्डमा पठन संस्कृतिलाई अगाडि बढाउन सकिन्छ।

पठन प्रक्रियालाई पनि हामीले संस्कृतिको रूपमा अगाडि बढाउनु आवश्यक पर्दछ। अहिलेका देशका कर्णधार युवाहरू कोही उच्च शिक्षा हासिल गर्न बिदेसिएका छन् कोही आर्थिक अवस्था सुधार्न, कोही अवसरको खोजीमा, बाँकी रहेका युवाहरू लागूऔषध दुर्व्यसनमा। थोरै मात्र युवाहरू छन् जो पठन संस्कृतिलाई अगाडि बढाइरहेका छन्। हामीले पढ्ने वातावरण पढाइलाई, यसको महत्त्वलाई बुझ्ने, त्यसको आदर गर्ने,

पढ्नको लागि प्रोत्साहित गर्ने, वातावरणको निर्माण गर्नु नै पठन संस्कृति हो। संस्कृतिले हामीलाई उजागर गर्ने कार्य गर्दछ। अहिले थुप्रै पुस्तकालयहरूले पठन संस्कृतिको बढावा गराउनको निमित्त पुस्तकालयलाई डिजिटलाइज वा प्रविधि सम्पन्न बनाउने गरेको पाइन्छ। त्यस्तै यस्ता थुप्रै sites हरू जहाँहामीले राम्रा गुणस्तरीय पुस्तक तथा खोज अनुसन्धानका जानकारीहरूको अध्ययन गर्न सक्दछौँ। पुस्तकालयमा पाठकले चाहेको खण्डमा त्यहाँको सदस्यता प्राप्त गरी पुस्तकालयमा बसेर अध्ययन गर्न सक्ने व्यवस्था पनि रहेको छ। पुस्तकालयको नीति नियमहरू पुस्तकालयका प्रकारअनुसार फरक फरक हुने गर्दछ। अब पढ्नको लागि पुस्तक किन्न पैसा छैन भनी चिन्ता पनि हामीले गर्नुपर्दैन भने विदेशमा भएका पुस्तकहरू हामीले अध्ययन गर्न सक्दैनौँ भन्ने पिर पनि मानिरहनु पर्दैन। प्रविधियुक्त पुस्तकालयले एउटा कोठाभित्र बसेर मोबाइल कम्प्युटरको सहायताले हामीले अध्ययन गर्न सक्दछौँ।

पुस्तकलाई सम्हाल्ने सुरक्षित र व्यवस्थित गरी राख्ने, पुस्तकालयको रेखदेख गर्ने, पुस्तक लेनदेन गर्ने व्यक्तिलाई हामी पुस्तकालयकर्मी भनी बुझ्दछौँ। अरू पेसाजस्तै यो पनि पेसा नै हो। तर, पुस्तकालयकर्मीहरूलाई मानिसहरूले हेर्ने दृष्टिकोण नकारात्मक रहेको छ। अन्य देशहरूमा पुस्तकालयकर्मीहरूलाई सम्मानजनक पेसा वा पेसाकर्मीको रूपमा हेरिन्छ भने नेपालमा आनन्दको, बसीबसी खाने, खाली पुस्तक लेनदेन गर्ने व्यक्ति हो भन्ने दृष्टिले हेरिन्छ। हरेक पेसाको आफ्नै मूल्यमान्यता हुन्छ। पुस्तकालयकर्मीहरूलाई किन नकारात्मक दृष्टिले हेरिन्छ। न्यूनतम काम गरेर समय कटाउने, पुस्तक लेनदेन गर्ने, यो गलत मानसिकता रहेको छ पुस्तकालयकर्मीप्रति। पुस्तकालयकर्मी त्यो हो जसले पुस्तकलाई व्यवस्थित र सुरक्षित राख्ने काम गर्दछ, एउटा पुस्तकालयकर्मीलाई पुस्तकको गुणस्तरीयताबारे थाहा हुन्छ, जसले लेखकहरूलाई सुझाव दिन सक्दछन् विद्यार्थीहरूलाई समूहगतरूपमा प्रतिलिपि अधिकार, बौद्धिक सम्पत्तिको अधिकार साइटेसन, सन्दर्भग्रन्थ सूची आदिबारे बुझाउन सक्दछ। नयाँ आएका प्रविधिहरूको जानकारी दिने पाठकहरूलाई पढ्नको लागि उचित स्थानको वातावरणको व्यवस्था गर्ने कार्य पनि पुस्तकालयकर्मीले नै गर्दछ। मनमोहन शर्माले आफ्नो लेख पुस्तक लेखन र प्रकाशनको गुणस्तरीयता र व्यावसायिक लाइब्रेरियनहरूको भूमिकामा लेख्नुहुन्छ, पुस्तक लेखन र प्रकाशनको गुणस्तरीयता अभिवृद्धिमा अरू पक्षको जिम्मेवारी मात्र होइन पुस्तकालय र त्यहाँ कार्यरत पुस्तकालयकर्मीहरूको पनि अहम् भूमिका रहेको हुन्छ। आफ्नो पाठकलाई दिशानिर्देश गर्नुका साथै पठन संस्कृतिको विकासको लागि उचित वातावरणको निर्माण गर्ने कार्य पनि पुस्तकालयकर्मीले गर्दछ। विश्वराज गौतमले पुस्तकालयलाई वृत्तिविकास र सीप विकासको केन्द्र हो भन्नुभएको छ।

पुस्तकालयकर्मी कति व्यस्त हुने, पाठक कसरी बनाउने भन्ने विषयमा एक पुस्तकालयकर्मीको मात्र हात हुँदैन। पुस्तकालयमा पाठकको रूचिअनुसारका पुस्तकहरू पनि आवश्यक पर्दछ। संस्था वा विद्यालयको पुस्तकालयमा त्यहाँको पाठ्यक्रमबाहेकको पुस्तकहरू राख्नु हुँदैन, विद्यार्थीहरू बिग्रिन्छन् भन्ने जुन धारणा छ त्यो गलत छ। पुस्तक अध्ययनले मानिसको बौद्धिक, तार्किक क्षमतामा वृद्धि विकास गराउँदछ। पुस्तक अध्ययन गरेर मानिस बिग्रियो, नराम्रो भयो भने सायद हामी सुन्छौँ, यस्ता चिन्तनले पुस्तकालय समुन्नत बन्न सक्दैन, पुस्तकालयकर्मीको पनि मनमा शान्ति मिल्दैन।

हामीले पठन संस्कृतिको विकास गर्न र पुस्तकालयकर्मीप्रतिको धारणा फेर्न यस्तो पुस्तकालयको निर्माण गर्नुपर्दछ जहाँ पाठक पुगेपछि त्यहाँबाट बाहिर निस्किन मन नलागोस्, ज्ञानको खोजीमा तृप्त होस्, पुस्तकालयको संरचना मात्र राम्रो वा नाम मात्रको पुस्तकालय भएर पुग्दैन त्यहाँ अन्तरवस्तु गुणस्तरीय समय साक्षेप सामग्री आदि सबै होस्। नेपालका सामुदायिक पुस्तकालय १२०० भन्दा बढी रहेको तथ्याङ्क छ भने शैक्षिक निजी कति छन् त्यसको सङ्ख्या गनेर साध्य छैन। त्यसैले एउटा पुस्तकालय राम्रो तवरमा सञ्चालन गर्न थोरै पुस्तक र पुस्तकालयकर्मी मात्र भएर पुग्दैन। यसको लागि सम्बन्धित निकायहरूले हातेमालो गर्दै अगाडि बढे मात्र सम्भव हुन्छ। होइन भने पुस्तकालयकर्मीको दोष हो भन्दै पन्छिने र पुस्तकालयकर्मीलाई मात्र दोष दिइरहने हो भने पुस्तकालय उचित ढङ्गले चल्न सक्दैन। पाठक पुस्तकालयकर्मी त्यहाँ उपलब्ध सामग्रीहरूले निर्धारण गर्दछ, पुस्तकालयकर्मी एक्लैले होइन। त्यसैले सबैले एकअर्काको पेसाको इज्जत गर्न सिकौँ, होइन भने पुस्तकालयको महत्त्व जति छ, त्यतिकै त्यहाँ काम गर्ने पुस्तकालयकर्मीहरूको पनि छ। यदि पुस्तक, सामग्रीहरू छन् तर त्यसलाई व्यवस्थापन गर्ने व्यक्ति छैन भने पुस्तकालयको अवस्था कस्तो होला, सोचनीय छ। विदेशमा खोज अनुसन्धान बढेसँगै पठन संस्कृतिको विकास पनि भइरहेको छ र पठन संस्कृतिको विकाससँगै पुस्तकालयको महत्त्व झनै बढिरहेको छ।

(लेखक भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङ विभागको पुस्तकालय सहायक हुनुहुन्छ।)

स्रोत : मजदुर दैनिक, भदौ १६

# हाम्रो संस्कृति



न्हुछेरत्न बुद्धाचार्य

नेपाल हिमालयको काखमा रहेको प्राकृतिक खजानाले परिपूर्ण भएको एक स्वतन्त्र राष्ट्र हो । यस राष्ट्रमा मानिसको प्रार्दर्भाव भई आफ्नो अस्तित्व र उत्तरोतर प्रगतिको लागि साधन जुटाउन र उत्पादन गर्न थालेपछि सभ्यताको सुरुवात भएको थियो । तर भौतिक आवश्यकताको पूर्तिले मात्र मानिसलाई सम्पूर्ण आनन्द, सन्तुष्टि र शान्ति पाउन नसकेपछि मानिसले जुन नयाँ चिजको स्वतन्त्र रूपले सिर्जना गर्‍यो, त्यही उसको संस्कृति बन्यो । कुनै देशको संस्कृति त्यस देशका मानिसहरूको मनोभाव र उनीहरूले आफूसँग भएका मौलिक गुणहरूको आधारमा आध्यात्मिक सन्तुष्टि र आनन्दको लागि झन् झन् राम्रो असल बन्न र उँभो लाग्न गरेका कोसिसको देखिने रूप हो ।

यो राम्रो, असल बन्ने र उँभो लाग्ने कामलाई त्यस देशको भौगोलिक र भौतिक वातावरणले प्रभाव पारेको हुन्छ । यसैले हाम्रो संस्कृति यहाँको प्राकृतिक सौन्दर्य, यहाँका युग युगका मानिसहरूको आकाङ्क्षा गरेको सुख शान्तिमय जीवन र त्यसको लागि गरिआएको सङ्घर्षको प्रवाहले ओतप्रोत भएको छ ।

यो प्रवाह हिजो आजको मात्र होइन, दुई–चार हजार वर्ष अगाडिको मात्र होइन, हिमाली पर्वत र फेदको आवादी जतिकै पुरानो समयदेखिको अटुट प्रक्रिया हो ।

हाम्रो संस्कृति हिमालय पहाडबाट निस्केका नदीहरूद्वारा बनाइएका फाँटमा विकसित भएको सभ्यता जतिमात्र होइन । हिमालय पहाडको आवादी जतिकै पुरानो छ ।

कुनै पनि राष्ट्रको अस्तित्व, त्यसको संस्कृतिकै कारणले रहेको हुन्छ । कुनै देशको संस्कृतिको उत्थान भयो भने त्यो राष्ट्रको पनि उत्थान हुन्छ । संस्कृति लोप भयो भने त्यो राष्ट्र पनि अस्त ब्यस्त हुन्छ । यी कुराहरू त इतिहासले पनि हामीलाई बताइसकेको छ । भिन्न भिन्न राष्ट्रमा बेग्लाबेग्लै संस्कृति छन् ।

राष्ट्र विशेषको सामाजिक तथा सांस्कृतिक उच्चता र सभ्यता पनि चाडपर्वबाट प्रकट हुन्छ । किनभने चाडपर्व संस्कृतिको एक प्रमुख अङ्ग तथा विकसित समाजको प्रतिक हुन् । हरेक चाडपर्वको समयमा विभिन्न देवदेवीहरू अतिरिक्त, मानिस, पशुपंक्षीको समेत पूजा गरिन्छ ।

उदाहरणार्थ गुरु पूजाको दिन आफूलाई शिक्षा दिने गुरुको, कुशे औँसी, मातृ औँशीमा क्रमशः आफूलाई जन्म दिने बाबु र आमाको पूजा गरिन्छ । गोबर्द्धन पूजाको दिन नेवारहरूले आफ्नो शरीरको (म्हपूजा) गरिन्छ । कुकुर तिहार र काग तिहारको दिन क्रमशः कुकुर र कागको पूजा गरिन्छ । नाग पञ्चमीको दिन नागको पूजा गरिन्छ ।

हाम्रो पुर्खाले संस्कृतिलाई जीवित गर्न विभिन्न देवी देवताका मन्दिर बनाएर पूजा आराधना गर्ने संस्कार र संस्कृतिको विकास गरे । जन्म, विवाह र मृत्युलगायत सामाजिक संस्कार निर्माण गरे । विभिन्न जातजाति र धर्म एवम् सम्प्रदायका मानिसले आ–आफ्नै किसिमका रीतिथिती बसाउन स्वतन्त्र थिए । जन्म, विवाह, मृत्युजस्ता कार्यमा जुट्ने र सहयोग गर्ने संस्कृति र व्यवहारको विकास गरे ।

नेवार संस्कृतिमा खानपानको पनि निकै महत्त्व छ । नेपालमा पाइने खाने वस्तुहरू तथा गरिने कार्यहरूको आचार विचार गर्दा नेपालका चाडपर्वको पृष्ठभूमि अहिलेको यो आणविक तथा वैज्ञानिक युगलाई सुहाउँदो स्वास्थ्य रक्षा सम्बन्धी अनेक शिक्षाप्रद तथा प्रेरणादायक कारणहरू पनि भेटाउन सक्छौँ । किनभने नेपालमा प्रत्येक चाडपर्वको बखत सर्वप्रथम गरिने कार्यहरू नुहाइ, धुवाइ, लिपपोत सफा सुग्घरका कार्यहरू स्वास्थ्य रक्षाको लागि गरिन्छन् ।

नेवार जातिमा कडा परिश्रम गर्ने कृषकहरू (ज्यापु) संस्कृतिले नेवारको खानपानको संस्कृतिलाई चिनाउँछ । चिउरा (बजि) को साथ विभिन्न गेडागुडी तथा बलवर्द्धक खानपान नेवारी भोजन परम्परागत रूपले वैज्ञानिकता भएको ढङ्गले समावेश गरिएका हुन्छन् । यसका साथै नेवारी विशेषताका खानपानमा बारा, चतामरी, छोय्‌ला (पोलेको मासु) लगायत अनेक परिकार पर्दछन् । जसमा ती परिकार तयार पार्नका लागि चाहिने मरमसला सामग्रीका साथै पकाउने ढङ्गको नेवारी समाजमा संस्कृति झल्कने यी खानपानको विशेष महत्त्व रहेको छ ।

उपत्यकाका प्राचीन हिन्दु संस्कार र विधि अनुसारका प्रायः चाडपर्व मनाउने गरी हाम्रो संस्कृतिलाई बचावट गरेको देखिन्छ । यसै मध्येको घण्टाकर्ण चतुर्दशी जसलाई नेपाल भाषामा गठामुग चह्रे पनि भनिन्छ । यसै दिन कुमार कार्तिकेको पूजा गर्ने गरिन्छ । गठेमंगल नेवार जाति भित्रको सबैभन्दा प्राचीन तथा पुरानो चाडको रूपमा रहेको देखिन्छ । गठेमंगल

भन्ने पुतलाको दुवै कानमा घण्टा झुन्ड्याई राखेको हुनाले यसलाई घण्टाकर्ण भनेर पनि सम्बोधन गर्ने गरिन्छ।

नेपालको नेवार जातिलाई जात्रा भोजभतेर धेरै गर्ने जातिका रूपमा चिन्ने गरिन्छ। जसअनुसार सापारु (गाईजात्रा) तथा जनैपूर्णिमा चाडपर्वमा अनेक गेडागुडी चना मिलाएर क्वाटी खाने चलन छ।

गाईजात्रा एक संस्कृति झल्किने नेपालको प्रमुख जात्रा हो। गाईजात्राको बखत आठ दिनसम्म नाच प्रहसन आदि प्रदर्शन गर्ने गरिन्छ।

यो जात्रामा ख्याल ठट्टादेखि रहरबहर आदि मानसिक विश्रान्त गर्न गाईजात्रा मनाएर आमोद प्रमोद गरिन्छ। यो जात्रा भक्तपुरमा छुट्टै संस्कृति झल्किने नाचगान प्रदर्शन गरेर घिन्ताङघिसीले मनोरञ्जन गर्छन्। हाम्रो संस्कृति बचाउने कार्यमा भक्तपुरका कृषकहरूको ठूलो देन छ। गाईजात्रा नेपालको जीवन्त संस्कृतिको रमणीय झलक हो।

फेरि अर्को हाम्रो संस्कृतिमा महत्त्वपूर्ण जात्रामा इन्द्रजात्रा हो। इन्द्रजात्राको अवसरमा धेरै पुरानो अग्लो राँड बनाएर इन्द्रको मूर्ति स्थापना गरी जात्रा अवधिभर इन्द्रको पूजाका साथै बत्ती बालिने गरिन्छ। यसमा धेरै परम्परागत देवीनाच तथा दश अवतारको प्रदर्शन हुने गर्दछ। भक्तपुरमा मान्द्रोबाट बनेको हात्ती (पुलुकिसी) को जात्रा मनाइन्छ। फेरि दैत्य (मूपात्र) जात्रा पनि अर्को रौनक देखिन्छ। नैतिक मूल्य मान्यताले हाम्रो संस्कृतिको प्रतिनिधित्व गर्छ।


समुदायका मानिसले पालना गर्ने रीतिरिवाज परम्परा तिनले मनाइने चाडपर्व भेषभुषा, खानापान आदिसँगै तिनले पालना गर्ने सामाजिक मूल्यका अस्तित्व भित्र सांस्कृतिक रूपले बाँधिएका हुन्छन्। हाम्रो संस्कृतिले मानिसलाई सांस्कृतिक मूल्यले नै एकताको भावना विकास गर्न मद्दत गर्छ। यसैले संस्कृति राष्ट्रको पहिचान हो। संस्कृतिरहित समाज असभ्य बन्छ।

तसर्थ विशेष समुदाय वा जनसङ्ख्याको एकमात्र प्रतिनिधि संस्कृति हो। यसले जनसमुदायलाई जीवन मार्ग दिन्छ। समुदायले सामना गरेका समस्याको समाधानमा संस्कृतिको ठूलो भूमिका देखिन्छ। हाम्रो संस्कृतिले हामीलाई व्यक्तिगत रूपमा नभई सिङ्गो राष्ट्रको लागि सोच्न सिकाउँछ।

## सन्दर्भ सामग्री


१) नेवार जाति र संस्कृति– शिरिष अर्याल, आर्थिक पत्रिका २०७३
२) नेपालको इतिहास र सांस्कृतिक पक्ष– भुवनलाल प्रधान
३) हाम्रा चाडपर्वात्सव– पुण्यरत्न बज्राचार्य, नेपाल पत्रिका त्रिवि
४) हाम्रो सांस्कृतिक विशेषताहरू–सुशिला खरेल, नेपाल पत्रिका त्रिवि
५) मानव जाति र संस्कृतिको साइनो – प्रा.डा. पारसनाथ यादव, नयाँ पत्रिका २०८० चैत्र।


# हाम्रो स्थानीय तह




**बुढानिलकण्ठ नपा, काठमाडौं**

| जनगणना वर्ष (विसं) | २०६८ | २०७८ |
|---|---|---|
| परिवार सङ्ख्या | २६४८५ | ४६९३० |
| जनसङ्ख्या | १०७९१८ | १७७५५७ |
| परिवार आकार | | ३.७८ |
| लैङ्गिक अनुपात | | ९६.८० |
| वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | | ४.७८ |
| जनघनत्व | | ५१०२ |
| साक्षरता दर प्रतिशत | | ८९.७२ |

स्रोत : नक्सा (नेपाल अर्काइभ्स), जनसङ्ख्या (राष्ट्रिय तथ्याङ्क कार्यालय)


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०/– का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# ओटो भोन ग्वरिके



राजेन्द्र बहादुर कायष्ठ

**विषय प्रवेश :** हामीले एउटा रबर चुसकलाई (Rubber sucker) भित्तामा टाँस्यो भने त्यसलाई उप्काउन वायुमण्डलीय चापभन्दा बढी बल लगाउनु पर्दछ। तर रबर चुसक र भित्ताबिच हावाको चाप शून्य छ भने उक्त रबरलाई जति बल लगाए पनि उप्काउन सकिँदैन। यस तथ्यलाई उदाहरणसहित व्याख्या गर्ने पहिलो वैज्ञानिक हुन् ओटो भोन ग्वरिके। उनले वस्तुमा निर्वात वा शून्य (Vacuum) सिर्जना गर्न सर्वप्रथम वायु पम्प (Air pump) को आविष्कार गरेका थिए। यस पम्पको सहायताले उनले निर्वात अवस्था सिर्जना गर्ने तथा पानीमा सास लिनका लागि वायुको महत्त्व, बल्नको लागि हावा चाहिने, जीवहरू बाँच्न हावा चाहिने, मौसमको भविष्यवाणी आदि विषयमा अध्ययन गरेका थिए। उनले आविष्कार गरेको वायु पम्पको सहायताबाट शून्यको विशेषताहरूबारे अध्ययन गरेका थिए। उनी एक राजनितिज्ञ, इन्जिनियर, दार्शनिक र भौतिक शास्त्रीको रूपमा परिचित थिए। उनलाई जर्मनीमा १७ औँ शताब्दीका महान वैज्ञानिकको रूपमा लिने गरिन्छ। उनले सन् १६५० मा पहिलो वायु पम्पको आविष्कार गरेका थिए। उनको आविष्कारले हावाको



तौल जोख्न र हावाको चापको आधारमा मौसमको भविष्यावाणी गर्न सहयोग पुऱ्याएको छ।

**बाल्यकाल :** ओटो भोन ग्वरिकेको जन्म सन् १६०२ नोभेम्वर ३० मा Magdeburg, Germany मा भएको थियो। उनको बुबाको नाम Hans Gericke र आमाको नाम Anna Von Zweidorf, थियो। उनको परिवार धनी र शिक्षित थियो। उनको सुरुको नाम Otto Gericke थियो। पछि सन् १६६६ मा सम्राट Leopold I बाट सम्मान पाएपछि उनले आफ्नो नाम परिवर्तन गरी Otto von Guericke राखे। उनका बुबा प्रसिद्ध धातु व्यापारी थिए भने आमा पनि सम्पन्न वर्गमा जन्मिएकी थिइन्। उनी आमाबुबाको एक्लो सन्तान थिए। उनको बाल्यकाल आराम र सुखमय ढङ्गले बितेको थियो।

**शिक्षा :** उनले सुरुको १५ वर्षसम्म निजी शिक्षकहरूबाट शिक्षा हासिल गरे। उनी १५ वर्षको हुँदा घर छाडे। उनको उच्च शिक्षाको खर्च मामाघर तर्फको बाजेले गरिदिएका थिए। उनले सन् १६१७ देखि १६१९ सम्म University of Leipzig मा दर्शनशास्त्र र कानुन अध्ययन गरे। सन् १६१८ मा Leipzig मा प्रोटेस्टान्ट प्रदर्शनकारीहरूले क्याथोलिक विशप (पादरीहरूको प्रमुख) हरूलाई महल (Castle) को झ्यालहरूबाट खसाल्ने कार्य गरे। जमिनबाट महलको झ्यालहरू लगभग ६८ फिट उचाइमा थियो। तैपनि विशपहरू बाँच्न सफल भए। तर, यो प्रोटेस्टान्त र क्याथोलिकहरू बिचको सङ्घर्ष लगभग ३० वर्षसम्म चलिरह्यो र यसमा लाखौँ मानिसहरू हताहत भए। त्यसपछि आमाबुबाको सल्लाहमा सन् १६१९ मा ग्वरिके र उनको परिवारले Leipzig छोडे। सन् १६१९ देखि १६२० सम्म उनले Helmstedt को Academia Julia मा metaphysics अध्ययन गरे। यसै क्रममा उनको बुबाको मृत्यु सन् १६२० मा भयो। त्यसपछि उनी केही हप्ताको लागि घर फर्के। सन् १६२१ देखि १६२३ सम्म उनले University of Jena मा कानुन अध्ययन गरे। त्यसपछि सन् १६२३ देखि १६२४ मा हल्याण्ड (नेरदल्याण्ड) को University of Leiden मा गणित, भौतिक शास्त्र, इन्जिनियरिङ, डच, अङ्ग्रेजी र फ्रेन्च अध्ययन गरे। सन् १६२४ र १६२५ मा उनले आफ्नो भाषा सीप विकास गर्न फ्रान्स र ब्रिटेनको भ्रमण गरे।

**विवाह, कार्य, युद्ध र नरसंहार :** सन् १६२६ मा उनी २४ वर्षको उमेरमा Magdeburg सहरको काउन्सिलमा निर्वाचित भए। उनले सोही वर्ष Margaretha Alemann, सँग बिहे पनि गरे। उनी Magdeburg का काउन्सिलरका छोरी थिए। ग्वरिकेको जीवन आनन्दसँग चलिरहेको थियो।

ग्वरिके दम्पतीका तीनजना Anna Catharina, Hans Otto, / Jakob Christoph सन्तानहरू भए । बिहे भएको पाँचवर्षपछि वा सन् १६३१ मा Magdeburg सहरमा क्याथोलिकहरूले ठूलो आक्रमण गरे । जसमा २०,००० जति मानिसहरूको मृत्यु भयो । अन्दाजी ५,००० जना मानिसहरू मात्र बाँच्न सफल भए । आक्रमणकारीहरूले प्रोटेस्टेन्ट बाहुल्य भएको Magdeburg लाई पूर्ण रूपमा ध्वस्त पारे । ग्वरिकेका एक छोरा पनि आक्रमणमा घाइते भएपछि उनको मृत्यु भयो । उनको परिवारको धन सम्पत्ति लुटे र उनको परिवारलाई बन्दी बनाइयो । पछि एकजना दयालु मानिसले मोटो रकम फिरौती तिरेर उनी सहित परिवारलाई बन्दीबाट मुक्त गरिदिए । उनीहरू बन्दीबाट मुक्त हुँदा सुको पैसा थिएन । त्यसबेला त्यहाँ भएका १९०० ओटा घरहरू मध्ये २०० ओटा घरहरू मात्र ध्वस्त भएन । सन् १६३२ वा नरसंहार भएको एक वर्षपछि Magdeburg को जनगणना लिँदा त्यहाँ मानिसको सङ्ख्या जम्मा ४४९ मात्र थियो । अब ग्वरिके आफ्नो इन्जिनियरिङ क्षमता प्रयोग गरी नष्ट भएको सहर पुनःनिर्माण गर्न Magdeburg मा आए । उनको नेतृत्वमा Magdeburg सहरको पुनःनिमार्ण छोटो समयमा नै भयो । उनी सन् १६४६ वा ४४ वर्षको हुँदा पुनःनिमार्ण गरिएको सहरको ४ जना प्रमुखमध्ये एकमा चुनिए । ४ जना नगर प्रमुखहरूले पालैपालो ६/६ महिना कार्य गर्ने नियम थियो । उनी यस पदमा ७४ वर्ष वा सन् १६७६ सम्म रहे । उनी नगर प्रमुखमा रहे पनि विज्ञानमा बढी रुचि भएकोले उनी दैनिक रूपमा अनुसन्धानको लागि पनि समय निकाल्थे । नयाँ नयाँ अनुसन्धानमा लागिरहन्थे । सन् १६४५ अर्थात बिहे गरेको १९ वर्षपछि उनकी पत्नी Margaretha Alemann को मृत्यु भयो । त्यसपछि उनले Dorotha Lentke सँग दोस्रो विवाह गरे । उनको तर्फबाट



Magdeburg सहर क्याथोलिकद्वारा आम नरसंहार र विनाश जसमा २0,000 जना मानिसको मृत्यु र १९00 घरहरूमध्ये २00 ओटा घरहरूमात्र ठडिएर रहयो।

ग्वरिकेको कुनै सन्तान भएन । उनको दोस्रो पत्नी Magdeburg सहरको नगर प्रमुखकी छोरी थिइन् ।

**वैज्ञानिक क्षेत्रमा योगदान :** सन् १६३१ मा उनले आफ्नो घरमा आगलागी भएको प्रत्यक्ष रूपमा भोगेका थिए । सन् १६४० देखि आगलागी नियन्त्रण गर्न पानी तान्ने पम्पको प्रयोग गरी परीक्षण गर्न थाले । यस अघि पहिलो पानी तान्ने पम्पको आविष्कार ग्रीक दार्शनिक अरस्तुले गरेका थिए । सन् १६४० मा ग्वरिकेले पानी तान्ने पम्पको कार्य प्रणालीमा विभिन्न प्रकारको परिवर्तन गर्न सुरु गरे । यसैक्रममा उनले सन् १६५० मा वायु पम्पको आविष्कार गर्न सफल भए । वायु पम्पको सहायताले कुनै बन्द भाँडोमा शून्य वा निर्वात अवस्था सिर्जना गर्न सफल भए । यसमा उनको प्रेरणाको श्रोत ग्रीक दार्शनिक अरस्तुको भनाइ 'पूर्ण शून्य असम्भव छ' लाई चुनौतीको रूपमा लिएका थिए । उनी अरस्तुको भनाइ गलत सावित गर्न चाहन्थे । उनले सन् १६५४ मा सम्राट Ferdinand III लाई आफ्नो आविष्कार प्रदर्शन गरे । उनको प्रदर्शनबाट सम्राट अति नै प्रभावित भए । उनको आविष्कार विश्वविद्यालयका प्रोफेसरहरूलाई प्रदर्शन गर्न सल्लाह दिए । उनले विश्वविद्यालयका प्रोफेसरहरूलाई आफ्नो आविष्कार पम्पको प्रयोग गरी नाटकीय ढङ्गले बन्द भाँडोमा रहेको हावाको तौल नापेर देखाए । सन् १६५४ मा नै वैज्ञानिक द्वय Evangelista Torricelli र Blaise Pascal ले हावाको तौल हुन्छ भन्ने मान्यता स्थापित गरिसकेको थिए । यसलाई ग्वरिकेले पम्पको प्रयोगबाट प्रमाणित गरेर देखाए ।




समान आकारका तामाका धातुहरूको अर्धगोला

सन् १६५७ मा उनले आफ्नो प्रसिद्ध प्रयोगबाट हावाको चापबारे प्रर्दशन गरेका थिए । उनले २० इन्च व्यास भएको समान आकारको दुईओटा अर्धगोलाहरू लिए । त्यसमा छालाको वासर र भल्भ पनि राखिएको थियो । उनले दुईओटा तामाको अर्धगोलाहरूलाई एकआपसमा जोडे र गोला बनाए । त्यसपछि जोडाइमा छालाको वासर र मैनले बन्द गरे । अब गोलालाई पुनः खोल्न लगाउँदा सहज रूपमा खोल्न सकियो ।

पुनः दुईटा अर्धगोलाहरू पहिले जस्तै जोडेर भल्भबाट

गोलाभित्र रहेको वायु पम्पको सहायताबाट निकाले र शून्य पारे। अब मानिसहरूलाई खोल्न लगाउँदा खोल्न सकेनन्। त्यसपछि उक्त गोलाको एकतर्फ ८ ओटा घोडा र अर्कोतर्फ ८ ओटा घोडा लगाएर तान्न लगाउँदा पनि खोल्न सकिएन।



यसगोलालाई **'मगडेवर्गको गोला'** (Magdeburg hemispheres) को नामले प्रसिद्ध छ। यसबाट हावाको चाप शक्ति र शून्यको शक्तिबारे सबैलाई प्रयोगबाट जानकारी दिन सफल भए। उनले प्रकाशको प्रसारण शून्य माध्यममा हुन्छ तर ध्वनिको प्रसारण शून्य माध्यममा हुँदैन भनी प्रमाणित गरेर देखाए।



Magdeburg सहरमा रहेको ग्वरिकेको प्रयोगको प्रतिरूप

उनले विभिन्न प्रकारका शून्य यन्त्रहरू बनाए। उनकै आविष्कारको प्रयोग गरी ग्यालिलियो ग्यालिलिले शून्यमा हलुका र गहौँ वस्तु समान उचाइबाट खसाल्दा सँगै भुइँमा आइपुग्दछ भनी प्रमाणित गरेर देखाएका थिए। यसको अर्थ शून्यमा समान उचाइबाट एउटा फलामको किला र एउटा प्वाँख सँगै खसाल्दा दुवैमा गुरुत्वतिरको प्रवेग समान भएर भुइँमा सँगै आइपुग्छ। उनले सन् १६६३ मा स्थिर विद्युत् उत्पादन गर्ने जेनेरेटरको आविष्कार गरेका थिए। यो जेनेरेटर गन्धकको प्रयोग गरी बनाइएको थियो। यसलाई घुमाउँदा घर्षणबाट विद्युत् उत्पादन हुन्थ्यो। सन् १६७२ मा उनले गन्धकको भकुण्डोमा उत्पन्न हुने विद्युत्ले त्यसको सतहमा एउटा चमक उत्पन्न गर्छ भन्ने कुरा पत्ता लगाए। यस चमकलाई विद्युत् प्रदिप्ति भनिन्छ। यसरी पहिलो विद्युत् प्रदिप्ति आविष्कार गर्ने ग्वरिके भए। उनले खगोलशास्त्रको




Magdeburg सहरमा रहेको ग्वरिकेको प्रतिमा

अध्ययन गरेका थिए। उनले पुच्छ्रेताराहरू नियमित रूपमा पृथ्वीको नजिक आउने कुरा पत्ता लगाएका थिए।

उनले मौसम सम्बन्धी भविष्यवाणीमा पनि महत्त्वपूर्ण योगदान गरेका थिए। सन् १६४३ मा वैज्ञानिक Evangelista Torricelli ले वायुचापमापक यन्त्र वा ब्यारोमिटरको आविष्कार गरेका थिए। उक्त यन्त्रले वायुमण्डलीय चापको मान समय अनुसार फरक फरक देखाउँथ्यो। ग्वरिकेले उक्त यन्त्रको सहयोगबाट केही समयको वायुमण्डलीय चापको मान टिपेर राखे। प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा बढी वायुमण्डलीय चाप देखाएको समयमा मौसम सफा र कम वायुमण्डलीय चाप देखाएको समयमा मौसम खराब भएको पाए। यसरी उनले वायुमण्डलीय चापको घटबढको आधारमा मौसम सम्बन्धी भविष्यवाणी गर्ने विधि पत्ता लगाए। हाल पनि मौसम भविष्यवाणीमा वायुमण्डलीय चापको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ।




ग्वरिकेको सम्मानमा प्रकाशित हुलाक टिकट

**निधन :** सन् १६८१ जुन महिनामा Magdeburg सहरमा प्लेग रोग आक्रामक रूपमा फैलियो । उनी त्यसबेला ७९ वर्षका थिए । उनको दोस्रो श्रीमती Dorotha Lentke उक्त सहर छोडेर सौतेनी छोरा Hans Otto सँग Hamburg मा बस्न गइन् । त्यसको एकवर्ष पछि उनी पनि Hamburg मा श्रीमती र छोरासँग बस्न आए । सन् १६८६ मे २१ मा ८३ वर्षको उमेरमा उनले शान्तिपूर्वक देहत्याग गरे । मृत्युको समयमा उनको पत्नी Dorotha Lentke, छोरा Hans Otto र नातिनी Leberecht von Guericke सँगै थिए । उनको शवलाई Madgeburg ल्याइयो । उनको शवलाई सम्मानपूर्वक सन् १६८६ जुलाई २ मा St. John's Church, Magdeburg, Germany समाधिस्थ गरियो ।

सत्रौं शताब्दीका जर्मनका महान वैज्ञानिक ओटो भोन ग्वरिकेले यस पृथ्वीलाई त्यागे पनि उनको आविष्कारहरूले गर्दा उनलाई मानव जातीले सधैँ सम्झिराख्ने छन् ।

## सन्दर्भ सामग्रीहरू

१) विश्वका चर्चित वैज्ञानिकहरू : उर्मिला शाही/दिलिप श्रेष्ठ
२) गुगल

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**गुन्हीपुन्ही सापारुदेखि कृष्णाष्टमीसम्म गरिने सांस्कृतिक प्रस्तुतीसम्बन्धी सूचना**

ऐतिहासिक एवं साँस्कृतिक नगर भक्तपुरको साँस्कृतिक विधाहरुको संरक्षण र संबर्द्धन गर्न विगतका वर्षहरुमा झैं यस वर्ष पनि भक्तपुर नगरपालिकाले सापारुको दिन घिन्ताङघिसी र माक प्याखँ तथा कृष्णाष्टमीसम्म परम्परागत एवं आधुनिक विधाका साँस्कृतिक प्रस्तुतीहरुको मूल्यांकन गरी पुरस्कृत गर्ने भएको हुँदा सम्बन्धित संस्कृतिकर्मीहरुले भक्तपुर नगरपालिका तथा वडा कार्यालयहरुमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

*भक्तपुर नगरपालिका*

# हाम्रा पुराना मूर्ति



**दशहाते गणेश (१९ औं शताब्दी)**

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

# Word Search

Water Cycle

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| N | W | D | E | L | N | E | N | E | R | G | Y |
| O | N | T | S | N | O | N | C | E | D | N | E |
| I | G | U | M | C | I | O | O | D | T | L | R |
| T | C | I | A | P | T | I | N | N | R | I | E |
| A | N | S | E | E | A | T | D | O | R | O | T |
| R | T | R | R | R | T | A | E | I | O | S | A |
| I | D | E | T | C | I | L | N | T | M | R | W |
| P | E | I | S | O | P | U | S | A | O | I | D |
| S | W | C | U | L | I | M | A | R | O | V | N |
| N | P | A | S | A | C | U | T | O | C | E | U |
| A | O | L | N | T | E | C | I | P | E | R | O |
| R | I | G | A | I | R | C | O | A | A | S | R |
| T | N | T | O | O | P | A | N | V | N | O | G |
| R | T | G | O | N | R | E | I | E | C | T | O |

CONDENSATION
PRECIPITATION
ACCUMULATION
EVAPORATION
TRANSPIRATION
DEW POINT
OCEAN
RIVERS
STREAMS
ENERGY
GLACIERS
PERCOLATION
GROUND WATER
SOIL

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस् ।)

# हिमनदी



विष्णुभक्त राजचल

पृथ्वीको उच्च अक्षांशमा रहने शीतोष्ण ध्रुवीय प्रदेश वा टुण्ड्रा क्षेत्र र उच्च पर्वतीय खण्डमा अति न्यून तापक्रमले हावापानी अत्यन्त ठण्डा हुने हुँदा ती स्थानहरूमा वर्षाको रूपमा वरफ या हिउँ वर्सने गर्छ। त्यी स्थानहरूमा वर्षैपिच्छे बारम्बार हिउँ वर्षा भएर एकपछि अर्को हिउँको तह थपेर अत्यन्त बाक्लो या मोटो र विस्तृत रूपमा हिउँ फैलिएर रहेको हुन्छ। यसरी वर्षैभरि हिउँले ढाकेर रहेको क्षेत्रलाई हिमक्षेत्र (Snow Field) भनिन्छ। ग्रीनल्याण्ड र एन्टार्कटिका सर्वाधिक महत्त्वका हिमक्षेत्रका उदाहरण हुन्। ती दुई हिमक्षेत्रको मात्रै क्षेत्रफल एक करोड ३० लाख वर्ग किलोमिटर भएको अनुमान गरिएको छ।

हिमक्षेत्रमा सालैभर हिउँले ढाकिएर रहने क्षेत्र र हिउँ पग्लिएर जाने बिच एक निश्चित सीमा हुन्छ जसलाई हिम



जोसेफ हुगी

रेखा (Snow Line) भनिन्छ। यस्ता हिमरेखा सबै स्थानमा समान उचाइमा नरही ठाउँ, हावापानी र स्वभावअनुसार फरक फरक उचाइमा हुन्छ। कहीँ धेरै उचाइ माथि हुन्छ भने कहीँ सामुद्रीक सतहसम्म पनि हुन्छ। जस्तै नेपालको हिमालय पर्वतमा ५००० मिटर (१६००० फीट) उचाइ माथि हिम रेखा रहेको छ भने आल्पस पर्वतमा ३००० मिटर (९००० फीट) उचाइलाई हिमरेखा मानेको छ। तर ध्रुवीय क्षेत्रमा सागरीय सतहमै स्थायी हिउँ रहेको हुन्छ। खासगरेर उचाइ, अक्षांश, धरातलीय स्वरूप, हावापानीअनुसार हिमरेखा निर्धारण हुन्छ।

हिमक्षेत्रमा कुनै कारणले तापक्रम वृद्धि भएमा वा गृष्म ऋतुमा केही मात्रामा तापक्रम वृद्धि हुने कारणले अति बाक्लो मोटाइ भएका हिउँ माथिको दबाब र गुरुत्वाकर्षणको कारण तल फेदिका हिउँ केही पातलिएर पग्ली केही हिउँको मुस्लो गतिशील भई अगाडि या तलतिर विस्तारै बग्न थाल्छ। यसरी विस्तारै बग्ने हिउँको मुस्लोलाई नै हिमनदी (Glacier) भनिन्छ। कसै कसैले हिउँनै पग्ली पानी भएर बग्ने नदी या खोलालाई हिमनदी भन्ने गर्दछन् जुन गलत छ। हिमनदी, धरातलमा नदीहरूकै समान हिमयुक्त नदीको रूप हो। हिमनदीको गती अत्यन्त मन्द हुन्छ। त्यही भएर परापूर्वकालमा हिमनदीको गति हुँदैन भनेका थिए। यो धारणा धेरै कालसम्म रहिरहयो। तर सर्वप्रथम स्विट्जरल्याण्ड निवासी प्रोफेसर हुगी (Franz Joseph Hugi -1791–1855) ले व्यक्तिगत अवलोकणको आधारमा हिमनदीको गति हुने प्रमाणित गरेका थिए। उनले आल्पस पर्वतका 'आर' नामका हिमनदीको प्रत्यक्ष एवम् निरन्तर निगरानी गरेको आधारमा १४ वर्षपछि उक्त हिमनदीले आफ्नो प्रारम्भिक स्थानबाट ४२०० फीट अगाडि बढेको प्रमाणित गरेपछि मात्र हिमनदीको पनि मन्द गति भएको विश्वलाई जानकारीमा आएको थियो।

## हिमनदीका किसिम या प्रकार

स्थिति, रचना र आकारको आधारमा हिमनदीलाई निम्न मुख्य चार किसिममा वर्गीकरण गरेका छन्-

### (१) हिमटोपी

यसलाई कसै कसैले लघु महाद्वीपीय हिमनदी पनि भन्ने गरेका छन्। केही विद्वानले यो हिमटोपीलाई हिउँको सानो ढिक्का (Ice-sheet) को रूपमा लिएका छन्। कसैले उच्च पहाडमाथि टाकुरामा रहेको हिमटोपी मात्र मानेका छन्। वास्तवमा अधिक उचाइमा रहेको सीमित हिमक्षेत्रबाट बग्ने स-साना छोटो हिमनदीलाई नै हिमटोपी (Ice Cap) भनिन्छ।

### (२) महाद्वीपीय हिमनदी

ग्रीनल्याण्ड र एन्टार्कटिका जस्ता महाद्वीपमा सालै भर हिमाङ्कभन्दा धेरै तल तापक्रम हुने भएकोले सालैभर हिमपात भएको हुन्छ । त्यस्ता क्षेत्रबाट हिउँ वाष्पीभूत या पग्लिएर जान पाउँदैन । तसर्थ वर्सेनी थपिन्दै गएको हिउँ महाद्वीपको तटीय भागमा बाहेक सबैभागमा हिउँले तन्न ढाकिएर रहेको हुन्छ । सालैभर लगातार हिउँ सञ्चय हुनाका कारणले हिउँको विस्तृत तहको विकास हुन्छ । त्यसैले यस्तो स्थानमा हिउँको माथिल्लो तहको बोझले गर्दा महाद्वीपमा रहेका समस्त हिउँ एकै हिमनदीको रूपमा अगाडि बढ्ने गर्छ । यस्ता हिमनदीलाई महाद्वीपीय हिमनदी (Continental Glacier) भनिन्छ ।

### (३) पहाडी या घाटी हिमनदी

अत्यन्त अग्लो पहाडी क्षेत्रमा हिमरेखाभन्दा माथि धेरै कस्सिएका दानेदार बरफ या हिउँको विशाल खण्ड हुन्छ । बाक्लो हिउँको थिचाइ गुरुत्वाकर्षण र तापक्रमको वृद्धिले गर्दा उचाइ माथिको हिउँ पहाडी घाटी भएर बिस्तारै तलतिर आधारक्षेत्रमा एकत्रित भएर बग्ने हिमनदीलाई घाटी हिमनदी (Mount or valley Glacier) भनिन्छ । यस्तो घाटी हिमनदी बग्दा हिउँको मुस्लोको दायाँ, बायाँभन्दा बिचको भाग जिब्रो आकारलिएर केही अगाडि बढ्ने गर्छ । घाटी हिमनदीको उदगम स्थानमा धेरै चौडाइ र तलतिर अगाडि झरेपछि साँघुरो हुन्छ । यस्तो घाटी हिमनदी केही मिटरदेखि २००० किलोमिटरसम्म लामो रहेको बताइएको छ । घाटी हिमनदी पनि ज्यादै मन्द गतिमा अगाडि बढ्ने गर्छ । नेपालको सबभन्दा ठूलो मानिएको खुम्बु हिमनदी वर्ष भरिमा लगभग १६५ फीट मात्र अगाडि बढ्ने गरेको बताइएको छ ।

### (४) गिरिपाद हिमनदी

उच्च अक्षांशस्थित पहाडी क्षेत्र अन्यन्त्रभन्दा अझ बढी ठण्डा हुने भएकोले पहाडको फेदीसम्म हिमनदी बहेर गएपनि हिउँ नपग्ली फेदीमा धेरै फिजिएर एक अर्कोसँग मिलेर एकृत्रित भई बग्ने हिमनदीलाई गिरिपाद हिमनदी (Pied-mont Glacier) भन्दछन् । अलास्काको St. Elias Mountain बाट तल फेदीमा बग्ने कयौँ पहाडी हिमनदी एक आपसमा मिलेर बग्ने गरेको Malaspina नामको हिमनदी विश्वको सबभन्दा ठूलो गिरिपाद हिमनदी मानिएको छ । जुन ७० मील लामो र २५ मील चौडा भनिएको छ ।

नेपालको हिमाली क्षेत्रमा पनि धेरै किसिमका घाटी हिमनदी पाइन्छन् । हिमालको दक्षिणी ढाल बढी ठाडो हुनाले दक्षिणी ढाल भएर बहने हिमनदी लगभग ३८०० मिटरसम्म मात्र अगाडि बढ्ने गर्छ । तर उत्तरी ढाल भएर तिब्बततर्फ बग्ने हिमनदी केही भिरालो ढालको कारण ५००० मिटर तलसम्म पनि बग्ने गर्छन् । ध्रुवीय प्रदेशलाई छोडेर विश्वका ठूला र विशाल हिमनदी यहीं हिमालय पर्वतमा पाइन्छ । हिमाली क्षेत्रबाट बग्ने हिमनदीहरू पग्लेर धेरै ठूलठूला महत्त्वपूर्ण नदीहरू उत्पत्ती भएका छन्, जस्तै गंगा, यमुना, ब्रम्हपुत्र, कोशी, गण्डकी र कर्णाली आदि । हिमालयबाट बहने हिमनदीहरूको आकार रूप तथा गतिमा धेरै भिन्नताहरू पाइन्छ । हिमाली हिमनदीहरुको दैनिक गति लगभग १० सेन्टिमिटरदेखि ३० सेन्टिमिटर रहेको बताइएको छ । काराकोरम हिमाली क्षेत्रबाट बहने 'बालटोरा' नामको हिमनदीको दैनिक गति १५ मिटर भनेको छ । सामान्यतया हिमाली हिमनदीको लम्बाई ४.५ किलोमिटर रहेको छ भने काराकोरमका हिस्पायर् (Hispar) एवम् बाटुरा हिमनदी ५८ देखि ६० किलोमिटर लम्बाइका छन् भनेको छ । हिमनदीको हिउँको औसत मोटाइ १२५ देखि ३०० मिटरसम्म हुन्छ तर बाटुरा हिमनदीको १६६ मिटर मोटाइ, फेदचेन्कोको ६०० मिटर मोटाइ र जमुना २०० मिटरसम्मको मोटाइ पाइने गरेको बताइएको छ ।

## हिमनदीको काम तथा यसबाट बन्ने स्थलाकृत

(The work of Glaciers and Glaciated Topography)


हिमनदीले पनि नदीले झै खियाउने या अपहरण गर्ने (Erosional work) ओसार्ने (Transportation) र थुपार्ने (Depositional work) काम गर्दछ ।

### हिमनदीको अपहरण कार्य र यसबाट उत्पन्न स्थलाकृतिहरू निम्न प्रकारका छन्-

हिमनदीको अपहरण कार्यबारे विभिन्न विद्वानहरूबिच दुई मत देखिएका छन् । एकथरिकाले हिमनदीको अपहरण कार्यले चट्टानलाई संरक्षण प्रदान गर्छ भन्ने गरेका छन् भने अर्को थरिका बहुमत विद्वानहरूले अपहरणात्मक सामर्थ्यलाई बढी विश्वास गरेका छन् । तर जेहोस् हिमनदीको अपहरण कार्यद्वारा पुराना स्थलाकृतिलाई परिवर्तन ल्याउने मात्र नभई नयाँ स्थलाकृतिहरू पनि सिर्जना गर्दछ ।

हिमनदीको अपहरण कार्य अनेकौं रूपमा सम्पन्न हुन्छन् । यसमा स-साना माटो, बालुवा, कंकड, पत्थर आदि मिसिएर बग्दा यसको अपहरण कार्य अत्यन्त सकृय भएको देखिन्छ । हिमनदीसँग मिसिएर बग्ने ती पत्थरले हिमनदीको पींध, घाटी, किनार आदिमा घोट्ने या खोस्रने कार्य गर्छ र अपहरण

कार्यलाई अझ बढी तीव्रता दिन्छ। हिमनदी स–साना चीरा, खाडल, दरार आदिको भित्रसम्म प्रवेश गरेर पींधलाई बढी काट्ने गर्छ। जसले गर्दा ती दरारहरू विकसित हुँदै जाने गर्छ। साथै हिमनदीले आफ्नो मार्गमा रहेका चट्टानलाई भएसम्म उखेलेर साथैमा लिएर बग्ने कार्य पनि गर्छ। पहाडी धरातलमा यही प्रकृयाद्वारा अर्धवृत्ताकार खाडल (cirque of corrie) को निर्माण गर्छ। हिमनदीको अपहरण कार्यद्वारा निर्मित भू–आकृतिहरू निम्न प्रकारका छन्–




**(१) अर्धवृत्ताकार हिमखाल्डो** (cirque or corrie)– हिमक्षेत्रको उच्च पहाडी भागमा पाइने विभिन्न स्वरूपका आकृतिहरू मध्ये अर्धवृत्ताकार हिम खाल्डो सर्वाधिक महत्त्वको मानिन्छ। टाढाबाट हेर्दा यस्ता खाडल आरामकुर्सी झैँ देखिने हुँदा यसलाई आरामकुर्सी आकृति (Armchair) पनि भन्ने गरिन्छ। उच्च पहाडी हिमक्षेत्रबाट तलतिर फेदीमा झर्ने हिमनदीको मध्य भागमा पींधलाई काट्दै अगाडि बढ्ने हुँदा जमीन चर्केर हिमनदीका सतहमा ठूलठूला खाडल उत्पन्न हुन्छन्। पछि गृष्म याममा हिमनदीको हिउँ पग्लिएर तीनै खाडलमा पानी भरिन पुग्छ। तर रातमा चीसोले गर्दा खाडलको पानी जमेर चारैतर्फ दबाब दिन थाल्छ। परिणामस्वरूप हिमखाल्डो ठूलो हुँदै गई चट्टान चर्किने या टुक्रिने गर्दछ।



यसरी हिंउले खाडललाई ठूलो पार्ने र चर्काउनेलाई मद्दत गर्छ। अझ अगाडि बढेर हिमनदीसँगै टाँसिएर बग्ने माटो बालुवाले जमिनमा खन्ने (excavated) र खोस्रने (scratching) शक्तिलाई वृद्धि गर्छ। यी दुई शक्तिले पींध काट्दै गर्दा खाडलहरू विकास हुँदै गएर अन्तमा अर्धवृत्ताकार हिमखाल्डो बन्ने गर्छ।

**(२) हर्न** (Horn)– धरातलका सबै दिशामा खाडलहरू (cirque) बने पछि बिचबिचमा सिङझैँ तीखा शिखर उत्पन्न हुन्छन्।



स्विट्जरल्याण्डमा आल्पस पर्वतमा रहेको Matterhorn यसको प्रमुख उदाहरण हो। यसप्रकारका आकृति हिमालय पर्वत, नर्वे, स्वेडेन र फिनल्याण्डमा पनि धेरै पाइन्छन्।

**(३) ऐरेटा** (Areta)– उच्च पर्वतीय खण्डमा जब पहाडको दुवैतर्फका अर्धवृत्ताकार हिमखाल्डाहरू एक दोस्रोतर्फ सर्कन थाल्छ तब ती दुई हिमखाल्डोको बिचको भाग अपहरित भएर जान थाल्छ र तीखा शिखर निर्माण हुन्छ। पछि त्यो शिखर पनि अपहरित भएर फराकिलो शिखर निर्माण हुन्छ।



यसको आकार करौंती (Saw) को दाँतझैँ हुन्छ। यस प्रकारको स्थलाकृतिलाई ऐरेटा भनिन्छ।

**(४) टार्न** (Tarn)– हिमखाल्डो भित्रका ताल

हिमखाल्डो बेसिनमा हिउँको मोटाइ बढी हुनाका कारणले माथिल्लो दबाब बढेर चट्टानी तहमा अरू खाडल निर्माण हुन्छ जब हिउँ पग्लीएर हटेर जान्छ तब त्यो चट्टानी खाडलमा पानीले भरिन्छ र सानो तालको निर्माण हुन्छ । यहीताललाई टार्न भन्ने गरिन्छ ।



**(५) कोल** (Col)- उच्च पहाडी क्षेत्रमा बनेका एरेटा अर्थात् फराकिलो शिखरमा रहेको हिउँद्वारा अपहरण कार्य लगातार हुँदै गर्दा चट्टानमा खाडल बन्न जान्छ । यही खाडलद्वारा पछि सबै एरेटाको बाटो खुल्दै गएर घाटी या भञ्ज्याङ्ग बन्छ जुन घाटीलाई कोल भन्ने गरिन्छ। यस्ता कोल रकी आल्पस पहाड तथा हिमालमा धेरै पाइन्छ ।



सगरमाथाको दक्षिणी कोल

**(६) नूनातक** (Nunatak) - विशाल हिमक्षेत्रमा बहने महाद्वीपीय हिमनदीको बिच चारैतर्फ हिउँले घेरिएर रहने एक्लो सानो पहाडलाई नूनातक अर्थात् हिमान्तरद्वीप भनिन्छ। यस्ता पहाडहरू धेरै हुन्छन् तापनि एक अर्कोसँग अलग्गिएर छुट्टा छुट्टै रूपमा हुन्छन् । विशाल हिम राशीको बिचमा एक्लै देखिने यो पहाड टाढाबाट हेर्दा एक सानो द्वीप जस्तै देखिन्छ । अपरदनका कारण यो पनि कहिलेकाहिँ लोप हुन पुग्छ ।



नूनातक अर्थात् हिमान्तरद्वीप


**(७) चिप्लो चट्टान र पुच्छर** (Crag and Tail)- हिमनदी बग्ने मार्गमा बेसाल्ट या ज्वालामुखी निर्मित अत्यन्त कडा खालका चट्टान हिउँमाथि गाँठो (Knot) को रूपमा अवस्थित भएमा त्यस्ता चट्टान नाघेर बहने गर्दछ । हिमनदी बहने दिशातर्फको ढाललाई अपहरण गर्दै छियाछिया पार्छ तर अर्कोतर्फको ढाललाई मन्द चिप्लो पार्ने गर्छ र पुच्छर जस्तो बनाउँछ। यसरी हिमक्षेत्रमा रहेका कडा चट्टानको उठेको उच्चभागको छियाछिया परेको ढाललाई Crag र त्यसको पछिल्लो खण्डको चिप्लो लामो ढाललाई पुच्छर (Tail) भनिन्छ ।

**(८) मेषशिला** (Roche-Mout nnee's) - हिमनदी बग्ने मार्गमा ढिस्को आकारका ठुलुला कडा खालका चट्टानलाई अपघर्षणद्वारा अपहरण गर्दै नाघेर बग्ने गर्दछ। फलस्वरूप हिमनदीद्वारा घर्षण गरेर चट्टानलाई एकनाससित रगड्दै चिल्लो गुम्बज आकारका मन्द ढालवाला चट्टानमा परिणत गर्छ। तर अर्को ढाल छिया छिया र अग्लो होचो रही तीखो ढालमा हुन्छ। यस खालको चट्टानलाई मेषशिला भनिन्छ।



यस्ता गुम्बज आकारको चट्टान टाढाबाट देख्दा कोमल ऊन भएको भेडा बसिरहेको झैँ लाग्छ । त्यसैले यस्ता चट्टानलाई भेडाको पीठजस्तो चट्टान (Roche Moutainnee's) भनिन्छ ।

(९) **फियोर्ड** (Fjords)– भौतिक भूगोलमा फियोर्ड भन्नाले हिमनदीद्वारा निर्मित लामो, गहिरो, साँघुरो सागरीय गल्छी हो। यसको दुवै किनारतर्फ तीखो ढाल भएका U आकारको पहाडजस्तो पर्खाल हुन्छ।



फियोर्ड एण्टार्कटिका, आर्कटिक र अन्य हिमक्षेत्रबाट सामुद्रिक तहतर्फ बाहिरिने सामुद्रिक मार्ग भने पनि हुन्छ। सागर र फियोर्ड बिच एक उठेको भागलाई Thershold भनिन्छ। नर्वे, चिल्ली, न्युजिल्याण्ड, क्यानाडा, ग्रीनल्याण्डमा यस्ता फियोर्ड धेरै पाइन्छन्।

(१०) **हिम सिँढी** (Glacial Stairway) – हिम गल्छीको दायाँ बायाँ लामो सिँढी आकारका खुड्किलालाई (Glacial through) लाई Glacial stairway भनिन्छ। हिमनदीको खियाउने क्रियाको फलस्वरूप त्यस्ता खुड्किलाहरू तह तह परी बनेका हुन्छन्। प्रत्येक सिँढीको लम्बाइ केही मिटरदेखि कयौँ किलोमिटरसम्म हुन्छ जुन एक अर्कोमा ठाडो ढालद्वारा अलग्ग हुन्छ।

(११) **'यू' आकारको घाटी** (U-Shape valley)– नदीले झैँ हिमनदीले आफै घाटी बनाउन सक्दैन। नदीले निर्माण गरेका साँगुरा 'V' आकारको घाटीमा हिमनदी बग्दा आसपासको कित्तालाई ठाडोपारी काटेर पीँधलाई रगडेर लगी गहिरो 'U' आकारको घाटीमा परिवर्तन गर्छ।



उत्तर अमेरिकाको Yesomite valley यसरी बनेको हिमपरिवर्तित घाटी हो।

(१२) **झुण्डिएको घाटी** (Hanging valley)– हिमनदी मुख्य घाटीको अतिरिक्त सहायक घाटीहरूबाट पनि हिउँ बगी खियाउने काम गर्छ। तर मुख्य हिमनदीले सहायक हिमनदीको तुलनामा आधारतल बढी खियाउने वा रगड्ने गर्छ। यसले गर्दा मुख्य हिमनदीको घाटीदेखि त्यसमा मिल्ने सहायक हिमनदीको घाटी धेरै माथि हुन्छ र मुख्य घाटीको पर्खालमा झुण्डिएको हुन्छ। यही सहायक घाटीलाई झुण्डिएको घाटी भन्दछन्। हिउँ पग्लिएर गएपछि यो घाटीबाट पानी तलको घाटीमा खसेर झरनाको निर्माण हुन्छ।

## हिमनदीको थुपार्ने वा विक्षेपीकरण कार्य र सो बाट निर्मित स्थलाकृति

(Dipositional work)-

हिमनदी हिमरेखा नाघेर तल झरेपछि बिस्तारै हिउँ पग्लिँदै जान्छ। तसर्थ यस अवस्थामा हिमनदीको खियाउने एवम् ओसार्ने शक्ति पनि घट्दै जान्छ। हिमनदीसित टाँसिदै बगेका माटो, बालुवा, पत्थर आदि बाटैमा थुपार्ने कार्य यहीँबाट सुरु हुन्छ। ठाउँठाउँमा पत्थर जम्मा भई विभिन्न आकार प्रकार लिएर थुप्रिने माटो, बालुवा आदिलाई हिमोढ (morains) भनिन्छ। हिमोढको स्थिति अनुसार यसलाई विभिन्न उपनाम दिइएका छन्। हिमनदीको पीँढ सतहमा जम्मा हुने स्थलीय हिमोढ, हिमनदीको दायाँ बायाँ किनारमा थुप्रिएकालाई किनारी हिमोढ, दुई हिमनदीको संगम स्थलमा दुवै हिमनदीको किनार - हिमोढ मिली बनेकोलाई मध्य हिमोढ भनिन्छ। यस्तै हिमनदी अन्त हुने स्थानमा बन्ने हिमोढलाई अन्तिम हिमोढ भनिन्छ।

## हिमनदीले बगाएर लगेका विभिन्न नाम र आकारका हिमोढहरू थुप्रिएर निम्न प्रकारका स्थलाकृतिहरू निर्माण हुन्छन्-

(१) **ड्रमलिन** (Drumlins)– हिमनदीले बगाएर ल्याएका पत्थरहरू हिमनदीको किनारमा घोप्टीएको चम्चा आकारमा या घोप्टीएको अर्ध अण्डाआकारमा थुप्रिएका हिमोढको डाँडाहरूझैँ देखिने स्वरूपलाई ड्रमलिन भनिन्छ। यो लामो पुच्छर भएको डाँडाझैँ देखिन्छ। यसको उचाइ ६ देखि ४० मिटरसम्म र लम्बाइ ३ किलोमिटरसम्म हुने गर्छ।

**(२) एस्कर्स** (Eskers)– उठेको जमिनमा बिछ्याइएको रेलको लीक आकारमा हिमनदीले बगाएर ल्याएका माटो, बालुवा, पत्थर आदि लहरै थुप्रिएर बाङ्गोटिङ्गो हुँदै बनेको माथि उठेको लहरेदार थुम्कोलाई एस्कर्स भनिन्छ। यो भू–आकृति घुमाउरो हुँदै कयौं मील टाढासम्म फैलिएको हुन्छ।

**(३) केम** (Kame)– हिमनदीको मुखमा हिमनदीले बगाएर ल्याएका माटो, बालुवा, पत्थर आदि थुप्रिएर बनेको सानो डाँडोलाई केम भनिन्छ। यसको किनार केही तीखो ढालको हुन्छ।

**(४) केटिल** (kettles)– हिमनदी अन्त हुने मुखमा रहेका स–साना खाल्डाहरूमा पानी भरिएर सानो पोखरीझैं देखिने स्वरूपलाई केटिल भनिन्छ। हिमनदीले बगाएर ल्याएका ठूलुला ढुङ्गा या पत्थर पछि कुनै प्रकृयाद्वारा उप्किन गएमा त्यहाँ खाल्डो बनेर केटिलको निर्माण हुन्छ। विभिन्न केटिलहरू बिचको भू–भागलाई हुमक भनिन्छ।

**(५) हिमनिर्मित मैदान** (Out wash Plain)– हिमनदी निकै टाढा होचो भागमा पुगेपछि पूर्णतया पग्लन्छ र त्योसँगै बगेको माटो, बालुवा, पत्थर आदि पनि पानीसँगै बग्दछ। केही पर पुगेपछि बाटैमा ती माटो, बालुवा, पत्थर आदि एकनाससित जम्मा भई विशाल मैदान बन्दछ। यही मैदानलाई हिम निर्मित मैदान भनिन्छ। यो मैदानमा नदी बग्दा नागबेली आकारमा घुमाउरो रूपलिएर बग्ने गर्छ। त्यसैले यो मैदानको स्परूप पनि त्यस्तै घुमाउरो भई कयौं माइल टाढासम्म फैलिएको हुन्छ।

## सन्दर्भ सामग्री


(१) भू–आकृति विज्ञान : बसुन्धरा प्रकाशन, डा. सविन्द्र सिँह
(२) भू–आकृति विज्ञानका स्वरूप: कल्याणी पब्लिसर्स, विश्वनाथ
(३) Physical Geography : प्रकाशक पुस्तक सदन, भण्डारी, शम्भुमणि
(४) भौतिक भूगोल सिद्धान्त : डा. ऐश्वर्यलाल श्रेष्ठ।

## थाहा पाइराखौं

- विश्वमा बीमो व्यवस्था बेल्जियमबाट सुरु भएको हो।
- पञ्चमहाभूत भन्नाले पृथ्वी, पानी, प्रकाश, वायु र आकाशलाई भनिन्छ।
- बेइजिङ्ग ओलम्पिकको नारा 'एउटै विश्व एउटै सपना' थियो।
- विश्वमा सर्वप्रथम रिक्साको प्रयोग जापनमा भएको थियो।
- 'तामाङ ल्याण्ड' भनेर रसुवा जिल्लालाई भनिन्छ।
- पहिले राष्ट्रपति पछि प्रधानमन्त्री हुने पाकिस्तानका जुल्फिकर अलि भुट्टो हुन्।

–सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य


## बासिबियाँलो




क) दिइएको A B C लाई रेखा नकाटी जोड्नुहोस्। उत्तर यसै अङ्कमा दिइएको छ।

तलको चित्रको धर्कोमाथि नकाटी, नदोहोऱ्याइ हात नझिकी अर्को धर्को तान्नुहोस्





भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

**पर्यटक सेवा शुल्क सम्बन्धी सूचना**

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००/– नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७/– नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शल्क रु. १५००/– को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००/– (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## Gorky in America (1)

# The City of the Yellow Devil

Maxim Gorky

.. .Over earth and ocean hangs a fog well mixed with smoke, and a fine slow rain is falling over the dark buildings of the city and the muddy waters of the roadstead.

The immigrants gather at the ship's side and gaze silently about them with the curious eyes of hope and apprehension, fear and joy.

Who's that?" a Polish girl asks softly, staring in wonder at the Statue of Liberty.

"The American god," someone replies.

The massive figure of the bronze woman is covered from head to foot with verdigris. The cold face stares blindly through the fog, out to the wastes of ocean, as though the bronze is waiting for the sun to bring sight to its sightless eyes. There is very little ground under Liberty's feet, she appears to rise from the ocean on a pedestal of petrified waves. Her arm, raised aloft over the ocean and the masts of the ships, gives a proud majesty and beauty to her pose.

The torch so tightly gripped in her hand seems about to burst into a bright flame, driving away the grey smoke and bathing all around in fierce and joyous light.

And around that insignificant strip of land on which she stands, huge iron vessels glide over the waters like prehistoric monsters, and tiny launches dart about like hungry beasts of prey. Sirens wail like fairy-tale giants, angry whistles shrill, anchor chains clang, and the ocean waves grimly slap against the shore.

Everything is running, hurrying, vibrating tensely. The screws and paddles of the steamers rapidly thresh the water which is covered with a yellow foam and seamed with wrinkles.


And everything—iron, stone, water and wood—seems to be protesting against a life without sunlight, without songs, and happiness, in captivity to exhausting toil. Everything is groaning, howling, grating, in reluctant obedience to some mysterious force inimical to man. All over the bosom of the waters, ploughed and rent by iron, dirtied by greasy spots of oil, littered with chips and shavings, straw and remains of food, a cold and evil force labours unseen. Grimly and



(विश्वप्रसिद्ध लेखक म्याक्सिम गोर्कीले सन् १९०६ मा अमेरिकाको भ्रमण गरेका थिए । त्यहाँ उनले लेखेका केही रचना स्थानीय पत्रिकाहरूमा प्रकाशित भएको थियो ।

गोर्कीले विश्वको सबभन्दा ठूलो व्यापारिक सहर न्युयोर्कलाई एक 'नर्क'को रूपमा वर्णन गरेका छन् जहाँ मानवीय भावना नै हराएको थियो । अमेरिकी जीवन पद्धतिप्रति कठोर प्रहार गर्दै लेखिएको यस कृतिप्रति थुप्रै अमेरिकीहरूले विरोधपत्रहरू दिएको बताइन्छ ।

**'The City of the Yellow Devil'** शीर्षकमा Progress Publishers, Moscow बाट सन् १९७७ मा प्रकाशित दोस्रो संस्करणबाट **In America** खण्डको रचना यस अङ्कदेखि क्रमशः दिनेछौँ । उक्त पुस्तकमा गोर्कीका लेख, अन्तरवार्ता र चिठीहरू सङ्कलित छन् ।)



monotonously it operates this stupendous machine, in which ships and docks are only small parts, and man an insignificant screw, an invisible dot amid the unsightly, dirty tangle of iron and wood, the chaos of steamers, boats and barges loaded with cars.

Dazed, deafened by the noise, unnerved by this mad dance of inanimate matter, a two-legged creature, all sooty and oily, with his hands thrust deep in his pockets, stares curiously at me. There is a layer of greasy dirt on the face, relieved not by the gleam of human eyes but by the ivory of white teeth.

..................

Slowly the steamer makes her way through the throng of vessels. The faces of the immigrants look strangely grey and dull, with something of a sheep like sameness about the eyes. Gathered at the ship's side, they stare in silence at the fog.

In this fog something incomprehensibly vast, emitting a hollow murmur, is boom; it grows, its heavy odorous breath is carried to the people and its voice has a threatening and 1 avid note.

This is a city. This is New York. Twenty-storied houses, dark soundless skyscrapers, stand on the shore. Square, lacking in any desire to be beautiful, the bulky, ponderous buildings tower gloomily and drearily. A haughty pride in its height, and its ugliness is felt in each house. There are no flowers at the windows and no children to be seen...

From this distance the city seems like a vast jaw, with uneven black teeth. It breathes clouds of black smoke into the sky and puffs like a glutton suffering from his obesity.

Entering the city is like getting into a stomach of stone and iron, a stomach that has swallowed several million people and is grinding and digesting them.

The street is a slippery, greedy throat, in the depths of which float dark bits of the city's food—living people.

Everywhere—overhead, underfoot, alongside, there is a clang of iron, exulting in its victory. Awakened to life and animated by the power of Gold, it casts its web about man, strangles him, sucks his blood and brain, devours his muscles and nerves, and grows and grows, resting upon voiceless stone, and spreading the links of its chain ever more widely.

Locomotives like enormous worms wriggle along, dragging cars behind them; the horns of the automobiles quack like fat ducks, electric wires hum drearily, the stifling air throbs with the thousands of strident sounds it has absorbed as a sponge absorbs moisture. Pressing down upon this grimy city, soiled with the smoke of factories, it hangs motionless among the high, soot-covered walls.

..................

In the squares and small public gardens where the dusty leaves of the trees droop lifelessly on the branches, dark monuments rise. The faces of the statues are covered with a thick layer of dirt, the eyes that once glowed with love for their country are filled with the dust of the city. These bronze people, so lifeless and lonely amid the network of multistoried buildings and no bigger than dwarfs in the dark shadow of the high walls, have lost their way in the chaos of madness around them, and stand half-blinded, watching mournfully, with aching hearts, the voracious bustle of the people at their feet. Little black figures hurry fussily past the monuments, none of them ever casting a glance at the face of the hero. The ichthyosaurs of capital have erased from the people's memory the significance of those who created freedom.

**(To be continued)**

सापारु पर्व २०७९ का केही झलक










सापारु पर्व २०८१ का केही झलक









सापारु पर्व २०८१ का केही झलक









सापारु पर्व २०८१ का केही झलक









## भक्तपुर नपाका नियम-कानुन

# ‘भक्तपुर नगरपालिका, बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०७९’ – एक चर्चा



डा. हरिराम सुवाल
संयोजक, विधायन समिति,
भक्तपुर नपा

भक्तपुर नगरपालिका देशको सानो नगरपालिका हो। यसको क्षेत्रफल ६.८८ वर्ग किलोमिटर मात्र छ। यसको जनसङ्ख्या ७८,८५४ छ भने परिवार सङ्ख्या १८,८५४ र घर सङ्ख्या १२,२०० रहेको छ। भक्तपुर नगरपालिकाले २०५६ सालमा ख्वप मावि, २०५८ सालमा ख्वप कलेज, २०६०/०६१ सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ र शारदा मावि, शारदा कलेज गरी सात ओटा शैक्षिक संस्थानहरू सञ्चालित छन्। ती शैक्षिक संस्थाहरूमा ७७ जिल्लाका ७ हजार विद्यार्थी अध्ययनरत छन्। ती शैक्षिक संस्थानहरू सञ्चालन गर्नको लागि नगरपालिकाले आफ्नै जनशक्ति लगाएर सरकारको मदतबिना नै ठुलठुला भवनहरू निर्माण गरिसकेका छन्। साथै अझै ती शैक्षिक संस्थानहरूमा विशाल भवनहरूको निर्माण चालु छ। नगरपालिकाले ख्वप अस्पतालको ठुलो भवन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइसकेको छ। यस अस्पतालमा दैनिक आठ सयभन्दा बढी बिरामीलाई स्वास्थ्य उपचार प्रदान गर्दै छ। साथसाथै कतिपय वडामा आफ्नै भवनको निर्माण गरी स्वास्थ्य केन्द्रहरू सञ्चालनमा आइसकेको छ भन्ने केही वडाहरूमा भवन निर्माण चालु अवस्थामा छ। नगरभित्रका दसओटै वडा कार्यालयका आफ्नै भवनहरूको निर्माण भई वडा कार्यालय सञ्चालनमा छ। लिबालीमा विभिन्न खेलकुद प्रतियोगिता गर्न कभर्ड हलको निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको छ। अरनिको सभा भवन निर्माणको लागि आवश्यक प्रक्रिया भइरहेको छ।

‘पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति’ यो भक्तपुर नगरपालिकाको नारा हो। निश्चय पनि हाम्रा पुर्खाहरूले निर्माण गरेका भक्तपुर नगरपालिकाभित्र धेरै सम्पदाहरू छन्। तीमध्ये कतिपय सम्पदाहरूको पनि नगरपालिकाले आफ्नै आयस्रोतले निर्माण, पुनर्निर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेका छन् भने कतिपय सम्पदाहरूको निर्माण चालु छ। यतिमात्र नभई हाम्रो संस्कार, कला, चाडपर्व, चलन पनि हाम्रो सम्पत्ति हो। विदेशी पर्यटकहरू यही कला, संस्कृति, भाषा, संस्कार, चाडपर्व, चलन, सम्पदा हेर्न आउँछन्। पाँचतले मन्दिर, पचपन्न झ्याले दरबार, सुनको ढोका, वत्सला मन्दिर, दरबार स्क्वायर, सिद्धपोखरी, रानीपोखरी, भाज्या पोखरी, दत्तात्रय मन्दिर, टेराकोटा झ्याल, टोलटोलमा रहेका पाटी, ढुङ्गेधाराहरू, पोखरीहरू हाम्रो सम्पत्ति हो र धरोहर पनि हो। यही धरोहर नै पर्यटकहरूको आकर्षणको केन्द्र भएको छ। भक्तपुर नगरपालिकाको प्रमुख आम्दानीको स्रोत पनि यही सम्पदाहरू नै हुन्। हामीले नगरभित्र बनाएका ऐतिहासिक घरहरू, मठ मन्दिरहरूमा हामी धनी छौँ। त्यसैले नगरपालिकाले प्राथमिकताका साथै ऐतिहासिक सम्पदाहरूको पनि पुनः निर्माण गरिरहेको प्रस्ट छ।

नेपाल मजदुर किसान पार्टी केन्द्रीय निर्वाचन परिचालन समितिले प्रकाशित गरेको **स्थानीय तहको निर्वाचन घोषणापत्र २०७९** मा समयसँगै नागरिकहरूको आर्थिक क्षमताको वृद्धि, आवश्यकताअनुसार भवन निर्माणका ऐन, कानुन र सोअनुसारका प्राविधिकहरू पनि आवश्यक हुन्छ। स्ट्रक्चरल इन्जिनियर, आर्किटेक्ट र अन्य विविध विषयका प्राविधिकहरूको समेत पद स्थापना र पदपूर्तिमा स्थानीय पालिका *‘सक्षम बनाउने र केन्द्र र प्रादेशिक सरकारबाट सहयोग पुऱ्याउन जोड दिइनेछ’* उल्लेख छ। नेपाल मजदुर किसान पार्टी स्थानीय तह निर्वाचन, भक्तपुर नगरपालिकाको घोषणापत्र २०७९ को बुँदा नं. ११ मा **‘बहुउद्देश्यीय भवन निर्माण गर्ने’** उल्लेख छ।

नेपाल मजदुर किसान पार्टीले आफ्नो घोषणापत्रमार्फत आफ्ना जनप्रतिनिधिहरू निर्वाचित भएमा बहुउद्देश्यीय भवन निर्माण गर्ने स्पष्ट उल्लेख छ। नेपालको संविधानले स्थानीय तहलाई धेरै अधिकारहरू दिएको देखिन्छ। नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूले भक्तपुर नगरपालिकामा शतप्रतिशत जितेको सर्वविदितै छ। त्यसैले, पार्टीका जनप्रतिनिधिहरू घोषणापत्रमा उल्लेखित प्रतिबद्धताहरूलाई पूरा गर्न क्रियाशील रहेका छन्। नेमकिपा र नेमकिपाका उम्मेदवारहरूले भक्तपुरलाई पुरानै ढाँचा कायम राखी शिक्षा र स्वास्थ्य सुलभरूपमा दिनुका साथै विभिन्न सुविधाहरू दिनको लागि प्रयासरत छन्।

नेपालको संविधान २०६२ को धारा १०२ अनुसार स्थानीय निकायलाई संविधानले तोकिएका क्षेत्राधिकारभित्रका विषयहरूमा कानुन बनाई कार्यान्वयन गर्ने अधिकार रहेको छ। यही अधिकारलाई प्रयोग गर्दै भक्तपुर नगरपालिकाले धेरै विषयमा

कानुनहरू बनाई कार्यान्वयन गर्दै आएको छ। गत २०७९ पुस महिनामा बसेको भक्तपुर नगरपालिकाको तेऱ्हौं नगरसभाले **'भक्तपुर नगरपालिका, बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०७९'** पारित गरेको छ। नगरभित्रका सहकारीहरूको लगानी र नगरपालिकाको लगानीमा नगरभित्रका नगरवासीका साथै नेपाली नागरिकलाई शिक्षा, स्वास्थ्यका अलावा बहुउद्देश्यीय भवनहरू बनाई विभिन्न आधुनिक जीवनशैलीको लागि चाहिने विभिन्न सुविधाहरू दिनको लागि नगरपालिकाको तेऱ्हौं नगरसभाले 'बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०७९' पारित गरेको छ। यस कार्यविधिको प्रस्तावनामा उल्लेख गरिएको छ, *'भक्तपुर नगरपालिका क्षेत्रभित्र व्यवसायिक बहुउद्देश्यीय भवन निर्माण गर्नको लागि स्रोत सङ्कलन, परिचालन र बृहत् सहभागितासमेत जुटाई व्यवसायिक प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले भक्तपुर नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ५ बमोजिम भक्तपुर नगरपालिका, बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०७९ बनाई लागु गरिएको छ।'*

प्रस्तावनाका अनुसार व्यवसायिक भवन निर्माणको लागि स्रोत सङ्कलन, परिचालन र बृहत् सहभागिता जनाई व्यवसायिक प्रवर्द्धन गर्ने सोच नगरपालिकाले राखेको देखिन्छ। यसबाट युवाहरूलाई देशमै रोजगार सृजना गर्ने, नगरवासीहरूको आर्थिक स्तर उठाउने, सहकारीहरूको स्रोत अधिकतम परिचालन गर्ने, व्यवसायलाई प्रवर्द्धन गर्ने, आर्थिक क्रियाकलापको वृद्धि गरी मुद्राको क्रय दरलाई वृद्धि गर्ने लक्ष्य नगरपालिकाले राखेको देखिन्छ।

यस कार्यविधिको **दफा २** ले विभिन्न शब्दहरूको परिभाषा दिएको छ। जसअनुसार **'संस्था'** भन्नाले बहुउद्देश्यीय व्यवसायिक भवन निर्माणको लागि वित्तीय लगानी गर्ने भक्तपुर नगरपालिकाभित्रका सहकारी संस्थाहरू सम्झनुपर्दछ।

यस कार्यविधिको **दफा ३** ले निर्देशक समितिको सम्बन्धमा व्यवस्था गरेको छ। बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण तथा सञ्चालन गर्न देहायबमोजिमको एक निर्देशक समिति रहनेछ –

क) भक्तपुर नगरपालिकाको प्रमुख – संयोजक
ख) भक्तपुर नगरपालिकाको उपप्रमुख – सदस्य
ग) भनपा आर्थिक समितिका संयोजक – सदस्य
घ) बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण तथा सञ्चालन हुने सम्बन्धित वडाका वडाध्यक्ष – सदस्य
ङ) भक्तपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत – सदस्य
च) बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण तथा सञ्चालनमा वित्तीय सहभागिता जनाउने सहकारीहरूमध्येबाट एक सहकारी एक प्रतिनिधित्वको आधारमा ३ जना – सदस्य

यस कार्यविधिको **दफा ४** ले बहुउद्देश्यीय भवन निर्माणको लागि आवश्यक रकमको व्यवस्था गरेको छ। जसअनुसार भक्तपुर नगरपालिकाको तर्फबाट भवन निर्माणका लागि आवश्यक कुल लगत अनुमान रकमको ५१ प्रतिशत, सहकारी संस्थाहरूबाट भवन निर्माणका लागि आवश्यक कुल लगत अनुमान रकमको ४९ प्रतिशत र निर्माण हुने बहुउद्देश्यीय व्यवसायिक भवनको परिसरमा सार्वजनिक उपयोगका लागि उपयोगी संरचना निर्माणमा इच्छुक दाताहरूबाट ससर्त प्राप्त हुने रकमसमेत परिचालन गर्न सकिनेछ। यसरी प्राप्त हुने रकम छुट्टै खातामा जम्मा गरिनेछ र सो खाता सञ्चालन नगरपालिकाको निर्णयअनुसार हुनेछ। बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण तथा सञ्चालन समितिको एउटा छुट्टै कार्यालय हुनेछ। सो कार्यालयका लागि आवश्यक कर्मचारी र निजहरूको कार्य विवरण र सेवा सर्त निर्देशक समितिले तोकेबमोजिम हुनेछ।

**दफा ६** ले बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण र सञ्चालनका सर्तहरू उल्लेख गरेको छ। बहुउद्देश्यीय व्यवसायिक भवन निर्माणको लागि आवश्यक जग्गा भक्तपुर नगरपालिकाले उपलब्ध गराउनेछ। बहुउद्देश्यीय व्यवसायिक भवन निर्माणको लागि आवश्यक पुँजीको व्यवस्थाबमोजिम हुनेछ। निर्माण गरिने भवनको डिजाइन र लगत अनुमान निर्देशक समितिबाट स्वीकृत भई नियमानुसार नक्सा पास भएपछि मात्र निर्माण गरिनेछ। निर्माण गरिने भवनका लागि निर्देशक समितिको निर्णयानुसार अन्य बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिन सकिनेछ। भवन निर्माण पूरा भएपछि वा भवन निर्माण हुँदैको अवस्थामा उक्त भवनबाट प्राप्त हुने प्रतिफल लगानीको अनुपातमा बाँडफाँड गरिनेछ। निर्मित बहुउद्देश्यीय भवनबाट प्राप्त हुने प्रतिफल उक्त भवन निर्माण सम्पन्न भएको मितिले २० वर्षसम्म बाँडफाँड गरिनेछ। बहुउद्देश्यीय भवन निर्माण सम्पन्न भएको मितिले २० वर्षपछि सो भवन र भवनबाट आउने प्रतिफल स्वतः नगरपालिकाको हुनेछ। बहुउद्देश्यीय भवन निर्माण तथा सञ्चालनको क्रममा उक्त भवनको आम्दानी खर्च तथा कारोबारको नियमानुसार लेखा परीक्षण गराइनेछ। लेखा परीक्षण प्रतिवेदनसहित उक्त भवनको निर्देशक समितिले प्रत्येक वर्ष साधारणसभा गरी लेखा परीक्षण प्रतिवेदन अनुमोदन गराउनुपर्नेछ।

यस कार्यविधिको **दफा ७** अनुसार बहुउद्देश्यीय भवन निर्माण तथा सञ्चालन सम्बन्धमा बाधा अड्काउ पर्न गएमा निर्देशक समितिले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ। यस कार्यविधिको **दफा ८** अनुसार यस कार्यविधिमा उल्लेखित कुराहरूमा दुविधा भएमा निर्देशक समितिको व्याख्या र निर्णय अन्तिम हुनेछ।

स्रोत : मजदुर दैनिक, माघ २३, २०८०

# स्क्रब टाइफस



डा.रत्नसुन्दर लासिवा

स्क्रब टाइफस (Scrub Typhus) एक संक्रामक रोग हो । यो रोग Orienta tsutsugamushi नाम गरेको ब्याक्टेरियाले गराउँदछ । चिगर माइट Chigger Mite को टोकाइबाट यो रोग सर्दछ । किर्ना आकारको Chigger Mite नाङ्गो आँखाले देख्न सकिँदैन । यो माइट रोगको श्रोत (Reservoir) हुनुको साथै संवाहक (Vector) पनि हो । सङ्क्रमित किर्ना जंगल, झाडी, धान खेत, घाँसे मैदान, परालको थुप्रो आदि ओसिलो ठाउँमा पाइने भएकोले घाँस दाउराको लागि काम गर्ने तथा कृषकहरूमा यो रोग देखिने सम्भावना बढी हुन्छ । मानिसमा अचानक सर्ने रोग भए पनि यो रोग समयमै पत्ता लगाउन सकिएन वा उपचार गर्न सकिएन भने विरामी सिकिस्त भई उसको शरीरका प्रमुख अङ्गहरूले काम गर्न छोडी विरामीको मृत्यु हुन सक्छ ।

## स्क्रब टाइफसका लक्षण तथा चिन्हहरू

- अत्यधिक ज्वरो (काम ज्वरो) आउनु
- टाउको दुख्नु
- जीऊ दुख्नु
- आँखा रातो हुने
- मांशपेशीहरू दुख्ने
- ज्वरो आएको ७ दिनपछि शरीरमा साना साना विविरा देखिने
- माइटसले टोकेको ठाउँमा खत देखिनु
- खलखली पसिना आउने
- लिम्फ ग्रन्थीहरू सुन्निने
- खोकी लाग्नु
- फोक्सोको सङ्क्रमण भएमा श्वासप्रश्वास सम्बन्धी चर्को समस्या (ARDS) हुने
- बिरामी बेहोस हुने
- बिरामीमा भ्रम पैदा हुने
- झाडा पखाला लाग्ने
- पेट दुख्ने
- नसा तथा मस्तिष्कको समस्याको रूपमा मेनिन्गो इन्सेफ्लाइटिस गराउने
- गर्भवती महिला सङ्क्रमित भए गर्भपतन हुने ।

## निदान (Diagnosis)

प्रयोगशालामा स्क्रब टाइफसको निदानको लागि निम्न अनुसार जाँचहरू गरिन्छ–

- ♦ रगतको जाँच





- ♦ रगतको जाँचमा सेतो रक्तकोष सुरुको अवस्थामा सामान्य देखिन सक्छ तर पछि बढ्न सक्छ ।
- ♦ प्लेटलेटस्को सङ्ख्यामा कमी हुने
- ♦ कलेजो इन्जाइमहरू AST, ALT बढ्ने

## एकिन निदान (Confirmative Diagnosis)

- ■PCR परीक्षणको लागि खत (Es-char) बाट नमूना लिइन्छ वा रगतको नमूनाबाट ब्याक्टेरियाको DNA हेरिन्छ ।
- ■Immuno Fluorescence As-say-IFA) वा IPA(Indirect Immunoperoxidese) बाट एन्टिबडी (Antibody) मात्रा हेरिन्छ ।
- ■RDTs बाट Antioriental Igm र IgG हेरिन्छ ।

## उपचार (Treatment)

- √ वयस्क मानिसमा– Azithromycin तथा Doxycyline औषधी प्रयोग गरिन्छ ।
- √ गर्भवती महिला– Azithromycin, Ciprofloxacin वा Chloramthenical औषधी प्रयोग गरिन्छ ।
- √ ८ वर्ष मूनिका बालबालिका– Azithromycin औषधी प्रयोग गरिन्छ ।

## लाक्षणिक उपचार तथा जटिलताको व्यवस्थापन

- → आराम गर्ने ।
- → प्रशस्त झोल खानेकुरा खाने ।
- → ज्वरो तथा दुखाइ कम गर्न पारासिटामोल औषधि दिइन्छ ।
- → अन्य जटिलता तथा सिकिस्त भएमा अस्पतालमा भर्ना गरी उपचार गराउनु पर्दछ ।

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या- ६०

## मिति २०८१ असार १७ गते, सोमबार

**उपस्थिति**

१. प्रमुख श्री सुनिल प्रजापति — उपस्थित
२. उपप्रमुख श्री रजनी जोशी — ऐ
३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री — ऐ
४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला — ऐ
५. वडाध्यक्ष श्री राजकृष्ण गोरा — ऐ
६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल — ऐ
७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छैं — ऐ
८. वडाध्यक्ष श्री हरिराम सुवाल — ऐ
९. वडाध्यक्ष श्री उकेश कवां — ऐ
१०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु — ऐ
११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व — ऐ
१२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा — ऐ
१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल — ऐ
१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) — ऐ
१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) — ऐ
१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु — ऐ
१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती — ऐ
१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई — ऐ

## निर्णयहरू

### जग्गाको मूल्याङ्कन

यस नगरपालिका क्षेत्रभित्र रहेका जग्गाहरुको रजिष्ट्रेशन प्रयोजनको लागि प्रस्तावित न्यूनत्तम मूल्याङ्कन पठाई दिने सम्बन्धी भूमि सुधार तथा मालपोत कार्यालय, भक्तपुरको च.नं. १८०१८, मिति २०८१।०२।०२ को पत्र मार्फत अनुरोध भई आएकोमा आ.व. २०८१/०८२ को लागि चालू आ.व. २०८०/०८१ कै जग्गाको न्यूनत्तम मूल्याङ्कन दर कायम गर्ने र सोही अनुसारको जानकारी पठाउने निर्णय गरियो ।

### समितिको निर्णय अनुमोदन

समितिको निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

**निर्माण समिति**

मिति २०८१।०३।१० गते

| क.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.र कम | रिल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | ल.ई. स्वीकृति सम्वन्धमा | | | | | | | | | | | |
| १ | वडा नं. १ मा सल्लाघारी, सृजनानगर, नपली, दूधपाटी क्षेत्रको बाटोहरूको बेस स्तरोन्नती गर्ने कार्य | १ | मर्मत | ९७,३८४।१२ | | | | | | | | |
| २ | थप सीसीटीभी जडान कार्य, सचिवालय, प्यासेज लगायतका स्थानमा | २ | मर्मत | ६७,५३५।०० | | | | | | | | |
| ३ | इनाचो, पलिखेल र गोल्मढी गणेश मन्दिर परिसरमा ढुङ्गा छपाइ कार्य | ७ | मर्मत | ५१४,६०१।४५ | | | | | | | | |
| ४ | ख्वप टेलिभिजन भवनको कौसीमा रेलिङ तथा घेराबार गर्ने कार्य | ८ | मर्मत | ६२,७७३।३१ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ख) | रि. ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | न:पुखूको पर्खाल पुन:निर्माण | १ | नपा | १,४५५,५६९।९० | २,८४५,०१०।८५ | | | | | | | थप बजेट भएसँगै थप कार्य गरिने |
| ग) | भेरिएशन स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | बेखाल कभर्ड हल निर्माण (तेस्रो चरण) ( ठेक्का नं. bktmun/NCB/works/02/080/81 | १० | नपा | सुरू ल.ई. : १,३७,६६,१८८।७१ | भेरिएसन भएपछिको ल.ई. १,६३,८१,७४४।०७ | सुरू कबोल अङ्क ८०,५७,२८४।७९ | भेरिएसन भएपछिको कबोल अङ्क ९७,५६,३२१।६७ | | | | Samaj Sewa Construction, Gatthaghar, Bhaktapur | थप भएका आइटमहरूका लागि प्रचलित नर्मस दररेटमा कबोल अङ्कमा घटेको प्रतिशत अनुसार दर कायम गर्ने |
| घ) | पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | |
| १ | इखालाछी मठ पुन:निर्माण कार्य (चौथो चरण) | ४ | नपा | ६,५३०,४६५।२२ | | १,६५०,०००।०० | ६,१७२,४११।०० | ४,५२२,४११।०० | ६,८०९,०४४।१८ | सम्पन्न | पशुपति प्रजापति | |
| २ | तरकारी बजारको लागि पूर्वाधार निर्माण | ५ | योजनाको बाँकी भुक्तानी | ४,४९०,५६८।१७ | पहिलो/दोस्रो पेश्की | २,४००,०००।०० | २,८९६,२६१।६९ | ४९६,२६१।६९ | ३,३७८,७८४।४६ | सम्पन्न | राजाराम त्वानाबासु | आ.व. २०७८/७९ मा सञ्चालन भई हाल सम्पन्न भएको र बाँकी रकम रू. १,२९,२३०।०० नपाको खातामा दाखिला गरी फिर्ता |
| | | | | | तेस्रो पेश्की | १,०००,०००।०० | ८७०,७७०।०० | | १,३९७,१५३।४७ | | | |
| | | | | | जम्मा | ३,४००,०००।०० | ३,७६७,०३१।६९ | ४९६,२६१।६९ | ४,७७५,९३७।९३ | | | |
| ३ | न:पुखूको पर्खाल पुन:निर्माण | १ | नपा | २,८४५,०१०।८५ | | ४६०,०००।०० | १,३९३,९८८।०० | ९३३,९८८।०० | १,७८२,३७०।८९ | आंशिक सम्पन्न | नरेश गोठे | थप पेश्की रू. ६ लाख दिने |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सीसीटीभी सर्भिलेन्स प्रणाली जडान कार्य (महेश्वरी क्षेत्र, ख्वप अस्पताल क्षेत्र, अदालत र लिबालीमा) | ७, ८, ९ र १० | मर्मत | २,४१३,७६३।९३ | | ६९०,०००।०० | २,२१२,५८१।१३ | १,५२२,५८१।१३ | २,२४०,८५१।६३ | सम्पन्न | जयराम कोजु | |
| ५ | वानेलायकु चोक पुनःईंटा छपाई तथा तलेजु आगमछेंको छाना मर्मत कार्य | ९ | नपा | ८८१,२६०।६० | ८९०,३४८।६७ | २५०,०००।०० | ७०७,८४२।९१ | ४५७,८४२।९१ | ८३५,२२४।५९ | सम्पन्न | कृष्णगोपाल लाछिमस्यु | |
| ङ) | म्याद थप सम्बन्धमा | | | | | | | | | | | |
| १ | अरनिको सभा भवन निर्माण कार्य (पहिलो चरण : हलको MAT Foundation | नपा | बाग्मती प्रदेश सशर्त र नपा बजेट | १०५,५१५,९७३।५२ | ६३,०४८,०५७।८८ | मिति २०८१ असोज १५ गतेसम्म म्याद थप गर्ने। | | | | | | निर्माण स्थलमा दलदले माटो र पानी व्यवस्थापन गर्नुपरेकोले |
| च) | उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| ३ | इनाचो, पलिखेल र गोल्मढी गणेश मन्दिर परिसरमा ढुङ्गा छपाइ कार्य | ७ | मर्मत | ५१४,६०१।४५ | | | उ.स.अ. : श्री शिवगोपाल रंजितकार<br>अ.स.स. : श्री पद्म बुद्धाचार्य | | | | | |

## मिति २०८१/०३/१७ गते

| क. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | रि. ल.ई. स्वीकृति, पेश्की फछ्यौंट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | |
| १ | भनपा १० मा डिप बोरिङ्ग खानेपानी आयोजना (पहिलो चरण M Setting of Machine & Equipment / Boring and Testing) | १० | बागमती प्रदेश सशर्त र खानेपानी पूर्वाधार निर्माण (नपा) | ३,९३८,३६६।१६ | | ८५०,०००।०० | ३,२९३,३२८।५० | २,४४३,३२८।५० | ३,२९३,३२८।५० | सम्पन्न | रामभक्त थकुलवट | |
| २ | भक्तपुर नपा वडा नं. ९ तौलाछे (लिवी) मा बहुउद्देशीय सामुदायिक भवन निर्माण | ९ | सङ्घीय सरकार सशर्त अनुदान | ३,००८,७५०।३३ | | ८००,०००।०० | १,४३१,१२१।९० | ६३१,१२१।९० | १,९३८,८६६।८७ | आंशिक सम्पन्न | लक्ष्मीकुमार भैनात्व | थप पेश्की रू. १० लाख ६० हजार दिने |
| ३ | हनुमन्ते खोला सुधार (रिटेनिङ वाल निर्माण समेत) (ठेक्का नं. bktmun/NCB/works/02/080/81_ | ८ | नपा | १३,२७३,५८२।४५ | कबोल अङ्क : ५६,८९,४१३।५१ | | ५,५६७,६५०।२४ | ५,५६७,६५०।२४ | ५,५६७,६५०।२४ | सम्पन्न | Samaj Sewa Construction, Gatthaghar, Bhaktapur | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | जगातीदेखि थुसाचासम्मको फुटपाठ मर्मत कार्य (निर्माण सामग्री र दक्ष कामदारको ज्याला मात्र) | ७ | खानेपानी पूर्वाधार विकास योजना | १,१९१,६५६।२६ | | ३८०,०००।०० | ९१८,०८८।८० | ५३८,०८८।८० | १,१३६२३९।३६ | सम्पन्न | नवीनकुमार ग्वाछा | |
| ५ | क्वाकचा गणेश मन्दिर पुन:निर्माण कार्य | ७ | नपा | ७८५,८९१।३० | | ३००,०००।०० | ३२१,६८८।५८ | २१,६८८।५८ | ३९४,४७६।८७ | आंशिक सम्पन्न | रमेश प्रधान | |
| ६ | सीसीटीभी तथा सडक बत्ती जडान कार्य, पसिखेल क्षेत्र | ५, ७ | मर्मत | ६११,७८२।९२ | ७३२,१६९।४४ | २००,०००।०० | ५९९,८३८।२९ | ३९९,८३८।२९ | ७१४,४४८।७७ | सम्पन्न | हरिकृष्ण दनेगुलु | |
| ७ | चोखामा भत्किएको रिटेनिङ्ग वाल मर्मत कार्य | ९ | मर्मत | ५०४,५११।१७ | २११,७९३।९७ | १६५,०००।०० | १७०,८३३।५० | ५,८३३।५० | २०२,९१३।८२ | सम्पन्न | कृष्णहरि कोजु | |
| ८ | देकोचास्थित टहरामा पार्टेशन कार्य | ६ | मर्मत | ९९,४३२।४३ | | | ९३,४०५।८० | ९३,४०५।८० | ११४,६८३।४७ | सम्पन्न | कृष्णराम बखुन्छैं (अमानत) | |
| ९ | भाजु पोखरीमा सडक बत्ती तथा फ्लोड लाइट जडान कार्य | १ | मर्मत | ८०२,८४५।१४ | | २५०,०००।०० | ६०२,७८५।०० | ३५२,७८५।०० | ६६८,१८०।३७ | सम्पन्न | जीवन दुवाल | |
| १० | भार्वाचो उकालो पाटीको झिँगटी मर्मत | १ | मर्मत | ३६१,९९०।३२ | | १२०,०००।०० | २६२,४३४।२५ | १४२,४३४।२५ | ३९५,०८८।७५ | सम्पन्न | अष्टनारायण मानन्धर | |

# विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. जिल्ला सरकारी वकील कार्यालय हाल भक्तपुर नगरपालिका वडा नं. १ मा अवस्थित रहेको, यस कार्यालयको दैनिक कार्य सम्पादन अदालतसँग सम्बन्धित रहेको तर अदालतको भवन भक्तपुर न.पा. वडा नं. ९ च्याम्हासिंह (टुमचो, दुगुरे) मा अवस्थित रहेको कारण यस कार्यालयको दैनिक कार्यसम्पादनमा समस्या आई सेवाग्राहीहरूले समेत अनेक दुःख हैरानी पाइराख्नु परेको अवस्था छ। उक्त कठिनाइबाट सहजता प्राप्त गर्न यस कार्यालयलाई अदालतकै निकट दूरीमा सार्नैपर्ने परिस्थिति सृजना भएको हुँदा भक्तपुर नगरपालिका वडा नं. ९ स्थित टुमचो, दुगुरे, चोखा जग्गा एकीकरण आयोजनाको नाममा रहेको कि.नं. २२०, क्षेत्रफल ०–१२–३–२ (४०९.२१ वर्ग मिटर) जग्गा सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम कार्यालय प्रयोजनका लागि उपयोग गर्ने स्वीकृतिका लागि तहाँ कार्यालयबाट आवश्यक समन्वय तथा सहयोग गर्नुहुन सादर अनुरोध छ भनी सरकारी वकील कार्यालय भक्तपुरको मिति २०८१।३।९ गतेको पत्र मार्फत लेखी आएको सम्बन्धमा छलफल हुँदा उक्त कार्यालयको नाममा रहेको भ.न.पा. वडा नं. १ स्थित भवन र जग्गा भक्तपुर नगरपालिकाले उपयोग गर्ने र उल्लेखित कित्ता जग्गा जिल्ला सरकारी वकील कार्यालय भक्तपुरलाई उपयोग गर्न दिने र आपसमा उपयोग गर्ने क्रममा उक्त घर जग्गाहरूको मूल्याङ्कन गरी थपघट भए अनुसार आपसमा सो वापत थप रकम लेनादेना गर्ने गरी **जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने** सम्बन्धी कार्यनीति, २०७९ बमोजिम प्रक्रिया अगाडि बढाउन देहायको शर्तसहितस्वीकृतिप्रदान गर्ने निर्णय गरियो:–

## शर्तहरू

१. जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुरको हाल कार्यालय भवन रहेको यस न.पा. वडा नं. १ स्थित जग्गा तथा घर समेत सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९, बमोजिम यस नगरपालिकाले उपयोग गर्ने।

२. उपरोक्त दुई जग्गा तथा सोमा बनेको घर, भवन लगायतको स्थायी संरचनाको सरकारी दररेट अनुसार मूल्याङ्कन गराई घटी बढी भएको मूल्याङ्कित रकम एक अर्का कार्यालयमा लेनदेन गर्ने।

ख. हाइड्रोलिक क्रेनको म्याद थप र भुक्तानी स्वीकृति सम्बन्धमा यस नगरपालिकाको विभिन्न स्थानमा सरसफाइ तथा फोहर

मैला सङ्कलनको लागि आवश्यक **हाइड्रोलिक क्रेन** १ थान ( गाडी बाहेक) खरिद गर्न बोलपत्रदाता बी.बी. इन्जिनियरिङ प्रा.लि. मध्यपुर ठिमी भक्तपुरको कुल कबोल अङ्क रु.३१,६४,०००।०० रकम स्वीकृत भई मिति २०८०।९।१३ मा सम्झौता भएको र सझौता अनुसारको मितिमा कार्य सम्पन्न गर्नुपर्नेमा निज बोलपत्रदाताबाट मिति २०८०।१२।२१ गते म्यानुफयाक्चरिङ कम्पनीबाट सिपिङ लाइन ढिले भई म्यादभित्र सामान उपलब्ध हुन नसकिएको जानकारी सहित म्याद थपको लागि निवेदन पेश भएको सम्बन्धमा छलफल हुँदा उक्त कम्पनीलाई २०८१।०३।१० गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।

ग. यस नगरपालिकाको स्वीकृत दरबन्दीमा विगत लामो समयदेखि सेवारत देहाय बमोजिमका करार, मासिक ज्यालादारी., दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूको तथा यस नगरपालिकाका विभिन्न वडामा कार्यरत सफाइ ठेक्काका ठेकेदारहरूको नेपाल सरकारका विभिन्न कार्यक्रमका करार कर्मचारीहरूको, कानुनी सल्लाहकार, सम्पादकहरूको, खेलप्रशिक्षकहरूको मिति २०८१।४।१ गतेदेखि २०८१ पुस मसान्तसम्मको लागि **म्याद थप** र सफाइ ठेकेदारहरूको ठेक्का नवीकरण गर्ने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिकाको आयोजनामा गुँलाः बाजा प्रतियोगिता कार्यक्रमको लागि आवश्यक व्यवस्था गर्न श्री श्रीराम कासिछ्वाले रु ३,००,०००।- पेश्की लिएकोमा जम्मा रु ४,२३,७८०।- खर्च समर्थन गरी नपुग रकम भुक्तानी गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाका बालबालिकाहरूको लागि आवश्यक खेलकुद सामग्री निर्माण कार्य गर्न श्री भुपाल मूलले रु १,००,०००।- पेश्की लिएकोमा जम्मा रु १,५०,१३४।- खर्च समर्थन गरी नपुग रकम भुक्तानी गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

च. यस नगरपालिकाबाट **विदेशी मुद्रा स्वीकार** गर्न नेपाल राष्ट्र बैंकबाट प्राप्त इजाजतपत्रको म्याद मिति २०८१।०३।३२ गते समाप्त हुने हुँदा सो इजाजत पत्र थप ५ (पाँच) वर्षको लागि नवीकरण गर्ने निर्णयगरियो ।

छ. भक्तपुर नगरपालिकाका स्थानीय पदप्रदर्शकहरूकँ पुनर्ताजगी तालिम सञ्चालन गर्न श्री गौतम प्रसाद लासिवा रु १,५०,०००।- पेश्की लिएकोमा जम्मा रु.२,१०,६५२।- खर्च समर्थन गरी नपुग रकम भुक्तानी गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

## बैठक सङ्ख्या- ६१

## मिति २०८१ असार २४ गते, सोमबार

### निर्णयहरू

### लेखा समितिको प्रतिवेदन

भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र अन्तर्गत सञ्चालित निकायहरूको लेखा समितिको प्रतिवेदन, २०८१ स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

### खरिद योजना

आ.व. २०८१/०८२ को लागि यस न.पा. लाई आवश्यक सरसामानको वार्षिक खरिद योजना सम्बन्धमा खरिद इकाई समितिबाट रु. १२,०५,००,०००।- (अक्षेरूपी रु. बाह्र करोड पाँच लाख) को वार्षिक खरिद योजना तयार भई स्वीकृतिको लागि जिन्सी उपशाखाबाट पेश भएको निम्नानुसारको रु. १२,०५,००,०००।- (अक्षेरूपी रु. बाह्र करोड पाँच लाख) को वार्षिक खरिद योजना स्वीकृत गरी अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

## निर्माणको खरिद योजना

**आर्थिक वर्ष : २०८१।८२**

| क्र.स. | कार्यको विवरण | खरिद योजनामा उल्लिखित मिति | लागत अनुमान स्वीकृत मिति | अनुमानित लागत | खरिद विधि/प्रक्रिया | प्याकेज सङ्ख्या | सम्झौताको किसिम | बोलपत्र वा दरभाउपत्र सम्वन्धी कागजात | | बजेट उपलब्ध गराउने निकाय (दातृ निकाय) बाट सहमती प्राप्त गर्ने मिति | बोलपत्र प्रस्ताव | | | दातृ निकायबाट मूल्याङ्कनमा सहमति प्राप्त गर्ने मिति | बोलपत्र स्वीकृतिको | | करार सम्झौता गर्ने मिति | कार्य आरम्भ गर्ने मिति | कार्य पुरा गर्ने मिति | ठेकेदार आपुर्तिकर्ता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | तयारी मिति | स्वीकृती मिति | | आव्हान मिति | खोलिने मिति | मूल्याङ्कन सम्पादन गर्ने मिति | | आशय पत्र जारी गर्ने मिति | स्विकृत मिति | | | | नाम | सम्झौता नं. | सम्झौता रकम |
| १ | अरनिको सभा भवन निर्माण कार्य (दोस्रो चरण) | अनुमानित | २०८१।०६।०२ | ९५,३०,००,०००। | वोलपत्र | १ | एकाइ दर रेट | २०८१।०६।०६ | २०८१।०६।०७ | सघीय सरकार, बागमति प्रदेश सरकार तथा भक्तपुर नगरपालिका | २०८१।०६।१० | २०८१।०७।११ | २०८१।०८।११ | | २०८१।०८।२० | २०८१।०८।२८ | २०८१।०९।१४ | २०८१।०९।२५ | २०८२।३।२५ | | | |

## न्यायिक समितिको प्रतिवेदन

भक्तपुर नगरपालिकाको न्यायिक समितिको वार्षिक प्रतिवेदन स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो।

## विभिन्न प्रस्ताव स्वीकृत

निम्न प्रस्तावहरू स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो :

१. आ.व. २०८०/०८१ श्रावण १ गतेदेखि २०८१असार २५ गतेसम्मको नगर कार्यपालिकाको बैठक, विभिन्न समितिहरू, उपसमितिहरू, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतबाट भए गरेका सम्पूर्ण निर्णय, आदेश र काम कारवाही **अनुमोदनको लागि** नगर सभामा पेश गर्ने निर्णय गरियो।

२. यस न.पा.को लागि प्राविधिक सल्लाहकार, कानूनी सल्लाहकार र अन्य आवश्यक सेवा र प्राविधिक सेवा, इन्जिनियरिङ सेवा, पशु सेवा, कृषि सेवा, सहकारी सेवा, कार्यालय सहयोगी, माली, सवारी चालक, सरसफाइ मजदुर, नकर्मी, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी, पेन्टर आदि प्राविधिक पदहरू आवश्यकता अनुसार **सेवा करारबाट** लिने निर्णय गरियो र उक्त निर्णय पारित गर्न सभामा पेश गर्ने निर्णय गरियो।

३. यस नगरपालिकाको नियमित नगर सभा बसेको समय बाहेकको समयमा नगर सभाबाट गर्ने सम्पूर्ण काम कारवाही गर्नको लागि नगर कार्यपालिकालाई **अधिकार प्रत्यायोजन** गर्ने प्रस्तावअनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

४. यस नगरपालिकाको सङ्गठन स्वरूप र साविक दरबन्दीलाई आवश्यकता अनुसार सङ्गठन तथा व्यवस्थापन (O & M)गरी **सङ्गठन परिमार्जन र दरबन्दी मिलान** गर्न भ.न.पा. कार्यपालिकालाई अधिकार दिने निर्णय अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

५. यस न.पा.को आ.व.२०८१/०८२ को लागि सम्पूर्ण कर्मचारीहरूको पेश भए बमोजिमको भ.न.पा. कार्यपालिकाबाट पारित **तलवी प्रतिवेदन** स्वीकृत गरी अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

६. यस नगरपालिकाको आ.व २०८०/०८१ मा स्वीकृत तथा सम्पन्न विकास निर्माण र सम्पदासँग सम्बन्धित योजना आयोजनाहरूको **जाँचपास तथा फरफारक** गर्ने निर्णय गरी अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

## समितिको निर्णय अनुमोदन

समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

**निर्माण समिति**

मिति २०८१।०३।२३

| क. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क)रि.ल.ई./ल.ई. स्वीकृति, पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | बेखाल कभर्ड हल निर्माण ( तेस्रो चरण) (ठेक्का नं. bktmun/NCB/works/02/080/81) | १० | नपा | ल.ई. १,६३,८१,०४४।७८ | कबोल अङ्क ९४,६३,४७५।७१ | पहिलो रनिङ्ग बिल | ६,९२८,९२९।३० | ६,९२८,९२९।३० | ६,९२८,९२९।३० | आंशिक सम्पन्न | Samaj Sewa Construction, Gatthaghar, Bhaktapur | भेरियसन अर्डर बमोजिम थप भएको आइटमहरूको कार्य गर्न २०८१।३।३१सम्म म्याद थप गर्ने |
| | | | | | | दोस्रो रनिङ्ग बिल | १,९५८,४८८।२० | १,९५८,४८८।२० | १,९५८,४८८।२० | | | |
| | | | | | | जम्मा | ८,८८७,४१७५० | ८,८८७,४१७५० | ८,८८७,४१७५० | | | |
| २ | शीत भण्डारण गृह भवन निर्माण कार्य (दोस्रोचरण) (ठेक्का नं. bktmun/NCB/works/01/080/81) | ८ | सङ्घीय सरकार समपूरक अनुदान | १२,७७८,४९१।८० | कबोल अङ्क : ८८१६६२७।४८ | पहिलो रनिङ्ग बिल | २,९२५,४८०१०७ | २,९२५,४८०१०७ | २,९२५,४८०१०७ | आंशिक सम्पन्न | Poudel Construction, Dillibazar, Kathmandu | दोस्रो रनिङ्ग बिल रु. ३८,६२,६४६।५४ भुक्तानी दिने |
| | | | | | | दोस्रो रनिङ्ग बिल | ३,८६२,६४६।५४ | ३,८६२,६४६।५४ | ३,८६२,६४६।५४ | | | |
| | | | | | | जम्मा | ६,७८८,१२६।६१ | ६,७८८,१२६।६१ | ६,७८८,१२६।६१ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | तरकारी बजार निर्माण ( ठेक्का नं. bktmun/NCB/ works/06/080/ 81 | ५ | बाग्मती प्रदेश सशर्त अनुदादान | १५,१०३,२३३।५९ | कबोल अङ्क : ५४,६०,०३९।५८ | | ४,९५९,९५२१४१ | ४,९५९,९५२१४१ | ४,९५९,९५२१४१ | सम्पन्न | Golden Star Construction and Suppliers Pvt. Ltd., Gatthaghar, Bhaktapur | |
| ४ | नगरका विभिन्न क्षेत्रमा सडक स्तरोन्नती कार्य | ४, ७, ८ र १० | नपा | १४,२१३,०१३।३३ | कबोल अङ्क १,१३,१३,८२३।५९ | पहिलो रनिङ्ग बिल | ४,३३५,४५४।३३ | ४,३३५,४५४।३३ | ४,३३५,४५४।३३ | सम्पन्न | Sunakhari Builders Pvt. Ltd., Godawari Municipality -11, Lalitpur | दोस्रो रनिङ्ग बिल रु.६,३३१,६९०।८३ भुक्तानी दिने |
| | | | | | | दोस्रो रनिङ्ग बिल | ६,३३१,६९०।८३ | ६,३३१,६९०।८३ | ६,३३१,६९०।८३ | | | |
| | | | | | | जम्मा | १०,६६७,१४५।१६ | १०,६६७,१४५।१६ | १०,६६७,१४५।१६ | | | |
| ५ | अरनिको सभा भवन निर्माण कार्य (पहिलो चरण : हलको MAT Foundation | ६ | बाग्मती प्रदेश सशर्त अनुदान र नपा बजेट | १०१,०२०,४७९।०२ | कबोल अङ्क ६,३०,४८,०५७८८ | | ६,९५२,८६५।०५ | ६,९५२,८६५।०५ | ६,९५२,८६५।०५ | आंशिक सम्पन्न | R.B Siddhartha-J.A. Engineering-Purna Binayak J.V., Kageshwori Manohara Municipality -9, Kathmandu | |
| ६ | लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माण (चौथोचरण) | ४ | नपा | ८,७७८,३०२।९३ | पहिलो /दोस्रो पेश्की | २,८००,०००।०० | ४,६९३,२६०।९० | १,८९३,२६०।९० | ५,१०३,२९७।३० | सम्पन्न | कुमार चवाल | दोस्रो पे.फ. गरी रु. ११,७५,५४७८५ भुक्तानी गर्ने |
| | | | | | तेस्रो पेश्की | २,८००,०००।०० | ३,९७५,५४७८५ | १,१७५,५४७८५ | ४,३०६,०१८।३९ | | | |
| | | | | | जम्मा | ५,६००,०००।०० | ८,६६८,८०८।७५ | ३,०६८,८०८।७५ | ९,४०९,३१५।६९ | | | |
| ७ | ग्राभेल हाली बाटो सम्याउने कार्य, सिलखे | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्रको पूर्वाधार निर्माण कार्य | ९९९,४५८।२७ | | | ९६३,५०८।२० | ९६३,५०८।२० | ९६३,५०८।२० | सम्पन्न | Kritisha Construction , Golmadhi, Bhaktapur | |
| ८ | प्राङ्गारिक मल प्रशोधन केन्द्रको पश्चिमी सीमानामा रिटेनिङ्ग वाल सहित सीमा पर्खाल निर्माण कार्य | १० | नपा | ४,२००,७८७।७२ | | १,३००,०००।०० | ३,२७३,९४०।९५ | १,९७३,९४०।९५ | ३,७११,११९।८४ | सम्पन्न | ज्ञानकुमार मगजु | |
| ९ | नपली क्षेत्रको खोला सुधार कार्य | १ | मर्मत | ४४४,८२५।५२ | | १३०,०००।०० | २६६,०००।०० | १३६,०००।०० | २८८,८५२।२७ | सम्पन्न | ढकराज थापा | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | वडा नं. १मा सल्लाघारी, सृजनानगर, नपली, दूधपाटी क्षेत्रको बाटोहरूको बेस स्तरोन्नती गर्ने कार्य | १ | मर्मत | ९७,३८४।१२ | | | ९२,५००।०० | ९२,५००।०० | १०४,१२७।७६ | सम्पन्न | राजुप्रसाद गाइजु (अमानत) | |
| ११ | वेखाल पोखरी सीमा पर्खाल पुन:निर्माण कार्य | १० | वेखाल पाटी पुन:निर्माण | ९२०,४२२।६६ | | २८०,०००।०० | ५५६,०००।५२ | २७६,०००।५२ | ७८६,४७९।१० | सम्पन्न | उत्तम राजचल | |
| १२ | पार्किङ्ग निषेध बोर्ड बनाउने कार्य | नपा | मर्मत | ३८,०५३।५४ | | | ३५,६३१।७० | ३५,६३१।७० | ३६,६३१।७० | सम्पन्न | सुरेन्द्र नकर्मी (अमानत) | |
| १३ | तुमचो, दुगुरे र ब्रम्हायणी क्षेत्रमा सार्वजनिक जग्गा संरक्षण कार्य | ९ | योजनाको बाँकी भुक्तानी | १,५९२,७९७।३७ | १,६२४,९९५।६४ | ५००,०००।०० | ९५३,४२२।३३ | ४५३,४२२।३३ | १,०२४,७७२।०१ | सम्पन्न | दिलबहादुर कासिछ्वा | नपुग रु. ४४,९५२।०० भुक्तानी दिने |
| | | | | | | ५००,०००।०० | ५४४,९५२।०४ | ४४,९५२।०४ | ७४०,०९०।४४ | | | |
| | | | | | | १,०००,०००।०० | १,४९८,३७४।३७ | ४९८,३७४।३७ | १,७६४,८६२।४५ | | | |
| १४ | तुमचो दुगुरे चोखा आवास क्षेत्र खानेपानी उ.स.को कार्यालय भवन निर्माण कार्य | ९ | अन्य सार्वजनिक निर्माण | २,७४१,२७९।७४ | २,६६०,६४४।८१ | ८००,०००।०० | ८१९,००४।७२ | १९,००४।७२ | १,२५४,५८४।९२ | सम्पन्न | विष्णुप्रसाद दुमरू | नपुग रु. ४,४५,७३२।- भुक्तानी दिने |
| | | | | | | ८००,०००।०० | १,२४५,७३२।३८ | ४४५,७३२।३८ | १,२४९,२२५।८३ | | | |
| | | | | | | १,६००,०००।०० | २,०६४,७३७।१० | ४६४,७३७।१० | २,५०३,८१०।७५ | | | |
| १५ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (२०८१ जेठ महिना) | १-१० | मर्मत | ९९,९१६।०२ | | सामान तर्फ | ९,९७०।०० | ९,९७०।०० | १३,६७०।२४ | सम्पन्न | ज्मानत (राधेश्याम भैनात्व) | जिन्सी उपशाखाबाट पुरानो सामान प्राप्त भएको र रु.९२,१७०।०० भुक्तानी गर्ने |
| | | | | | | ज्यालातर्फ | ८२,२००।०० | ८२,२००।०० | ८४,४६८।५३ | | | |
| | | | | | | जम्मा | ९२,१७०।०० | ९२,१७०।०० | ९८,१३८।७७ | | | |
| १६ | छुमा गणेश द्यो:छें पुन: निर्माण | १-१० | नपा | ८,७९३,६२७।५६ | पहिलो पेश्की | ६५०,०००।०० | ६९४,२६५।८० | ४४,२६५।८० | ७,३९६,३७९।९३ | सम्पन्न | हरिशरण अवाल | नपुग रु. ८,५०९।००।०० भुक्तानी दिने |
| | | | | | दोस्रो पेश्की | १,५००,०००।०० | २,१६१,६३२।०० | ६६१,६३२।०० | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | तेस्रो पेश्की | १,६५०,०००।०० | ३,२२६,५१०।०० | १,५७६,५१०।०० | | | | |
| | | | | | चौथो पेश्की | १,०००,०००।०० | १,००८,५०९।०० | ८,५०९।०० | १,४०३,९०८।३६ | | | |
| | | | | | **जम्मा** | ४,८००,०००।०० | ७,०९०,९१६।८० | २,२९०,९१६।८० | ८,८००,२८८।२९ | | | |
| १७ | सिलखे फाँटस्थित फोहोरमैला प्रशोधन केन्द्रको सीमा पर्खाल निर्माण कार्य | १० | नपा | ५,९९४,३५५।०७ | पहिलो पेश्की | २,०००,०००।०० | २,५५२,३६४।६० | ५५२,३६४।६० | २,६१९,९२१।०२ | आंशिक सम्पन्न | लक्ष्मीप्रसाद चवाल | दोस्रो पे.फ. गरी रु. १०,३२,५७०।०० भुक्तानी गर्ने |
| | | | | | दोस्रो पेश्की | २,०००,०००।०० | ३,०३२,५७०।०० | १,०३२,५७०।०० | ३,०४९,५२९।१४ | | | |
| | | | | | **जम्मा** | ४,०००,०००।०० | ५५,८४,९३४।६० | १,५८४,९३४।६० | ५,६६९,४५०।१६ | | | |
| १८ | लिवाली खोलाको किनारमा रिटेनिङ्ग वाल निर्माण कार्य | ८ | नपा | ४,५६५,३७८।२५ | | १,५००,०००।०० | २,८९७,३८९।२१ | १,३९७,३८९।२१ | ४,४३७,४२२।२५ | सम्पन्न | धर्म गुसाई | |
| १९ | वेखाल स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्य (तेस्रो चरण) | १० | नपा | ३,०३५,१३१।४५ | पहिलो पेश्की | १,०००,०००।०० | १,८५८,०९६।०९ | ८५८,०९६।०९ | २,३२२,१२६।३५ | सम्पन्न | देवकुमार अवाल | बाँकी रकम रु. ३,१९,६४५।०० फिर्ता भएको |
| | | | | | दोस्रो पेश्की | ५५०,०००।०० | २३०,३५५।०० | | ३४०,५१३।७९ | | | |
| | | | | | **जम्मा** | १,५५०,०००।०० | २,०८८,४५१।०९ | ८५८,०९६।०९ | २,६६२,६४०।१४ | | | |
| २० | दत्तात्रय आ.वि.को छाना र कौसी मर्मत कार्य | ९ | मर्मत | ५८६,२७३।२७ | पहिलो पेश्की | १७५,०००।०० | ३२२,२९६।०० | १४७,२९६।०० | ४६०,५१९।७४ | सम्पन्न | श्यामकृष्ण लवजु | बाँकी रकम रु. ३३,५९०।५४ फिर्ता भएको |
| | | | | | दोस्रो पेश्की | १९०,०००।०० | २२३,५९०।५४ | ३३,५९०।५४ | २२४,३३४।९९ | | | |
| | | | | | **जम्मा** | ३६५,०००।०० | ५४५,८८६।५४ | १८०,८८६।५४ | ६८४,८५४।७३ | | | |
| २१ | गपली ढुङ्गेधारादेखि बाराही पुलसम्म सडक पीच तथा पेटी निर्माण | ४ | योजनाको बाँकी भुक्तानी | २,१९२,३७८।६३ | पहिलो पेश्की | ७२५,०००।०० | ९०५,७५१।०१ | १८०,७५१।०१ | ९१०,३४६।९७ | सम्पन्न | बलराम सुवाल | दोस्रो पे.फ. गरी रु. ५,५०,३९७।०० भुक्तानी गर्ने |
| | | | | | दोस्रो पेश्की | ७२५,०००।०० | १,२७५,३९७।०० | ५५०,३९७।०० | १,४६८,५३३।६७ | | | |
| | | | | | **जम्मा** | १,४५०,०००।०० | २,१८१,१४८।०१ | ७३१,१४८।०१ | २,३७८,८८०।६४ | | | |
| ख) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | गणेश माध्यमिक विद्यालयमा शौचालय व्यवस्थापन तथा छाना मर्मत कार्य | १ | नगर शिक्षा | ४२७,४०१।६९ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | चण्डेश्वरी आधारभूत विद्यालयको प्ले स्टेशन, छटको पानी व्यवस्थापन कार्य | १ | नगर शिक्षा | ३५४,१९५।९६ | | | | | | | | |

ग) भ.न.पा.५ टौमढीदेखि साकोठासम्म ढुङ्गा छपाइ कार्यको पेश्की फछ्र्यौटका लागि पेश भएको बिल भर्पाई सम्बन्धमा । मिति २०८१ असार २४ गतेको कार्यपालिका निर्णय

आ.व. २०७०/७१ मा बजेट विनियोजन भई मिति २०७१/०१/०९ पहिलो पेश्की लिई कार्य सुरू गरी मिति २०७१/११/१९ मा पहिलो पेश्की (रू. १२,००,०००।) फछ्र्यौट भएको र मिति २०७१/११/२० मा दोस्रो पेश्की (रू १५,००,०००।००) लिई कार्य सम्पन्न गरी २०७२/०३/३० गते पेश्की फछ्र्यौटका लागि निवेदन पेश भएको तर हालसम्म पेश्की फछ्र्यौट हुन बाँकी रहेका साबिक भ.न.पा. ११ हाल भ.न.पा. ५ नं. वडाको टौमढीदेखि साकोठासम्मको ढुङ्गा छपाइ कार्यको पेश्की फछ्र्यौट सम्बन्धमा भ.न.पा. ५ नं. वडा कार्यालयको मिति २०८१/०३/२० गते (च.नं. ११५२) को नगरपालिका कार्यालयमा मिति २०८१/०३/२१ मा प्राप्त (द.नं. १३२४८) पत्रमा "साविक भ.न.पा. ११ हाल वडा नं. ५ को टौमढीदेखि साकोठासम्म ढुङ्गा छपाइ कार्य योजना कार्यान्वयनको लागि पेश्की (दोस्रो) लिई कार्य गर्दै गर्दा २०७२ वैशाख १२ गते विनाशकारी भूकम्पको कारण बिचैमा कार्य बन्द भएकोले थप कार्य हुन नपाएको र उक्त सम्पन्न कार्यको पेश्की फछ्र्यौटको लागि उपभोक्ता समितिका अध्यक्ष श्री बलराम सिबन्जारबाट बिल भर्पाई समेतका निवेदन पेश गरेको फाइल भूकम्पको कारण अफिस एक ठाउँबाट अर्को ठाउँमा सार्दा फाइल भेटाउन नसकेको र वडा समायोजनको क्रममा सामान सार्दा पनि उक्त फाइल फेला नपरेको हुँदा निज समितिका अध्यक्षबाट पटक पटक पेश्की फछ्र्यौट निवेदन दर्ता र ताकेता गरिसकेकोले निवेदनमा बिल भर्पाईको फोटोकपी उपलब्ध गराएकै फोटोकपीलाई आधार मानी पेश्की फछ्र्यौटको लागि आवश्यक कारवाही अगाडि बढाउन नपामा अनुरोध गर्ने भनी मिति २०८१/०३/२० गतेको वडा समिति बैठकमा निर्णय भएकोले निर्णय अनुसार आ.का. को लागि पेश्की फछ्र्यौटको लागि अनुरोध गरिन्छ" भनी लेखिआएको र तत्कालीन अवस्थामा उपभोक्ता समितिबाट पेश गरिएका बिल, भर्पाइ, डोर हाजिर, बाँकी रकम दाखिला गरिएको बैंक भौचरका फोटोकपीहरू सम्बन्धित वडाका वडाध्यक्षज्यूबाट प्रमाणित भइआएको र योजनामा प्रयोग भई बाँकी ढुङ्गा सम्बन्धमा वडा कार्यालय पछाडि परिसरमा र भेलुखेल, भगवतिस्थान वडा कार्यालय हुँदै टौमढीसम्मको ढुङ्गा छपाइ कार्यमा प्रयोग भएको भनी यसअघि नै ५ नं. वडा कार्यालयबाट मिति २०८०/०३/१९ (च.न. ११७५) को पत्रमार्फत लेखिआएको अवस्थालाई ध्यानमा राखी लामो समय पेश्की फछ्र्यौट हुन नसकेको हुँदा पेश भएको फोटोकपी बिल भर्पाई, डोर हाजिर, बैङ्क भौचरको आधारमा बाँकी ढुङ्गा सोही वडामा प्रयोग भएकोले ढुङ्गाको हिसाब फरफारक गरीप्रस्तुत बिल भर्पाई, डोर हाजिर, बमोजिम खर्च भएको रू. १४,९२,०१३।०० (अक्षरेपी चौध लाख बयानब्बे हजार तेह्र रूपैयाँ मात्र) को खर्च समर्थन गर्ने निर्णय गरियो । साथै सो योजनाको पेश्की फछ्र्यौटका लागि नापी किताब, कार्य मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन तयार गरी पेश गर्न साइट इन्चार्ज, योजना तथा प्राविधिक शाखासहित नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

## विविध

**विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–**

**क. आ.व. २०८०/८१ मा पूँजीगत तथा वितीय व्यवस्था तर्फ रकम नपुग भएकोले तपसिलमा उल्लेखित शीर्षकहरूबाट रकमान्तर गर्न निर्णय गरियो–**

## तपसिल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वित्तीय साँवा ब्याज | २०००००००।० | ३५०००००।० | ३६५०००००।० | ५३०००००।० | १ | पर्यटन कर्मचारी तलब | ३५००००००।० | १९००२२०५।० | १५०००००।० | १४४९७७९५।० |
| २ | अन्य सार्वजनिक निर्माण | ७००००००।० | २५९४०१४।० | १२००००००।० | १६४०४९८६।० | २ | सफाइ कर्मचारी तलब | ८०५०००००।० | ६५७२६४५६।० | ५००००००।० | ९७७३५४४।० |
| | | | | | | ३ | नगर प्रहरी तलब | १००००००००।० | १३६४९४०।० | ५००००००।० | |
| | | | | | | ४ | युवा उद्यमशील ऋण | ५००००००००।० | ०।० | २०००००००।० | ३०००००००।० |
| | | | | | | ५ | शेयर खरिद | ५००००००।० | ० | ५००००००।० | ०।० |
| | | | | | | ६ | अरनिको सभा भवन निर्माण | ८००००००००।० | ६३००००००।० | १२००००००।० | ६१७००००००।० |
| | | | | ४८५००००००।० | | | | | | ४८५००००००।० | |

भक्तपुर नगरपालिका गतिविधि

## योग्य र सक्षम व्यक्तिले सम्मानित जीवन यापन गर्न सकिने



भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालित हाउस वायरिङ र आधारभूत कम्प्युटर तालिमको प्रमाणपत्र वितरण कार्यक्रम साउन १८ गते एक कार्यक्रमबिच सम्पन्न भयो।

उक्त कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले हातमा सीप भएको व्यक्ति भोको बस्न नपर्ने बताउनुहुँदै योग्य र सक्षम व्यक्तिले सम्मानित जीवन यापन गर्न सक्ने बताउनुभयो।

जीवन गौरवपूर्ण र सार्थक बनाउन व्यक्तिमा कुनै न कुनै सीप हुन आवश्यक भएको बताउनुहुँदै उहाँले युवाहरूलाई देश र जनताको पक्षमा राजनीति गर्न प्रेरित गर्नुभयो।

जो असल शिष्य बन्छ, त्यो असल गुरु पनि बन्छ भन्नुहुँदै उहाँले हरेक व्यक्ति जीवनमा एकपटक शिष्य र त्यसपछि गुरु बन्ने नियमित प्रक्रिया जस्तै हो भन्नुभयो।

नेपालमा उत्पादित वस्तुहरूको निर्यातबाट डेढ खर्ब जतिमात्रै आम्दानी हुन्छ भन्नुहुँदै प्रमुख प्रजापतिले कर्मचारीहरूको तलब र ब्याज तिर्न पनि विदेशीसँग ऋण लिने अवस्था सिर्जना भएको बताउनुभयो।

उहाँले भन्नुभयो, 'नेपालमा वर्सेनी साढे १३ खर्ब जति रेमिट्यान्स भित्रिन्छ। नेपाली युवाहरूले खाडी मुलुकमा गएर रगत र पसिनासित साटेको पैसा हो। नेपालको अर्थतन्त्र त्यही रेमिट्यान्सकै भरमा चलिरहेको छ।' रेमिट्यान्सबिना देशको अर्थतन्त्र नचल्ने अवस्था सिर्जना भएको उहाँले बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले भक्तपुर नपाले सीपमूलक तालिमहरू सञ्चालन गरी युवाहरूलाई दक्ष बनाउने काम गर्दै आएको बताउनुहुँदै आफूमा भएको ज्ञान र सीप देश विकासमा उपयोग गर्न प्रेरित गर्नुभयो।

कार्यक्रममा आधारभूत हाउस वायरिङ तालिमका प्रशिक्षक **पुन्यराम बासी**, आधारभूत कम्प्युटर तालिमका प्रशिक्षक **रमेश प्रजापति**, प्रशिक्षार्थीद्वय **रामकृष्ण सुवाल** र **कविता कवां**ले पनि बोल्नुभएको थियो।

उक्त तालिममा हाउस वायरिङमा २६ र आधारभूत कम्प्युटर तालिममा ६४ जना प्रशिक्षार्थीले तालिम लिएका थिए।

## पुनर्निमित क्वाकचा गणेश मन्दिरको उद्घाटन



भक्तपुर नपा वडा नं. ७ गोल्मढीस्थित क्वाकचा गणेश मन्दिरको साउन १९ गते एक कार्यक्रमबिच उद्घाटन भयो।

मन्दिर उद्घाटन गर्नुहुँदै भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर सांस्कृतिक सम्पदाले भरिएको ऐतिहासिक नगर भएको बताउनुहुँदै यहाँका मूर्त, अमूर्त सम्पदा संरक्षणलाई नपाले विशेष जोड दिँदैआएको बताउनुभयो।

विकास निर्माण कार्य पारदर्शी ढङ्गले उपभोक्ता समितिमार्फत सम्पन्न गर्नु भक्तपुरको विशेषता भएको बताउनुहुँदै उहाँले सरकारी र पर्ती जग्गा संरक्षण गर्नु नपाको प्रमुख दायित्व भएको बताउनुभयो।

नेवाः संस्कृति नयाँ पुस्तालाई जानकारी दिने उद्देश्यले विद्यालय तहमा स्थानीय पाठ्यक्रम अध्ययन अध्यापन गराउँदै आएको बताउनुहुँदै उहाँले नयाँ पुस्तालाई सम्पदाको महत्त्वबारे बुझाउन सकिए यस्ता संस्कृति जीवन्त रहिरहने बताउनुभयो।

उहाँले भनपाले प्रत्येक वर्ष सांस्कृतिक प्रतियोगिता, सांस्कृतिक गुरु सम्मान आदि आयोजना गर्दै संस्कृतिकर्मीलाई उत्साहित गर्दै आएको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले क्वाकचा गणेश मन्दिर पुनःनिर्माणमा स्थानीय जनताबाट आर्थिक तथा भौतिक सहयोग प्राप्त भएको बताउनुहुँदै जनताको साथ, सहयोगबिना कुनै पनि काम सम्पन्न गर्न सहज नहुने बताउनुभयो।

कार्यक्रममा क्वाकचा गणेश मन्दिर पुनःनिर्माण उपभोक्ता समितिका अध्यक्ष **रमेश प्रधान**ले समितिको कार्य

विवरण प्रस्तुत गर्नुहुँदै सामाजिक कार्यमा स्थानीय जनताको क्रियाशील भूमिका आवश्यक भएको बताउनुभयो ।

उक्त कार्यक्रममा उपभोक्ता समितिका सदस्य **दशवीर मानन्धर**ले मन्दिर पुनःनिर्माणको आयव्यय प्रस्तुत गर्नुहुँदै क्वाकचा गणेश मन्दिर रु. ३ लाख ७८ हजार ५८८ मा निर्माण सम्पन्न भएको बताउनुभयो ।

कार्यक्रममा वडा नं. ७ का वडा सदस्य एवम् अनुगमन समितिका **हरिरत्न गोर्खाली,** भनपा सम्पदा उपशाखा प्रमुख **रामगोविन्द श्रेष्ठ** र उपभोक्ता समितिका सचिव **प्रकाश तजले**ले पनि बोल्नुभएको थियो ।

## प्रमुख प्रजापतिद्वारा देगमनामा भएको आगलागी प्रभावित क्षेत्रको निरीक्षण



भक्तपुर नपा वडा नं. ३ देगमनास्थित एउटा घरमा आगलागी भएको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आगलागी प्रभावित क्षेत्रमा साउन २३ गते स्थलगत निरीक्षण गर्नुभएको छ ।

प्रमुख प्रजापतिले आगलागी प्रभावित क्षेत्रको निरीक्षणका साथै आगलागीबाट पुगेको क्षति र पीडित परिवारको अवस्थाबारे जानकारी लिनुभयो । सोही क्रममा पीडित रामसुन्दर कर्माचार्यलाई भेटेर प्रमुख प्रजापतिले सहानुभूति व्यक्त गर्नुभएको थियो ।

बिहान करिब ११ बजे विद्युत् सट भई पीडित कर्माचार्यको घरमा आगलागी भएको र आगलागीबाट घरमा भएको सबै नगद तथा जिन्सी सामान जलेर नष्ट भएको पीडितको भनाइ छ । आगलागीबाट करिब २३ लाख ७५ हजार बराबरको क्षति भएको अनुमान गरिएको छ ।

भक्तपुर नपाले आगलागी भएको घरमा बसोबास गर्ने ५ दाजुभाइको परिवारलाई प्रतिपरिवार रु. २५,०००।- राहत स्वरूप आर्थिक सहयोग प्रदान गरिएको थियो ।

## भाजुपोखरी परिसरमा बृहत छिकोङ खेल प्रदर्शन



भक्तपुर नगरपालिकाबाट नगरको १० ओटै वडाहरूमा सञ्चालित छिकोङ खेल प्रदर्शन कार्यक्रम साउन २८ गते भक्तपुर नपा वडा नं. १ स्थित भाजुपोखरी परिसरमा सम्पन्न भयो ।

विभिन्न वडामा प्रशिक्षणरत ४५० जना सहभागी भएको बृहत छिकोङ खेल प्रदर्शनीमा सम्बोधन गर्नुहुँदै नेमकिपाका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले छिकोङ श्वासप्रश्वाससँग सम्बन्धित शारीरिक व्यायाम भएको बताउनुहुँदै शारीरिक अभ्यास नियमित गर्न सके रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि हुने बताउनुभयो ।

नियमित शारीरिक अभ्यासले शरीरलाई सन्तुलित बनाउन मद्दत पुऱ्याउनुका साथै सन्तुलित खानपान र शरीरलाई आराम दिन सके स्वस्थ जीवनयापन हुने उहाँले बताउनुभयो ।

पत्रु खाना (जंक फुड) ले पनि शरीरमा विभिन्न रोगहरू लाग्ने सम्भावना बढाउने भन्नुहुँदै उहाँले यस्ता खानेकुराको सेवन घटाउँदै सन्तुलित मात्रामा भोजन गर्न सके शरीर स्वस्थ हुने बताउनुभयो ।

समाजवादी व्यवस्थामा जनताका आवश्यकता र समस्याहरू सरकारले सम्बोधन गर्ने बताउनुहुँदै उहाँले धुमपान र मद्यपानबाट टाढा राख्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले खेलकुदलाई मानव जीवनको अभिन्न अङ्गको रूपमा विकास गर्ने उद्देश्यले विद्यालयस्तरदेखि विद्यार्थीहरूलाई खेलकुद प्रशिक्षण, विभिन्न खेलहरूको प्रतियोगिता आयोजना गर्दै आएको बताउनुभयो ।

नगरवासीहरूलाई स्वस्थ बनाउन नगरका विभिन्न ठाउँहरूमा व्यायामशाला स्थापना गरेको बताउनुहुँदै उहाँले छिकोङ व्यायाम शरीरको निम्ति महत्त्वपूर्ण भएकोले प्रशिक्षक नियुक्ति गरी सबै वडाहरूमा यसका प्रशिक्षण सञ्चालन

गरेको स्मरण गर्नुभयो ।

शारीरिक व्यायाम मनोरञ्जनको हिसाबले नभई नागरिकहरूलाई स्वस्थ राख्ने उद्देश्यले सञ्चालन गरिएको बताउनुहुँदै उहाँले नागरिकहरूलाई स्वस्थ बनाउने भक्तपुर नपाको उद्देश्य भएको बताउनुभयो ।

नसर्ने रोगको जोखिम बढिरहेको हुँदा नागरिकहरूलाई यसबारे सचेतना जगाउने काम पनि नपाले गर्दै आएको बताउनुहुँदै उहाँले नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले नि:स्वार्थ रूपमा देश र जनताको सेवा गरिरहेको बताउनुभयो ।



कार्यक्रममा भनपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री** र भनपा ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले छिकोङ खेल प्रशिक्षणले नागरिकहरूको स्वास्थ्यमा रोगप्रतिरोधात्मक क्षमता अभिवृद्धि हुने भएकोले यो खेल निकै महत्त्वपूर्ण भएको बताउनुभयो ।

उक्त कार्यक्रममा भनपा वडा नं. ८ का वडा सदस्य **रामसुन्दर बासी**ले पनि बोल्नुभएको थियो ।

## धानबालीमा लाग्ने कीरा तथा रोग व्यवस्थापनसम्बन्धी अभिमुखीकरण




भक्तपुर नपा वडा नं. २ मा धानबालीमा लाग्ने रोग कीरा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम साउन २८ गते सम्पन्न भयो ।

कार्यक्रममा वडा नं. ३ का वडाध्यक्ष एवम् भक्तपुर नपा कृषि समितिका संयोजक **राजकृष्ण गोरा**ले जसरी मानिसको शरीर स्वस्थ रहन पोषणयुक्त आहारको आवश्यकता पर्छ त्यसरी नै धानबालीलाई उचित गोडमेल गरी रोगको पहिचानपछि मात्र विषादीको सही प्रयोग भएमा बाली राम्रो हुने बताउनुभयो ।

माटोको गुणस्तरमा ह्रास आई उत्पादन न्यून भइरहेको अवस्थामा भनपाद्वारा माटोको गुणस्तर नाप्न माटो परीक्षण कार्य गर्दै आइरहेको चर्चा गर्नुहुँदै उहाँले उत्पादन वृद्धि गर्न, माटोको गुणस्तर बढाउन भनपाद्वारा उत्पादित कम्पोस्ट मल प्रयोगमा जोड दिनुभयो । उहाँले धानबालीको अवलोकन गर्दै धानबालीमा लाग्ने रोग-कीराको पहिचानसहित न्यूनीकरण गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले भनपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायत कृषि उत्पादनसम्बन्धी अध्ययन अनुसन्धान गर्नलाई प्राथमिकता दिँदै आएको चर्चा गर्नुभयो ।

उहाँले बढ्दो युवा बिदेसिने क्रमलाई न्यूनीकरण गर्न युवा उद्यमशील ऋण लगानी र कृषि ऋणको व्यवस्था हुँदै आएको बताउनुभयो । बढ्दो सहरीकरणसँगै व्यवस्थित आवासको लागि योजना सञ्चालन गर्दै आइरहेको चर्चा उहाँले गर्नुभयो ।

कार्यक्रममा कृषि प्राविधिक **रवि ख्याजु**ले धानबालीमा लाग्ने कीरा न्यूनीकरण गर्न बाली लगाउनुपूर्व नै माटोको गुणस्तर परीक्षण गर्न आवश्यक रहेको चर्चा गर्नुहुँदै बढी रासायनिक मलको प्रयोगबाट धानबाली राम्ररी सप्रिनुको सट्टा बाली बिग्रने अधिक सम्भावना भएकोले किसानहरू सचेत हुनुपर्ने, विषादी प्रयोग गर्नुपूर्व सावधानी अपनाउनुपर्ने र धानबालीमा लाग्ने विभिन्न रोग तथा कीरा नियन्त्रण प्रक्रियाबारे बताउनुभयो ।

कार्यक्रममा **रत्नकाजी नायभारी, श्यामसुन्दर मातां** र **मञ्जु लाखाजु**ले पनि बोल्नुभएको थियो ।

## "भ्रष्टाचारविरोधी अभियानमा विद्यार्थीहरूको भूमिका" विषयक वक्तृत्वकला

भक्तपुर नगरपालिका वडा नं ५ को आयोजनामा भदौ




७ गते 'भ्रष्टाचारविरोधी अभियानमा विद्यार्थीहरूको भूमिका' विषयक माध्यामिक तहस्तरीय (कक्षा ९ देखि १२) वक्तृत्वकला प्रतियोगिता सम्पन्न भयो।

सो कार्यक्रमका सभापति एवम् वडा नं. ५ का वडाअध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले भक्तपुर नगरपालिका 'सदाचारको टापु' अर्थात् भ्रष्टाचाररहित संस्थाको रूपमा परिचित हुँदै आएको चर्चा गर्नुभयो।

यस्तो हुनुमा नेपाल मजदुर किसान पार्टीको भ्रष्टाचारप्रतिको शून्य सहनशीलता र आजभन्दा करिब ५०/६० वर्ष पहिलेदेखि नै भ्रष्टाचारविरोधी आन्दोलनको सुरुवातको परम्पराको ठूलो भूमिका रहेको तथ्य उहाँले बताउनुभयो।

कार्यक्रममा आदर्शआजाद माविका प्रधानाध्यापक **श्रीकृष्ण किसी**ले सामान्यरूपमा विद्यार्थीले राजनीति गर्नुहुँदैन भन्ने भाष्य गलत भएको बताउनुहुँदै खराब, भ्रष्टाचारी र जनताविरोधी नेता र पार्टीको पछि लाग्नु गलत हो तर देश र जनताको पक्षका लाग्न कसैले नरोक्ने बताउनुभयो।

उक्त प्रतियोगितामा बासु माविका प्रतिक्षा शाही (कक्षा १०) प्रथम, वागीश्वरी माविका आस्था गुमाजु (कक्षा ११) द्वितीय, एभरेष्ट माविका सिल्भिया खड्का (कक्षा ९) तृतीय र सैनिक माविका उत्सव आचार्य (कक्षा १२) ले सान्त्वना पुरस्कार पाउन सफल भएको निर्णायक मण्डलको तर्फबाट आशाकुमार चिकंबन्जारले गर्नुभयो।

निर्णायक मण्डलका अन्य सदस्यहरूमा बिमल प्रधान र रुपकेशरी उलक हुनुहुन्थ्यो।

कार्यक्रमका लागि सहयोग गर्ने सबै पक्ष निर्णायक मण्डल, स्थान उपलब्ध गराउने आदर्श आजाद स्कूल, वडा कार्यालयका सबै कर्मचारीहरूलगायत सबैलाई धन्यवाद दिनुहुँदै जनप्रतिनिधि नारायणप्रसाद त्वानाबासुले पुरस्कार वितरण कार्यक्रम केही दिनपछि हुने जानकारी गराउनुभयो।

कार्यक्रममा जनप्रतिनिधि कृष्णप्यारी भूजु एवम् रीता फसिकवा पनि उपस्थित हुनुहुन्थ्यो भने कार्यक्रम सञ्चालन लक्ष्मीसुन्दर सुवालले गर्नुभएको थियो।

# भक्तपुर काण्ड : सरकारी तवरबाट भएको नियोजित षड्यन्त्र




भक्तपुर नगरपालिकाको आयोजनामा पञ्चायती राज्यस्तरबाट रचित २०४५ सालको भक्तपुर काण्डको विरोध एवम् भर्त्सना कार्यक्रम भदौ १३ गते भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले 'भक्तपुर काण्ड' सरकारी तवरबाट भएको नियोजित षड्यन्त्र भएको स्पष्ट पार्नुभयो।




जनप्रतिनिधि र राजनीतिक कार्यकर्ताहरू पद र पैसाको निम्ति नभई देश र जनताको नि:स्वार्थ सेवामा लाग्नुपर्ने बताउनुहुँदै उहाँले अन्यायको विरोध नगर्ने कम्युनिष्ट नहुने बताउनुभयो।

नगरपालिकाका कर्मचारीहरूले आफ्नो पदअनुसार इमानदारीपूर्वक काम गर्न मार्गनिर्देश गर्नुहुँदै उहाँले नैतिक रूपमा पतन भएका व्यक्तिको समाजमा कुनै इज्जत हुँदैन भन्नुभयो।

राजनीतिक कार्यकर्ताहरू सैद्धान्तिक रूपमा परिपक्व हुनुपर्ने भन्नुहुँदै उहाँले जनप्रतिनिधि र कार्यकर्ताहरूले व्यक्तिगत फाइदाभन्दा पनि समाजको हितको निम्ति काम गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले सम्पत्तिको लागि झूट काम गर्ने र जनप्रतिनिधि

भएर व्यक्तिगत फाइदा लिनेहरू गलत हुन् भन्नुभयो । उहाँले भन्नुभयो, 'राजनैतिक कार्यकर्ता र कर्मचारीहरूले निरन्तर अध्ययन गर्नुपर्छ । देशमा क्रान्ति भएमा सबै जनताको लागि राम्रो हुन्छ ।'

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर काण्डबारे नयाँ पुस्तालाई सचेत पार्ने उद्देश्यले यस घटनाबारे चर्चा परिचर्चा आवश्यक भएको बताउनुभयो ।

पुँजीवादी व्यवस्थामा छालछाम, जालझेल र षड्यन्त्र स्वाभाविक विषय भएको बताउनुहुँदै उहाँले भक्तपुर काण्डलाई न्यायपालिकामाथि हस्तक्षेप भएको घटनाको रूपमा स्मरण गर्नुभयो ।

भक्तपुर काण्डमा समातिएकाहरूलाई युद्धमा हारेकालाई भन्दा पनि दर्दनाक यातना दिइएको बताउनुहुँदै उहाँले शासकहरू आफ्नो सत्ता टिकाउन जस्तोसुकै कठोर निर्णय गर्न पनि पछि नहट्ने विचार राख्नुभयो ।

'शासकहरूले जस्तोसुकै कठोर नीति अवलम्बन गर्नसक्ने, शत्रुहरूले साम, दाम, दण्ड र फुटको नीति अवलम्बन गर्ने, इमानदार कार्यकर्ताहरू शासकहरूको आँखाको तारो बन्न सक्ने, सङ्ख्याभन्दा विचार र सिद्धान्त महत्त्वपूर्ण हो भन्ने भक्तपुर काण्डले शिक्षा दिएको छ' – उहाँले भन्नुभयो ।



त्यस्तै उपप्रमुख **रजनी जोशी**ले भक्तपुर काण्डबाट भक्तपुरका महिलाहरूलाई राजनीतिक र सामाजिक रूपमा साक्षर र सङ्गठित गर्ने अभियानको सुरुवात भएको बताउनुहुँदै भक्तपुर काण्डलाई सङ्घर्षको रूपमा स्मरण गर्नुपर्ने बताउनुभयो ।

भनपा वडा नं. १० का पूर्व वडाध्यक्ष **चन्द्रबहादुर उलक**ले भक्तपुर काण्डबारे आफ्नो अनुभव सुनाउनुहुँदै नेमकिपाविरुद्ध अहिले पनि शत्रुहरू सक्रिय रहेको हुँदा पार्टी कार्यकर्ताहरू सचेत र सङ्गठित हुन जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले नेमकिपालाई समूल नष्ट गर्न राज्यस्तरबाट रचिएको नियोजित षड्यन्त्र भएको बताउनुभयो ।

कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले समाज परिवर्तनको निम्ति महिलाहरू राजनैतिक रूपमा सचेत हुनुपर्ने पाठ भक्तपुर काण्डबाट प्राप्त भएको बताउनुहुँदै भक्तपुर काण्डमा महिलाहरूमाथि निकै अभद्र व्यवहार भएको बताउनुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसियसन भनपाका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले भक्तपुर काण्डमा भक्तपुर नपाका कर्मचारीहरूलाई झूटो मुद्दा लगाई क्रुर यातना दिइएको बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

## राष्ट्रिय पुस्तकालय दिवसमा प्रवचन




भक्तपुर नगरपालिकाको आयोजनामा १७ औँ राष्ट्रिय पुस्तकालय दिवसको अवसर पारेर भदौ १४ गते **'निरन्तर शिक्षाका लागि पुस्तकालय'** भन्ने नाराका साथ नगरभित्र सञ्चालित माध्यमिक तहका विद्यार्थीहरूबिच प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले पुस्तकालय ज्ञान तथा अनुभवको केन्द्र भएको बताउनुहुँदै यसको सदुपयोगले विद्यार्थीहरूको बौद्धिक विकासमा समेत मद्दत पुऱ्याउने बताउनुभयो ।

विद्यार्थीले पुस्तकालयमा गई अध्ययन गर्ने बानीको विकास गर्नुपर्ने बताउनुहुँदै उहाँले विद्यार्थीहरूको हस्तलेखन, वाककला राम्रो भए व्यक्तित्व विकासमा टेवा पुग्ने धारणा राख्नुभयो ।

विद्यालयको पुस्तकालयमा शिक्षण सामग्री, उत्तर पुस्तिका र पाठ्यक्रम आदिको पनि बन्दोबस्त गरिनुपर्नेमा जोड दिनुहुँदै उहाँले विद्यार्थीहरूले अतिरिक्त क्रियाकलापअन्तर्गत

चित्रकला, नृत्य, सङ्गीत, खेलकुद, साहित्यलगायतका विषयमा पनि अग्रसर हुनुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले पुस्तकालयको संरक्षण, सम्बर्द्धन र विकासका लागि सबैले सहयोग गर्नुपर्ने बताउनुहुँदै पुस्तकालय विकासले समाजको विकास पनि हुने बताउनुभयो।

पुस्तकालय ज्ञानको भण्डार हो र पुस्तकालयमा धेरै पुस्तक अध्ययन गर्ने सुविधा हुन्छ भन्नुहुँदै उहाँले भक्तपुर नपाले नगरस्तरीय जनज्योति पुस्तकालय र वडा वडामा समेत पुस्तकालय सञ्चालन गरी आवश्यक आर्थिक तथा भौतिक सहयोग प्रदान गर्दै आइरहेको बताउनुभयो।

पुस्तकालयको महत्त्वबारे नयाँ पुस्तालाई जानकारी दिनुपर्ने बताउनुहुँदै उहाँले समाज अगाडि बढ्नुमा अध्ययन अनुसन्धानले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ भन्नुभयो।

उपप्रमुख **रजनी जोशी**ले दैनिक जीवनमा पठन संस्कृतिको विकासले विद्यार्थीहरूको प्राज्ञिक क्षमतालाई अझ निखार्ने बताउनुहुँदै भक्तपुर नपाले पुस्तकायलाई विशेष प्राथमिकतामा राख्दै त्यसको संरक्षण र सम्बर्द्धन गर्दै आइरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयका पुस्तकालय अधिकृत **भूपाल मूल**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयको सङ्क्षिप्त परिचय प्रस्तुत गर्नुहुँदै पुस्तक किनेर पढ्न नसक्नेहरूका लागि लागि पनि सार्वजनिक पुस्तकालयहरूले धेरै सहज बनाएको बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले २१ औं शताब्दीमा अनुभव, अध्ययन र अनुसन्धान आवश्यक रहेको बताउनुहुँदै पुस्तकालयबाट मात्र आधिकारिक तथ्य तथ्याङ्क उपलब्ध हुने बताउनुभयो।

उक्त कार्यक्रममा कार्यपालिका सदस्य **रोशनमैंया सुवाल**ले पनि बोल्नुभएको थियो।

कार्यक्रममा संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थी र शिक्षक प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

## "भ्रष्टाचार नैतिक रूपमा पतन हुने अपराध हो" : प्रमुख प्रजापति

२०४५ सालमा पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र 'भक्तपुर काण्ड' को भर्त्सनास्वरूप भक्तपुर नगरपालिका वडा नं. ९ को आयोजनामा **'युवा आवाज स्वदेशमै रोजगार'** भक्तपुर नगरव्यापी विद्यालयस्तरीय (कक्षा ११ र १२) निबन्ध लेखन र **'भ्रष्टाचार सामाजिक कलङ्क'** विषयक भक्तपुर नगरव्यापी विद्यालयस्तरीय (कक्षा ८, ९ र १०) कविता प्रतियोगितामा विजयीहरूलाई पुरस्कार वितरण कार्यक्रम भदौ १४ गते सम्पन्न भयो।






कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रतियोगिताका विजयीहरूलाई प्रमाणपत्र र नगद पुरस्कार वितरण गर्नुभयो।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले भ्रष्टाचारलाई नैतिक रूपमा पतन हुने अपराधको रूपमा व्याख्या गर्नुभयो।

उहाँले जघन्य अपराधीलाई कानुनबमोजिम मृत्युदण्डको व्यवस्था गर्न सके मात्र सामाजिक अपराधहरू नियन्त्रण सम्भव हुने बताउनुहुँदै विद्यार्थीहरूलाई सचेत पार्न यस किसिमका प्रतियोगिता आयोजनालाई निरन्तरता दिनुपर्ने बताउनुभयो।

प्रतियोगितामा सहभागी र विजयी विद्यार्थीहरूलाई बधाई दिनुहुँदै उहाँले विद्यार्थीहरूले आफ्नो अध्ययनलाई मजबुत बनाउन पुस्तकहरूको अध्ययनमा जोड दिनुपर्ने र स्वअध्ययनबाट प्राप्त ज्ञान अमूल्य हुने बताउनुभयो।

देशको शासन व्यवस्था कमजोर हुँदा भ्रष्टाचार पनि मौलाउँदै जाने बताउनुहुँदै उहाँले सार्वजनिक संस्था प्रभावकारी बनाउन भ्रष्टाचार नियन्त्रण आवश्यक भएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले नयाँ पुस्तालाई प्राज्ञिक सँगसँगै सामाजिक विषयवस्तुहरूमा पनि परिपक्व पार्दै लानुपर्ने आजको आवश्यकता हो भन्नुहुँदै २०४५ सालमा नेमकिपालाई समूल नष्ट गर्न राज्यस्तरबाट रचिएको भक्तपुर काण्डको भर्त्सना गर्नुभयो।

कार्यक्रममा वागीश्वरी माविका प्रअ **कृष्णप्रसाद कर्माचार्य**ले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने वडा सदस्य **इन्द्रबहादुर प्याठ**, कार्यपालिका सदस्य **छोरीमैया सुजखू** र नेपाली शिक्षक **हेरा फुँयाल**ले प्रतियोगिता आयोजनाबारे आ–आफ्नो धारणा राख्नुभएको थियो।

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगितामा बासु माविका **सुप्रिम सुलु** प्रथम, वागीश्वरी माविका **इभान्जली लामा** द्वितीय, मोर्डन इ. स्कूलका **प्रतिज्ञा पौडेल** तृतीय र विद्यार्थी निकेतनका **पानसरा शाही**ले सान्त्वना स्थान हासिल गरेका थिए भने कविता प्रतियोगितामा महेन्द्र विद्याश्रमका **विभूति कार्की** प्रथम, वागीश्वरी माविका **श्रीया शाही** द्वितीय, बासु माविका **हिमाल रोकाया** तृतीय, विद्यार्थी निकेतनका **मनिषा तामाङ** र सरस्वती विद्यालयका **सरु तामाङ**ले सान्त्वना स्थान हासिल गरेका थिए।

सोही क्रममा सहभागी विद्यार्थीहरूलाई पनि प्रमाणपत्र तथा पठन संस्कृतिको विकासका लागि महत्त्वपूर्ण पुस्तकहरू उपहारस्वरूप प्रदान गरिएको थियो।

## ऐतिहासिक भाजुपोखरी परिसरमा सरसफाइ कार्यक्रम



भक्तपुर नगरपालिकाको आयोजनामा भदौ १५ गते भाजुपोखरी परिसर सरसफाइ कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा वडा नं १० का वडा अध्यक्ष **लक्ष्मीप्रसाद हयौमिखा**ले २०७४ सालदेखि नै नियमित पाक्षिक रूपमा





सरसफाइ गरिँदै आएको जानकारी गराउनुभयो। उहाँले पर्यटकहरूलाई आकर्षण गर्दै भक्तपुर नगरपालिकाले विभिन्न गतिविधिहरू गरिँदै आएको पनि चर्चा गर्नुभयो।

भक्तपुर नगरपालिका वडा नं ८ का वडा अध्यक्ष **कृष्णप्रसाद कोजु**ले सरसफाइ अभियानमा नगरवासीको पनि भूमिका रहने बताउनुहुँदै वर्तमान समयमा डेङ्गु रोगको सङ्क्रमण बढ्ने सम्भावना रहेकोले सचेत हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा वडा नं १ का वडा अध्यक्ष **श्यामकृष्ण खत्री**ले वडाको गतिविधिहरूमा बुद्धिजीवीहरूको साथ र सहयोग प्राप्त भइरहेको र भक्तपुर क्याम्पसको डिल खोल्नको लागि क्याम्पससँग छलफल भइरहेको समेत बताउनुभयो।

वातावरण समितिका सदस्य एवम् वडा नं २ का वडा सदस्य **मञ्जुमाया लाखाजु**ले भक्तपुरमा आन्तरिक र बाह्य पर्यटकहरूको सङ्ख्या वृद्धि हुँदै गइरहेको र भक्तपुर प्रवेश गर्ने नगरको नाकाहरूमा सफा गरिँदै जाने बताउनुभयो।

कार्यक्रममा समाजसेवी **कृष्णबहादुर दुगुजु**ले भक्तपुर नगरपालिकाले आयोजना गरेको पाक्षिक सरसफाइ र भाजुपोखरी पुनःनिर्माणप्रति भक्तपुर नगरपालिकालाई धन्यवाद व्यक्त गर्नुभएको थियो।

# eQmk'/ gkfsf]cg'udg

## कमलविनायकमा







भक्तपुर नगरपालिका अनुगमन समितिका सदस्य एवम् कार्यपालिका सदस्य रोशनमैया सुवालको नेतृत्वमा साउन १६ गते कमलविनायकमा पसल अनुगमन गऱ्यो ।

अनुगमनको क्रममा मेगा मार्टलाई नवीकरण गर्न, तरकारीको मूल्य बाहिर चलनचल्तिभन्दा बढी भएकोले व्यवस्थित गर्न र म्याद भएपनि कीरा भएको भनी ग्राहकले फिर्ता ल्याएको चामल दुई बोरा जफत गरी त्यस्तो कीरा भएको चामल नबेच्न निर्देशन दियो ।

विनायक फुड स्टोरलाई दर्ता नवीकरण गर्न र म्याद नाघेको टोमाटो सस् जफत गरी नष्ट गरियो भने अवसर काजु लेबल नभएको अथवा उत्पादन मिति नभएकोले नलिने र बेचविखन नगर्न र म्याद नाघेको सामानहरू बरोबर चेक गर्ने र छुट्याएर राख्ने साथै पसल व्यवस्थित र सरसफाइमा ध्यान दिन निर्देशन दियो ।

विनायक किराना कन्सर्न दर्ता नवीकरण गर्न, सरसफाइमा ध्यान दिन र सामानहरू व्यवस्थित गर्न निर्देशन दियो ।

राजेन्द्र सितिखुको अन्य पसललाई दर्ता नभएकोले दर्ता गराई साइनबोर्ड राख्न, मूल्य सूची राख्न, प्याकेजिङ सामानमा खाद्य अनुज्ञा पत्र लिई लेवल राखी मात्र बिक्री वितरण गर्न, पसल व्यवस्थित र सरसफाइमा ध्यान दिन निर्देशन दियो ।

## चुनदेवी र सल्लाघारी

भक्तपुर नगरपालिका अनुगमन समितिका सदस्य एवम् वडाध्यक्ष श्यामकृष्ण खत्रीको नेतृत्वमा साउन १७ गते चुनदेवी र सल्लाघारीमा पसल अनुगमन गऱ्यो ।

अनुगमनको क्रममा एम.एम. इन्टरप्राइजेज्मा गोदाम दुर्गन्धित, भद्रगोल र अव्यवस्थित भएकोले सफाइ र व्यवस्थित गर्न, पसलमा म्याद नाघेको र कुहेको सामान छुट्याएर राखी तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिनुका साथै म्याद नाघेको मसला पाकेट अन्य गरी ३ बोरा अथवा पचास हजार रुपैयाँभन्दा बढी सामानहरू जफत गरी नष्ट गरियो ।

त्यस्तै सल्लाघारी किराना पसलमा दत्तात्रय दालमोठ उद्योगको शिव शंकर दालमोठ पाकेटमा भएको लेबल मेटेर जाने भएकोले कम्पनीका प्रोपाइटरलाई तीन दिनभित्र उपस्थित गराउन र दत्तात्रय फुड प्रडक्टको दिलशा मुगी पाकेटमा भएको लेबल मेटेर जाने भएकोले कम्पनीका प्रोपाइटरलाई तीन दिनभित्र उपस्थित गराउन निर्देशन दिई क्वातीलगायत प्याकेजिङ सामानहरू खाद्य अनुज्ञापत्र लिई लेवल राखी मात्र बिक्रीवितरण गर्न र पसलमा सरसफाइमा ध्यान दिन, सामानहरू व्यवस्थित गर्न निर्देशन दिइयो ।

## क्वाटी पसलको अनुगमन



भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवम् वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा साउन ३० गते कमलविनायकमा गुन्हीपुन्हीमा खाने क्वाटी पर्वलाई मध्ये नजर गरी पसल अनुगमन गरेकोमा खाद्य अनुज्ञापत्रबिना क्वाटीको प्याकेजिङ गरी व्यवस्थित लेवलबिना बिक्री वितरण भइरहेकोले अशुद्ध र अखाद्य गेडागुडी मिसिएको गुनासोको आधारमा खाद्य पसल अनुगमन गरियो ।

अनुगमनको क्रममा चौध हजार पाँच सय रुपैयाँ बराबरको सामान जफत गरियो ।

एस.एण्ड.एस स्टोर्समा म्याद नाघेको विभिन्न चिसो पेय पदार्थ, बिस्कुट, दालमोथ, भुजिया, बदाम आदि सामानहरू जफत गरी नष्ट गरियो भने क्वाटी खाद्य अनुज्ञापत्रबिना प्याकेजिङ गरी लेवलबिना बिक्री वितरण नगर्न र ढक तराजु नवीकरण नभएकोले तीन दिनभित्र कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

ज्योति किराना पसललाई तीन दिनभित्र नवीकरण गर्न, क्वाटी र पूर्णिमा भुजा खाद्य अनुज्ञापत्रबिना प्याकेजिङ गरी लेवलबिना बिक्री वितरण नगर्न, पूर्णिमा भुजाका प्रोपाइटरलाई तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित गराउन, तराजु नवीकरण गर्न, गोदाम व्यवस्थित र सरसफाइ गर्न निर्देशन दिई जिरा मसला, हाजमोला, हर्लिक्स, वेकर्स दुध, क्विक्स् चिजबल र कीरा भएको धूलो मासजफत गरी नष्ट गरियो ।

त्यस्तै बद्रिनारायण मानन्धरको किराना पसलको गोदाम व्यवस्थित र सरसफाइ गर्न, म्याद नाघेको आरोमा ध्यू, हर्लिक्स र बेगन जफत गरी नष्ट गरियो ।

## मिठाई र फलफुल पसल


भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा कुशे औंशी (बुबाको मुख हेर्ने) पर्वलाई लक्षित गरी मिठाई पसलहरू २१ ओटा र फलफुल पसल १० ओटामा भाद्र १६ गते अनुगमन गरियो ।

मिठाईमा रङ बढी नहाल्न र एउटै तेलमा धेरै पटक नपकाउन सचेत गरायो । अनुगमनमा रङ बढी राखेका मिठाईहरू नष्ट गराएको र फलफुल पसलमा कुहेको र बिग्रेको फलफुल बेचबिखन नगर्न निर्देशन दिएको संयोजकले बताउनुभयो ।

अनुगमनमा मिठाई पसलको भान्छा फोहोर देखिएकोले सरसफाइमा ध्यान दिन र मिठाई पकाउने तेल धेरै पकाएर ओइलटेष्टर मेसिन वा पोलार मिटरमा २० भन्दा माथिको देखाएको अखाद्य तेलमा नपकाउन निर्देशन दिई मिठाईमा पाँच केजी मैदामा एक ग्राम मात्र खाद्य रङ हाल्न पाउने र मिठाई पकाउने तेल पोलार मिटरले नाप्दा बीस रेन्जभन्दा माथिको तेल अखाद्य हुने बताउनुभयो । साथै तेलमा पकाएको मिठाई खाएपछि क्यान्सरजन्य रोगहरू लाग्न सक्ने भएकोले उपभोक्ताको स्वास्थ्यलाई मध्यनजर गरी अनुगमन गरेको उहाँले बताउनुभयो ।

उपरोक्त अनुगमन टोलीमा समितिका सदस्य श्यामकृष्ण खत्री, रोशन मैया सुवाल, रिता फसिकवा, ज्ञानबहादुर मानन्धर, श्यानिटेशन उपशाखा प्रमुख न.नि. दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, कर उपशाखाका मोहनदेवी व्याञ्जू, जिल्ला प्रशासन कार्यालय भक्तपुरका हरिहर काफ्ले, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक रामप्रवेश शाह र बिना चन्द, उद्योग तथा बाणिज्य कार्यालय भक्तपुरका लक्ष्मीप्रसाद कासुला, उद्योग बाणिज्य सङ्घ भक्तपुरका राजु त्वानाबासु र गौतम सुजखु, घरेलु तथा साना उद्योगका सुमित्रा श्रेष्ठ सहभागी रहेको थियो ।

## बसिबियाँलो (क) को उत्तर






## सापारुको लागि संस्कृतिकर्मीहरूको भेला




ऐतिहासिक एवम् सांस्कृतिक नगर भक्तपुरको सांस्कृतिक विधाहरूको संरक्षण र सम्बर्द्धन गर्न विगतका वर्षहरूमा झैं यस वर्ष पनि भक्तपुर नगरपालिकाले सापारुको दिन घिन्ताङघिसी र माक प्याखँ तथा कृष्णाष्टमीसम्म परम्परागत एवम् आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिहरूको मूल्याङ्कन गरी पुरस्कृत गर्ने निर्णय गरेको छ। नजिकिँदै गरेको सापारु पर्वको तयारीस्वरूप भक्तपुर नगरपालिकाको आयोजनामा साउन २१ गते भक्तपुरका संस्कृतिकर्मीहरूको भेला कार्यक्रम सम्पन्न भयो।

भेलामा नगर प्रमुख **सुनिल प्रजापति**ले परम्परागत र आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिहरूलाई जीवन्त राख्न भक्तपुर नपाले यस वर्ष पनि सांस्कृतिक प्रस्तुतिहरूको मूल्याङ्कन गरी पुरस्कारको व्यवस्था गरेको बताउनुभयो।

भक्तपुर सांस्कृतिक नगरको रूपमा विकास हुँदै आएको बताउनुहुँदै उहाँले नेपाल भ्रमणमा आउने विदेशी पर्यटकमध्ये करिब २५ प्रतिशत पर्यटकहरू भक्तपुर भ्रमणमा आएको बताउनुहुँदै नपाले आन्तरिक पर्यटन प्रवर्द्धनमा पनि जोड दिँदैआएको बताउनुभयो।

उहाँले भक्तपुरका परम्परागत चाडपर्व, जात्रा संस्कृति आदिलाई प्रगतिशील ढङ्गले अगाडि बढाउन जरुरी रहेको बताउनुहुँदै भक्तपुरका अमूर्त सम्पदाहरूको जगेर्नामा पनि नपाले विशेष प्राथमिकताका साथ अगाडि बढिरहेको उहाँले बताउनुभयो।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**, भनपा ७ का वडाध्यक्ष **उकेश कवां**, भनपा ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**लगायतले गाईजात्रा पर्वलाई सभ्य र भव्य बनाउन संस्कृतिकर्मीहरूको तर्फबाट आवश्यक सहयोगी भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।



कार्यक्रममा उपस्थित संस्कृतिकर्मीहरूले सापारु एक दिनमात्र घिन्ताङघिसी लाने व्यवस्था गर्नुपर्ने, घिन्ताङघिसी रुटमा रहेका निर्माण सामग्री र अव्यवस्थित तारहरूको व्यवस्थापन गर्नुपर्ने, नयाँ पुस्ताका लेखक तथा कलाकारहरू तयार गर्नुपर्ने, बाजाहरूको बोलमा एकरूपता ल्याउनुपर्ने, सापारुको दिन स्वयम्सेवक परिचालन गर्नुपर्ने, परम्परागत नाचहरूको बोलबारे पुस्तक प्रकाशन गर्नुपर्नेलगायतका रचनात्मक सुझावहरू प्रस्तुत गरेका थिए।

## सापारु प्रदक्षिणा मार्गका अव्यवस्थित तारहरू व्यवस्थित गरिने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा २०८१ सालको प्रसिद्ध सापारु पर्वलाई व्यवस्थित



र मर्यादित रूपमा सम्पन्न गर्न सापारु प्रदक्षिणा मार्गमा रहेका विद्युत्, टेलिफोन, इन्टरनेट र केबुल नेटवर्कका तारहरू व्यवस्थित गर्ने विषयमा साउन २८ गते सम्बन्धित सरोकारवालाहरूसँगको बैठक सम्पन्न भयो ।

बैठकमा नगर प्रमुख **प्रजापति**ले भक्तपुर नपाले सापारुको उपलक्ष्यमा विगत वर्षहरूमा झैं यस वर्ष पनि परम्परागत र आधुनिक सांस्कृतिक विधाहरूको संरक्षण र सम्बर्द्धन गर्न सांस्कृतिक प्रस्तुतिहरूको मूल्याङ्कन गरी पुरस्कृत गर्ने निर्णय गरेको बताउनुभयो ।

बैठकले प्रसिद्ध सापारु पर्वलाई व्यवस्थित र मर्यादित रूपमा सञ्चालन गर्न सरोकारवाला सबै पक्षबाट आ–आफ्नो क्षेत्रबाट सहयोग गर्ने र प्रदक्षिणा मार्ग र महत्त्वपूर्ण स्थानहरूमा टेलिकम, बिजुली बत्ती र इन्टरनेटका तारहरू हटाउन यही २०८१ साल भदौ १ गतेभित्र सबैले आआफ्नो तारहरू व्यवस्थापन गर्ने र तोकिएको समयभित्र तारहरू नहटाएमा नगरपालिका स्वयम्ले हटाउने निर्णय गर्‍यो ।

बैठकले भक्तपुर नगरमा अस्तव्यस्त राखिएका तारहरूको व्यवस्थापनमा आवश्यक समन्वय तथा अनुगमन कार्य गर्न भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालको संयोजकत्वमा जनप्रतिनिधि, भैरवनाथ जात्रा व्यवस्थापन समिति, नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिकम, जिल्ला प्रशासन कार्यालय, नगर प्रहरी, केबल नेटवर्क तथा वडा निरीक्षकसहितको समिति गठन गर्ने निर्णय गर्‍यो ।

बैठकमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँलगायतको उपस्थिति रहेको थियो ।

## सापारु प्रदक्षिणा मार्गमा विशेष सरसफाइ

भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ गुन्हीपुन्ही सापारु पर्वलाई मध्यनजर गरी सापारु प्रदक्षिणा मार्गमा




भदौ १ गते सचेतनामूलक सफाइ र्‍याली आयोजना गरेको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीको नेतृत्वमा भक्तपुरको खौमाबाट सुरु भएको सरसफाइ र्‍याली दत्तात्रयमा पुगी सभामा परिणत भएको थियो ।

सरसफाइ कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सापारु पर्व भव्य रूपमा सम्पन्न गर्न संस्कृतिकर्मी भेला तथा इन्टरनेट तथा केबुल नेटवर्क एवम् सेवा प्रदायकहरू सँग छलफल गरिँदै आएको बताउनुभयो ।

सरसफाइ अभियान एक साङ्केतिक अभियान रहेको बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले परम्परागत तथा आधुनिक विधाहरूको मूल्याङ्कन गर्दै पुरस्कार वितरण गर्दै आएको पनि चर्चा गर्नुभयो । भक्तपुरमा रहेका मूर्त र अमूर्त सम्पदा संरक्षण गनुपर्नेमा जोड दिनुहुँदै उहाँले भक्तपुरलाई पर्यटकीय गन्तव्यको रूपमा चिनाउनुपर्ने बताउनुभयो ।




त्यस्तै उपप्रमुख **रजनी जोशी**ले भनपाले महत्त्वपूर्ण चाडवाडको पूर्वसन्ध्यामा प्रचारप्रसार गरिँदै आएको बताउनुहुँदै सम्पदा संरक्षणमा जनताको साथ र सहयोग आवश्यक रहेको बताउनुभयो ।

भूकम्पले क्षति भएका सम्पदाहरू पुन:निर्माण अधिकांश सम्पन्न भइसकेको र केही योजनाहरू चालू अवस्थामा रहेको बताउनुहुँदै उहाँले अहिलेको समयमा डेङ्गुको समस्या रहेकोले सतर्क रहनसमेत अनुरोध गर्नुभयो ।



कार्यक्रममा भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले भक्तपुरको एतिहासिक सापारु पर्व सभ्य र भव्य मनाउने उद्देश्यले सरसफाइ कार्यक्रम गर्दै आएको र नगरपालिकाले उद्घोष गरेको नारा अनुसार कला र संस्कृति जगेना गर्दै आइरहेको बताउनुभयो ।

विभिन्न विद्यालयका विद्यार्थीहरूसहितको सहभागितामा सम्पन्न सरसफाइमा विद्यार्थीहरूले सन्देशमूलक नारा लेखिएका प्ले कार्डसहित नगर परिक्रमा गरेका थिए ।



सरसफाइ कार्यक्रमा सहकारी, टिम, पुस्तकालय तथा वाचनालयका प्रतिनिधि तथा जनप्रतिनिधि, कर्मचारी र स्थानीयहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले पनि बोल्नुभएको थियो ।

## सापारु पर्व २०८१ अवलोकन

सापारु पर्व २०८१ अवलोकन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी




जोशी, प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईलगायत । (२०८१ भदौ ४ गते)

## सापारु पर्व २०८१ का केही झलक























# विसङ्गतिमाथि व्यङ्ग्य भक्तपुरको विशेषता

भक्तपुरको सापारु (गाईजात्रा) को क्रममा परम्परागत घिन्ताङघिसी नाच (लठी जुधाएर खेलिने नाच) सँगै राजनीतिक व्यवस्था र समसामयिक राजनीतिक स्थितिमाथि व्यङ्ग्य भक्तपुरको विशेषता बनेको छ। भदौ ४ मा सम्पन्न यो वर्षको सापारु (गाईजात्रा)मा पनि यस्तै देखिएको छ।

गाईजात्राको क्रममा पछिल्लो वर्षभरि (यो वर्षको गाईजात्रादेखि अर्को वर्षको गाईजात्रासम्म) जति जना भक्तपुर नगरपालिकावासीको निधन हुन्छ, सामान्यतः उति नै सङ्ख्यामा ताहासाँ (गाईको प्रतीक) लाई बाजागाजाका साथ नगर परिक्रमा गराउने गरिन्छ। जुन घरमा मानिसको मृत्यु भएको हो, त्यही घरबाट निस्केर सुरू हुने जात्रा भक्तपुर नगर परिक्रमा गरी त्यही घरमा पुगेपछि सम्पन्न हुन्छ। परम्परागत घिन्ताङघिसी व्यङ्ग्यात्मक घिन्ताङघिसी सुरू गर्ने गरिन्छ। यस क्रममा नगरका वडा वडाबाट टोल, क्लव, संस्थालगायतले व्यङ्ग्यात्मक घिन्ताङघिसी प्रदर्शन गरिन्छ।

विगतका वर्षहरूमा झैं यस वर्ष पनि सयौँ घिन्ताङघिसी टोली प्रदर्शनमा उत्रे। यी व्यङ्ग्यात्मक घिन्ताङघिसीहरू विशेषतः राजनीतिक विषयवस्तुमा केन्द्रित रहे। वर्तमान असंसदीय सरकार गठन, नक्कली भुटानी शरणार्थी काण्ड, सहकारी ठगी काण्ड, पानीजहाज, वाइडबडी काण्ड, गिरिबन्धु जग्गा प्रकरण, विद्युत् बक्यौता काण्डलगायतका समसामयिक राजनीतिक विषयवस्तुमा व्यङ्ग्य गरिएका थिए।

४४ औँ नेपालभाषा साहित्य तःमुंज्या (सम्मेलन) आयोजक समितिको तत्वावधानमा कमलविनायक भक्तपुरबाट निकालिएको यो वर्षको घिन्ताङघिसी नक्कली भुटानी शरणार्थी लगायतका विषयमा केन्द्रित रह्यो।

भक्तपुर नगरभरिका टोल टोलका विभिन्न टीम, क्लव, वाचनालय आदि संस्थाहरूले पनि व्यङ्ग्यात्मक रूपमा छुट्टाछुट्टै घिन्ताङघिसी निकालेका छन्। व्यङ्ग्यात्मक घिन्ताङघिसी प्रदर्शनीमा जनताले रूचि राख्ने र देशमा भइरहेका विकृति विसङ्गतिबारे सर्वसाधारण जनतालाई बुझाउने र सङ्घर्ष गर्ने सन्देश रहेको स्पष्ट बुझ्न सकिन्छ।

भक्तपुर नगरको गाईजात्रा आठ रात नौ दिनसम्म गर्ने प्रचलन छ। प्रत्येक वर्ष जनै पूर्णिमाको दिनबाट सुरू हुने यहाँको जात्रा कृष्ण अष्टमीसम्म चल्ने गर्दछ। जात्राको यो अवधिमा प्रत्येक दिन साँझ नगरका टोल टोलमा घिन्ताङघिसीसहित विभिन्न नाच, नाटक, ख्याल (प्रहसन) प्रदर्शन गर्ने गरिन्छ।

स्रोत : मजदुर दैनिक

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## सूचना सूचना सूचना

१. यस वर्षको गुन्हीपुन्ही सापारु पर्वमा २०८१ भदौ ४ गते प्रस्तुत गरिने घिन्ताङ्घिसी तथा माक प्याखंको स्थलगत मूल्याङ्कन हुने तथा सापारूदेखि कृष्णाष्टमीसम्म प्रदर्शन गरिने परम्परागत र आधुनिक सांस्कृतिक विधाहरूको धें धें बल्लाकासा (प्रतियोगिता) गरी मूल्याङ्कन गर्न पूर्णाङ्क १०० राखी निम्नअनुसारका शीर्षकहरूमा अङ्क प्रदान गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क) | परम्परागततर्फ | अङ्क | ख) | आधुनिकतर्फ | अङ्क |
|---|---|---|---|---|---|
| १. | पोशाक | १० | १. | पोशाक | ५ |
| २. | अभिनय | २५ | २. | अभिनय | १५ |
| ३. | ताल | २० | ३. | विषयवस्तु | २० |
| ४. | बाजा | १५ | ४. | समयको परिपालना | ५ |
| ५. | अनुशासन | ५ | ५. | अनुशासन | ५ |
| ६. | कलाकार | ५ | ६. | कलाकार | ५ |
| ७. | गण | ५ | ७. | प्रस्तुति | ५ |
| ८. | नगर परिक्रमा | १० | ८. | नगर परिक्रमा | १० |
| ९. | समयको परिपालना | ५ | ९. | अन्त्य | ५ |
| | जम्मा | १०० | १०. | सुर, ताल र बाजा | १० |
| | | | ११. | निर्देशन | १५ |
| | | | | जम्मा | १०० |

२. गुन्हीपुन्ही सापारु पर्वको समयमा प्रदर्शन गरिने विभिन्न सांस्कृतिक विधाहरूलाई मूल्याङ्कन गर्न तोकिएको समयावधि देहायबमोजिम हुने :

| | | |
|---|---|---|
| क) | भैल प्याखं | २० मिनेट |
| ख) | शेरसिंहसमेत भएको भैल प्याखं | ३० मिनेट |
| ग) | ख्या प्याखं | ८ मिनेट |
| घ) | कवांचा, खिचा, म्हेखा, जङ्गली, हनुमान, डा, धुँ, सलाँ, हाँयु, पहलमान र दैत्य प्याखं | ७ मिनेट |
| ङ) | नागाचा, क्लांली, लुसि / झ्याँ झ्याँ, कपायुफेनेगु प्याखं, गाईचा प्याखं | १० मिनेट |
| च) | ख्याल, नाटक र म्ये प्याखं (गीति नाटक) | २५ मिनेट |
| छ) | देवी प्याखं | २० मिनेट |
| ज) | शेर सिंहसहितको देवी प्याखं | २५ मिनेट |
| झ) | भालु प्याखं | २० मिनेट |
| ञ) | माक प्याखं | १० मिनेट |
| ट) | हुला प्याखं | ५ मिनेट |
| ठ) | गरुड प्याखं/सिंह प्याखं | १० मिनेट |

३. गुन्हीपुन्ही सापारु पर्वको समयावधिमा प्रदर्शन गरिने घुम्ती नाच तथा ख्याल/नाटकहरूको मूल्याङ्कन गर्दा निम्न सर्तहरू पूरा गर्ने समूहलाई प्राथमिकता दिइने :

क) ताहा सां (ताहामचा) घुमाउने मार्ग परिक्रमा गरेको
ख) परम्परागत विधाहरूमा नयाँ कलाकारहरू समावेश भएको
ग) समय सापेक्ष प्रस्तुति भएको
घ) अश्लील शब्द र अभिनय नभएको ।
ङ) अनुशासितरूपमा उपस्थित भएको ।

४. सापारुको दिन भक्तपुर जिल्लाबाहेक अन्य जिल्लाबाट घिन्ताङघिसी, माक प्याखं, लाखे प्याखंलगायतका सांस्कृतिक विधाहरू प्रस्तुत गरी नगर परिक्रमा गर्ने टोलीलाई सोही दिन नगरपालिकाको तर्फबाट मायाको चिनो प्रदान गर्ने ।

५. गुन्हीपुन्ही सापारू पर्वको समयमा प्रदर्शन हुने परम्परागत तथा आधुनिक सांस्कृतिक विधाहरू देहायको मिति, समय र स्थानमा दर्ता गर्ने :

**क. दर्ता गर्ने अन्तिम मिति :** २०८१ साउन ३२ गते, शुक्रबार

दर्ता गर्ने समय र फाराम लिने

**१. स्थान :** भ.न.पा. का सबै वडा कार्यालयहरू
**समय :** बिहान १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म (शुक्रबार ३:०० बजे)

२. **स्थान :** पर्यटक सेवा केन्द्र, खौमा काउन्टर
**समय :** बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

३. **स्थान :** भ.न.पा. प्रशासन शाखा
**समय :** बिहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म (शुक्रबार ३:०० बजे)

२. यस वर्षको गुन्हीपुन्ही सापारू पर्वमा प्रस्तुत गरिने घिन्ताङघिसी तथा परम्परागत एवम् आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिहरूको मूल्याङ्कन गरी उत्कृष्ट समूह र कलाकारहरूलाई करबाहेक देहायबमोजिम नगद पुरस्कार प्रदान गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :

| सांस्कृतिक विधा | नगद पुरस्कार | | | |
|---|---|---|---|---|
| | प्रथम | द्वितीय | तृतीय | सान्त्वना/सहभागी |
| देवी प्याखं<br>भैल प्याखं | ४०,०००।- | ३५,०००।- | ३०,०००।- | २०,०००।- |
| माक प्याखं<br>गाईंचा प्याखं<br>लुसी प्याखं<br>फाकंदली प्याखं/हुला प्याखं | २३,०००।- | १७,०००।- | १३,०००।- | ९,०००।- |
| नागाचा प्याखं<br>लाखे प्याखं<br>नटुवाचा, (मथु) प्याखं<br>कलाँली प्याखं<br>भालु प्याखं<br>जङ्गली प्याखं | १७,०००।- | १४,०००।- | १०,०००।- | ७,०००।- |
| नाटक/गीति नाटक<br>ख्याल | २२,०००।- | १७,०००।- | १३,०००।- | ११,०००।- |
| खिचा प्याखं<br>ख्या प्याखं<br>कवांचा प्याखं | १३,०००।- | ११,०००।- | ९,०००।- | ६,०००।- |

**विशेष पुरस्कार (एउटैमात्र प्रदर्शन भएमा - द्वितीय पुरस्कार सरह)**

| | | | | |
|---|---|---|---|---|
| घिन्ताङघिसी | २२,०००।- | १७,०००।- | १२,०००।- | १०,०००।- दुई वटा सान्त्वना |
| झ्याउरे प्याखं | ११,०००।- | ९,०००।- | ७,०००।- | |
| हनुमान प्याखं<br>म्हेखा प्याखं<br>किजापुजा प्याखं<br>कपाँय् फेनेगु प्याखं<br>सलां प्याखं<br>डा प्याखं<br>गरुड प्याखं<br>दैत्य प्याखं<br>झ्याझ्या प्याखं | १३,०००।- | ११,०००।- | | |

| घिताङघिसी, आधुनिक तथा परम्परागत विधामा उत्कृष्ट कलाकार | |
|---|---|
| महिला उत्कृष्ट कलाकार | ५,०००।- |
| पुरुष उत्कृष्ट कलाकार | ५,०००।- |
| बाल उत्कृष्ट कलाकार | ५,०००।- |
| आधुनिक विधातर्फ उत्कृष्ट निर्देशक | ५,०००।- |
| ऐ. ऐ. उत्कृष्ट लेखक | ५,०००।- |

**भक्तपुर नगरपालिका**

# शैक्षिक गतिविधि

## "एक्काइसौँ शताब्दीमा हरेक नपाको एउटा विश्वविद्यालय हुनु जरूरी"




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयमा शैक्षिक वर्ष २०७९/८० मा भर्ना भई कक्षा १२ को परीक्षा दिएर बसेका '२०८० भर्ना समूह' का विद्यार्थीहरूको बिदाइ कार्यक्रम साउन १९ गते विद्यालय प्राङ्गणमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले कक्षा १२ को नतिजामा आधाआधी सङ्ख्या विद्यार्थी अनुत्तीर्ण हुनुमा अभिभावकको भूमिका निर्वाह गर्नुपर्ने सरकार नै प्रमुख दोषी भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'विद्यार्थीहरूले उत्तीर्णाङ्क मात्र प्राप्त गरेर पुग्दैन; प्रत्येक विषयमा कम्तीमा ६० प्रतिशत अङ्क प्राप्त गर्नु जरूरी छ ।'

एक प्राध्यापकले एक सय वर्ष पहिलेको तरिकाले पढाइ भइरहेको, पाठ्यक्रम, परीक्षा विधि, मूल्याङ्कन गर्ने तरिका पुरानो भएकोले नै शिक्षाको स्तर कमजोर भएको बताएको चर्चा गर्नुहुँदै सांसद सुवालले शिक्षा उत्पादन श्रमसँग नजोडिएको र शिक्षकको पुग्दो दरबन्दी नभएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, 'सुदूर पश्चिम प्रदेशमा शिक्षा झन् कमजोर भएको हालै प्रकाशित प्लस टुको परीक्षा नतिजाले प्रमाणित गर्छ । देशको सन्तुलित विकास गर्न देशभरि एकै किसिमले शिक्षा प्रदान गर्नु जरूरी छ ।'

'एक्काइसौँ शताब्दीको यो समयमा हरेक नगरपालिकाको एउटा विश्वविद्यालय हुनु जरूरी छ । संसारका धेरै देशमा नगरपालिकाहरूको आफ्नै विश्वविद्यालय सञ्चालन भइरहेको छ । भक्तपुर नगरपालिकाले सफा-स्वच्छ सांस्कृतिक नगर, पर्यटकीय गन्तव्यस्थल, एक घर एक स्नातक विद्यार्थी तयार गर्न २०५६ सालमा ख्वप मा.वि. स्थापना गरेको हो', सांसद सुवालले बताउनुभयो ।

'ख्वप शैक्षिक संस्थाहरू देश र जनताको राजनीतिको प्रतिफल हो । कतिपय नयाँ पुस्तामा राजनीतिबारे भ्रम छ । नगरपालिकाले ख्वप विश्वविद्यालय पनि जनताको राजनीतिसँग सम्बन्धित हो', उहाँले स्पष्ट पार्नुभयो ।

नेका-एमालेको संयुक्त सरकार गठनलगत्तै ख्वप विश्वविद्यालय र तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक फिर्ता लिनु राणा शासनले जनतालाई पढ्न नदिएजस्तै भएको स्पष्ट पार्नुहुँदै सांसद सुवालले भन्नुभयो, 'गणतन्त्र भनिने सरकारहरूले पनि जनताका छोराछोरीलाई पढाउने लक्ष्य लिएको ख्वप विश्वविद्यालयको विधेयक पारित नगर्नु सरकारको जनविरोधी कदम हो ।'

दुई सय वर्षअगाडि रूसको सामन्तवादविरूद्ध सङ्घर्ष गरेका डिसेम्बरवादीहरू १५ वर्षकै उमेरमा ८-१० भाषाको ज्ञाता भएको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'ती डिसेम्बरवादीहरूको साहसबाट नयाँ पुस्ताले शिक्षा लिनु आवश्यक छ । त्यस्तै अष्ट्रियाका मोजार्टले ८-१० वर्षमा युरोपका सहरमा सङ्गीत प्रदर्शन गरेका थिए । रूसका साहित्यकार पुश्किनले १३ वर्षकै उमेरमा 'द मेसेन्जर' प्रकाशित गरेका थिए । यसबाट पनि नयाँ पुस्ताले शिक्षा लिनु आवश्यक छ ।'

कार्यक्रमका सभापति, भक्तपुर नगरपालिकाका प्रमुख एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **सुनिल प्रजापति**ले गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले नै ख्वप मा.वि. स्थापना भएको चर्चा गर्नुहुँदै प्लस टु उत्तीर्ण विद्यार्थीहरूलाई बधाई एवम् नयाँ शैक्षिक यात्राको लागि शुभकामना व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, 'उच्च शिक्षा अध्ययन गर्नेबारे विद्यार्थी आफूले निर्णय लिनुपर्छ । अरूको लहलहै र झिलिमिली विज्ञापनको पछाडि दौडेमा भोलि आफैलाई समस्या हुनसक्छ । कुनै पनि विषय नराम्रो छैन; आफ्नो चाहना, देशको आवश्यकता, आफ्नो क्षमता र पारिवारिक स्थितिलाई ध्यान दिई विषय रोज्दा भोलिका दिनमा पछुताउनु पर्नेछैन ।'

जुनसुकै विषय अध्ययन गरे पनि त्यसमा विशेषज्ञता हासिल गर्ने कोसिस गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो, 'आफ्नो दक्षता र सीपले देश र समाजको सेवा गर्ने लक्ष्य लिनुपर्छ । सबै विषय त्यत्तिकै महत्त्वपूर्ण छ ।'

उहाँले भन्नुभयो, 'जहाँ र जुनसुकै विषय अध्ययन गरे

पनि इज्जत र प्रतिष्ठा बढ्ने गरी पढ्नुहोस् । देश र जनताको सेवा गर्ने भावनाले पढ्नुहोस् ।'

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य **सृजना सैंजू**ले ख्वपको जगमा प्राप्त सफलता र ज्ञानलाई देश र जनताको हितको उपयोग गर्न सुझाव दिनुभयो ।

विदेशी हस्तक्षेप, सीमा अतिक्रमण, भ्रष्टाचारलगायतका विकृतिले देश थला परेको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'देशको अव्यवस्था र राजनीतिक अस्थिरताले युवाहरू विदेशिन बाध्य छन् ।'

'हाम्रो देश हामी आफैले बनाउने हो; भ्रष्टाचार, बेथितिविरूद्ध नयाँ पुस्ता जाग्न सके एक दिन हाम्रो स्वदेश 'स्वर्ग' बन्ने नै छ', प्रदेश सांसद सैंजूले भन्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवं विद्यालय सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले पैसाको अभावमा नगरवासीहरू शिक्षाबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले भनपाले शैक्षिक ऋणको व्यवस्था गर्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'भनपाले स्नातक र स्नातकोत्तर तह पढ्ने गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई प्रशस्त छात्रवृत्तिको व्यवस्था गरेको छ । नगरपालिकाअन्तर्गत सञ्चालित कलेजहरूमा वार्षिक चार करोडभन्दा बढी छात्रवृत्तिको व्यवस्था छ भने इतिहास, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्र लिएर पढ्नेहरूको निम्ति विद्यावारिधीसम्म छात्रवृत्तिको व्यवस्था छ ।'

उपप्रमुख जोशीले भन्नुभयो, 'भक्तपुर ज्ञान विज्ञानको केन्द्रको रूपमा विकास हुँदै छ । देशभरिका विद्यार्थीहरू भक्तपुरमा पढ्न आइरहेका छन् । हामी सबै विद्यार्थीलाई 'स्मार्ट' बनाउने कोसिस गर्दै छौं ।'

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले कलेज तहको उच्च शिक्षा अबको दिनमा सुरू हुने भएकोले विद्यार्थीहरूले थप मिहिनेत गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

विद्यालयका प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य**ले स्वागत गर्नुभएको उक्त कार्यक्रममा ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार**



**श्रेष्ठ**, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक**, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**, ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. **रत्नसुन्दर लासिवा**, ख्वप अस्पतालका निर्देशक डा. **मजेशप्रताप मल्ल**, ख्वप कलेज अफ लका प्राचार्य **अनिता जधारी** तथा विद्यार्थीत्रय **प्रदीप आचार्य, प्राप्ति पराजुली** र **सागर मैनाली**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम देखाएका थिए ।

## भक्तपुर नपाद्वारा ११९ जना विद्यार्थीहरूलाई छात्रवृत्ति




भक्तपुर नगरपालिकाले शैक्षिक सत्र २०८१/८२ को लागि कक्षा ११ मा अध्ययन गर्ने विद्यार्थीहरूलाई साउन २२ गते एक कार्यक्रमबिच छात्रवृत्ति सिफारिस पत्र वितरण गरेको छ ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीलगायतले छात्रवृत्तिमा छनोट भएका ११९ जना विद्यार्थीहरूलाई छात्रवृत्ति सिफारिस पत्र प्रदान गर्नुभएको थियो ।

भक्तपुर नपाले यस वर्ष व्यवस्थापनमा ६५, विज्ञानमा ३५, मानविकीमा ५, शिक्षा विषयमा ९ र कानुन विषयमा ५ जना गरी ख्वप मावि, वागीश्वरी मावि, बासु मावि, शारदा मावि, पद्म मावि, विद्यार्थी निकेतन मावि, आदर्श आजाद कलेज र अक्सफोर्ड इङ्गलिश स्कूलका जम्मा ११९ जना विद्यार्थीहरूलाई ६२ लाख बराबरको छात्रवृत्ति प्रदान गरेको थियो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले शिक्षाप्रति सरकारको न्यून प्राथमिकताले एसईई परीक्षाको नतिजा खस्किएको हो भन्नुहुँदै देशको शिक्षा नीतिमै कमजोरी भएको कारण शिक्षा क्षेत्र झन् झन् खस्किँदै गएको बताउनुभयो ।

२०८० सालको एसईई परीक्षामा भक्तपुर नगरपालिकाका ८४.२७ प्रतिशतभन्दा बढी विद्यार्थी उत्तीर्ण भएको बताउनुहुँदै प्रमुख प्रजापतिले यसलाई शत प्रतिशतमा पुऱ्याउन विद्यालय र विद्यार्थीहरूले थप मिहिनेत गर्नुपर्ने बताउनुभयो ।

भक्तपुरले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण सँगसँगै सबै क्षेत्रमा सन्तुलित ढङ्गले विकास गर्ने कोसिस गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीहरूले थप मिहिनेतका साथ अध्ययन गरी समाजको लागि काम गर्नुपर्ने बताउनुभयो ।

उहाँले विद्यार्थीलाई दिइने छात्रवृत्ति सुविधा नभई गरिब तथा जेहेनदार विद्यार्थीलाई उच्च शिक्षा अध्ययन गर्ने अवसरको रूपमा सदुपयोग गर्न विद्यार्थीहरूलाई मार्गनिर्देश गर्नुभयो ।



भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले विद्यार्थीहरूलाई आफ्नो समाज र देशको सेवा गर्न प्रेरित गर्नुहुँदै विदेश अध्ययन गर्न जाने युवाहरूले विदेशबाट सिकेको ज्ञान सीप नेपालको लागि सदुपयोग गर्नुपर्नेतर्फ जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**, भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**, ख्वप माध्यमिक विद्यालयका प्रअ **लक्ष्मीप्रसाद कर्माचार्य**, वागीश्वरी माविका प्रअ **कृष्णप्रसाद कर्माचार्य** र नगर शिक्षा शाखा अधिकृत **साधुराम फुँयाल**ले पनि बोल्नुभएको थियो ।

## ख्वप इन्जिनियरिङ कलेजमा शैक्षिक प्रदर्शनी




ख्वप इन्जिनियरिङ कलेजको आयोजनामा चौथो वर्षका विद्यार्थीहरूको प्रोजेक्ट र पाँचौं वर्षका विद्यार्थीहरूको थेसिसको एकदिने शैक्षिक प्रदर्शनी एक समारोहबिच भदौ १० गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले कलेजको बारेमा अरू वरिष्ठ व्यक्तित्वहरूबाट बौद्धिक र राजनैतिकरूपले मूल्याङ्कन भइरहेको बताउनुहुँदै विद्यार्थीहरूले कलेजको उचाइलाई अझ बढाउन अनुशासित र लगनशील भएर आ-आफ्नो जिम्मेवारी पूरा गर्न लागिपर्न आग्रह गर्नुभयो ।

वास्तुकलाको केन्द्र भक्तपुरमा पढ्नेहरूको ज्ञान अझ स्तरीय बनाउनु आवश्यक भएको चर्चा गर्नुहुँदै उहाँले काम गर्दा दुःखकष्ट हुन्छ भनेर चिन्ता लिनु हुन्न, मिहिनेतको फल पाइन्छ र आफ्नो स्वाभिमान जोगिन्छ भन्नुभयो ।

हेलाहोचो भएको भक्तपुर आज प्रतिष्ठाको केन्द्र बन्दै गएको बताउनुहुँदै अतिथि प्रजापतिले भ्रष्टाचारको हदबन्दी म्याद खारेज गर्नुपर्ने र देशको नेतृत्व गर्ने व्यक्ति इमानदार र अनुशासित हुनुपर्छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवम् कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले शैक्षिक योग्यतालाई व्यवसायीकरण गर्न सिक्नुपर्ने बताउनुभयो । प्रविधि र नयाँ संरचनाबारे ध्यान दिनुपर्ने बताउनुहुँदै उहाँले उच्च शिक्षा हासिल गर्न विदेश गए पनि नेपालमा फर्केर आई काम गर्नुपर्नेमा जोड दिनुभयो ।



ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. **सुजन माक**ले रोजगारी सृजनामा सहयोग पुऱ्याउन एल्मुनाइहरूको ट्रेनिङ एण्ड प्लेसमेन सेल गठन गर्ने तयारी भइरहेको बताउनुहुँदै कलेजले ख्वप उद्यमशिलता कोष व्यवस्था गरी विद्यार्थीको उद्यमी सीप विकासमा टेवा दिइरहेको छ भन्नुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**ले समस्या तथा चुनौतीसँग सामना गर्नसक्ने दक्ष प्राविधिक बन्न सिक्नुपर्छ भन्नुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य डा. **सुवेगमान**

**बिजुक्छेँ**ले विद्यार्थीहरू सामाजिक व्यक्ति बन्नुपर्छ, त्यसको लागि सामाजिक क्रियाकलाप र अतिरिक्त क्रियाकलापमा लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा आर्किटेक्चर **युरिका राजवंसी**ले पनि बोल्नुभएको थियो ।

शैक्षिक प्रदर्शनीमा आर्किटेक्चरको ४१ ओटा शोधपत्र, कम्प्युटर इन्जिनियरिङको ११ ओटा प्रोजेक्ट, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन इन्जिनियरिङको १० ओटा प्रोजेक्ट र विभिन्न प्रकारका नमुना तथा छपाइ राखिएको आयोजकले जनाएको छ ।

समापनमा शैक्षिक प्रदर्शनीमा संलग्न विद्यार्थीहरूलाई पुरस्कार र प्रमाणपत्र वितरण गरिएको थियो ।

**भक्तपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

**राष्ट्रिय परिचय पत्रको विवरण दर्तासम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट राष्ट्रिय परिचयपत्र प्राप्त नगरेका नगरवासीहरूलाई लक्षित गरी विवरण दर्ता सहजताको लागि भक्तपुर नगरपालिकाको कार्यालयमा दर्ता स्टेसन स्थापना भएको हुँदा हालसम्म राष्ट्रिय परिचयपत्र विवरण दर्ता छुट भएका नगरवासीले https://enrollment.donidcr.gov.np/PreEnrollment/ बाट वा देहायको QR Code scan गरी अनलाइन फारम भरी भक्तपुर नगरपालिकाको कार्यालय, ब्यासीमा देहायबमोजिमका कागजातसहित अनलाइन बायोमेट्रिक विवरण दर्ता गराई राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरू :**

१. अनलाइन फारम भरेको निस्सा ।
२. नेपाली नागरिकताको सक्कल प्रमाणपत्र ।
३. विवाहितको हकमा विवाह दर्ताको सक्कल प्रमाणपत्र ।
४. बसाइसराइ गरेको हकमा बसाइसराइको सक्कल प्रमाणपत्र ।
५. नागरिकतामा पतिको नाम नखुलेको हकमा विवाह दर्ताको सक्कल प्रमाणपत्र ।
६. नागरिकताको प्रमाणपत्रमा जन्म मिति नखुलेको हकमा जन्म मिति खुल्ने आधिकारिक सक्कल प्रमाणपत्र (जन्म दर्ता, शैक्षिक प्रमाणपत्र, राहदानी, पेन्सन पट्टा) ।
७. एक्कल महिला वा पुरुषको हकमा (पति वा पत्नीको) मृत्यु दर्ताको सक्कल प्रमाणपत्र ।
८. सम्बन्ध विच्छेदको हकमा सम्बन्ध विच्छेदको सक्कल प्रमाणपत्र ।
९. २०४० सालभन्दा पछि बसाइ सराइ वा विवाह गरेको हकमा सक्कल विवाह दर्ता वा बसाइसराइ अनिवार्य (२०४० सालभन्दा अगाडिको भए सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र) ।

Scanned with CamScanner

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी - २, भक्तपुर

**राष्ट्रिय परिचय पत्र नम्बर हेर्ने सम्बन्धी सूचना !**

राष्ट्रिय परिचय पत्र विवरण दर्ता गरिसकेका तर राष्ट्रिय परिचय पत्र नम्बर प्राप्त नगरेका वा थाहा नहुने सेवाग्राहीले

**नागरिकताको आधारमा**

https://citizenportal.donidcr.gov.np/en/check-national-id-number

**वा आवेदन नम्बरको आधारमा**

https://citizenportal.donidcr.gov.np/en/check-nid-card-status

वा देहायको **QR Code scan** गरी

नागरिकताको आधारमा खोज्न — आवेदन नम्बरको आधारमा खोज्न

खोज्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Scanned with CamScanner

(नगरिकताको आधारमा राष्ट्रिय परिचयपत्रको नम्बर थाहा पाउन आफ्नो पूरा नाम नेपाली वा अङ्ग्रेजीमा, विक्रम संवत्मा आफ्नो जन्म मिति र नागरिकता जारी भएको मिति थाहा पाउनु आवश्यक छ ।)

# भेटघाट

## प्रमुख प्रजापतिसँग प्रमुख लावतीको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग मोरङको लेटाङ नगरपालिकाका नगर प्रमुख भुपेन्द्रकुमार लावतीले भदौ १६ गते भक्तपुर नपामा भेट गर्नुभयो ।

भेटमा उहाँहरूबिच दुई नगरपालिकाबिच शिक्षा क्षेत्रमा हुनसक्ने सहकार्यबारे छलफल भयो ।

**औषधी, खाद्यसामग्रीलगायतका वस्तु किन्दा म्याद हेर्ने बानी गरौँ !**

**के गर्दै छ भक्तपुर नगरपालिका ?**

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- ‘भक्तपुर’ मासिक
- ‘ख्वप पौ’
- http://**bhaktapurmun.gov.np**
- www.**bhaktapurkhabar.com**
- www.**facebook.com/**BhaktapurMunicipality/
- **ख्वप स:** (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० – ८:३० र शुक्रबार साँझ ६:३० – ७:३० सम्म
- **अडियो नोटिश** फोन नं. १६१८ ०१६६१०००९६

# स्वास्थ्य सेवा

## स्तनपान सप्ताहको अवसरमा प्रवचन कार्यक्रम



भक्तपुर नगरपालिकाको आयोजनामा 'स्तनपान समानता, सबैको सहयोग र सहभागिता' भन्ने नाराका साथ विश्व स्तनपान सप्ताहको अवसरमा महिला स्वास्थ्य स्वयम्सेविकाहरूबिच प्रवचन कार्यक्रम साउन २२ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले आमा र नवजात शिशुबिच आत्मीयता कायम गर्न स्तनपानले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

बच्चा जन्मिएको कम्तीमा ६ महिनासम्म बच्चालाई आमाको दूधमात्र खुवाउनुपर्ने विषयबारे महिलाहरूलाई सचेत पार्नुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले आमाको प्राकृतिक दूधले शिशुको शारीरिक एवम् मानसिक विकासमा समेत सहयोग पुऱ्याउने बताउनुभयो ।

समाजमा ब्याप्त अन्धविश्वास र कुरितीलाई हटाउँदै हरेक विषयलाई विज्ञानसम्मत ढङ्गले व्याख्या गर्नुपर्ने बताउनुहुँदै उहाँले स्तनपानले महिलाहरूमा हुने स्तन क्यान्सर र पाठेघरको क्यान्सरको जोखिमलाई कम गर्दै लाने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले स-साना बालबालिकाहरूको लागि वडाहरूमा शिशुस्याहार सञ्चालन गर्दै बालबालिकाको शारीरिक र मानसिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको सोही क्रममा उहाँले बताउनुभयो ।

ख्वप अस्पतालका स्वास्थ्य संयोजक डा. **रत्नसुन्दर लासिवा**ले शिशु जन्मिने वित्तिकै पहिलो पटक आउने दूध शिशुका लागि निकै लाभदायक हुने बताउनुहुँदै पहिलो दूधलाई नफाली बच्चालाई खुवाउन प्रेरित गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा चिकित्सा सहायक **कमलकेशरी राजचल**ले स्तनपानबारे प्रस्तुतिकरण प्रस्तुत गर्नुहुँदै नवजात शिशुलाई जन्मेको एक घण्टाभित्र आमाको दूध खुवाउनुपर्ने र बच्चा जन्मेदेखि केही दिनसम्म आउने पहेँलो प्रकारको बिगौती दूधमा विभिन्न रोगसँग लड्न सक्ने प्रतिरक्षा क्षमता धेरै हुने भएकोले बच्चालाई रोग लाग्नबाट समेत बचाउने हुँदा यसलाई शिशुको पहिलो प्राकृतिक खोपको रूपमा लिइने बताउनुभयो ।



विश्व स्तनपान सप्ताह प्रत्येक वर्ष मनाइने गर्दछ । यो उत्सव १२० भन्दा बढी देशमा अगष्ट १ देखि ७ सम्म प्रत्येक वर्ष आयोजना गरिन्छ । जीवनको पहिलो ६ महिनाका लागि पूर्ण स्तनपानलाई बढावा दिने लक्ष्य लिएर यो दिवस साताब्यापी रूपमा मनाउँदै आएको हो ।

## वडा नं. २ मा स्तनपानसम्बन्धी अभिमुखीकरण कार्यक्रम



'स्तनपानमा समानता:सबैको सहयोग र सहभागिता' भन्ने मूल नाराका साथ विश्व स्तनपान सप्ताह अगष्ट १ देखि ७, २०२४ को उपलक्ष्यमा भक्तपुर नपा वडा नं.२ मा स्तनपानसम्बन्धी अभिमुखीकरण कार्यक्रम साउन २४ गते भयो ।

कार्यक्रममा वडा सदस्य **मन्जु लाखा**ले शिशुलाई

जन्म दिएर पनि हरेक आमाले स्तनपान गराउनु जरुरी रहेको बताउनुहुँदै स्तनपान बालबालिकाको नैसर्गिक अधिकार भएको बताउनुभयो। सबै परिवार र समाजका हरेक व्यक्तिले स्तनपानको महत्त्व बुझी आमालाई स्तनपान गराउन साथ दिइ प्रोत्साहन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

वडा नर्स **ग्रेसा कर्माचार्य**ले वर्तमान समयमा स्तनपानको आवश्यकता र महत्त्वबारे प्रस्तुत गरिएको उक्त कार्यक्रममा विशेषगरी कामकाजी महिलाले बच्चालाई पूर्ण रूपमा स्तनपान गराउन नसक्नु र कार्यालयमै स्तनपान कक्ष र शिशुस्याहार कक्षको आवश्यकता रहेको बताउनुभयो। कार्यक्रममा काठमाडौँ स्कूल अफ मेडिकल साइन्स बीएससी नर्सिङ तेस्रो वर्षका विद्यार्थीहरूले सन्देशमूलक नाटक प्रस्तुत गरेका थिए।

## वडा नं. ७ मा नि:शुल्क स्वास्थ्य शिविर



भक्तपुर नगरपालिका वडा नं. ७ नं. वडा कार्यालयको आयोजनामा साउन ३२ गते हाडजोर्नी, नशा रोग तथा आँखा जाँचसम्बन्धी नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भयो।

कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले स्वास्थ्य नै ठूलो धन हुँदा रोग लाग्न नदिन प्रारम्भिक चरणमा नै स्वास्थ्य जाँच गराई स्वस्थ रहन आग्रह गर्नुभयो।

भक्तपुर नपाले न्यून शुल्कमा गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको बताउनुहुँदै उहाँले नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरी नगरवासीहरूलाई स्वास्थ्यबारे सचेतना जगाउने कार्य गर्दै आएको बताउनुभयो।

प्रमुख प्रजापतिले बद्लिँदो खानपान, मद्यपान, धुमपानलगायतले विभिन्न नसर्ने रोगको जोखिम बढ्दै गइरहेको बताउनुहुँदै उहाँले नगरवासीहरूको साथ र सल्लाहअनुसार नै नपाले काम गर्दै आइरहेको बताउनुभयो।



कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले भक्तपुर नपाले नियमित रूपमा विभिन्न रोगहरूबारे स्वास्थ्य शिविर सञ्चालन गर्दै आइरहेको बताउनुहुँदै स्वास्थ्य निकै खर्चिलो र संवेदनशील विषय भएकोले यस्ता शिविरहरूबाट लाभान्वित हुन आग्रह गर्नुभयो।

त्यस्तै ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले पनि बोल्नुभएको थियो।

## नर्सिङ विभागका शिक्षक-शिक्षिकाहरूसँग भेटघाट कार्यक्रम



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विद्यार्थीलाई अध्ययनशील र सामाजिक बनाउने दायित्व शिक्षक-शिक्षिकाहरूको भएको बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानअन्तर्गत नर्सिङ विभागका शिक्षक-शिक्षिकाहरूसँग भदौ ७ गते आयोजित भेटघाट कार्यक्रममा उहाँले भक्तपुर नपाले नर्सिङअन्तर्गत बी.एस.सी. नर्सिङ सञ्चालन गर्ने योजना बनाएको बताउनुभयो।

शिक्षालाई उद्योगको रूपमा परिणत गर्न खोज्दा शिक्षा असाध्यै महँगो र सर्वसाधारणको पहुँचबाट टाढा हुँदै गएको बताउनुहुँदै उहाँले गरिब जनताको सेवा गर्ने उद्देश्यले ख्वप अस्पताल सञ्चालन, सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने

उद्देश्यले शैक्षिक संस्थाहरू सञ्चालन गरेको प्रष्ट पार्नुभयो ।

कमजोर विद्यार्थीलाई राम्रो बनाउन सक्ने खुबी शिक्षकहरूमा हुनुपर्ने बताउनुहुँदै उहाँले संस्थामा कार्यरत शिक्षक कर्मचारीहरूले आफ्नो व्यक्तित्व विकाससँगसँगै संस्थाको दिगो विकासमा विशेष पहल गर्नुपर्ने बताउनुभयो ।

देश र समाजप्रतिको कर्तव्य पूरा हुने ढङ्गले काम गर्न शिक्षक-शिक्षिकाहरूलाई मार्गनिर्देश गर्नुहुँदै उहाँले शैक्षिक क्षेत्रमा भक्तपुरले आमूल परिवर्तन गरेको छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले समाजको सेवा गर्ने भावना नागरिकमा हुनु जरुरी रहेको बताउनुहुँदै भक्तपुरका दक्ष नर्सहरू देशभरिका स्वास्थ्य संस्थाहरूमा इमानदारीपूर्वक सेवा गर्दै आइरहेको बताउनुभयो । भक्तपुर शैक्षिक केन्द्रको रूपमा विकास भइरहेको बताउनुहुँदै उहाँले यसलाई थप परिस्कृत गर्दै लानुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं.९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले दक्ष नयाँ पुस्ता तयार गर्न संस्था निरन्तर अगाडि बढिरहेको बताउनुहुँदै कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्य लिएको नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने लक्ष्य बोकेको बताउनुभयो ।

कार्यक्रममा ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. **रत्नसुन्दर लासिवा**, नर्सिङ विभागका विभागीय प्रमुख **इश्वरी डंगोल**, शिक्षिका **प्रभा प्रजापति**ले पनि बोल्नुभएको थियो ।

## भक्तपुर नपाद्वारा सञ्चालित घरदैलो नर्सिङका केही चित्र













An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Shrawan Report 2081

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 3429 | 13.55 |
| 10-14. | 902 | 3.56 |
| 15-19 | 994 | 3.93 |
| 20-59 | 15278 | 60.37 |
| ≥60 | 4706 | 18.59 |
| Total | 25309 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 620 | 2.45 |
| General | 4544 | 17.95 |
| Insurance | 20145 | 79.60 |
| Total | 25309 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Dang | 1 | 0.01 |
| Rautahat | 1 | 0.01 |
| Dadeldhura | 1 | 0.01 |
| Baglung | 1 | 0.01 |
| Mugu | 1 | 0.01 |
| Syangja | 1 | 0.01 |
| Kanchanpur | 1 | 0.01 |
| Rasuwa | 1 | 0.01 |
| Bara | 1 | 0.01 |
| Humla | 1 | 0.01 |
| Dhanusha | 2 | 0.01 |
| Mahottari | 2 | 0.01 |
| Ilam | 2 | 0.01 |
| Taplejung | 2 | 0.01 |
| Banke | 2 | 0.01 |
| Kaski | 2 | 0.01 |
| Achham | 3 | 0.01 |
| Kalikot | 3 | 0.01 |
| Nuwakot | 3 | 0.01 |
| Salyan | 3 | 0.01 |
| Udhayapur | 3 | 0.01 |
| Solukhumbu | 3 | 0.01 |
| Sunsari | 4 | 0.02 |
| Dhading | 5 | 0.02 |
| Makwanpur | 6 | 0.02 |
| Okhaldhunga | 6 | 0.02 |
| Rolpa | 6 | 0.02 |
| Khotang | 7 | 0.03 |
| Sarlahi | 7 | 0.03 |
| Morang | 8 | 0.03 |
| Sindhuli | 9 | 0.04 |
| Jhapa | 11 | 0.04 |
| Kailali | 11 | 0.04 |
| Dailekh | 13 | 0.05 |
| Dolkha | 14 | 0.06 |
| Jumla | 16 | 0.06 |
| Surkhet | 19 | 0.08 |
| Lalitpur | 20 | 0.08 |
| Kathmandu | 42 | 0.17 |
| Sindhupalchowk | 58 | 0.23 |
| Ramechap | 60 | 0.24 |
| Kavrepalanchok | 205 | 0.81 |
| Bhaktapur | 24742 | 97.76 |
| Total | 25309 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 137 |
| Suryabinayak | 1325 |
| Changu | 4348 |
| Bhaktapur | 18932 |
| Total | 24742 |

| Department | Number | In Percentage |
|---|---|---|
| Urology | 2 | 0.01 |
| ICU | 8 | 0.03 |
| Neuro Surgery | 81 | 0.32 |
| CHRP- Respiratory Medicine | 106 | 0.42 |
| Physiotherapy | 147 | 0.58 |
| Orthopadic Ward | 209 | 0.83 |
| MDGP | 237 | 0.94 |
| Cardiologist | 292 | 131.00 |
| Psychiatric | 302 | 1.19 |
| Laboratory | 458 | 1.81 |
| General Surgery OPD | 713 | 2.82 |
| Dermatology | 921 | 3.64 |
| Emergency Ward | 1556 | 6.15 |
| ENT | 1587 | 6.27 |
| Dental | 1588 | 6.27 |
| Internal Medicine | 1745 | 6.89 |
| Obs. & Gynaecology | 1947 | 7.69 |
| Paediatric | 1988 | 7.85 |
| Orthopedic | 2934 | 11.59 |
| General OPD | 8488 | 33.54 |
| Total | 25309 | 229.85 |

| | |
|---|---|
| Patient Admitted | 175 |
| Discharge | 140 |
| LAMA | 1 |
| Refer | 12 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 3276 |
| Total Cataract Surgery | 149 |

### Operation

| | |
|---|---|
| Major | 131 |
| Minor | 62 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 14903 | 58.88 |
| Male | 10406 | 41.12 |
| Total | 25309 | 100.00 |

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको २०८१ साउन महिनाको सेवा प्रगति

# संक्षेपमा

## धानबालीमा लाग्ने रोग कीराको निरीक्षण





भक्तपुर नगरपालिका कृषि समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा धानबालीमा लाग्ने रोग कीराको साउन १८ गते प्राविधिकसहितको टोलीले स्थलगत निरीक्षण गरियो ।

## ग्यास चुलो मर्मत तालिम



भक्तपुर नगरपालिकाद्वारा नपामा कार्यरत विभिन्न शाखा उपशाखाका कर्मचारीहरूको लागि साउन ३० गते ग्यास चलो मर्मत तालिम सञ्चालन गरेको छ ।

## रोगसम्बन्धी जनचेतनामूलक कार्यक्रम



ख्वप अस्पतालका नर्सहरूबाट लिवालीमा हैजा र डेंगु रोगसम्बन्धी जनचेतनामूलक कार्यक्रम भदौ १३ गते भयो ।

## ठेचोका समाजसेवीहरू भक्तपुरमा



ललितपुर ठेचोका समाजसेवीहरूले भदौ १५ गते भक्तपुर नगरपालिकाको ख्वप अस्पतालको अवलोकन र प्रमुख सुनिल प्रजापतिसँग छलफल गर्नुभयो ।

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरू सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**

# विविध समाचार

## वागीश्वरी कलेजका दुई उद्यमी विद्यार्थीहरुलाई बीउ पुँजी वितरण




वागीश्वरी कलेज तुमचो कमलविनायकमा विश्वविद्यालय अनुदान आयोग (UGC) को सहयोगमा सञ्चालित उद्यमशीलता सहयोग कार्यक्रम (ESP) अन्तर्गत बीउ पुँजी (Seed Fund) वितरण कार्यक्रम भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा साउन २२ गते सम्पन्न भएको छ ।

युजीसीको सम्पूर्ण प्रावधान पूरा गरी कलेजका विद्यार्थीद्वय निष्ठा कायष्ठ र कृपा प्रजापतिले उद्यमशीलताको लागि क्रमशः ३१ लाख ५० हजार र २४ लाख १० हजार बीउ पुँजी प्राप्त गरेका हुन् । प्राप्त हुने उक्त रकममध्ये पहिलो किस्ता ३० प्रतिशतका दरले चेक हस्तान्तरण गर्नुहुँदै प्रमुख अतिथि **प्रजापति**ले पुँजी प्राप्त गर्ने विद्यार्थीहरूको सफल उद्यमशीलता भावी विद्यार्थीहरूको लागि मात्र नभई देशकै लागि उदाहरणीय हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'युजीसीको यो कार्यक्रम कलेजको लागि पनि पहिलो प्रयास भएकाले हामी सबैको लागि यो परीक्षा पनि हो । पैसा भनेपछि महादेवका पनि तीन नेत्र खुल्छ भन्ने गरिन्छ; पैसाको लोभमा फसे उद्यम बिग्रिन सक्छ; अत्यन्त सचेत हुन आवश्यक छ ।'

जुन विश्वासका साथ बीउ पुँजी दिइएको छ त्यसलाई सदुपयोग गरेर निर्धारित समयमा फर्काउन सक्नुपर्छ; अन्यथा सरकारी रकम सरह असुल गरिने जानकारी दिनुहुँदै उहाँले युवा शक्ति विदेश पलायन भएर देश कसरी बन्छ ? भनी प्रश्न गर्नुभयो ।

नेपाली युवा विद्यार्थीलाई देशमै टिकाउन ल्याइएको युजीसीको कार्यक्रमको प्रशंसा गर्नुहुँदै उहाँले भन्नुभयो, 'देश युवाहरूकै सिर्जनशीलताले सजाउने हो; आज दुई जनाले प्राप्त गरेको यो कार्यक्रम आगामी दिनमा अझ बढी विद्यार्थीले प्राप्त गर्न सकून् शुभकामना छ ।'

उहाँले युवा रोजगारीको लागि भक्तपुर नगरपालिकाले पनि रु.५ लाखसम्मको बीउ पुँजी दिँदै आएको चर्चा गर्नुहुँदै युवा केन्द्रित विभिन्न सीपमूलक तालिमहरू पनि सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।

कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगको अनुसन्धान तथा छात्रवृत्ति महाशाखाका कार्यक्रम अधिकृत **दिनेश प्रजापति**ले उद्यमी बन्ने युवा सोचलाई युजीसीले सहयोग गरेको चर्चा गर्नुहुँदै सहयोग प्राप्त गर्न निरन्तर प्रयास गरिरहनुपर्ने बताउनुभयो । अरूले गरेको कामको नक्कल गर्नुभन्दा भिन्नै आफ्नो मौलिक सिर्जनामा लाग्न सुझाव दिनुहुँदै उहाँले कुनै पनि काम एक दुई चोटिको प्रयासबाटै सफल हुन्छ भन्ने छैन यद्यपि प्रयास छोड्नु हुँदैन भन्नुभयो ।



कार्यक्रममा वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य **कृष्णप्रसाद धन्छा**ले उद्यमी बन्ने युवा विद्यार्थीहरू सम्बद्ध विभिन्न कार्यालयहरूमा सम्पर्क गर्न गाह्रो मान्नु हुन्न भन्नुहुँदै युवा उद्यमशीलताको लागि हिजोआज धेरै सङ्घसंस्थाहरूले सहुलियत दिइरहेको जानकारी दिनुभयो ।

कलेजका संयोजक **ज्ञानसागर प्रजापति**ले बिनाधितो बिनाब्याज ५ वर्षसम्म पुँजी सञ्चालन गर्ने यो एउटा गौरवपूर्ण उपलब्धि भएको चर्चा गर्नुहुँदै यसले शिक्षालाई उद्यमसित जोड्ने प्रयास गरेको छ; यसले युवा विदेश पलायनलाई थोरै भए पनि रोक्नेछ भन्नुभयो ।

कलेजका प्राचार्य **धनकुमार श्रेष्ठ**को सभापतित्वमा भएको उक्त कार्यक्रममा उहाँले कार्यक्रम सफल पार्न सहयोग गर्ने युजीसीलगायत सम्बद्ध सबैप्रति आभार व्यक्त गर्नुहुँदै आगामी दिनमा अध्ययनरत विद्यार्थीहरू यसतर्फ आकर्षित हुन सुझाव दिनुभयो ।

कार्यक्रममा उद्यमशीलता कार्यक्रमका संयोजक **अविना श्रेष्ठ**, उद्यमशील विद्यार्थीद्वय **निष्ठा कायष्ठ** र **कृपा प्रजापति**ले पनि बोल्नुभएको थियो ।





उद्यमी कायष्ठले Handmade Wonders मार्फत् खेर गएका कपडाबाट विभिन्न सामान उत्पादन गर्दै आउनुभएको छ भने प्रजापतिले Kytso Crafted Jewelry मार्फत् माटोका विभिन्न गरगहनाहरू उत्पादन गर्दै आउनुभएको छ ।

## जनपक्षीय साहित्य उत्थानको निम्ति त:मुंज्या जनताको दबु




यो वर्ष असोज २८ र २९ गते भक्तपुरको लामुग: त्वा: मा हुने ४४ औँ नेपालभाषा साहित्य त:मुंज्याको ग्वसाखल: साउन २३ गते गठन भएको छ ।

भक्तपुर नगरपालिका वडा नं. ९ र १० का स्थानीय जनताको बृहत् भेलाले स्थानीय समाजसेवी तथा पूर्वजनप्रतिनिधि कृष्णभक्त लवजुको अध्यक्षतामा ४४ सदस्यीय समिति गठन गरिएको छ ।

भेलामा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें (रोहित)** ले काम गरी खाने जनतालाई वर्गीयरूपमा सङ्गठित गरी आफ्नो हक अधिकारको लागि सङ्घर्ष गर्ने राजनैतिक दबुको रूपमा त:मुंज्या स्थापना भएको बताउनुभयो । संसारका ठूल्ठूला क्रान्ति तथा परिवर्तनहरूमा जनपक्षीय साहित्यले महत्त्वपूर्ण योगदान गरेको उल्लेख गर्नुहुँदै उहाँले नेपालको सार्वभौमिकता रक्षा र कामदार जनताको हित हुने समाजवादी व्यवस्थाको प्रचार गर्ने वर्गीय साहित्य लेखनमा जोड दिनुभयो । लामो भाषणले भन्दा छोटो र मिठो गीत, कविता, कथा, नाटकले जनताको मन छुने र समाज परिवर्तनका लागि उत्साहित हुने उहाँको भनाइ थियो ।

उहाँले भन्नुभयो, 'जनताले बुझ्ने भाषामा लेखिएको साहित्य जनताको साहित्य हुन्छ । जनताको साहित्यले अन्याय, अत्याचार, शोषण र दमनको विरोधमा आवाज बुलन्द पार्छ । जनताको साहित्यले भ्रष्टाचार, घुसखोरी, विदेशी हस्तक्षेप र सीमा अतिक्रमणको विरोधमा जनतालाई एकजुट पार्छ । जनताको साहित्यले समाजवादी व्यवस्था स्थापनाको लागि कामदार जनतालाई एकजुट पारी सङ्घर्षको मोर्चामा उत्रन उत्साहित गर्छ ।'

भक्तपुरमा सरसफाइ, स्वास्थ्य चेतना, सम्पदा संरक्षणलगायतका सामाजिक जागरण आउनुमा त:मुंज्याको उल्लेखनीय भूमिका रहेको अध्यक्ष बिजुक्छेँले बताउनुभयो । यहाँका सम्पदाहरू यहीँका जनताले बनाएका हुन् र पुन: निर्माण तथा जीर्णोद्धार पनि यहीँका जनताले गर्न सक्षम छन् । यहाँका जनता कसैको भरमा नबसी आफ्नै क्षमता र स्रोतको उपयोग गरी सम्पदा बचाउँछन्, वरपरको वातावरण सफा राख्छन्, आफू स्वस्थ र सुरक्षित हुन्छन् । त:मुंज्या सधैँ जनताको साथमा हुन्छ र गरीब तथा कामगरी खाने जनताको हितमा आवाज उठाउँछ, उहाँले भन्नुभयो ।

पार्टी अध्यक्ष बिजुक्छेँले संरा अमेरिकी साम्राज्यवादले रुसविरुद्ध युक्रेनमा छद्मयुद्ध गरेको र इजरायलमार्फत हजारौँ सङ्ख्यामा प्यालेस्टिनी जनताको हत्या गरी प्यालेस्टिनको भूमि कब्जा गरेको विरोधमा नेपाली जनतालाई सचेत पार्न त:मुंज्यामा साहित्य प्रस्तुत हुनुपर्नेमा जोड दिँदै नयाँ पुस्तालाई जनपक्षीय र प्रगतिशील साहित्य लेख्न प्रशिक्षित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पार्टीका भक्तपुर जिल्ला अध्यक्ष **सुरेन्द्रराज गोसाईले** त:मुंज्याले स्थापनाकालदेखि नै तत्कालीन पञ्चायती निरङ्कुशताको विरुद्ध जनतालाई आन्दोलित गर्ने कार्य गरेको बताउनुभयो । उहाँले त:मुंज्यामा प्रस्तुत हुने साहित्य तथा सांस्कृतिक विधाहरूले सधैँभरि जनताको पीडा बोलिरहेको र देशको सार्वभौमिकता रक्षा र जनअधिकार प्राप्तिका लागि सङ्घर्ष गर्न उत्साहित गरिरहेको जानकारी दिनुभयो ।

त:मुंज्याका सल्लाहकार तथा जनकवि **चन्द्रबहादुर उलक**ले शोषक र देशघातीहरूका विरुद्ध त:मुंज्या सशक्तरूपमा उभिएको चर्चा गर्नुहुँदै त:मुंज्यालाई निस्तेज पार्न प्रतिक्रियावादी तत्वहरूले अनेक प्रयास गर्दा पनि जनताको साथ र सहयोगले सशक्त हुँदै आएको बताउनुभयो ।

त:मुंज्याका अध्यक्ष **आशाकुमार चिकंबञ्जार**ले स्थानीय जनताको साथ र सहयोगमा यो वर्ष लामुग: त्वा: मा हुने त:मुंज्या भव्यताका साथ सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो ।

पार्टीका भक्तपुर नगर अध्यक्ष **नारायणबहादुर दुवाल**ले त:मुंज्याप्रति जनताको विश्वास बढ्दै गएको चर्चा गर्नुहुँदै उपत्यकाका तीनै जिल्ला र काभ्रेमा पनि नेपालभाषाको साहित्य सम्मेलन हुन थालेको जानकारी दिनुभयो ।

भेलामा अग्रज व्यक्तित्व **ज्ञानसागर प्रजापति**, **कृष्णभक्त लवजू** तथा युवाहरू **लक्ष्मीप्रसाद चवाल** र **सञ्जय मानन्धर**ले त:मुंज्याको तयारीबारे अवगत गराउनुभयो ।

## स्थानीय तहलाई सक्षम र अधिकार सम्पन्न बनाउनुपर्नेमा जोड



सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत सङ्घीयता कार्यान्वयन सम्बन्धी विविध विषयहरूमा मन्त्रालयका मा. मन्त्री तथा सरोकारवालाहरूको उपस्थितिमा 'सङ्घीय शासन व्यवस्थामा स्थानीय तहहरूका असल अभ्यास, समस्याहरू तथा आगामी कार्यदिशा' विषय १० औं संवाद सृखला कार्यक्रम साउन २४ गते मन्त्रालयको सभाहलमा सम्पन्न भयो ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री मा. राजकुमार गुप्ताको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सङ्घीय शासन व्यवस्थामा स्थानीय तहहरूका असल अभ्यास, समस्या तथा आगामी कार्यदिशा' बारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख प्रजापतिले स्थानीय तहलाई सक्षम र अधिकारसम्पन्न बनाउनुपर्नेमा जोड दिनुहुँदै स्थानीय तह अधिकार सम्पन्न र बलियो भयो भने प्रजातन्त्र बलियो हुने र जनता पनि बलिया हुने धारणा राख्नुभयो ।

नेपालमा सङ्घीयता सफल कार्यान्वयनको निम्ति सङ्घीयताका सकारात्मक र नकारात्मक पक्षबारे व्यापक छलफल र अन्तरक्रिया आवश्यक भएको बताउनुहुँदै उहाँले सङ्घ, प्रदेश र स्थानीय तह आ–आफ्नो क्षेत्रभित्र काम गर्न स्वायत्त र स्वतन्त्र भएको हुँदा औचित्यहीन जिल्ला समन्वय समिति खारेज गर्नुपर्नेमा जोड दिनुभयो ।

स्थानीय तहलाई बलियो र अधिकार सम्पन्न बनाउन कर्मचारीको भर्ना, स्थायी र बढुवाको अधिकार स्थानीय तहलाई दिइनुपर्छ भन्नुहुँदै उहाँले भन्नुभयो, 'स्थानीय तहलाई जनताको आवश्यकता र प्राथमिकता थाहा हुने हुँदा योजना छनोटको सम्पूर्ण अधिकार स्थानीय तहलाई नै दिइनु पर्छ ।'

उत्पादनका मुख्य मुख्य साधनहरू सामाजिकीकरण गर्नुपर्ने, योग्यताअनुसारको काम र कामअनुसारको ज्याला, शिक्षा–स्वास्थ्य नि:शुल्क, व्यक्तित्व विकासमा समान अवसर र आर्थिक समानता आदि समाजवादी व्यवस्थाको प्रमुख विशेषताहरू भएको बताउनुहुँदै उहाँले समाजवादी देशहरू जस्तै क्युवा, चीनलगायतका देशको शिक्षा, स्वास्थ्य र अन्य विकास निर्माणका कार्यहरूबाट नेपालले धेरै कुरा सिक्न सकिने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षामा ७ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गरी हालसम्ममा ४१ हजार ७९८ जनशक्ति उत्पादन गरिसकेको, स्वास्थ्यअन्तर्गत ख्वप अस्पताल सञ्चालन गरी ७५ जिल्लाका बिरामीहरूलाई सुलभ रूपमा स्वास्थ्य सेवा प्रदान, विकास निर्माण कार्यअन्तर्गत प्राविधिक लागत अनुमानभन्दा धेरै कम खर्चमा उपभोक्ता समितिमार्फत विकास निर्माण तथा सम्पदा संरक्षण कार्यहरू सम्पन्न गर्दै आइरहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

ख्वप विश्वविद्यालय सञ्चालन गर्न आवश्यक पूर्वाधारहरूको विकासमा नगरपालिकाअन्तर्गतका कलेजहरूले निरन्तर काम गर्दै आएको बताउनुहुँदै उहाँले समाजवादमा राज्यलाई बलियो बनाउने नीति लिइन्छ भन्नुभयो ।



कार्यक्रममा सङ्घीय मामिला मन्त्रालयका मुख्य सचिव **भरतमणि सुवेदी**ले नेपालमा सङ्घीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन मन्त्रालयले विभिन्न सरोकारवालाहरूबिच आवश्यक छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू आयोजना

गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका अभ्यासहरू देशकै लागि उदाहरणीय भएको बताउनुहुँदै उहाँले संविधान र कानुनले दिएको अधिकारभित्र रही स्थानीय तहहरूले आफ्नो कार्यसम्पादनलाई अगाडि बढाउन सके देशले सजिलै समृद्धि हासिल गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा सङ्घीय मामिला महाशाखाका प्रमुख **सुमन दाहाल**ले कार्यक्रमको उद्देश्य र आवश्यकताबारे प्रष्ट पार्नुहुँदै भक्तपुर सुशासनको क्षेत्रमा अब्बल तरिकाले सञ्चालन भइरहेको कुरा अवगत गराउनुभयो ।

कार्यक्रममा उपस्थित सरोकारवालाहरूले भक्तपुर नपाले गरेका समाजवादउन्मुख अभ्यासहरू अन्य स्थानीय तहहरूको लागि स्रोत केन्द्र हुनसक्ने बताउँदै भक्तपुरले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण, सरसफाइलगायतका क्षेत्र आदिबारे आफ्ना जिज्ञासा राखेका थिए ।

उक्त कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थमन्त्रालय, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, जिल्ला समन्वय समिति, नेपाल नगरपालिका सङ्घ, गाउँपालिका राष्ट्रिय महासङ्घ, राष्ट्रिय किताबखाना, निजामती कर्मचारी अस्पताल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, प्रदेश सुशासन केन्द्रका सरोकारवालाहरू र काठमाडौँ उपत्यकाका पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरूलगायतको उपस्थिति रहेको थियो ।

## इजरायली फासीवादको जातिसंहारविरुद्ध राजधानीमा फोटो प्रदर्शनी




नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको संयुक्त आयोजनामा प्यालेस्टिनमा इजरायली फासीवादले गरेको विभत्स जातिसंहारविरुद्ध फोटो प्रदर्शनी साउन २९ गते काठमाडौँको सुनधारामा भयो ।

कार्यक्रममा नेक्राविसङ्घका केन्द्रीय उपाध्यक्ष **सुरेश परियार**ले कम्युनिस्टहरू अन्तर्राष्ट्रवादी हुने भएकाले प्यालेस्टिनी जनताको सङ्घर्षप्रति ऐक्यबद्धता तथा इजरायली फासीवादको विरोध गर्दै नेपालमा पनि जातिवादी एवम् फासीवादी सोच राख्ने प्रवृत्ति बोकेका शासक दलका नेता-कार्यकर्ताविरुद्ध बोल्नुपर्ने बताउनुभयो ।

बितेको ९ महिनामा इजरायली फासीवादले एक लाख ८६ हजारभन्दा बढी प्यालेस्टिनी जनता मारिसकेको र त्यसमध्ये ७० प्रतिशतभन्दा बढी महिला, बालबालिका र भ्रूण भएको उहाँले बताउनुभयो ।

निराशाको व्यापार गर्ने शासक दलहरूले देशको युवाशक्ति वैदेशिक रोजगारीमा जान बाध्य पार्ने गरेको औँल्याउनुहुँदै उहाँले नेपाली जनता सचेत नभए यहुदीले प्यालेस्टिन कब्जा गरेझैँ एकदिन अङ्गीकृत नागरिकताधारीले देश कब्जा गर्न सक्ने खतरा छ भन्नुभयो ।

सहयोग र शान्तिको नाममा अमेरिका जहाँ छिर्‍यो त्यहाँ विध्वंस मच्चाउने र महत्त्वपूर्ण स्रोतसाधन कब्जा गर्ने, एकाअर्कालाई भिडाउने र हतियारको व्यापार गर्ने गरेको चर्चा गर्नुहुँदै उहाँले देशघाती एमसीसी सम्झौता पारित गर्नेलाई कारबाही गर्नुपर्ने बताउनुभयो ।

प्यालेस्टिनलाई सखाप पार्न दिनको १० लाख अमेरिकी डलर अमेरिकाले इजरायललाई दिने गरेको बताउनुहुँदै उहाँले प्यालेस्टिनमा भएको तेलमा उसको आँखा परेको औँल्याउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य **रमेश वैद्य**ले प्यालेस्टिनी जनता आफ्नै देशमा निर्मम नरसंहारको शिकार हुनुपरेको प्रति विरोध एवम् भर्त्सना गर्नुहुँदै प्यालेस्टिनी जनताप्रति ऐक्यबद्धता जनाउनुभयो । रगतको होलि खेल्दै शक्तिशाली कहलिएको नरपिशाच अमेरिकी साम्राज्यवादविरुद्ध विश्व एक हुँदै आइरहेकोले त्यसको पतन निश्चित भएको उहाँले बताउनुभयो ।

उक्त फोटो प्रदर्शनी र कोणसभा कार्यक्रममा नेक्राविसङ्घका साथीहरूले 'जिन्दावाद जिन्दावाद, प्यालेस्टिन जिन्दावाद' गीत प्रस्तुत गरेका थिए । कार्यक्रममा **विशोक डंगोल**ले पनि बोल्नुभएको थियो ।

## नगर प्रमुख प्रजापतिसँग ख्वप्रिङ स्कूलका विद्यार्थीहरूको सक्षात्कार



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भक्तपुर नपा वडा नं. ८ लिबालीस्थित ख्वप्रिङ इङ्ग्लिश एकेडेमी स्कूल कक्षा ९ र १० का विद्यार्थीहरूले बुधबार नगरपालिकाको सभाकक्षमा साक्षात्कार गरेका छन् ।

विद्यालयका शिक्षक–शिक्षिकासहित करिब १०० जनाको टोलीले नगर प्रमुख प्रजापतिसँग भेटी नगरपालिकाले विशेषगरी शिक्षा क्षेत्रमा गरिरहेको असल र उदाहरणीय कार्यबारे आवश्यक जानकारी प्राप्त गऱ्यो ।

टोलीलाई भक्तपुर नपामा स्वागत गर्नुहुँदै नगर प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाले नेपालको संविधानले प्रदान गरेको २२ ओटा एकल अधिकारको विषयमा कानुन निर्माण गरी काम गर्दै आइरहेको र स्थानीय सरकार सञ्चालनले दिएको अधिकार भित्र रही शिक्षा, स्वास्थ्य उपचार, सम्पदा संरक्षण, सरसफाइलगायतका क्षेत्रको विकासमा जोड दिँदै आएको बताउनुभयो ।

स्थानीय तह जनताको नजिकको सरकार भएको बताउनुहुँदै उहाँले स्थानीय तह सक्षम र बलियो भए व्यापक जनताको हितमा काम गर्न सहज हुने बताउनुभयो ।

भक्तपुरको कला, संस्कृति र सम्पदा आदिबारे विद्यार्थीलाई अपनत्व जगाउन भक्तपुर नपाले सबै विद्यार्थीहरूलाई स्थानीय पाठ्यक्रम निर्माण गरी अध्ययन अध्यापनमा समेत जोड दिँदै आएको बताउनुभयो ।

उहाँले अध्ययनशील र मिहिनेती विद्यार्थीको समाजमा छुट्टै पहिचान हुने बताउनुहुँदै विद्यार्थीहरूले आफ्नो मौलिकता प्रदर्शन गर्ने ढङ्गले आफ्नो व्यक्तित्व विकासमा जोड दिनुपर्छ भन्नुभयो ।

विदेशीको भरमा विकास गर्ने सोचले देशको स्वाभिमानमा आँच आउने खतरा निम्तिन्छ भन्नुहुँदै उहाँले सम्पदा संरक्षण सबैको साझा कर्तव्य भएको बताउनुभयो ।

विद्यार्थीहरूको जिज्ञासाबारे प्रष्ट पार्नुहुँदै उहाँले नगर प्रहरी व्यवस्थापनसँगै नगरको शान्ति सुरक्षा, पार्किङ, बजार व्यवस्थापनमा सुधार आएको, राजनीति देश र समाजको निःस्वार्थ सेवा हो भन्नुभयो ।

साक्षात्कार कार्यक्रममा उपस्थित विद्यार्थीहरूले भक्तपुरको शिक्षा प्रणाली, शैक्षिक क्रान्तिको अवस्था, नेपाल भाषा संरक्षण, नगर प्रहरी व्यवस्थापन, कर सङ्कलन प्रक्रिया आदिबारे जिज्ञासा व्यक्त गर्नुभएको थियो ।

## स्वास्थ्य मन्त्री पौडेलद्वारा अङ्ग प्रत्यारोपण सेवा सातै प्रदेशमा विस्तार गर्दै लगिने उद्घोष




भक्तपुरको दुधपाटीस्थित शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले विश्व अङ्गदान दिवस (अगष्ट १३)को अवसरमा साउन ३० गते एक कार्यक्रम आयोजना गऱ्यो । उक्त कार्यक्रमको उद्घाटन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदिप पौडेलले गर्नुभयो ।

प्रमुख अतिथि पौडेलले अङ्गदाता परिवारहरूलाई सम्मानपत्र हस्तान्तरण गर्नुहुँदै भक्तपुरलाई अङ्ग प्रत्यारोपणको केन्द्र बनाई सातओटै प्रदेशमा यसका उपकेन्द्रहरू सञ्चालन गर्ने उद्घोष गर्नुभयो ।

सीमित स्रोतसाधन, पूर्वाधार र जनशक्तिबाट स्वास्थ्य क्षेत्रमा अधिक लाभ हासिल गर्न आवश्यक गृहकार्य भइरहेको बताउनुहुँदै उहाँले भक्तपुरस्थित अङ्ग प्रत्यारोपण केन्द्र साँघुरो भएकोले उपयुक्त ठाउँमा स्थानान्तरणको लागि आवश्यक पहल भइरहेको बताउनुभयो ।

स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा सेवारत सबै चिकित्सक र कर्मचारीप्रति सम्मान प्रकट गर्नुहुँदै उहाँले अङ्गदान र अङ्ग प्रत्यारोपनले स्वास्थ्य क्षेत्रमा सामाजिक क्रान्ति ल्याएको बताउनुभयो ।

उहाँले स्वास्थ्य बीमालाई रु. १ लाखबाट बढाएर पाँच लाख पुऱ्याउने योजना हालै सार्वजनिक गरेको बताउनुभयो ।

कार्यक्रमका विशेष अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपालमै अङ्ग प्रत्यारोपणको सुविधा आरम्भले बिरामीहरूलाई विदेशमा गएर उपचार गराउनुपर्ने बाध्यताको अन्त्य भएको बताउनुभयो ।

अङ्गदानबारे सहज कानुन आवश्यक भएको बताउनुहुँदै उहाँले नागरिकहरूलाई अङ्गदानको लागि प्रोत्साहित गर्न समय समयमा जनचेतनामूलक कार्यक्रमहरूको आयोजना गरिनुपर्ने बताउनुभयो ।

सरकारी अस्पतालहरूमा पनि डाइलासिसको सेवा उपलब्ध भएमा बिरामीहरूलाई धेरै राहत मिल्ने बताउनुहुँदै उहाँले सरकारी अस्पताललाई विश्वसनीय र भरपर्दो बनाउनु आवश्यक छ भन्नुभयो ।

स्वास्थ्य क्षेत्र जनताको सेवा गर्ने उपयुक्त माध्यम हो भन्नुहुँदै उहाँले स्वास्थ्य बीमालाई प्रभावकारी ढङ्गले सञ्चालन गरे धेरै बिरामीहरू यसबाट लाभान्वित हुने बताउनुभयो ।

भक्तपुर क्षेत्र नं. २ का सांसद **दुर्लभ थापा**ले आफूले पनि अङ्गदान गर्ने घोषणा गर्नुहुँदै नेपालमै अङ्ग प्रत्यारोपण गर्ने सुविधाले बिरामीहरूलाई विदेशमा उपचार गर्न जाने बाध्यताको अन्त्य भएको बताउनुभयो ।

प्रदेश स्वास्थ्य मन्त्री **किरण थापा**ले प्रादेशिक अस्पतालहरूमा पनि डाइलाइसिस सेवा सञ्चालन गर्न लागिरहेको बताउनुहुँदै भक्तपुरलाई शिक्षा र स्वास्थ्यको केन्द्र बनाउन सकिने धारणा राख्नुभयो ।



कार्यक्रमका सभापति शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा. **पुकारचन्द्र श्रेष्ठ**ले केन्द्र स्थापना भएको १२ वर्ष समयावधिमा करिब १३०० मिर्गौला प्रत्यारोपण र हालसम्म २६ जनाको कलेजो प्रत्यारोपण सफलताका साथ सम्पन्न भइसकेको जानकारी गराउनुभयो । अङ्ग प्रत्यारोपणजस्तो संवेदनशील विषयलाई सातै प्रदेशमा विस्तार गर्न सके मात्र नेपाली बिरामीलाई राहत हुने बताउनुहुँदै उहाँले नेपालमा हालसम्म मस्तिष्क मृत्युपछि अङ्गदान गर्ने करिब २६०० जनाले मन्जुरीनामा दिइसकेको बताउनुभयो ।

कार्यक्रममा केन्द्रका चिकित्सक डाक्टर **कल्पनाकुमारी श्रेष्ठ**, अङ्गदाता **दुर्गा ढकाल** र अभियन्ता **बासुदेव पौडेल**ले पनि बोल्नुभएको थियो ।

# आदर्श आजाद माविमा स्वागत तथा बिदाइ कार्यक्रम




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विद्यार्थी योग्य होस् भन्ने चाहने हो भने शिक्षक पहिला योग्य बन्नुपर्छ भन्नुहुँदै उहाँले विद्यार्थीहरूले उच्च आत्मविश्वासले आफ्नो अध्ययनलाई अगाडि बढाउनुपर्ने बताउनुभयो ।

आदर्श आजाद माध्यमिक विद्यालयमा साउन ३१ गते आयोजित अध्ययरत कक्षा ११ मा भर्ना भएका विद्यार्थीलाई स्वागत तथा कक्षा १२ उत्तीर्ण विद्यार्थीको बिदाइ कार्यक्रममा उहाँले विद्यार्थीहरूले आफूलाई अरूसँग तुलना गरी कमजोर ठान्न नहुने बताउनुभयो ।

समाजवादउन्मुख राज्य व्यवस्थामा मात्र गरिब जनताले सुख पाउने बताउनुहुँदै उहाँले व्यक्तित्व विकासमा समान अवसर, निःशुल्क शिक्षा, उत्पादनका मुख्य मुख्य साधनहरू सामाजिकीकरण, योग्यताअनुसारको काम र कामअनुसारको ज्याला, आर्थिक समानतालगायत समाजवादी व्यवस्थाको मुख्य विशेषताहरू भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूको परीक्षाको नतिजा उत्साहजनक भएको बताउनुहुँदै उहाँले शिक्षामा सरकारले गरेको लगानीलाई फलदायी बनाउन विद्यार्थीले अझ मिहिनेत र लगनशील भई अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो ।

सामुदायिक शिक्षालाई स्तरीय बनाउन र गरिब जनताका छोराछोरीलाई उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गर्न भक्तपुर नपाले शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिई काम गर्दै आइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले विद्यालयको शुल्कले भन्दा पनि शिक्षक विद्यार्थीको मिहिनेतले शिक्षाको गुणस्तर मापन हुने बताउनुभयो ।

कार्यक्रममा विद्यालयका प्रअ **श्रीकृष्ण किसी**ले शिक्षकहरूले आफ्ना विद्यार्थीहरूलाई किताबी ज्ञानसँगसँगै नैतिक, व्यवहारिक र सामाजिक ज्ञानसमेत दिनुपर्नेमा जोड

दिनुहुँदै विद्यालयको सफलतामा शिक्षक, विद्यार्थी र अभिभावकको संयुक्त प्रयास आवश्यक रहेको बताउनुभयो।

त्यस्तै नेपाली विषय शिक्षक **आशाकुमार चिकंबन्जार**ले आदर्शआजाद कलेज नेपालका विभिन्न जिल्लाबाट शिक्षा हासिल गर्न आउने संगमस्थलको रूपमा विकास भइरहेको बताउनुहुँदै गरिब जनतालाई गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्य कलेजको रहेको बताउनुभयो।

कार्यक्रममा आदर्श आजाद मावि शिक्षा संकायका संयोजक **प्रेमजन थापा श्रेष्ठ**ले विद्यार्थीहरूले सङ्घर्ष गर्न कहिल्यै छोड्नुहुन्न भन्नुहुँदै विद्यार्थीको चौतर्फी विकासको लागि विद्यालयले निरन्तर प्रयास गरिरहेको बताउनुभयो।

कार्यक्रममा विद्यालयका सहायक प्रअ **चक्रबहादुर चाकतु**, विद्यालयका शिक्षक **राकेश सुकुपायो**, विद्यार्थी प्रतिनिधिहरू **प्रतिमा कार्की** र **सुनिता नेपाल**ले पनि बोल्नुभएको थियो।

प्रमुख अतिथि प्रजापतिले नयाँ भर्ना भएका र प्लस टु उत्तीर्ण विद्यार्थीहरूलाई स्वागत तथा बिदाइ गर्नुभयो।

## भादगाउँले कालो टोपी उद्योग सङ्घको प्रारम्भिक साधारणसभा



भादगाउँले कालो टोपी उद्योग सङ्घको प्रारम्भिक साधारणसभा साउन ३१ गते एक कार्यक्रमबिच सम्पन्न भयो।

कार्यक्रमको भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नुभएको थियो।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले घरेलु उद्योग, हस्तकलालगायतका उद्योगहरूले देशको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाले यहाँका मौलिक तथा परम्परागत सीप तथा कलाहरू संरक्षण र सम्बर्द्धनमा विशेष पहल गर्दै आइरहेको बताउनुहुँदै उहाँले भक्तपुर भ्रमण गर्ने स्वदेशी तथा विदेशी विशिष्ट पाहुनाहरूलाई भादगाउँले टोपी, जुजु धौ, मौलिक थैली र मयूरको झ्याल उपहारस्वरूप प्रदान गर्दै आएको बताउनुभयो।

उहाँले भादगाउँले टोपीको गुणस्तर कायम गर्नुपर्नेमा जोड दिनुहुँदै घरेलु उद्योगहरूलाई प्रवर्द्धन गर्न नपा सँधै प्रतिबद्ध रहेको बताउनुभयो।

जनताको सहयोगमा भक्तपुरको विकास भएको बताउनुहुँदै उहाँले भादगाउँले टोपीको प्रयोग कम भएसँगै यसमा आबद्ध पेशाव्यवसायीहरू पनि विस्थापित हुने खतरा बढिरहेकोमा चिन्ता व्यक्त गर्नुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले भादगाउँले टोपीको शानलाई अझ उँचो राख्न व्यवसायीहरूले निरन्तर यसको संवर्द्धन र प्रवर्द्धनमा लाग्नुपर्ने बताउनुहुँदै भक्तपुरका मौलिक वस्तुहरूको ट्रेडमार्क कायम गर्न सके अझ फलदायी हुने बताउनुभयो।

त्यस्तै भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष **रोशनी धौबन्जार**ले भादगाउँले टोपी प्रयोगकर्ताहरू कम हुँदै जाँदा व्यवसायीहरू निराश देखिएको बताउनुहुँदै भक्तपुरको मौलिक टोपी प्रयोग गर्न सबैलाई उत्साहित गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा भादगाउँले कालो टोपी उद्योगका सङ्घका अध्यक्ष **सिताराम श्रेष्ठ**ले देशकै पहिचान बोकेको भादगाउँले टोपीको प्रयोगलाई सरकारी कार्यालयका कर्मचारीहरूमा अनिवार्य गर्न सके यसको संरक्षणमा टेवा पुग्ने बताउनुभयो।

उक्त कार्यक्रममा सङ्घका उपाध्यक्ष **रत्नकाजी छुँजु**, सल्लाहकार **विश्वराम दुवाल**, भक्तपुर हस्तकला सङ्घका अध्यक्ष **शम्भु श्रेष्ठ**, भक्तपुर रेडिमेड व्यापार सङ्घका अध्यक्ष **राजेन्द्रकुमार प्रजापति**लगायतले बोल्नुभएको थियो।

उक्त कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले कार्य समितिका सदस्यहरूलाई सम्मान गर्नुभएको थियो।

## प्रमुख प्रजापतिसँग एभरेष्ट स्कूलका बालबालिका



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग एभरेष्ट इङ्लिश स्कुलको कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूबिच नगरपालिकाले शिक्षा, स्वास्थ्य क्षेत्रमा गरेका अभ्यास र नगरको समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम भदौ ६ गते भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले लामो समयको यहाँका अग्रजहरूको योगदानले भक्तपुर आज शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ र खेलकुदलगायतको क्षेत्र आजको अवस्थामा पुगेको बताउनुभयो।

प्रत्येक व्यक्तिले आ-आफ्नो क्षेत्रबाट देश र जनताको सेवा गर्ने भावनाले काम गरेमा देश विकास हुन्छ। आजका विद्यार्थी नै भोलिको देश निर्माता हुँदा आजैदेखि देश र जनताको सेवा गर्ने भावनाले आफ्नो अध्ययनलाई जोड दिनु पर्छ- उहाँले भन्नुभयो।

अनुशासनहीन काम गर्नेहरू कुनै न कुनै दिन दण्डको भागी हुनुपर्ने बताउनुहुँदै उहाँले हरेक दिन नयाँ कुरा सिक्ने जिज्ञासु भएर अध्ययन गर्ने बानीको विकास गर्न विद्यार्थीहरूलाई सुझाव दिनुभयो।

स्थानीय पाठ्यक्रममार्फत विद्यार्थीहरूलाई सम्पदाको महत्त्व बुझाउन खोजेको उल्लेख गर्नुहुँदै उहाँले विषयवस्तुको महत्त्व बुझ्नेहरूले नै संरक्षणमा पनि ध्यान दिन्छन् भन्नुभयो।

उहाँले भक्तपुर मूर्त र अमूर्त सम्पदाहरूको केन्द्र नै भएको हुँदा कुनै पनि सम्पदा लोप हुन नदिन भनपाले संरक्षणको लागि कार्य गरिरहेको बताउनुभयो।

उहाँले नगरपालिकाले गरिरहेका कार्यहरूबारे विषयगत रूपमा सङ्क्षिप्त प्रस्तुती दिनुभएको थियो।

विद्यार्थीहरूले नगर प्रमुखसँग भक्तपुरमा खानेपानीको अवस्था, प्राकृतिक प्रकोप व्यवस्थापन, जेष्ठ नागरिक सेवा, बेरोजगारी समस्या, सांस्कृतिक सम्पदा संरक्षण, बजेट निर्माण, विकास निर्माण सम्बन्धी अनुगमन, नगर विकास योजनाको तर्जुमा, नागरिकहरूको गुनासो सङ्कलन विधि लगायत विविध विषयहरूमा जिज्ञासा राखेका थिए।

## मन्त्रालयको आयोजनामा खेलकुद सम्बन्धी बैठक



युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीको प्रमुख आतिथ्यमा मन्त्रालयको आयोजनामा मन्त्रालयको सभाकक्षमा खेलकुद सम्बन्धी बैठक भदौ ९ गते भयो।

कार्यक्रममा मन्त्री **चौधरी**ले मन्त्रालयले उपत्यकाभित्रका १८ ओटा नगरपालिकाहरुको खेलकुद गतिविधिहरु सऱ्हानीय रहेको बताउनुहुँदै मन्त्रालयले निकट भविष्यमा खेलकुदसम्बन्धी कानूनहरु संसोधन गर्न लागिरहेको जानकारी दिनुभयो।

उहाँले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य सँगसँगै खेलकुद क्षेत्रमा गरिरहेको कार्य देशभरि चर्चाको विषय बनिरहेको भन्नुहुँदै सङ्घ र प्रदेशबाट खटाइएका करिब २०० जना खेलकुद प्रशिक्षकहरुलाई स्थानीय तहका विद्यालयहरुमा प्रशिक्षण गर्न लगाउन आवश्यक पहल भइरहेको बताउनुभयो।

मन्त्री चौधरीले सरोकारवालाहरुसँग नियमित रुपमा बैठक भइरहेको चर्चा गर्नुहुँदै काठमाडौँ उपत्यकाभित्रका प्रमुखहरुबाट देशभीरकै निम्ति नीति, नियम, ऐन र कार्यविधि बनाएर आवश्यकताअनुसार राय सुझावको अपेक्षा गर्नुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले स्थानीय तहलाई स-साना पूर्वाधार निर्माण र प्रतियोगिताहरु सञ्चालन गर्न दिनुपर्ने, प्रदेश सरकारमार्फत मध्यम खालको पूर्वाधार र प्रतियोगिताहरु तथा सङ्घबाट राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरको पूर्वाधार निर्माण तथा प्रतियोगिताहरु सञ्चालन गर्नुपर्ने र सङ्घ, प्रदेश र स्थानीय तहका समितिहरुबिच समन्वय गरी पूर्वाधार निर्माण तथा खेलकुद प्रतियोगिताहरु सञ्चालन भएमा खेलकुद क्षेत्रको विकासको लागि सहज हुने बताउनुभयो। राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्न व्यवस्थित पूर्वाधार आवश्यक छ - उहाँले भन्नुभयो।

खेलाडीहरुलाई रोजगारीको अवसर प्रदान गरी उनीहरुलाई प्रोत्साहित गर्न खेललाई पनि विश्वविद्यालयले समानान्तर उपाधि दिनुपर्ने विचार राख्नुभयो।

उहाँले भक्तपुर नगरपालिकाले भलिबल, फूटबल, बक्सिङ, जिम्नेस्टिक, टेबुल टेनिस र कराँते गरी ६ ओटा खेलको नियमित प्रशिक्षण दिइरहेको बताउनुहुँदै भनपाले आत्मरक्षा सम्बन्धी तालिम, छिकोङ खेलको प्रशिक्षण गरिरहेको जानकारी दिनुभयो।

उहाँले बेखाल टेबुलटेनिस कभर्ड हल निर्माण गरी प्रशिक्षण गरिरहेको, खेलकुद कभर्ड हल र बक्सिङ कभर्ड हल निर्माण गरी प्रशिक्षण चलिरहेको जानकारी दिनुभयो। प्रत्येक वर्ष अन्तर नगर खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आएको अन्तरनगर खेलकुद प्रतियोगिताअन्तर्गत पहिलो वर्ष (२०७४) भलिबल, दोस्रो वर्ष (२०७५) कराँते, तेस्रो वर्ष (२०७६) एथलेटिक्स, चौथो वर्ष (२०७७) मा बुद्धिचाल, छैटौँ वर्ष (२०७९) खो-खो र सातौँ वर्ष (२०८०) महिला कब्बडी प्रतियोगिता आयोजना गरिएको तथा हरेक वर्ष विद्यालयस्तरीय नगरब्यापी खेलकुद प्रतियोगिताहरु सञ्चालन गर्दै आएकोमा गत वर्ष सामुदायिक र निजी गरी ८२ ओटा विद्यालयका २५०० भन्दा बढी विद्यार्थीहरुको सहभागिता रहेको जानकारी दिनुभयो।

भक्तपुर नगरपालिकाबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय

खेलाडीहरु उत्पादन गर्दै आएको र खेलाडीहरुलाई प्रत्येक वर्ष सम्मान गर्ने कार्यक्रम गर्दै आएको पनि बताउनुभयो।

कार्यक्रमममा मन्त्रालयका सचिव **सुमनराज अर्याल**ले खेलकुद विकास र व्यवस्थापनको लागि मन्त्रालयले नीतिगत सुधार गर्न ऐन, नियम र नीतिमा संशोधन गर्न क्रमबद्ध रुपमा सम्भावित क्षेत्रहरुसँग सुझाव सङ्कलन गरिरहेको जानकारी दिनुभयो।

कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव **टंकलाल घिसिङ**ले खेलकुद परिषदको ५९ औँ वार्षिकोत्सवबाट खेलाडीहरुलाई मात्र नभई स्थानीय तहहरुलाई पुरस्कृत गर्ने थालनी गरी प्रोत्साहित गर्न प्रत्येक स्थानीय तहमा एउटा खेलकुद कभर्ड हल र आउटडोर हल हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यक्रममा गोदावरी नगरपालिकाका प्रमुख **गजेन्द्र महर्जन**ले नगरपालिकाले मेयर कप फुटबल प्रतियोगिता गर्दै आइरहेको बताउनुहुँदै साफ खेलकुद प्रतियोगितामा स्वर्ण पदक विजेता खेलाडीलाई आजीवन ५ हजार भत्ता दिने कार्यको सुरुवात गरिएको जानकारी दिनुभयो।

त्यसैगरी तारकेश्वर नगरपालिकाका प्रमुख **कृष्णहरि महर्जन**ले तारकेश्वर नपाले पहिलो पटक मेयर कप खेलकुद आयोजना गरी विभिन्न ६ ओटा खेलहरुको प्रतियोगिता सञ्चालन गरिएको तथा १३ औँ राष्ट्रपति कपमा काठमाडौँ उपत्यकामा प्रथम हुन सफल भएको बताउनुहुँदै खेलकुद क्षेत्रलाई समुदायबाटै प्रबर्द्धन गर्नुपर्ने र मन्त्रालयले यसको अनुगमन र मूल्याङ्कन गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा दक्षिणकाली नगरपालिकाका प्रमुख **मोहन बस्नेत**ले अन्तर्राष्ट्रिय खेलाडीहरु क्रमशः पलायन हुँदै गइरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै खेलकुद पूर्वाधार विकासमा मन्त्रालयले ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

बुढानीलकण्ठ नगरपालिकाका प्रमुख **मिठाराम अधिकारी**ले बुढानीलकण्ठ नगरपालिकाले नगर कप सञ्चालन गर्दै खेलाडीहरुलाई सम्मानका कार्यक्रम गर्दै आएको बताउनुहुँदै नगरपालिकाले बुढानीलकण्ठ खेल मैदान निर्माणको लागि बजेट विनियोजन गरी पूर्वाधार निर्माण गरिरहेकोमा हुँदा सङ्घमार्फत सहयोगको अपेक्षा गर्नुभयो।

त्यसैगरी गोकर्णेश्वर नपाका प्रमुख **दिपककुमार रिसाल**ले नपाले ३ ओटा डोजो सञ्चालन गरिरहेको जानकारी दिनुहुँदै अन्तर्राष्ट्रिय खेलकुद खेल्न जाने खेलाडीहरुलाई हवाइ टिकटको व्यवस्था गरिएको जानकारी दिनुभयो।

कार्यक्रममा कीर्तिपुर नगरपालिकाका कार्यवाहक प्रमुख **शुभलक्ष्मी शाक्य** र चन्द्रागिरी नगरपालिका वडा नं. १५ का वडाध्यक्ष **घनश्याम लुईटेल** लगायतले पनि पालिकाको खेलकुद गतिविधि र तीन औटै सरकारले खेलकुद क्षेत्रमा गर्नुपर्ने कार्यहरुबारे आ-आफ्नो राय सुझाव राख्नुभएको थियो।

## प्रभातका विद्यार्थीहरू ६ नं. वडा कार्यालयमा



प्रभात ई. सेकेन्डरी स्कूलका कक्षा ६ का विद्यार्थीहरू सामाजिक विषय शिक्षक अनिता देशेमरु र राजकुमार साखकर्मीको नेतृत्वमा सामाजिक विषयअन्तर्गत स्थानीय तहको विषयमा अध्ययन अवलोकन गर्न भदौ ११ गते भक्तपुर नपा ६ नं. वडा कार्यालयमा पुगे।

विद्यार्थीहरूलाई स्वागत गर्नुहुँदै वडाध्यक्ष **हरिराम सुवाल**ले २०७९ सालको निर्वाचनमा भक्तपुर नपाको सबै वडामा नेमकिपाको उम्मेदवारीले विजय प्राप्त गरेको उल्लेख गर्नुहुँदै २०७६ सालपछि साबिक वडा नं. ५ र ९ मिलाएर ६ नं. वडा बनाएको बताउनुभयो।

उहाँले भनपाको नगरसभामा ४६ जना सदस्य रहेको स्पष्ट जानकारी दिनुहुँदै भनपाको न्यायिक समितिमा प्रमुख संयोजक नगरपालिकाका उपप्रमुख रजनी जोशी रहनुभएको बताउनुभयो। न्यायिक समितिले नगरपालिकामा कसैको झगडा भएमा, नक्सा र सिमानाको विवाद भए त्यसलाई मिलाउने काम गर्ने उहाँले बताउनुभयो।

विद्यार्थी प्रतिनिधिहरू मोहन खरेल, सोना कोजु, प्रिन्स लामा, जस्मी खत्री र जिया ग्वाछाले वडासँग सम्बन्धित क्षेत्र, सेवासुविधा, नगरसभाका कार्य र वडाध्यक्ष भएर काम गर्दाको अनुभवबारे प्रश्न गर्नुभएको थियो।

## भक्तपुर क्यान्सर अस्पतालमा रेडियोथेरापी, मोड्युलर ओ.टी र अत्याधुनिक सिटी स्क्यान मेसिनको उद्घाटन



भक्तपुर क्यान्सर अस्पतालले रेडियोथेरापी, मोडुलर ओ.टी. र २५६ स्लाइस क्षमताको अत्याधुनिक सिटी स्क्यान मेसिनबाट सेवा सञ्चालन सुरु गरेको छ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका मन्त्री प्रदिप पौडेलले भदौ १२ गते एक समारोहबिच उक्त मेसिनहरूको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा मन्त्री पौडेलले जनताको सेवालाई पहिलो प्राथमिकतामा राखी नागरिकलाई स्वास्थ्य उपचार सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरू तत्पर रहनुपर्ने बताउनुभयो ।

उहाँले विशिष्टीकृत सेवा सरलीकृत ढङ्गबाट सहज माध्यमबाट प्राप्त गर्ने माध्यम स्वास्थ्य बीमा भएको बताउनुहुँदै आवश्यकताभन्दा बढी चिनीको मात्रा भएका उत्पादित वस्तुमा चिनी करको व्यवस्था गरी त्यसबाट प्राप्त हुने रकम बीमामा जम्मा गर्न सकिने उल्लेख गर्नुभयो ।

१६ लाख घरपरिवार नेपाल सरकारको स्वास्य बीमामा आबद्ध रहेको बताउनुहुँदै उहाँले बीमा गरेबापत जम्मा हुने प्रिमियमलाई बीमा कोषमा जम्मा गर्न सके बीमामार्फत स्वास्थ्य सेवालाई व्यवस्थित र सर्वसुलभ ढङ्गले सेवा प्रदान गर्न सकिने उहाँले बताउनुभयो ।

प्रमुख पौडेलले बीमाको स्रोत सुनिश्चित गर्न आवश्यक भएको भन्दै स्वास्थ्य उपचारकै कारण लाखौँ जनता गरिबीको रेखामुनि पुगेको हुँदा नसर्ने रोगहरूबारे नागरिकलाई रोग नलाग्ने उपाय र चेतना जगाउन आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् भक्तपुर क्षेत्र नं. १ का सांसद **प्रेम सुवाल**ले अस्पतालको व्यवस्थापन र सेवा प्रवाहमा अस्पताल विकास समिति, कर्मचारी, डाक्टर, नर्सको योगदान महत्त्वपूर्ण हुने बताउनुभयो ।

भक्तपुर नगरपालिकाको व्यवस्थापनमा सल्लाघारीमा ख्वप विश्वविद्यालय स्थापना गरी देश विदेशका विद्यार्थीहरूलाई सर्वसुलभ ढङ्गले उच्च शिक्षा अध्ययन गर्ने व्यवस्थाको योजना रहेको उहाँले सोही क्रममा बताउनुभयो ।

भक्तपुर अस्पताल, शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र र भक्तपुर क्यान्सर अस्पताललाई एउटै बनाएर भक्तपुर स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा विकास गर्ने विषयमा यसअघि पनि छलफल भइसकेको प्रसङ्ग जोड्नुहुँदै उहाँले दक्ष चिकित्सक र दक्ष जनशक्ति तयार गर्न स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन गर्नु आवश्यक भएको बताउनुभयो ।

योग्यताअनुसारको काम र कामअनुसारको पारिश्रमिकको बन्दोबस्त भयो भने चिकित्सक र कर्मचारीहरू उत्साहित हुने बताउनुहुँदै उहाँले सेवाको स्थायित्व र बढुवाले कर्मचारीहरूको मनोबल अझ उँचो हुने बताउनुभयो ।

उहाँले नाफा कमाउने भन्दा पनि सेवाको भावनाले स्वास्थ्य संस्थाहरू सञ्चालन हुनु आवश्यक भएको उल्लेख गर्नुहुँदै रोग लाग्न नदिन जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

पत्रु खानाको सेवनले पनि नसर्ने रोगको जोखिम बढाउँदै लगेको भन्नुहुँदै सांसद सुवालले पत्रु खाना (जंक फुड) को उत्पादन र बिक्री वितरणमा रोक लगाउनु आवश्यक छ भन्नुभयो ।

नेपाली जनता घरखेत बेचेर रोगको उपचार गर्न बाध्य छन् भन्नुहुँदै उहाँले मन्त्री, प्रधानमन्त्री र सरकारका मुख्य मुख्य व्यक्तिहरूले नेपालमै स्वास्थ्य उपचार गर्ने वातावरण सिर्जना गर्नु आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर क्यान्सर अस्पतालमा सुविधायुक्त स्वास्थ्य उपकरणहरू थप भएसँगै क्यान्सर पीडित जनतालाई स्वास्थ्य सेवा पाउन सहज भएको बताउनुहुँदै नेपाल सरकारले क्यान्सरका बिरामीहरूको निःशुल्क उपचार गराउन पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले सातओटै प्रदेशमा क्यान्सर अस्पताल सञ्चालन गर्नेतर्फ मन्त्रालयको ध्यानाकर्षण गर्दै सरकारी अस्पतालहरू सुविधासम्पन्न भए निजी अस्पतालमा गएर उपचार गर्नुपर्ने बाध्यताबाट मुक्त हुने बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पताल स्थापना गर्न भक्तपुर नपाले जग्गा उपलब्ध गराई सहयोग गरेको, अस्पतालमा व्याप्त भ्रष्टाचार र अनियमिततालाई रोक्न भक्तपुर नपाले गरेको पहल आदि प्रसङ्ग स्मरण गर्नुहुँदै उहाँले कुनै पनि संस्थाको भवन र उपचारलाई सुविधायुक्त बनाई जनशक्तिलाई दक्ष बनाउन सके संस्था दिगो रूपमा सञ्चालन हुने बताउनुभयो ।

प्रमुख प्रजापतिले आधुनिक र सुविधासम्पन्न भवन निर्माणको लागि बजेटको व्यवस्था गर्नुपर्ने, कानुन बमोजिम दर्ता नभएका एनजीओ तथा आइएनजीओका प्रतिनिधि कुनै सरकारी संस्थाहरूको सदस्य मनोनयन गर्न नहुने, कर्मचारी



विनियमको तत्काल संशोधन गरी कर्मचारीलाई स्थायित्व दिनुपर्ने, सङ्घले सबै सरकारी अस्पतालहरूलाई सुविधासम्पन्न बनाउन सहयोग गर्नुपर्ने, सबै प्रदेशहरूमा क्यान्सर अस्पताल निर्माण गर्नुपर्ने र क्यान्सरका सबै उपचार निःशुल्क गर्नुपर्नेलगायतका विषयमा स्वास्थ्यमन्त्री पौडेलको ध्यानाकर्षण गर्नुभयो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. **रोशन पोखरेल**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा भक्तपुर क्षेत्र नं. २ का सांसद **दुर्लभ थापा**, नेपालका लागि भारतीय राजदूत **नवीन श्रीवास्तव**, भक्तपुर क्यान्सर अस्पतालका निमित्त कार्यकारी निर्देशक **उज्ज्वल चालिसे**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा मन्त्री पौडेलले नेपाल सरकारको सहयोगबाट स्थापना भएको मोडुलर ओ.टी. र २५६ स्लाइसको सीटी स्क्यान मेसिन अस्पताललाई हस्तान्तरण गर्नुभएको थियो भने नेपालका लागि भारतीय राजदूत श्रीवास्तवले भारत सरकारबाट भक्तपुर क्यान्सर अस्पतालको लागि अनुदानस्वरूप उपलब्ध भएको रेडियोथेरापी मेसिन अस्पताललाई हस्तान्तरण गर्नुभएको थियो ।

## बास्केटबलको पुरस्कार वितरण




अनुशासन, मित्रताको लागि खेल हुनुपर्छ र खेलमा हारजित हुन्छ ।

उक्त भनाइ भक्तपुर नगरपालिकाका उपमेयर **रजनी जोशी**ले एभरेष्ट इङ्लिस स्कुलको आयोजनामा सम्पन्न उपत्यकाव्यापी (काभ्रेसहित) आठौँ आमन्त्रण कप बास्केटबल प्रतियोगिताको फाइनल तथा पुरस्कार वितरण कार्यक्रममा भदौ १२ गते व्यक्त गर्नुभएको हो ।

विजेता र उपविजेता टोलीलाई ट्रफी, मेडल र प्रमाणपत्र दिनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले खेलकुलको विकासको लागि खेलकुदको तालिम दिइराखेको र हरेक वर्ष नगरपालिकाको आयोजनामा अन्तर विद्यालय खेलकुद प्रतियोगिता गरिरहेको स्मरण गराउनु भयो ।

जुन खेलका खेलाडीहरू हार र जितलाईभन्दा पनि मित्रता र अनुशासनलाई महत्त्व दिन्छ त्यस्ता खेलाडी भविष्यमा देशको महत्त्वपूर्ण र राष्ट्रिय खेलाडीको रूपमा विकास हुने बताउनुभयो ।

विद्यार्थीले खेलकुदका साथै देशको समसामयिक राजनीतिक अवस्थाको पनि जानकारी राख्नुपर्ने विचार व्यक्त गर्नुहुँदै उहाँले विसं २०४५ सालमा भक्तपुरमा नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्ने उद्देश्यका साथ भक्तपुर काण्ड जस्तो ठूलो षडयन्त्र रचेको स्मरण गराउनुभयो ।

त्यसरी अरूलाई नष्ट गर्न विभिन्न षड्यन्त्र गर्ने अन्ततः आफू नै नष्ट हुन्छ भन्ने इतिहास भक्तपुर काण्डको षड्यन्त्र रच्ने पञ्चायतको अन्त्य भएको विचार बचाउनुभयो ।

एभरेष्ट इङ्लिस स्कुलका प्रिन्सिपल **भक्त राजभण्डारी**ले वार्षिक रूपमा उपत्यकाव्यापी प्रतियोगिता गर्न पाएकोमा विद्यालयलाई खुसी लागेको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **रामगोपाल कर्माचार्य**ले विजयी र उपविजयी विद्यालयलाइ बधाई दिनुहुँदै सम्पूर्ण सहभागी विद्यालयहरूलाई धन्यवाद दिनुभयो ।

भदौ १ गतेदेखि सञ्चालन भएको बास्केटबल प्रतियोगितामा भक्तपुरबाट २१ विद्यालय, ललितपुरबाट ५ विद्यालय, काठमाडौँबाट ९ विद्यालय र काभ्रेबाट १ गरी जम्मा ३६ विद्यालयबाट ६९ टोलीले सहभागिता जनाएको थियो ।

## पारा ओलम्पिकमा नेपाललाई ऐतिहासिक पदक : पलेसाले रचिन् इतिहास




पेरिस पारा ओलम्पिकमा ऐतिहासिक कांस्य पदक जितेपछि पलेसा

नेपालकी पलेसा गोवर्द्धनले पेरिस पारा ओलम्पिक खेलकुद प्रतियोगितामा नेपाललाई ऐतिहासिक कांस्यपदक दिलाएकी छिन्। फ्रान्सको पेरिसमा भदौ १४ गते राति तेक्वान्दोअन्तर्गत के-४४ क्याटगोरीको महिला ५७ केजी तौल समूहको रिपाचेजको फाइनलमा नेपालकी पलेसा गोवर्द्धनले सर्बियाली खेलाडी मारिजा मिकेभलाई १५-८ ले हराउँदै कांस्य पदक जितेकी हुन्। नेपाली खेलकुद इतिहासमै नेपालले पारा ओलम्पिकमा पहिलोपटक पदक जितेको हो।

पलेसा नेपालका लागि पारा ओलम्पिकमा पदक जित्ने पहिलो नेपाली खेलाडी बनिन्। उनले जितेको कांस्य नेपाली खेलकुदको अहिलेसम्मकै सबैभन्दा ठूलो पदक हो।

२१ वर्षीया पलेसा चीनमा आर्किटेक्चर अध्ययन गरि रहेकी छिन् र प्रशिक्षणका लागि ६ महिनाको बिदा लिएकी छिन्। आमा मनिता श्रेष्ठ र बुबा प्रदीप गोवर्द्धनबाट काठमाडौँको प्रसूतीगृहमा जन्मँदा उनको बायाँ हातको हत्केला थिएन।



पलेसा, आमा, बुबा र प्रशिक्षक कविराज नेगी लामा

पलेसा गोवर्द्धनले आफूले जितेको पदकबारे भनेकी छिन् – मिहिनेतको फल पाएको अनुभूति भइरहेको छ। यो पदक मेरो मात्र होइन। सिङ्गो नेपाल र सम्पूर्ण नेपालीको हो। अब हामी गर्वका साथ भन्न सक्छौँ ओलम्पिकमा हाम्रो पनि पदक छ भनेर। सबैको मप्रति भरोसा थियो, पदक जित्छिन् भनेर। उहाँहरूको भरोसालाई कायम राखेर देशका लागि पदक जित्न पाएकोमा खुसी छु।

तस्बिर : नयाँ पत्रिका

## "सार्वजनिक स्थलमा राष्ट्रपति कार्यक्रम"

राष्ट्रपति रामचन्द्र पौडेलले 'सार्वजनिक स्थलमा राष्ट्रपति' कार्यक्रम अन्तर्गत भदौ १४ गते भक्तपुर दरबार स्क्वायर पुगेका छन्।

राष्ट्रपति पौडेललाई भक्तपुर दरबार स्क्वायरमा सांसदहरू, प्रमुख जिल्ला अधिकारी, सुरक्षा प्रमुखले स्वागत



गरेका थिए।

भक्तपुर दरबार स्क्वायरमा राष्ट्रपति पौडेलले सर्वसाधरणसँग सम्वादसमेत गरेका थिए।

राष्ट्रपति पौडेलसँग सर्वसाधारणले सार्वजनिक सेवामा सहज पहुँच पुग्न नसकेको, महँगीको मार थेग्न नसक्ने अवस्थामा पुगेको गुनासो गरेका थिए।

## मदन पुरस्कार घोषणा

मिति २०८१ भदौ १४ गते बसेको मदन पुरस्कार गुठीको साधारण सभाले 'नेपालका भाषाहरूको पहिचान, संरक्षण र अध्ययन-अनुसन्धान क्षेत्रमा निरन्तर समर्पित भई गहकिलो प्राज्ञिक योगदान गर्नुभएकोमा' प्रा.डा. **योगेन्द्रप्रसाद यादव**लाई वर्ष २०८० सालको जगदम्बा-श्री अर्पण गर्ने निर्णय गरेको छ।

सोही बैठकले २०८० सालमा प्रकाशित पुस्तकहरूमध्येबाट **मोहन मैनाली**द्वारा लिखित *'मुकाम रणमैदान : नेपाल-अङ्ग्रेज युद्धको बखान'* पुस्तकलाई परिश्रमपूर्वक खोजबिन ऐतिहासिक सन्दर्भ र सामग्रीलाई सरल, सरस एवम् प्रवाहमय भाषामार्फत लोकप्रिय बनाउन उल्लेख्य रचनात्मक योगदान पुऱ्याएकाले मदन पुरस्कार २०८० अर्पण गर्ने निर्णय गरेको छ।

मदन पुरस्कार गुठीको विज्ञप्तिअनुसार यस प्रयोजनका निम्ति गुठीमा प्राप्त ३०४ पुस्तकहरूमध्येबाट पाँच पुस्तकहरू क्रमशः *डम्फुको आत्मालाप* (**भक्त स्याङतान**), *नुन-तेल* (**जीवन क्षेत्री**), *भावलिपि* (**भावेश भुमरी र प्रणिता चामलिङ**), *मुकाम रणमैदान* (**मोहन मैनाली**) र *सन्त्रासका साठी दिन* (**रोशन थापा 'नीरव'**) 'मदन पुरस्कार श्रेष्ठ सूची २०८०' का निम्ति छनौट भएका थिए।

२०१२ सालमा स्थापित मदन पुरस्कार पहिलोपल्ट वि.स. २०१३ मा गद्य विधामा **सत्यमोहन जोशी**को *हाम्रो लोक संस्कृति*, सामाजिक शास्त्रमा **चित्तरञ्जन नेपाली**को

*जनरल भीमसेन थापा र तत्कालीन नेपाल* तथा विज्ञान विधामा **बलराम जोशी**को *अधिकविभव स्थिरविद्युत् उत्पादक* पुस्तकलाई मदन पुरस्कार अर्पण गरिएको थियो। २०४५ सालमा रानी जगदम्बाको निधनपछि उहाँको सम्झनास्वरूप जगदम्बा–श्री पुरस्कारको स्थापना गरिएको हो। यो सम्मान पहिलोपटक **नारायण गोपाल**लाई अर्पण गरिएको थियो।

नेपाल तथा नेपालबाहिरबाट नेपाली भाषामा प्रकाशित पुस्तकहरूमध्येबाट एक पुस्तकलाई मदन पुरस्कार तथा विभिन्न माध्यमबाट नेपाली भाषा, वाङ्मय र संस्कृतिको श्रीवृद्धिमा योगदान गर्ने व्यक्ति/संस्थालाई जगदम्बा–श्री अर्पण गरिन्छ।

## १५ लाखमा डाक्टर बनाउने ख्वप विश्वविद्यालयको योजना




काठमाडौं। भक्तपुरलाई ज्ञान विज्ञानको सहरका रूपमा स्थापना गर्ने र १५ लाख रुपैयाँमै एमबीबीएस पढाउने लक्ष्यसहित दुई दशकअघिको परिकल्पनाअनुसार सरकारले ख्वप विश्वविद्यालय विधेयक अघि बढाएको छ।

भक्तपुर नगरपालिकाले सञ्चालन गरेका ८ ओटा क्याम्पसमा अहिले झन्डै ८ हजार विद्यार्थी अध्ययनरत छन्। यिनै शैक्षिक संस्थालाई समेटेर विश्वविद्यालय सञ्चालन गर्ने गरी विधेयक अघि बढाइएको हो। यसबाहेक नेपाल विश्वविद्यालय, शहीद दशरथ चन्द चिकित्सा शिक्षा विश्वविद्यालय तथा तिलगंगा नेत्र विश्वविद्यालय सङ्घीय संसद्मा विचाराधीन छ।

नेपालमा सङ्घीय विश्वविद्यालय १३ ओटा, प्रदेश विश्वविद्यालय ५ ओटा र विश्वविद्यालयसरह मान्यता पाएका ७ ओटा स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा छन्।

भक्तपुरलाई ज्ञान विज्ञानको सहरसँगै ख्वप विश्वविद्यालय स्थापना गर्ने उदेश्यले नगरपालिकाले २०५६ सालमा ख्वप उच्च मावि स्थापना गरेको थियो। सस्तो र गुणस्तरीय शिक्षाकै कारण विद्यार्थीको चाप बढ्दै गएपछि नगरपालिकाले दुईओटा इन्जिनियरिङ, बहुप्राविधिक अध्ययन संस्थान, कानुनलगायतका ८ ओटा क्याम्पस स्थापना गरिसकेको छ। भक्तपुर नगरपालिकाले सञ्चालन गरेका क्याम्पसमा देशभरका करिब ८ हजार विद्यार्थी अध्यनयन छन्। ४२ हजारले उच्चशिक्षा पुरा गरेका छन्। विश्वविद्यालय स्थापना र सञ्चालनका लागि आर्थिक भार नपर्ने गरी सरकारले यी शिक्षण संस्थालाई नै समेटेर ख्वप विश्वविद्यालय विधेयक अघि बढाएको हो।

त्यसो त २०६४ सालमै यो विधेयक संसद्मा पुगेको थियो। तर, त्यसबेला राजनीतिक आग्रह पूर्वाग्रहका कारण अघि बढ्न सकेको थिएन। विश्वविद्यालयमा कुलपति र उपकुलपतिको सट्टा बोर्ड अफ ट्रष्टिको नयाँ प्रावधान राखिएको ख्वप विश्वविद्यालयसम्बन्धी विधेयक पारित भएर सुलभ शुल्कमा विद्यार्थीले उच्चशिक्षा अध्ययन गर्न पाउने नगरपालिकाले जनाएको छ।

सरकारले चिकित्सा शिक्षाअन्तर्गत एमबीबीएस अध्ययनका लागि अहिले ४२ लाख शुल्क निर्धारण गरेको छ। तर, ख्वप विश्वविद्यालयले मान्यता पाएमा १५ लाख रुपैयाँमै अध्ययन गर्न पाउने दाबी नगरपालिकाको छ।

विश्वविद्यालय स्थापनाका लागि नगरपालिकाले सल्लाघारीस्थित १ सय ८ रोपनी जग्गा उपलब्ध गराउन नेपाल ट्रष्टलाई आग्रह गर्दै आएको छ।

– नारायण किलम्बू, कान्तिपुर टीभी

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**सूचना**

**(दोस्रो पटक प्रकाशित मिति: २०८१/०५/१६)**
**(अन्तिम मिति: २०८१/०६/१४ गते)**

भक्तपुर नगरपालिकाको क्षेत्रभित्र सञ्चालित गुठी विद्यालय तथा संस्थागत विद्यालयहरूको आ.व. २०८०/०८१ को अन्तिम लेखापरीक्षण गर्न विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएको लेखापरीक्षकलाई स्वीकृति दिने व्यवस्थाअनुसार नपाबाट स्वीकृति लिन सम्बन्धित विद्यालयहरूलाई यो सूचना पुन: प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस नगरपालिकामा तपसिलबमोजिमका कागजातहरूसहित निवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

**संलग्न गर्नुपर्ने कागजातहरू :**

१. आ.व. २०८०/८१ को सफाइ शुल्क तिरेको प्रमाणको प्रतिलिपि।
२. सम्बन्धित वडामा वार्षिक कर तिरेको प्रमाणको प्रतिलिपि।
३. घर/जग्गा बहाल कर तिरेको प्रमाणको प्रतिलिपि।
४. विद्यालय व्यवस्थापन समितिबाट दर्तावाला लेखापरीक्षकको नाम सिफारिसको निर्णयको प्रमाणको प्रतिलिपि।
५. लेखापरीक्षकको नागरिकता, आ.व. २०७९/८० को कर चुक्ताको प्रमाण, ICAN मा दर्ता तथा चालु आ.व. को नवीकरण भएको प्रमाणको प्रतिलिपि।
६. आ.व. २०७९/८० को विद्यालयको कर चुक्ताको प्रमाणको प्रतिलिपि।
७. लेखापरीक्षकको सम्बन्धित स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाणको प्रतिलिपि।
८. रु. १५००।- (एक हजार पाँच सय) जरिवाना भनपाको कर शाखामा दाखिला गरेको रसिद।

# प्यालेस्टिनी समूहहरूबिच "राष्ट्रिय एकता" का लागि सम्झौता



चिनियाँ विदेशमन्त्री वाङ यी (बिच) फताहका दूत महमुद अल-अलौल (बायाँ) र हमासका वरिष्ठ अधिकारी मुसा अबु मर्जुक (दायाँ)

पेइचिङ, २३ जुलाई (एएफपी)। हमासले मङ्गलबार पेइचिङमा फताहलगायत अन्य प्यालेस्टिनी सङ्गठनसँग 'राष्ट्रिय एकता' का लागि मिलेर काम गर्ने सम्झौतामा हस्ताक्षर गरेको घोषणा गरेको छ।

हमासका वरिष्ठ अधिकारी मुसा अबु मर्जुक, फताहका दूत महमुद अल-अलौललगायत १२ प्यालेस्टिनी समूहको पेइचिङमा आयोजित भेटवार्तामा युद्धपछिको गाजालाई शासन गर्न 'अन्तरिम राष्ट्रिय मेलमिलाप सरकार' गठन गर्न सहमत भएको चिनियाँ विदेशमन्त्री वाङ यीले बताउनुभयो।

अबु मर्जुकले वाङलगायतका अधिकारीहरूसँगको भेटमा राष्ट्रिय एकताको सम्झौतामा हस्ताक्षर गर्दै राष्ट्रिय एकताका लागि अघि बढ्ने प्रतिबद्धता जनाउनुभएको छ।

गाजापट्टीमा शासन गर्ने हमास र कब्जा गरिएको वेस्ट बैङ्कलाई आंशिकरूपमा शासन गर्ने फताहबिचको तीव्र प्रतिस्पर्धाका कारण अझ जटिल बनेको द्वन्द्वमा चीनले मध्यस्थताको भूमिका खेलेको छ।

इजरायलले हमासलाई नष्ट नगरेसम्म लडाइँ जारी राख्ने वाचा गरेको छ।

पेइचिङमा साउन ८ गतेको बैठकपछि, वाङले दुबै समूह 'मेलमिलाप' गर्न प्रतिबद्ध रहेको बताउनुभयो।

युद्धपछि गाजाको शासनका लागि राष्ट्रिय मेलमिलाप सरकार गठन सम्झौताको प्रमुख आकर्षण रहेको वाङले उल्लेख गर्नुभयो।

मेलमिलाप प्यालेस्टिनीको आन्तरिक विषय भए पनि अन्तर्राष्ट्रिय समुदायको समर्थनबिना सम्झौता हुन नसक्ने र मध्यपूर्वमा शान्ति र स्थिरताको रक्षा गर्न रचनात्मक भूमिका खेल्न चीन इच्छुक रहेको वाङले बताउनुभयो।

पेइचिङले 'स्थायी र दिगो युद्धविराम' सहित प्यालेस्टिनी स्वशासन प्रवर्द्धन गर्ने प्रयास तथा संयुक्त राष्ट्रमा प्यालेस्टिनको पूर्ण मान्यताका लागि आह्वान गरेको वाङले उल्लेख गर्नुभयो।

सन् २००६ को चुनावमा हमासको विजयपछि भएको घातक झडपपछि हमासका लडाकुहरूले गाजापट्टीबाट फताहलाई निष्कासन गरेपछि दुई समुहबिच सम्बन्ध बिग्रिएको हो।

फताहले प्यालेस्टिनी प्राधिकरणलाई नियन्त्रण गरी इजरायली कब्जाको वेस्ट बैङ्कमा आंशिक प्रशासनिक नियन्त्रण गर्दै आएको छ।

## सम्झौताका बुँदाहरू

प्यालेस्टिनी स्रोतका अनुसार हमास, प्यालेस्टिन इस्लामिक जिहाद (पीआईजे), पपुलर फ्रन्ट फर लिबरेसन अफ प्यालेस्टिन (पीएफएलपी), डेमोक्रेटिक फ्रन्ट फर लिबरेसन अफ प्यालेस्टिन (डीएफएलपी) र फताह समावेश भएका समूहहरू निम्न कुरामा सहमत भए (अनौपचारिक अनुवाद) :

- अन्तर्राष्ट्रिय न्यायालयको कब्जाकारीको उपस्थिति, पेशा र बसोबासको अवैधतालाई पुष्टि गर्ने रायलाई स्वागत गर्दछ।
- विभाजन अन्त्य गर्न इजिप्ट, अल्जेरिया, चीन र रुसको सहयोगमा भएको सम्झौताको कार्यान्वयनमा अनुगमनलाई निरन्तरता दिने छ।
- अन्तर्राष्ट्रिय प्रस्तावहरू, विशेष गरी १८१ र २३३४ अनुसार



हस्ताक्षरपछिको सामुहिक तस्बिर

फिर्ताको अधिकार सुनिश्चित गर्दै अल-कुद्स (जेरुसेलम) मा राजधानी सहित स्वतन्त्र प्यालेस्टिन राज्यको स्थापना गर्न प्रतिबद्ध छ।

- अन्तर्राष्ट्रिय कानून, संयुक्त राष्ट्र बडापत्र र जनताको आत्मनिर्णयको अधिकार बमोजिम कब्जाको प्रतिरोध गर्ने र यसको अन्त्य गर्ने प्यालेस्टिनी जनताको अधिकारको पुष्टि गर्दछ।

## मध्यपूर्वमा चिनियाँ मध्यस्थता प्रयासले विश्वसनीयता र विश्वास कमाएको छ

– झाउ यिकी

विभिन्न प्यालेस्टिनी समूहहरूबिच मेलमिलापलाई बढावा दिएर, भर्खरैको पेइचिङ घोषणापत्रले आशाको प्रतीक सिर्जना गरेको छ र लामो समयदेखि चलिरहेको मध्यपूर्व द्वन्द्वलाई सम्बोधन गर्न वैकल्पिक दृष्टिकोण प्रदान गरेको छ।

पेइचिङ घोषणापत्रले विभिन्न प्यालेस्टिनी समूहहरूबिचको अन्तर-मिलनसम्बन्धी विगतका कथनहरूलाई मात्र दोहोर्‍याएको छ भनी कतिपयले तर्क गर्न सक्छन्। तर, यसलाई नवीनताको अभावको रूपमा खारेज गर्न सकिँदैन। यो दस्तावेजले मध्यपूर्वमा दिगो शान्ति हासिल गर्नका लागि नयाँ मार्गहरू प्रस्तुत गरेको छ र चीनको नवीन मध्यस्थता प्रयासहरूको प्रमाणको रूपमा काम गरेको छ। यसको सम्भावित प्रभाव कूटनीतिक सफलताभन्दा धेरै पर फैलिएको छ, जसले द्वन्द्वग्रस्त क्षेत्रमा राम्रो भविष्यको लागि आशाको किरण प्रदान गरेको छ।

पेइचिङ घोषणापत्रले प्यालेस्टिनको आवाजलाई एकजुट गर्न थप व्यापक रूपरेखा प्रदान गरेको छ। प्यालेस्टिन राज्यको भविष्यको स्थापनाको लागि आधारशिला निर्माण गरेको छ। दुई-राज्य समाधान प्राप्त गर्नमा प्रमुख अवरोध प्यालेस्टिनको राजनीतिक शक्तिहरूभित्रको आन्तरिक मतभेद र विभाजन हो। यद्यपि, अघिल्लो सम्झौताहरूभन्दा फरक, पेइचिङ घोषणापत्रले फतह र हमासलाई मेलमिलाप गराउने मात्र होइन बरु प्यालेस्टिनका अन्य सबै महत्त्वपूर्ण समूहहरूलाई पनि समावेश गरेको छ, उनीहरूको राजनीतिक आवाजलाई एकताबद्ध गर्ने प्लेटफर्म (मञ्च) सिर्जना गरेको छ।

राष्ट्रपति सी चिनफिङले प्यालेस्टिन मुद्दामा थप समावेशी अन्तर्राष्ट्रिय शान्ति सम्मेलनको लागि आह्वान गर्नुभएपछि पेइचिङ घोषणाले एउटा नयाँ च्यानल खोलेको छ र एउटा महत्त्वपूर्ण समर्थन ढाँचा उपलब्ध गराएको छ। यस घोषणामा इजिप्ट र अल्जेरियाको संलग्नताले यसको निरन्तरतालाई ठोस प्रयासको रूपमा सुनिश्चित गरेको छ। यस घोषणालगत्तै, मध्यपूर्व शान्ति प्रक्रियाका लागि युरोपेली सङ्घका विशेष प्रतिनिधि **स्वेन कुपम्यान्सले** 'दुई राज्य समाधानमा आधारित मेलमिलापमा चीनको महत्त्वपूर्ण भूमिका' लाई स्वीकार गर्नुभएको छ। यस घोषणाले यस क्षेत्रको शान्ति र स्थायित्व प्रवर्द्धन गर्ने प्रमुख खेलाडीको रूपमा चीनको स्थितिलाई बलियो बनाएको छ।

निर्णायक समयमा घोषणा गरिएको पेइचिङ घोषणापत्रमा दुई राज्य समाधानका लागि अन्तर्राष्ट्रिय समुदायमा आशा र विश्वास पुनर्जीवित गर्ने शक्ति छ। अघिल्लो सम्झौताहरूले यस समाधानतर्फ सीमान्तीकरणको दबाबपूर्ण मुद्दालाई सम्बोधन गर्न असफल भएपछि यो घोषणा आएको हो, जुन अहिले सबैभन्दा ठूलो सङ्कटको सामना गरिरहेको छ। प्यालेस्टिन र इजरायलबिचको असन्तुलित शक्ति गतिशीलताले दुई-राज्य समाधानलाई पुनरुत्थान गर्ने कुनै पनि वास्तविक प्रगतिमा बाधा पुर्‍याउँछ। प्यालेस्टिनभित्रका विभिन्न प्रतिद्वन्द्वी समूहहरूबिचको एकता पुनःस्थापनाले इजरायलसँगको वार्तामा उनीहरूको हितलाई पुनः सन्तुलित गर्न र प्यालेस्टिनको लागि लामो समयदेखि रोकिएको शान्ति प्रक्रियामा नयाँ जीवन प्रदान गर्न मद्दत गर्न सक्छ।

गत वर्ष साउदी अरेबिया र इरानबिच सफल मध्यस्थता भएदेखि नै मध्यपूर्वमा चीनको संलग्नता निरन्तर बढ्दै गएको छ। जटिल द्वन्द्वहरूलाई चिर्दै चीनले मध्यस्थताको कलामा अमूल्य अनुभव प्राप्त गरेको छ। परम्परागत विधिहरूको विपरीत, चीनले आफ्नो मध्यस्थता प्रयासहरूमा ताजा र नवीन तत्त्वहरू ल्याएको छ, जसले यस क्षेत्रमा दिगो प्रभाव छोडेको छ।

मध्यस्थता न्यायको अन्तर्राष्ट्रिय मापदण्डहरूसँग मिल्दोजुल्दो न्यायपूर्ण मूल्यहरूमा आधारित छ भनी सुनिश्चित गर्न चीनले ठूलो महत्त्व दिन्छ। यो प्यालेस्टिन द्वन्द्वमा यसको संलग्नतामा स्पष्ट थियो, जहाँ वास्तविक राजनीतिक रणनीति र न्यायिक मूल्यहरूको पालनाबिचको सन्तुलन सम्बन्धित पक्षहरूबिचको सम्झौतामा पुग्न महत्त्वपूर्ण थियो। चीनले मध्यपूर्वमा मात्र नभई अन्य द्वन्द्वग्रस्त क्षेत्रहरूमा पनि क्षेत्रीय अखण्डता र सार्वभौमसत्ताको सम्मान गर्छ।

उदाहरणको लागि, सिरियाको मामलामा, चीनले सैन्य हस्तक्षेप रोक्न संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्मा धेरैपटक आफ्नो भिटो शक्ति प्रयोग गरेको छ किनभने उसले शक्ति

गतिशीलता सन्तुलनको महत्त्वलाई मान्यता दियो । यस दृष्टिकोणले चीनले क्षेत्रीय देशहरूबिच विश्वास कमाएको छ, यसलाई विभिन्न द्वन्द्वहरूमा एक शक्तिशाली मध्यस्थकर्ता बनाएको छ ।

चीनको परिप्रेक्ष्यमा मध्यस्थतालाई निरन्तर र दिगो प्रयासको रूपमा लिइन्छ जुन विश्वसनीयता कमाउनको लागि अत्यन्त महत्त्वपूर्ण छ । मध्यपूर्वमा शान्ति प्रक्रिया अप्रत्याशित घुम्तीहरूले भरिएको एउटा चुनौतीपूर्ण कार्य हो । एक मध्यस्थकर्ताले बुझ्नुपर्छ कि एउटै शान्ति सम्झौताले गहिरो जरा भएका द्वन्द्वहरूको तत्काल समाधान हुनेछैन र दीर्घकालीन र दिगो प्रयास कायम राख्नु महत्त्वपूर्ण छ । अमेरिकी दृष्टिकोणको विपरीत, मध्यपूर्व शान्तिमा चीनको संलग्नता पक्षपाती स्वार्थ वा सरकारी कारोबारबाट प्रभावित छैन । यसले शान्ति प्रक्रियामा प्रभावकारीरूपमा सहभागी भई दिगो परिवर्तन ल्याउने चीनको लागि संस्थागत सुनिश्चितता हो ।

मध्यस्थतालाई हतियार बनाउनुहुँदैन र भूराजनीतिक द्वन्द्वको औजारको रूपमा प्रयोग गर्नुहुँदैन भन्ने कुरामा चीन दृढ विश्वास गर्दछ । यस क्षेत्रमा अमेरिकी पहलहरूको विपरीत, चीनको मध्यस्थताको दृष्टिकोण सैन्य गठबन्धनको लाभमा भर पर्दैन, बरु मध्यपूर्वी देशहरूसँगको बलियो आर्थिक साझेदारीमा निर्भर छ । अझ भनौँ चीनको मध्यस्थता प्रयासहरू कुनै भूराजनीतिक अभिप्रायसँग जोडिएको छैन । शान्तिपूर्ण सम्बन्धलाई प्रवर्द्धन गर्ने र संलग्न सबै राष्ट्रहरूबिच आपसी सहयोग प्रवर्द्धनमा ध्यान केन्द्रित छ ।

मध्यपूर्व द्वन्द्वको मध्यस्थतामा चीनको संलग्नताले यस क्षेत्रसँग संलग्न हुने प्रयासमा अर्को महत्त्वपूर्ण उपलब्धिलाई सङ्केत गर्छ । यद्यपि, शान्तितर्फको यो मार्गलाई आवश्यक आधारको रूपमा अन्तर्राष्ट्रिय सहयोग चाहिन्छ ।

चीनको मध्यस्थता विधि र अमेरिकाको बिचमा मुख्य भिन्नता भए पनि यसले विविधताको बिचमा सद्भाव खोज्ने पुरानो चिनियाँ सिद्धान्तलाई मूर्त रूप दिन्छ । यो ध्यान दिनु महत्त्वपूर्ण छ कि चीनको मध्यस्थताले मध्यपूर्वमा विद्यमान पहलहरूको विरोध गर्दैन, बरु बढ्दो खण्डित विश्वको बिचमा मध्यपूर्व शान्तिको भिन्न भिन्न बुझाइ र विश्वव्यापी एकताको लागि आशाको किरण बन्ने इमानदार आशाका साथ तिनीहरूलाई पूरक बनाएको छ ।

*(लेखक साङ्घाई इन्स्टिच्युट फर इन्टरनेसनल स्टडीजका एसोसिएट सिनियर अनुसन्धाता हुनुहुन्छ ।)*

– ग्लोबल टाइम्सबाट, अनुवाद : प्रकाश

स्रोत : मजदुर दैनिक, साउन १८

# "युद्ध अपराधी" - अमेरिकी कंग्रेसमा नेतन्याहुविरुद्ध राशिदाको अडान




डेमोक्रेटका सांसद रशिदा तलेबले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले जुलाई २५ मा अमेरिकी कंग्रेसमा भाषण गरिरहेको बेला गाजा पट्टीमा भएको नरसंहारको लागि जिम्मेवार ठहर गर्दै विरोध गरिन् ।




संरा अमेरिकाको कंग्रेसमा नेतान्याहुले बोलिरहँदा प्रतिनिधि रशिदा तलेब ।

त्यसबेला तलेबले केफियेह र प्यालेस्टिनी झन्डा भएको लुगा लगाएका थिए, र एकतर्फ 'युद्ध अपराधी' र अर्कोमा 'नरसंहारको दोषी' लेखिएको प्लेकार्ड देखाइरहेकी थिइन् ।

तलेबले प्यालेस्टिनीलाई कसैले मिटाउन सक्ने छैनन् । जातिवादी इजरायली सरकारले प्यालेस्टिनीहरूको नरसंहार गरिरहेको सत्य बोल्न आफू कहिल्यै पछि नहट्ने भन्दै डेमोक्रेट र रिपब्लिकन पार्टीका नेताहरूले प्यालेस्टिनी जनताको नरसंहार गर्ने नेतन्याहुलाई संसदमा बोल्न निम्त्याउनु अस्वीकार्य छ । उसलाई त समातेर अन्तर्राष्ट्रिय अदालतमा पठाउनु पर्छ भनिन् ।

स्रोत : प्यालेस्टिन क्रोनिकल

# Paris Olympics 2024-Medal Table

| SN | Rank | Country/Region | Gold | Silver | Bronze | Total |
|---|---|---|---|---|---|---|
| 1 | 1 | United States | 40 | 44 | 42 | 126 |
| 2 | 2 | China | 40 | 27 | 24 | 91 |
| 3 | 3 | Japan | 20 | 12 | 13 | 45 |
| 4 | 4 | Australia | 18 | 19 | 16 | 53 |
| 5 | 5 | France | 16 | 26 | 22 | 64 |
| 6 | 6 | Netherlands | 15 | 7 | 12 | 34 |
| 7 | 7 | Great Britain | 14 | 22 | 29 | 65 |
| 8 | 8 | South Korea | 13 | 9 | 10 | 32 |
| 9 | 9 | Italy | 12 | 13 | 15 | 40 |
| 10 | 10 | Germany | 12 | 13 | 8 | 33 |
| 11 | 11 | New Zealand | 10 | 7 | 3 | 20 |
| 12 | 12 | Canada | 9 | 7 | 11 | 27 |
| 13 | 13 | Uzbekistan | 8 | 2 | 3 | 13 |
| 14 | 14 | Hungary | 6 | 7 | 6 | 19 |
| 15 | 15 | Spain | 5 | 4 | 9 | 18 |
| 16 | 16 | Sweden | 4 | 4 | 3 | 11 |
| 17 | 17 | Kenya | 4 | 2 | 5 | 11 |
| 18 | 18 | Norway | 4 | 1 | 3 | 8 |
| 19 | 19 | Ireland | 4 | 0 | 3 | 7 |
| 20 | 20 | Brazil | 3 | 7 | 10 | 20 |
| 21 | 21 | Iran | 3 | 6 | 3 | 12 |
| 22 | 22 | Ukraine | 3 | 5 | 4 | 12 |
| 23 | 23 | Romania | 3 | 4 | 2 | 9 |
| 24 | 24 | Georgia | 3 | 3 | 1 | 7 |
| 25 | 25 | Belgium | 3 | 1 | 6 | 10 |
| 26 | 26 | Bulgaria | 3 | 1 | 3 | 7 |
| 27 | 27 | Serbia | 3 | 1 | 1 | 5 |
| 28 | 28 | Czech Republic | 3 | 0 | 2 | 5 |
| 29 | 29 | Denmark | 2 | 2 | 5 | 9 |
| 30 | 30 | Azerbaijan | 2 | 2 | 3 | 7 |
| 31 | 30 | Croatia | 2 | 2 | 3 | 7 |
| 32 | 32 | Cuba | 2 | 1 | 6 | 9 |
| 33 | 33 | Bahrain | 2 | 1 | 1 | 4 |
| 34 | 34 | Slovenia | 2 | 1 | 0 | 3 |
| 35 | 35 | Chinese Taipei | 2 | 0 | 5 | 7 |
| 36 | 36 | Austria | 2 | 0 | 3 | 5 |
| 37 | 37 | Hong Kong | 2 | 0 | 2 | 4 |
| 38 | 37 | Philippines | 2 | 0 | 2 | 4 |
| 39 | 39 | Algeria | 2 | 0 | 1 | 3 |
| 40 | 39 | Indonesia | 2 | 0 | 1 | 3 |
| 41 | 41 | Israel | 1 | 5 | 1 | 7 |
| 42 | 42 | Poland | 1 | 4 | 5 | 10 |
| 43 | 43 | Kazakhstan | 1 | 3 | 3 | 7 |
| 44 | 44 | Jamaica | 1 | 3 | 2 | 6 |
| 45 | 44 | South Africa | 1 | 3 | 2 | 6 |
| 46 | 44 | Thailand | 1 | 3 | 2 | 6 |
| 47 | 47 | Ethiopia | 1 | 3 | 0 | 4 |

| SN | Rank | Country/Region | Gold | Silver | Bronze | Total |
|---|---|---|---|---|---|---|
| 48 | 48 | Switzerland | 1 | 2 | 5 | 8 |
| 49 | 49 | Ecuador | 1 | 2 | 2 | 5 |
| 50 | 50 | Portugal | 1 | 2 | 1 | 4 |
| 51 | 51 | Greece | 1 | 1 | 6 | 8 |
| 52 | 52 | Argentina | 1 | 1 | 1 | 3 |
| 53 | 52 | Egypt | 1 | 1 | 1 | 3 |
| 54 | 52 | Tunisia | 1 | 1 | 1 | 3 |
| 55 | 55 | Botswana | 1 | 1 | 0 | 2 |
| 56 | 55 | Chile | 1 | 1 | 0 | 2 |
| 57 | 55 | St Lucia | 1 | 1 | 0 | 2 |
| 58 | 55 | Uganda | 1 | 1 | 0 | 2 |
| 59 | 59 | Dominican Republic | 1 | 0 | 2 | 3 |
| 60 | 60 | Guatemala | 1 | 0 | 1 | 2 |
| 61 | 60 | Morocco | 1 | 0 | 1 | 2 |
| 62 | 62 | Dominica | 1 | 0 | 0 | 1 |
| 63 | 62 | Pakistan | 1 | 0 | 0 | 1 |
| 64 | 64 | Turkey | 0 | 3 | 5 | 8 |
| 65 | 65 | Mexico | 0 | 3 | 2 | 5 |
| 66 | 66 | Armenia | 0 | 3 | 1 | 4 |
| 67 | 66 | Colombia | 0 | 3 | 1 | 4 |
| 68 | 68 | North Korea | 0 | 2 | 4 | 6 |
| 69 | 68 | Kyrgyzstan | 0 | 2 | 4 | 6 |
| 70 | 70 | Lithuania | 0 | 2 | 2 | 4 |
| 71 | 71 | India | 0 | 1 | 5 | 6 |
| 72 | 72 | Moldova | 0 | 1 | 3 | 4 |
| 73 | 73 | Kosovo | 0 | 1 | 1 | 2 |
| 74 | 74 | Cyprus | 0 | 1 | 0 | 1 |
| 75 | 74 | Fiji | 0 | 1 | 0 | 1 |
| 76 | 74 | Jordan | 0 | 1 | 0 | 1 |
| 77 | 74 | Mongolia | 0 | 1 | 0 | 1 |
| 78 | 74 | Panama | 0 | 1 | 0 | 1 |
| 79 | 79 | Tajikistan | 0 | 0 | 3 | 3 |
| 80 | 80 | Albania | 0 | 0 | 2 | 2 |
| 81 | 80 | Grenada | 0 | 0 | 2 | 2 |
| 82 | 80 | Malaysia | 0 | 0 | 2 | 2 |
| 83 | 80 | Puerto Rico | 0 | 0 | 2 | 2 |
| 84 | 84 | Cape Verde | 0 | 0 | 1 | 1 |
| 85 | 84 | Ivory Coast | 0 | 0 | 1 | 1 |
| 86 | 84 | Refugee Olympic Team | 0 | 0 | 1 | 1 |
| 87 | 84 | Peru | 0 | 0 | 1 | 1 |
| 88 | 84 | Qatar | 0 | 0 | 1 | 1 |
| 89 | 84 | Singapore | 0 | 0 | 1 | 1 |
| 90 | 84 | Slovakia | 0 | 0 | 1 | 1 |
| 91 | 84 | Zambia | 0 | 0 | 1 | 1 |
| 92 to 205 | 92 | | 0 | 0 | 0 | 0 |
| | | | ***328*** | ***327*** | ***384*** | ***1039*** |

# हाम्रो स्वास्थ्य

## कानमा थोपा औषधि सही रूपमा प्रयोग गर्ने तरिकाहरू



डा. दिवस सुनार

हामी वा हाम्रा बालबच्चालाई विभिन्न कारणले कान पाकेमा, कानको सङ्क्रमण भएमा वा कानमा कानेगुजी जम्नाले कानमा थोपा औषधि लगाउनु पर्ने हुनसक्छ। यस्तो अवस्थामा थोपा औषधि सही तरिकाले प्रयोग गर्न नजान्नाले सो औषधिले काम नगर्न पनि सक्छ। यदि कुनैपनि कारणले कानमा औषधि लगाउनु पर्ने भएमा तल दिइएका तरिका अपनाउनुहोस्।

- बोतल वा बिर्कोमा लेखिएको औषधिको नाम र म्याद सकिने मिति चेक गर्नुहोस्। बोतललाई हल्लाउनुहोस् र हातमा राखेर हल्का तातो बनाउनुहोस्। धेरै चिसो वा धेरै तातो कुनै पनि औषधि कानमा हाल्दा रिँगटा लाग्न सक्छ।
- ढल्कनुहोस् वा तपाईँको बच्चालाई जुन कानमा औषधि लगाउनु पर्ने हो त्यो कान माथि हुनेगरी सुताउनुहोस्।
- आफ्नो वा बच्चाको कान बिस्तारै पछाडि तान्नुहोस्, यसले कानको बाहिरी भाग सिधा गर्न मदत गर्छ।
- औषधिको बोतललाई कानको सीधा माथि पर्ने गरी समात्नुहोस् र डाक्टरको सल्लाह बमोजिमका थोपाहरू निचोड्नुहोस् (सामान्यतया ४ देखि ५ थोपा औषधि आवश्यक पर्दछ) कानको प्वालको अगाडि पट्टिको नरम हड्डिलाई मालिस गर्नुहोस्। यसो गर्दा कानको प्वाल बन्द हुने र खुल्ने भैरहन्छ, जसले औषधिको थोपालाई भित्रसम्म जान मदत गर्छ।
- बच्चालाई केही मिनेटको लागि सो कान माथि हुनेगरी सुताउनुहोस्, यसले औषधिका थोपाहरू कानको पर्दासम्म पुग्न समय पाउँछ र औषधिले काम गर्न सक्छ।
- अब बच्चालाई उठाउनुहोस् र कुनै पनि अतिरिक्त थोपा बाँकी रहेछन् भने बाहिर निस्कन दिनुहोस्।
- आवश्यक भएमा अर्को कानमा पनि उही प्रक्रिया दोहोऱ्याउनुहोस्।


(डा दिवस सुनार नाक, कान, घाँटी रोग विशेषज्ञ)

स्वास्थ्यखबर पत्रिका


BHAKTAPUR [MONTHLY] मासिक

भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ।


## हार्दिक श्रद्धाञ्जली




**स्व. शिवशंकर ताल्वाभडेल**

जन्म : १९९८ पुष १७ | निधन : २०८१ साउन २१

भक्तपुर नगरपालिकाका प्राविधिक सुमित्रा ताल्वाभडेलका पूजनीय पिता **शिवशंकर ताल्वाभडेल**को दुःखद निधन भएकोमा मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका परिवार**

## आ.व. २०८१/८२ श्रावण महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २०१ | ९५ | १८६ | १८८ | १०४ | १०७ | ७७ | १४० | १३४ | १०६ | १११ | १२६ | २४९ | ११७ | १४२ | १०३ |
| ■ सार्क तथा चिनियाँ | २०८ | १९६ | १३० | १७९ | २३३ | १९१ | १५२ | १९१ | १७८ | १९२ | १५९ | ३१७ | २८५ | ११८ | १३० | १२९ |

| गते ➡ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २०८ | ११४ | १६५ | २०२ | २९४ | १३० | २०० | १९९ | २०५ | ३३२ | २३२ | १६४ | २४१ | २५० | २९७ | १७६ |
| ■ सार्क तथा चिनियाँ | १६९ | २१७ | २३६ | २१२ | १२२ | १४५ | १४६ | १७३ | १२९ | २६४ | १७६ | १२८ | १८४ | १७८ | १४९ | २०३ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०८१ श्रावण | ५,५९५ | ५,८१९ | ११,४१४ |
| २०८० श्रावण | ५,५२२ | ५,५८९ | ११,१११ |
| प्रगति | ७३ | २३० | ३०३ |

सम्पादकको पृष्ठ

# हदम्यादले चिथोरेको अठोट

विद्यमान ऐन, कानुन, नियमावली आदिमा समयानुकूल परिवर्तन, संशोधन स्वाभाविक र आवश्यक हुन्छ । त्यसैले संसद् बैठक चलिरहँदा प्रक्रिया पुऱ्याई र संसद् नचलेको बेला अत्यावश्यक भए अध्यादेशबाट पनि परिवर्तन र संशोधन गरिन्छ । यो परम्परा सामान्य कुरा हो ।

कुनै पनि ऐन–कानुनको संशोधन, परिवर्तन प्रभावकारी कार्यान्वयनको लागि हो । कार्यान्वयनको क्रममा देखिएका कमीकमजोरी सुधारको लागि हो । छोटो शब्दमा ऐन–कानुनको औचित्य र सार्थकताको लागि र अग्रगमनको लागि हो ।

तर, विगतमा व्यक्ति वा समूह विशेषको निहित स्वार्थ रक्षा र हितकोलागि विधेयक ल्याउने र संशोधनका विधेयक ल्याइएको कटु यथार्थ छ । अहिले पनि भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ऐनमा ल्याइएको संशोधन विधेयक एक प्रमुख चर्चा बनेको छ । यसमा प्रयुक्त भएको हदम्यादले संसद्को समितिको बैठकमात्र होइन सडक पनि तातेको छ । प्रतिपक्षी दलहरूमात्र होइन सत्ताधारी दलकै कतिपय सांसद् र बुद्धिजीवीहरूसमेत हदम्यादको विरुद्ध मुखरित रूपमा देखिएका छन् । भ्रष्टाचारको मामिलामा हदम्याद राख्नु हुँदैन भन्नेहरूको तर्क र अडान सशक्त देखिएको छ । यसबाट हदम्याद राखेर ल्याइएको संशोधन विधेयकका प्रस्तावक अर्थात् सरकारको बदनियत र दुर्नियत चौबाटोमा उदाङ्गीएको छ ।

वस्तुतः कुनै कर्मचारी, जनप्रतिनिधि, व्यापारी, उद्योगी, ठेकेदार जोसुकैले जुनसुकै बेला भ्रष्टाचार गरेपनि उक्त व्यक्तिको जीवनकालमा मात्र होइन त्यसरी भ्रष्टाचार गरी आर्जन गरेको सम्पत्ति उपभोग गर्ने उक्त व्यक्तिको मृत्युपछिको कम्तिमा तीन पुस्ताबाट त्यस्तो आर्जन सम्पत्ति जफत गर्ने र कारबाही गर्ने संशोधन आउनु पर्थ्यो । हाम्रो समाजमा ठुलो रकमको जीवन बीमा गरी आफू दुर्घटनामा मर्ने, भ्रष्टाचार गरी पुस्तौँपुस्तालाई पुग्ने अकुत सम्पत्ति आर्जन गरी बेपत्ता हुने वा विदेश भाग्ने पनि देखिएका छन् । त्यस्तो घटनालाई  न्यूनीकरण र नियन्त्रण गर्न पनि संशोधन विधेयकमा दृष्टि पुऱ्याउनुपर्ने थियो ।

अहिले, प्रम ओलीले दुनियाँले सुन्ने गरी, चित्रगुप्तलाई समेत भ्रष्टाचार नगर्ने, नसहने र गर्न नदिने भनी गरेको अठोटको प्रतिध्वनि शिथिल नहुँदै हदम्याद राखेर संशोधन विधेयक ल्याएको छ । प्रमको अठोट यो हदम्यादले नाङ्गेझार पारेको थियो । राज्यलाई खोक्रो बनाउने, जनतालाई दीर्घकालीन असह्य आहत दिने र देशकै अस्तित्वसामु प्रश्न खडा गर्ने भ्रष्टाचारमा हदम्याद राख्नु भनेको वर्तमान सरकारको हदैको पाखण्डी र बेइमानी हो ।

तर, व्यापक दबाबपछि उक्त हदम्याद हटाइने भएको छ । यद्यपि, सरकारले घुमाउरो बाटोबाट, छलछामका शब्दबाट त्यो हदम्यादलाई संशोधनमा घुसाउन सक्नेतर्फ सांसद र जनता चनाखो रहनैपर्ने देखिन्छ ।



भक्तपुर नपाबाट आयोजित १० ओटै वडाहरूमा प्रशिक्षणरत ४५० जना
सहभागी भएको बृहत छिकोङ खेल प्रदर्शन । साउन २८ गते




भक्तपुर नपाबाट ऐतिहासिक एवम् सांस्कृतिक नगर भक्तपुरको
सांस्कृतिक विधाहरुको संरक्षण र सम्बर्द्धन गर्न
संस्कृतिकर्मीहरूको भेला । साउन २१ गते




भक्तपुर नपाबाट शैक्षिक सत्र २०८१/८२ को लागि कक्षा ११ मा अध्ययन गर्ने विद्यार्थीहरूमध्ये छनोट भएका ११९ जनालाई छात्रवृत्ति सिफारिस पत्र वितरण । साउन २२ गते

